# उहिलेको पत्रकारिता

(अनुभवको सँगालो)

# उहिलेको पत्रकारिता

(अनुभवको सँगालो)

सम्पादकीय संयोजन

Media &
Outreach Nepal
मिडिया एण्ड आउटरीच नेपाल प्रा.लि.

आर.एस. इण्टिग्रेटेड कन्सल्ट्यान्सी प्रा.लि.

प्रकाशक
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सञ्चार रजिष्ट्रारको कार्यालय
बागमती प्रदेश, नेपाल

# उहिलेको पत्रकारिता

(अनुभवको सँगालो)

*Uhileko Patrakarita*

(A memoir collection of 10 senior journalists)

सम्पादक
**सुरेश आचार्य**
**विनोद ढुङ्गेल**
**भरतराज पोखरेल**

सम्पादन सहयोगी
**ठमनाथ घिमिरे**
**तिलकप्रसाद सापकोटा**

सम्पादकीय संयोजन
**मिडिया एण्ड आउटरीच नेपाल प्रा.लि.**
**आर.एस. इण्टिग्रेटेड कन्सल्ट्यान्सी प्रा.लि.**

प्रकाशक
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सञ्चार रजिष्ट्रारको कार्यालय
बागमती प्रदेश, नेपाल
कार्यालय : हेटौँडा, मकवानपुर
फोन : ०५७-५२०२५० (हेटौँडा)
काठमाडौं उपत्यका : ०१-५४२०४४७ (जावलाखेल)
इमेल : admin.cro@bagamati.gov.np
वेबसाइट : http://cro.moial.p3.gov.np

दोस्रो संस्करण (परिमार्जित तथा अद्यावधिक) : २०८० असार (July 2023)
© सञ्चार रजिष्ट्रारको कार्यालय, बागमती प्रदेश

ISBN : 9789937145442

साजसज्जा
**अल मिडिया सोलुसन प्रा. लि., बागबजार, काठमाडौं**

मुद्रक
**कामना प्रिन्ट एण्ड क्रिएशन, पुतलीसडक, काठमाडौं ।**

---

यस पुस्तकमा प्रकाशित तथ्य वा विचार व्यापारिक प्रयोजनबाहेक स्रोत उल्लेख गरेर प्रयोग गर्न पाइने छ ।

### हाम्रो भनाइ

# इतिहास अभिलेखीकरणको शृङ्खला

पत्रकारिता जिज्ञासुहरूले गर्ने पेशा हो । जिज्ञासाको अपेक्षित उत्तरबाटै नयाँ तथ्य प्राप्त हुन्छ । त्यही नयाँ तथ्यका आधारमा समाचार लेखिन्छ, सम्पादन गरिन्छ अनि प्रकाशन तथा प्रसारण गरिन्छ । त्यस्ता समाचारले समाजलाई मार्गनिर्देश गर्छन् ।

समाचार संकलन, लेखन र सम्पादन कर्म गर्ने पत्रकार सूचनाका भोका हुन्छन् किनकि जति सूचना प्राप्त गरे पनि उनीहरूले नयाँ प्रश्न जन्माई नै रहन्छन् । तथ्यपूर्ण सूचना प्राप्त गर्न र तिनलाई प्रमाणीकरण गर्न उनीहरूले प्राप्त गर्ने जवाफ समाजोपयोगी हुन्छ । प्राप्त सूचनालाई शक्तिमा परिणत गराउने क्षमता पत्रकार र पत्रकारिता कर्ममा हुन्छ ।

पत्रकारिताका मार्गदर्शक ज्येष्ठ पत्रकार अनुभवका खानी हुन्, इतिहासका साक्षी हुन् र ज्ञानका स्रोत हुन् । त्यस्तै अनुभव, प्रमाण र ज्ञानलाई पुस्तान्तरण गर्ने प्रयास हो– उहिलेको पत्रकारिता । पुराना सूचनाका पृष्ठभूमिमा नयाँ तथ्यपूर्ण सूचना र ज्ञान आर्जन गर्न त्यसले सक्छ, जसले आफूलाई जिज्ञासु बनाइराख्छ ।

जीवनको उत्तरार्द्धमा पुगेपछि आफ्ना भोगाइ र सिकाइ नलुकाइकन व्यक्त गर्ने स्वभाव हुन्छ मानिसमा । भविष्यका लागि पुराना अनुभव, भोगाइ र सिकाइ गतिला पाठ्यसामग्री बन्न सक्छन् । ती भोगाइ, सिकाइ र ज्ञान रमाइला मात्रै हुँदैनन्, नयाँ पुस्तालाई झस्काउने, चस्काउने र शरीर नै सिरिङ्ङ बनाउने खालका हुन्छन् ।

सामान्य व्यक्तिका भोगाइ र सिकाइभन्दा पत्रकारका भोगाइ र सिकाइमा धेरै सूचना हुन्छन् । शक्तिरूपी सूचनालाई उपयोग गरिएन भने तिनको खासै अर्थ रहन्न । पत्रकारका भोगाइ र सिकाइभित्र राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विषयसँग सम्बन्धित कानून, शासन व्यवस्था, नागरिकका जीवन शैली सबै गाँसिएका हुन्छन् । पत्रकारले राष्ट्रका प्रमुख व्यक्तिदेखि सामान्य नागरिकसँगका सूचना संकलन गरेका हुन्छन् । ती दुवैथरी व्यक्तिहरूका जीवन शैली र बुझाइ पनि पत्रकारले अनुभव गर्न पाएका हुन्छन् । नेपालको एउटा गाउँ वा शहर मात्रै होइन, विदेशका घटनाक्रमका बारेमा पनि पत्रकारले चासो राखेर बुझेका हुन्छन् । त्यसैले स्वदेशी तथा विदेशी भूमिमा रहेर आर्जन गरेका नेपाली ज्येष्ठ पत्रकारका अनुभव, ज्ञान र सीपलाई सुरक्षित गराउने अभियान हो– उहिलेको पत्रकारिता ।

नेपाली पत्रकारिता राजनीतिक 'मिशन' हासिल गर्ने ध्येयबाट परिचालित हुँदै व्यावसायिक पत्रकारितामा रूपान्तरण भएको हो । राजनीतिक मिशन केका लागि, कसका लागि र किन थियो भन्ने प्रश्नको उत्तर यस पुस्तकमा पाइन्छ । सूचना प्रविधिको विकास नभएको उतिबेलाको अवस्थामा गरिएको पत्रकारिताको अभ्यास अहिलेका पत्रकार र पत्रकारिता पेशामा रहेका, यस पेशामा आउन चाहने, पत्रकारिताबारे अध्ययन-अनुसन्धान गर्न चाहनेका लागि ज्येष्ठ पत्रकारका अनुभव तथ्य प्रमाण हुन्छन् । कम्प्युटरको भाषामा भन्ने हो भने ती तथ्य प्रमाण डेटा हुन् । डेटालाई जति धेरै सुरक्षित गर्न सकिन्छ, त्यति नै मूल्यवान् बन्दै जान्छन् । पुराना पुस्ताका ज्ञान, अनुभव र सीपको अभिलेखीकरण गरी संरक्षण गर्नु नयाँ पुस्ताको दायित्व पनि हो । त्यही दायित्व पूरा गर्ने क्रममा जीवनका सात दशकका अनेक भोगाइ र सिकाइपछि प्राप्त ज्ञान र अनुभवलाई एउटै मालामा पस्कने प्रयासस्वरूप 'उहिलेको पत्रकारिता' शृङ्खला शुरू गरिएको हो ।

पत्रकारिता समाजको ऐना हो । पत्रकारिताले समाजको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणमा योगदान पुऱ्याएको हुन्छ । सुशासनको पहरेदार, समाजको आँखा, निरंकुश शासन सत्ताको शत्रुका रूपमा रहने पत्रकारितालाई सफा र गुणस्तरीय बनाइराख्न पनि इतिहासको पत्रकारिता बुझ्न आवश्यक हुन्छ । हामी कुन धरातलबाट उठेर वर्तमानमा पत्रकारिता अभ्यास गरिहेका छौं भन्ने तथ्य बुझ्न 'उहिलेको पत्रकारिता' एउटा आँखीझ्याल पनि हो ।

एक ठाउँको सूचना अर्को ठाउँमा पुऱ्याउन महिनौं लाग्ने, काठमाडौंमा लेखिएका समाचार महिना दिनमा जिल्लामा पुग्दा पनि त्यसलाई ताजा मानेर पढ्न रूचाउने, टेलिभिजन हेर्न धनीमान्छेका घरमा लाइन लागेर बस्नुपर्ने दिन अब

फर्कने छैनन् । तर, यो तथ्यका भोक्ता पुराना पुस्ताका लागि त्यो सबै सामान्य अनुभव थियो, जुन नयाँ पुस्ताका लागि किंवदन्तीसरह भएको छ ।

घन्टौंसम्म कालो-मैलो भएर प्रेसमा अक्षर कुँदेर पत्रिका प्रकाशन गर्नुपर्ने बाध्यता अब आउने छैन । एक क्लिकमा आफूले लेखेका समाचार वा सूचना विश्वका कुनै पनि कुनामा तत्कालै हेर्न, पढ्न र सुन्न सकिने अवस्था सिर्जना भएको छ । विदेशी पत्रिका प्रकाशन भएको महिनौं दिनपछि पढ्न पाउँदा पनि आनन्द आउने दिन थिए, अब क्षणभरमै संसारका जुनसुकै कुनामा प्रकाशित पत्रिकाका समाचार तत्कालै पढ्न सकिने भएको छ । त्यसैले 'उहिलेको पत्रकारिता' इतिहास संरक्षण गर्ने एक दस्तावेज हो ।

कम्प्युटर, इन्टरनेट, मोबाइल फोन, रूचिअनुसारका डिभाइस, अनलाइन सञ्चारमाध्यम, सामाजिक सञ्जालले सूचनालाई नजिक ल्याइदिएका छन् । अहिले पत्रकारिताको अभ्यास गरिरहेका, पत्रकारिता अध्ययन/अध्यापन गरिरहेका, पत्रकारिताका विभिन्न पक्षमाथि अनुसन्धान गरिरहेकाहरूलाई 'उहिलेको पत्रकारिता' एउटा सन्दर्भ-सामग्री पनि बन्न सक्ने विश्वास छ । सन्दर्भ-सामग्रीले हामीलाई अनुसन्धानको नयाँ तथ्य पत्ता लगाउन सघाउँछ । त्यसैले 'उहिलेको पत्रकारिता' इतिहास खोजकर्ताका लागि पनि उपयोगी हुने छ । अनुभवले इतिहासको स्मरण गराउँछ । इतिहास उत्खनन गरी संरक्षण गर्ने प्रयास पनि हो- उहिलेको पत्रकारिता ।

नेपालको संविधानमा मौलिक हकअन्तर्गत धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरिएको छ भने प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन २०७५ को दफा ५३ मा ज्येष्ठ पत्रकारसम्बन्धी व्यवस्था छ । त्यसैले संविधानबमोजिम प्रदेशसभाले बनाएको कानूनलाई कार्यान्वयन गर्ने क्रममा 'उहिलेको पत्रकारिता' लाई पुस्तकका रूपमा तयार गरिएको छ । ज्येष्ठ पत्रकारमा आशा जगाइराख्न र नयाँ पुस्ताका पत्रकारहरूलाई इतिहास बुझाइराख्न 'उहिलेको पत्रकारिता' तयार गर्ने जमर्को गरिएको हो ।

अघिल्लो वर्ष पाँचजना वरिष्ठ पत्रकारका अनुभव अभिलेखीकरणबाट शुरू गरिएको यो अभियानलाई चालु आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ । त्यस अर्थमा यो दोश्रो खण्ड हो । तर, अघिल्लो शृङ्खलाको माग बढेको हुनाले यस खण्डमा नै ती सामग्रीलाई पनि समेटेर अद्यावधिक तथा परिमार्जन गरी एउटै खण्ड बनाएर जिज्ञासु पाठकको रूचिलाई पूरा गर्ने प्रयास गरिएको छ । यसबाट यो पुस्तक थप पुष्ट हुन पुगेको छ । सञ्चार रजिष्ट्रारको कार्यालय

इतिहासलाई जीवन्त बनाइराख्न पनि ज्येष्ठ पत्रकारका अनुभव अभिलेखीकरण गर्ने शृङ्खलावद्ध अभियानलाई निरन्तरता दिइराख्नुपर्छ भन्ने मान्यता राख्छ । त्यसैले आगामी दिनमा पनि यसलाई थप सिर्जनात्मकताका साथ निरन्तरता दिने प्रयास गरिने छ ।

अन्तर्वार्ता विधिका आधारमा संकलन गरी यस पुस्तकमा समेटिएका ज्येष्ठ पत्रकारका अनुभवले राणाकालदेखि गणतन्त्रसम्मका परिस्थिति र पत्रकारितालाई चित्रण गर्न मद्दत पुऱ्याएका छन् । पत्रकारितामा सीप विकासका लागि संस्थागत संरचना खडा गरेर काम गरेको अनुभव गोकुल पोखरेलसँग छ । पत्रकारिताको पृष्ठभूमिबाट राजनीतिमा क्रियाशील रही मन्त्रीसमेत भएको अनुभव छ, होमनाथ दाहालसँग । विदेशी भूमिबाट अन्तर्राष्ट्रिय रेडियोमा पत्रकारिता गरेको अनुभव मणि राणासँग छ भने साहित्य, पत्रकारिता र राजनीतिको सेतु भएर गरेको छापा पत्रकारिताको अनुभव रेशम विरहीसँग छ । पञ्चायती निरंकुश शासनमा महिलाले पनि पत्रकारिता गर्न सक्छन् भन्ने बलियो उदाहरण पेश गर्ने डा. दुर्गा पोखरेलसँग स्वदेश तथा विदेशका अनेक अनुभव छन् । यसअघिको शृङ्खलामा अटाएका पाँच मूर्धन्य व्यक्तित्वहरूमध्ये राणाशासनदेखि गणतन्त्रसम्मको इतिहास बोकेर निरन्तर सक्रिय भैरव रिसाल, मोफसलको पत्रकारिताका धरोहर नारायणप्रसाद शर्मा, रेडियो समाचारको पर्याय नै बनेकी स्वरकी खानी कृष्णा ताम्राकार तथा पत्रकारिताका अग्रज गुरूहरू लालध्वज देउसा राई र रामकृष्ण रेग्मीको जीवनका पानालाई पनि यस खण्डमा एकीकृत रूपले समेट्न पाएकोमा हामी हर्षित छौं ।

प्रतिनिधिमूलक पात्रका रूपमा नेपालको इतिहासमा पहिलोपटक सञ्चार रजिष्ट्रारको कार्यालय, बागमती प्रदेशले सरकारी तहबाट ज्येष्ठ पत्रकारका अनुभव अभिलेखीकरण गर्न थालेको हो । 'उहिलेको पत्रकारिता' को पहिलो शृङ्खलामा समेटिनुभएकी कृष्णा ताम्राकार दोस्रो शृङ्खला तयार हुँदासम्म हामीबीच रहनुभएन । उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै तपाईंका हातमा रहेको 'उहिलेको पत्रकारिता' को यो शृङ्खला तयार गर्न मेहनत गर्ने सम्पादकमण्डल, साजसज्जा गर्ने, छापाखानामा काम गर्ने मजदुर एवं सञ्चार रजिष्ट्रार कार्यालयका कर्मचारी सबैमा मुरीमुरी धन्यवाद दिन चाहन्छु ।

यो पुस्तक अध्ययन गरेपछि तपाईंबाट प्राप्त हुने सुझाव, पृष्ठपोषण र स्वस्थ आलोचनालाई सञ्चार रजिष्ट्रारको कार्यालय सदैव हार्दिक स्वागत गर्दछ ।

**रेवतीप्रसाद सापकोटा**
सञ्चार रजिष्ट्रार
बागमती प्रदेश, नेपाल

# विषय सूची


▪ *भैरव रिसाल*

**निरन्तरताको इतिहास** १

▪ *नारायणप्रसाद शर्मा*

**मोफसलका धरोहर** २३

▪ *लालध्वज देउसा राई*

**पत्रकारिताका गुरू** ३९

▪ *गोकुलप्रसाद पोखरेल*

**पत्रकारिता प्रशिक्षणका सूत्रधार** ५५

▪ *कृष्णा ताम्राकार*

**स्वरकी खानी** ६५

▪ *होमनाथ दाहाल*


**'मिशन पत्रकारिता' का खेलाडी** ८५

■ *रामकृष्ण रेग्मी*
**पत्रकारका गुरू** १०१

■ *मणि राणा*
**आवाजले चिनिएका पत्रकार** ११७

■ *रेशम विरही*
**पत्रकारिता र साहित्यको सम्मिश्रण** १३१

■ *डा. दुर्गा पोखरेल*
**बेपत्ता पारिएकी पहिलो पत्रकार** १४३



**भैरव रिसाल**

# निरन्तरताको इतिहास

*प्रधानमन्त्री बीपी कोइराला, गणेशमान सिंह, सूर्यप्रसाद उपाध्यायलगायतको एउटा उच्चस्तरीय डेलिगेशन चीन गयो । फर्किएर आएपछि प्रधानमन्त्री निवासमा पत्रकार सम्मेलन गरिएको थियो । औपचारिक कार्यक्रम सकिएपछि बीपीले 'अफ द रेकर्ड' भन्दै फ्याट्ट 'चीनले सगरमाथा दाबी गऱ्यो' भन्नुभयो । सबैजना झसङ्ग भए । हिन्दुस्तानी र अरू विदेशी पत्रकारहरू पनि थिए । भोलिपल्ट देशबाहिरका सबै अखबारको ब्यानर हेडलाइन भएर छापिएछ । मैले काम गरेको 'हालखबर' दैनिकमा भने जम्मा दुई कोलमको समाचार छापियो ।*

**मेरो जन्म** १९८५ साल साउन २९ गते भक्तपुर जिल्लाको गुण्डु भन्ने ठूलो गाउँको तिथली भन्ने ठाउँमा भएको हो । बाको नाम गोवर्द्धन रिसाल, आमाको गणेशकुमारी रिसाल । त्यो बेला राख्ने र फार्ने दुईथरी नाम हुन्थे । आमाको राख्ने नाम गणेशकुमारी र फार्ने नाम तुलसादेवी थियो । मेरो नाम चाहिँ भैरवप्रसाद रिसाल हो । पहिला मेरो नाम बद्री राखिएको रहेछ । धेरै बिरामी भएपछि बाआमाले आनन्दभैरवमा लगेर मित लगाएर मेरो नाम भैरव राखिदिनुभएको रहेछ ।

बाको पेशा आधाभन्दा बढी जजमानी र आधाभन्दा कम कृषि थियो । आमा गृहिणी, छोराछोरी पाउने, छोराछोरी र बुढाको स्याहार सुसार गर्ने । उहाँको दिन खेतिपाति र घरधन्दामै बित्थ्यो ।

मेरो बा सानै हुँदा बाको बा (मेरो हजुरबा) बित्नु भएको रहेछ । बाको बाजेबज्यै (बाको हजुरबा हजुरआमा)ले उहाँलाई पाल्नु भएको रहेछ । बा सात वर्षको नहुँदै उहाँका बाबुआमा दुवै बित्नु भएछ । त्यसपछि मेरा बा जेठाबाकोमा नै बस्न थाल्नु भएको रहेछ । जेठाबा चाहिँ त्यसबेलाको लप्टन । घोडा चढेर हिँड्ने । अब तिथलीमा त्यसबेला कसरी लप्टन हुनुभयो ? खोजीको आधार पनि छैन ।

जेठाबा दूधभात खानु हुने । उहाँका दुइटा छोरा रहेछन् । उहाँले आफूले खाएको दूधभात चाहिँ आफ्ना दुई छोरा र बालाई एक एक गाँस दिनुहुँदोरहेछ । बा पनि त्यस्तो मीठो दूधभात खानको लागि जेठाबाले खानेबेलासम्म कुरेर बस्नु हुँदोरहेछ । जेठाबाले पढाउनका लागि आफ्ना दुई छोरासहित बालाई पनि कटुञ्जेका लुइँटेल पण्डित कहाँ लैजानु भएछ । उहाँले बेलुका घरमा निःशुल्क पढाउनु हुँदोरहेछ । बेलुका पढ्न जाने, उतै बस्ने र भोलिपल्ट घर आउने । तर बाले पढ्नमा ध्यान दिनु भएनछ ।

बाको पनि उमेर बढ्दै गयो । एकपटक मकै चोरेर धोतीमा बाँधेर झ्यालबाट खसाल्दा मकैको पोको फुटेछ । त्यसपछि चोर पत्ता लाग्यो । यसले घरमा रडाको भएपछि बालाई अंशसहित छुट्याई दिएछन् । हाम्रो सम्पति धेरै नै भए पनि एक्लै छुट्याइदिएपछि बाले धेरै दुःख पाउनु भएछ ।

मेरो बाको बिहे भयो दक्षिणकाली फर्पिङभन्दा पनि एक कोस टाढा राम्चे भन्ने ठाउँमा । उहाँ मेरो आमाभन्दा अघिल्लो आमा । ती आमा दशैंमा माइत गएका बेला 'बहिनीलाई दुईचार दिन राखौ है ज्वाइँ' भनेर बालाई जेठानले भनेछन् । बाले आमालाई माइत छोडेर घर आउनु भएछ । दशैंको चतुदर्शीका दिन झाडाबान्ता लागेर उहाँ बित्नु भएछ । बालाई खबर आयो, बा जानुभयो । बा त्यहाँ पुग्दा त

आमाको लाश चितामा जलिरहेको रहेछ । त्यसबेला बालाई कस्तो भयो होला ? बाले नै सुनाउनु भएको हो, यो दुखःद घटना ।

पहिलो पत्नी बितेपछि बाले दोस्रो पत्नीका रूपमा मेरो आमासँग बिहे गर्नुभयो । अनि मेरो आमा पनि उमेरमै बिते पछि अर्को बिहे पनि गर्नु भयो । यसरी मेरा बाले तीनवटी बिहे गर्नुभयो ।  हामी चार भाइमध्ये म जेठो । तर म मेरी आमाको एउटै मात्र छोरो । अर्को आमापट्टिका तीन भाइ र एउटी बहिनी छन् । मेरा दुई छोरा, दुई छोरी हुन् ।

अहिले परिवारमा हामीसँगै चाहिँ म, मेरी श्रीमती र जेठी बुहारी छौं । जेठो छोरा बोल्न सक्दैन, ऊ बहिरो छ । ऊ अंशसहित हामीसँग छुट्टिएर गयो । घरमा बुहारी (जो हामीसंगै बस्छिन्) हुँदाहुदै उसले अर्की दुलही लिएर आएपछि कुरा मिलेन । त्यसपछि संगै बस्ने बातावरण बनेन, उ अलग बस्यो । अहिले दुईवटी छोरीको बिहे भएर आ–आफ्नो गरेर खाएका छन् । कान्छो छोरा बुहारी र नातिनी अमेरिकामा छन् । जेठो छोराका नाति–नातिना (हामीसँगै बस्ने जेठी बुहारीको छोरो र छोरी) अमेरिका पढ्न गएका छन् ।

म पत्रकार भएपछि २०१६ साल फागुन ७ गते मागी विवाह गरेको हो । त्यतिबेला बिहेमा खासै खर्च गरिएन । पाँच सयभन्दा कम खर्चमै विवाह सकिए जस्तो लाग्छ । गरगहना सबै मागेको हो, एक सरो कपडा मात्रै हो लगेको दुलहीलाई । गाउँमा बहुभतेर गरियो, अलि अलि खर्च त्यही हो । त्यसमा पनि घरकै दाल चामल पकाएको हो । बिहेपछि नवदम्पत्ति घुम्न जाने चलनै थिएन, त्यो खर्च पनि केही गरिएन ।

## दिनचर्या र लेखन कार्य

कोरोना नआउन्जेलसम्म बिहान ४:३० मा उठ्थें । अहिलेचाहिँ ५ देखि ५:३० बजेसम्म उठ्छु । उठेर नुहाउने, *रेडियो नेपाल*का कार्यक्रम सुन्ने, त्यसपछि नेपालीमा ६ बजेको खबर सुन्ने गर्दै साढे ७ बजेसम्म रेडियो सुन्छु । रेडियो सुनुञ्जेल हल्का शारीरिक व्यायम पनि गर्ने, चिया पनि खाने काम सक्छु । पहिले औषधि खानका लागि बिस्कुट खान्छु । अनि पार्किन्सनको ओखतीसमेत गरी बिहान मात्रै पाँचथरी औषधि खान्छु । दिउँसो दुईथरी अनि बेलुका तीनथरीका औषधि खाँदै आएको छु । मेरो प्रयागराज तिवारी भन्ने एक जनासाथी हुनहुन्थ्यो, उहाँले ठट्टा गर्दै भात आधा कचौरा खान्छु, औषधि एक कचौरा खान्छु भन्नुहुन्थ्यो । मेरो पनि त्यस्तै छ ।

बिहानको औषधि खाएपछि दुईवटी छोरीलाई फोन गरेर सञ्चोविसञ्चो बारे सोधखोज गर्छु । त्यसपछि ९ बजे भात खाने हो । बिहान जति बजे उठे पनि बेलुकाचाहिँ ९ बजे सुतिसक्छु । सुत्दाबित्तिकै निद्रा पर्छ । मेरो सम्पत्ति भनेको नै निद्रा हो । कहिले राति एक दुईपटक उठ्नुपर्छ ।

बिहान ७:३० बजेपछि दिउँसो, बेलुका जतिखेर पनि लेख्छु । अक्षर त्यति राम्रा छैनन्, जो कोहीले बुझ्दैनन् । नियमितरूपमा *मजदुर* भन्ने पत्रिकामा लेख्छु । त्यो नेपाल मजदुर किसान पार्टी (नेमकिपा) को पत्रिका हो । हरेक मंगलबार प्रकाशित हुन्छ । म लेख्ने, ८१ बर्षे मेरी श्रीमती टाइप गर्ने । श्रीमतीले अहिले आँखा पनि कमजोर भयो भन्न थालेकी छन् । अलिक बिरामी पनि भएकाले टाइप पनि गर्नसकेकी छैनन् । लेखन नियमित छैन । *मजदुर*मा चाहिँ हातैले लेखेर पठाउँदा पनि छापिने हुँदा त्यसमा चाहिँ लेख्दैछु । लामो समयदेखि लेख्ने गरेकाले त्यहाँ मेरो अक्षर बुझ्ने मान्छे छन् । टाइपकै कारण अरूमा नियमित छैन ।

कम्प्युटरमा मेरो कहिल्यै हात गएन । श्रीमती सुशीला रिसाल नर्सिङ पेशामा भएकाले उनले अलिअलि कम्प्युटर चलाउन सिकेकी रहिछन् । पछि छोरा भास्वर अमेरिका गयो । उसले चिठ्ठी पठाउने होइन इमेलमा नै चिठ्ठी लेख्न थाल्यो । मैले धेरैपटक नेपाल वातावरण पत्रकार समूह (नेफेज) मा इमेल प्रिन्ट गर्न लगाएर घरमा आएर बुढाबुढीले हेरेका छौं । यो इमेलका कारण घरमा कम्प्युटरको खाँचो देखियो । छिट्टै इमेल पढ्न पाइएला भनेर कम्प्युटर किन्ने भइयो । भक्तपुरको अलिकति जग्गा बेचेर २०५८ सालतिर ४२ हजारमा कम्प्युटर किनेको हुँ । घरमै कम्प्युटर भएपछि श्रीमतीको टाइपिङले थप गति लिएको हो ।

म अहिले *रेडियो सगरमाथा*मा हरेक मंगलबार बिहान १० मिनेट बोल्छु । पहिला लामो समय *रेडियो सगरमाथा*मै 'उहिले बाजेका पालामा' भन्ने कार्यक्रम चलाएँ । बुढापाकासँग कुरा गर्ने कार्यक्रम हो त्यो । मैले त्यो कार्यक्रममा लगभग ८ सय जना जतिसँग अन्तर्वार्ता गरें होला । पछि स्वास्थ्यले त्यति साथ नदिएपछि कार्यक्रम चलाउन छोडें ।

## शिक्षा

पुरेतको छोरा भएका हुनाले रूद्री, चण्डी पढने चलन थियो त्यसबेला । छोरो लगन  लेख्न सक्ने होस् भन्ने बा को चाहना थियो । म केटाकेटी हुँदा, सानो छँदा लगन लेखेको एक मोहर (पचास पैसा), एकमाना चामल, एउटा जनै, एउटा सुपारी पाइने रहेछ । बाले लगन लेख्न नजान्ने भएकोले त्यो अर्कैले लैजाँदो

रहेछ । बालाई छोरोले लगन लेख्न जान्यो भने त्यो एक मोहर, एउटा सुपारी, जनै, अलिकति चामल पनि घरमा आउँथ्यो भन्ने लोभ लाग्यो ।

कोही जजमानले गरूड पुराण लाउँथे । बाले गरूड पुराण पनि भन्न नजान्ने । त्यो गरूड पुराण भन्न जान्ने पण्डितचाहिँ पुरेतले खोज्नुपर्ने । अनि छोराले गरूड पुराण भन्न जान्यो भने त्यसवापत पनि दिनको एकमोहर आउने, चामल पनि आउने । एक दिन बाले मलाई लुभु भाषा पाठशालामा पढ्न लैजानु भयो । मेरो गुरूलाई बाले भन्नुभयो – मेरो छोरालाई लगन लेख्न र गरूड पुराण भन्न जान्ने भए पुग्यो, पाससास केही पर्दैन । बाको स्वार्थ त्यो हो । गुरूको स्वार्थचाहिँ त्यो सरकारी पाठशाला हो । त्यहाँ रूद्री, श्राद्ध गर्न कस्ले जान्यो, गरूड पुराण भन्न जान्यो भनेर कस्ले खोज्ने ? त्यहाँ पढ्ने पास मात्रै हुन्थे । गुरूले बालाई यो बाठो छ, यो लगन लेख्न र गरूड पुराण भन्न जान्ने हुन्छ, पास पनि हुन्छ भनेर फकाउनु भयो । म त्यसरी आठ कक्षासम्म लुभु पाठशालामा पढें ।

नौ कक्षा पढ्नलाई हविगत र हैसियत थिएन । अनि गुरूलाई फेरि माथिल्लो कक्षा पढाउन सोख रहेछ । रेकर्डमा नरहने भए पनि म पढाइदिन्छु भन्नु भएछ गुरूले । गुरूले ८ कक्षासम्म पढाउने भए पनि परीक्षा दिनचाहिं काठमाडौंको रानीपोखरी संस्कृत प्रधान पाठशाला जानुपर्थ्यो । हामी ६ जनाले ८ कक्षाको परीक्षा दिएका थियौं । त्यसमा पनि ३ जना फेल भएर आठमै पढ्न थाले भने ३ जना पास भयौँ । पास हुने दुईजना लुभुमै पढ्न थाल्यौं भने एकजना काठमाडौंमा पढ्न थाले ।

हाम्रो गाउँमा एकपटक ५४ गोदानको यज्ञ (५४ जना ब्राम्हणलाई टिका लगाएर दक्षिणा दिने, भोजन गराउने) लगाइएको थियो । त्यो ५४ गोदानमा मसँगै पास भएर काठमाडौं पढन गएको सहपाठीलाई निम्ता गयो । त्यो कार्यक्रममा साथी पनि आयो । पुरानै साथी सम्झेर 'ए दामोदर के गर्छौ, कसो गर्छौ' भनेर यसो सोधखोज गर्दाखेरी हामीलाई अलि उपेक्षा गऱ्यो उसले । उसका किताब पनि धेरै, काठमाडौमा पढ्ने, शहरमा बस्ने । उसको व्यवहार सहन गाह्रो भएपछि मैले पनि काठमाडौं पढ्न जान्छु भन्दै बालाई कचकच गरेर दुःख दिन थालें । धेरै नै कचकच गरेपछि अनुमति मिल्यो, तर सशर्त । शर्त थियो– तीन घर जजमान कीर्तिपुरमा, चार घर कुपन्डोलमा, एक घर पुतलीसडकमा र दुई घर हाँडीगाउँमा जजमानी गर्ने जिम्मा ।

कुपन्डोलमा एउटा साथीको डेरामा बस्दै ९ कक्षा पढ्न थालें । त्यही बेला २००४ सालमा संस्कृतका विद्यार्थीहरूले विभिन्न माग राखेर जयन्तु संस्कृतम् आन्दोलन

शुरू गरे । त्यो आन्दोलनमा म सडक पेटीमा हिड्थें, आन्दोलनकारी सडकमा । मलाई आन्दोलन होस् भन्ने पनि लागेको थियो तर मचाहिं सडक पेटीबाट हिड्ने गर्थें । धेरैजनालाई तीनधारा संस्कृत पाकशालाबाट निकालिदियो भने त्यहाँ म भर्ना हुन पाउँछु भन्ने भित्री लोभ थियो ।

के के गर्दा गर्दै त्यहाँबाट धेरैजना विद्यार्थीलाई निकालिदियो । त्यसपछि २००४ सालमा पुसमा तीनधारा पाठशाला भर्ना भएँ । भर्ना भएको दिन अब भर्ना भइयो, खाना पनि छात्राबासमै पाइन्छ भन्दै आफूसँग भएको पैसाले बदाम खाएँ । तर के के तारतम्य नमिलेर त्यो दिन भर्ना हुन पाइएन । पैसा पनि सकिइहाल्यो । बेलुका डेरामा आएपछि भोकै सुत्नु पर्‍यो ।

भोलिपल्ट भर्ना भएँ । तीनधारा पाठशालामा भर्ना नभएको भए गाउँको पण्डित भएर बस्थे । आठ कक्षा पास हुन्थें, त्यत्ति हो । त्यहाँ खान, बस्न, लाउन सबै पाइन्थ्यो । लाउनचाहिँ वर्षमा दुई पटक खस्रा लुगा दिन्थ्यो । तीनधारा पाठशालाले गर्दा म भैरव रिसाल भएको हुँ ।

मैले २०१२ सालमा वनारस संस्कृत विश्वविद्यालय, भारतबाट शास्त्री पास गरें । २००७ साल अघिसम्म परीक्षा दिन वनारस नै जानुपर्थ्यो । त्यसपछि भने प्रश्नपत्र उतैबाट आउने, कापी जाँच र रिजल्टै उतैबाट भए पनि परीक्षा भने काठमाडौंमै दिन पाइने भयो । त्यसबेला शास्त्री बराबर अंग्रेजी पढाइतिर के हुन्छ भन्ने प्रस्ट थिएन । त्यसविरूद्ध हामीले आन्दोलन गर्‍यौ र 'इक्युभ्यालेन्ट' को व्यवस्था भयो । सम्पूर्णमध्यमा चाहिँ १२ कक्षा बराबर हुने, शास्त्री स्नातक र आचार्य स्नातकोत्तर भन्ने सरकारले निर्णय गर्‍यो ।

## कम्युनिष्ट भएकाले पत्रकार

त्यसबेला लोकसेवा आयोगको पहिलो विज्ञापन निस्कियो, पोस्टग्राजुएट र ग्राजुएट भन्ने । सरकारलाई १४ जना चाहिएको रहेछ । हामी धेरैजनाले परीक्षा दियौं तर थोरैजनाले मात्रै लिखित पास गरे, म पनि पास भएँ । अन्तर्वार्तामा पनि पास भएँ । पोस्ट ग्राजुएटमा चाहिँ गोविन्दप्रसाद लोहनी, विश्वनाथ उपाध्याय, मोहम्मद मोहसिन, बब्बरप्रसाद सिंह, अनन्तनाथ पौडेल (लेखनाथजीको छोरा) लगायत पास भएका थिए । ग्राजुएट अफिसरमा चाहिँ दाताराम शर्मा र म पास भएका हौं । अरू अहिले बिर्सिएँ ।

पास भए पनि मलाई सरकारले जागिर दिएन । किन जागिर नदिएको भन्दाखेरी राज्यसँग म कम्युनिष्ट पार्टीको सदस्य भइसकेको रेकर्ड रहेछ, अनि राज्यले कम्युनिष्ट पार्टीका सदस्य नपाल्ने भन्ने नीतिले गर्दा जागिर नदिएको रहेछ । म पास भएको नामचाहिँ *गोरखापत्रमै* छापिएको थियो । पास भएर पनि जागिर नपाउनेमा मसँगै दाताराम शर्मा पनि थिए । शर्मालाई जागिर किन नदिएको भन्ने चाहिँ थाहा भएन ।

२००९ सालमा म नेपाल कम्युनिष्ट पार्टीको सदस्य भैसकेको थिएँ । त्यसबेला नेपाल कम्युनिष्ट पार्टी एउटै थियो । पहिला कम्युनिस्ट पार्टीको सदस्यता लिन रगतको औँठा छाप लगाउनुपर्छ भन्ने सुनेको थिएँ तर हाम्रो पालामा त्यस्तो थिएन । अरविन्द रिमाल, वासुदेव ढुंगाना, विश्व प्रधान, लक्ष्मीबहादुर हलवाइ, डा. मथुराप्रसाद श्रेष्ठ लगायतका साथीहरूले एकै साथ सदस्यता लिएका हौं । कम्युनिष्ट पार्टीका सदस्यहरूलाई पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी, डिपी अधिकारी शैलेन्द्रप्रसाद उपाध्याय, कमर शाह, पीएन राणा लगायतले भूमिगत रूपमा किसानको घरमा भेला भएर प्रशिक्षण दिनुहुन्थ्यो ।

लोकसेवा पास गरे पनि कम्युनिस्टको ट्याग लगाएर राज्यले जागिर नदिएपछि धेरै दुःख पाइयो । जागिर खोज्दा खोज्दा हैरान भएर जे काम पनि गर्ने स्थितिमा पुगेँ । बगरेले खसी काटेर मासु बेच्ने काम दिएको भए पनि गर्ने अवस्था थियो । केही पनि पाइएन । काठमाण्डुमा *हालखबर* भन्ने एउटा फुच्चे दैनिक पत्रिका निस्किँदो रहेछ । भक्तपुर कटुञ्जेको पूर्णप्रसाद उपाध्याय भन्ने हुनुहुन्थ्यो । त्यहाँ गएर भनेपछि उहाँले एउटा चिट लेखिदिनुभयो । अनि म *हालखबर* दैनिकमा रिपोर्टरमा भर्ना भएँ । त्यसको सञ्चालक रंगनाथ शर्मा र सम्पादक दाताराम शर्मा हुनुहुन्थ्यो । त्यसबेला म पढेर होइन, परेर त्यो पत्रकार भएको हुँ । त्यसपछि महिनाको तलब १०० रूपैयाँ दिने भए । त्यसबेला सस्तो थियो, १०० रूपैयाँ तलबले पनि म, श्रीमती, एउटा भाइसहित चारजना बसेर खान र भाडा तिर्न पुग्थ्यो ।

त्यसबेला पत्रिका अफिसहरू सामान्य नै थिए । विदेशी पाहुना अफिस भिजिट गर्न आउने खासै चलन थिएन । विदेशी राजदूताबासबाट दशैं र नयाँ बर्षमा रक्सी उपाहार भने आउँथ्यो । यो २०१३ सालको कुरा हो । प्रोपाइटर रङ्गनाथ शर्माले सय रूपैयाँसँगै मेरो मातहतमा केही समय एउटा साइकल पनि दिनुभयो । त्यसबेला एउटा साइकल आफ्नो मातहतमा हुनु भनेको अहिलेको अवस्थामा गाडी त के, हेलिकप्टर भए बराबर हुन्थ्यो ।

मैले संस्कृत पाठशालामा पढ्न बसेको बेला भाडामा लिएर साइकल सिकेको हूँ । राष्ट्रिय नाचघर जमल नजिकैको साइकल पसलमा एक घण्टाको १० पैसामा साइकल भाडामा पाइन्थ्यो । त्यसबेला साइकल भाडामा लिएर घुम्ने चलन थियो । म पनि खुब घुमें साइकलमा त्यतिखेर ।

साइकल पाएपछि म यति सक्रिय भएँ कि बिहानदेखि साइकल लिएर घुमें, नेताकहाँ पुगें, कुराकानी गरें । म त्यसबेला कुपण्डोल बस्थें, अफिस नागपोखरीमा थियो । दैनिक २५-३० किलोमिटर साइकलमा हिँड्थेँ । सम्पादक दाताराम शर्मा पनि साइकलमा हिंडनुहुन्थ्यो भने रंगनाथको भने घरमै प्रेस थियो । कहिलेकाहीँ त्यही गफगाफले समाचार बन्थ्यो, कहिले हुँदैनथ्यो ।

त्यसबेला नेताहरूकहाँ जाँदा उनीहरूले खाने बेला भएको रहेछ भने चिया खान पाइन्थ्यो, नत्र पत्रकारलाई भनेर चिया खुवाउने चलन थिएन । अनि कति ठाउँमा त म सधैँ जाने पत्रकार भनेर होला, गन्दा पनि गन्दैनथे । ती नेताहरूकहाँ बाहिरबाट भेट्न आउने मान्छेहरू हुन्थे । उनीहरूसँग लिएर आगलागी, बाढीपहिरो, खडेरीका खबर छाप्दा ती मान्छे मसँग दंग हुन्थे । त्यो बेला अखबार अत्यन्त कम थिए । अनि अखबारमा समाचार छापिदिने गर्दा मेरो स्रोतचाहिँ धेरै भयो । मेरो क्रियाशीलता र दौडधूपको मुख्य कारण त्यो साइकल नै थियो । यसरी मेरो पत्रकारिता शुरू भयो- २०१३ सालमा *हालखबर* दैनिकबाट ।

## पत्रकारितामा पहिलो दिन

*हालखबर* दैनिकका लागि पहिले दरखास्त दिंदा रघुनाथजीले एउटा धाराको लागि निवेदन लेख्न भन्नुभयो । मेरो जाँच रहेछ । मैले निवेदन होइन, निबन्ध लेखेँछु । उहाँले हेर्नुभयो । अनि उहाँले नै यस्तो हुँदैन, निवेदन चाहिन्छ भन्नुभयो । निवेदन गर्ने अरू पनि थिए होलान्, अहिले बिर्सिएँ । जे होस्, म *हालखबर*मा जोडिएँ । सम्पादकले जे समाचार लिएर आइज भन्नुहुन्थ्यो, म त्यो लिएर आउँथे ।

लक्ष्मीप्रसाद देवकोटा रोयल नेपाल एकेडेमीको सदस्य हुनुहुन्थ्यो । उहाँ विश्व साहित्य सम्मेलनका लागि रूसको तासकन्द (तत्कालीन सोभियत संघभित्र पर्ने हालको उज्वेकिस्तानको राजधानी) जानुभयो । त्यसबेला बालचन्द्र शर्मा उपकुलपति, राजा कुलपति । रूस जान खोज्नुभएको रहेछ बालचन्द्र शर्माले तर उहाँलाई निम्तो आएन । निम्तो आयो देवकोटालाई, देवकोटा जानुभयो । त्यसको रिसले बालचन्द्र शर्माले देवकोटाको तलब रोकिदिनु भएको रहेछ ।

यो कुरा *हालखबर*का सम्पादकले थाहा पाएपछि मलाई लक्ष्मीप्रसाद देवकोटाको अन्तर्वार्ता लिन पठाउनुभयो । म देवकोटाको घर (अहिले त्यो घर सरकारले किनेको छ) मा गएँ । देवकोटाले राम्रो कुरा गर्नुभयो, मैले विस्तृत समाचार तयार पारें । समाचार आज निस्किएको पर्सिपल्ट देवकोटाको तलब आयो । तलब चाहिँ सजाय स्वरूप एक महिनाको घटाएर दिएछन् । त्यो समाचारले गर्दा लक्ष्मीप्रसाद देवकोटा खुसी हुनुभयो । उहाँसँग पछि पनि भेट्न गए । त्यसबेला *हालखबर*को नाम छापिने सम्पादक दाताराम शर्मा, लेख्ने सम्पादक एकताका श्यामप्रसादजी, एकताका दिनेशचन्द्र रेग्मी, अनि गएर एकताका मदनमणि दीक्षित हुनुहुन्थ्यो ।

## खसीको खबरले प्रधानमन्त्रीको खप्की

सरकारी जागीर पाएको भए सेक्सन अफिसर हुन्थें । कहाँ सेक्सन अफिसरको जागिर, कहाँ गैरसरकारी क्षेत्रको पत्रकार । अहिले जस्तो होइन, त्यसबेला पत्रकारको भाउ थियो । पत्रकारलाई मान्छे गन्थे । अखबारमा छापिएको समाचारको 'रेस्पोन्स' हुन्थ्यो ।

म *हालखबर*मा भर्ना भएको दुई तीन महिना जति भएको थियो । डिल्लीबजारमा मान्छे भेला भएका रहेछन् । के भएछ भनेर हेर्न जाँदा खसी काटेर मासु बेचिरहेका रहेछन् । अनि मैले आफ्नो अफिसमा गएर कुरा गरैँ । यो समाचार बन्छ भन्नुभयो हाकिमहरूले । मैले लेखें, खबर निस्कियो । त्यो पहिलो पृष्ठको बक्स समाचार बन्यो । बक्स समचारको छुट्टै महत्व थियो । टंकप्रसाद आचार्य प्रधानमन्त्री हुनुहुन्थ्यो । अनि उहाँले खोजीखबर गर्दा मैले दिएको भन्ने खबर पुगेछ । अनि मलाई बोलाएर क्या हो यो, यस्तो पनि खबर हुन्छ ? भनेर हप्काउनु भयो । अनि 'खै, खबर भयो त' भनैँ । यसरी सानो एउटा खबर अखबार निस्कँदा पनि प्रधानमन्त्रीले सोध्ने चलन थियो । त्यसले गर्दा पत्रकारिताको मान्यता समाजमा राम्रो थियो । पत्रकार भनेपछि अलि इज्जत गर्थे, पत्याउँथे ।

*हालखबर*मा मैले २०१३ साल देखि २०१७ सम्म चार वर्ष जति काम गरे । शुरूमा प्रति महिना १०० रूपैयाँ तलबमा भर्ना भएको हूँ । दुई महिनापछि २५ रूपैयाँ बढाएर १२५ बनाइयो । शायद राम्रै काम गरे हुँला र त तलब बढाए होलान् । *हालखबर* र *रासस* बाहेक *नेपाल समाचार*मा केही दिन काम गरे । *समय* दैनिकमा अलिक दिन गरें । त्यसपछि सञ्चार माध्यममा जोडिएको भनेको *रेडियो सगरमाथा*मा हो ।

## समाचार संकलन, उत्पादन र वितरण

त्यसबेला सूचनाको स्रोत भनेका जनता नै थिए । सरकारले सूचना दिनुपर्छ भन्ने प्रशिक्षण नै थिएन । यत्रतत्र आफैले खोज्नुपर्ने, जानुपर्ने, भेट्नुपर्ने हुन्थ्यो । त्यसैबाट समाचार बनाउनु पर्थ्यो । मेरो स्रोत चाहिँ बिहान वेदानन्द झाको डेरा । उठेर जान्थे । उहाँ तराई कांग्रेसको अध्यक्ष हुनुहुन्थ्यो, त्रिपुरेश्वरमा बस्नु हुन्थ्यो । त्यसपछि डिल्लीरमण रेग्मीको डेरा । उहाँ अहिलेको वीर अस्पतालपछाडि बस्नु हुन्थ्यो ।

बीपी कोइराला नागपोखरीको आसपासमा बस्नु हुन्थ्यो । उहाँकहाँ पनि जान्थें । जिल्ला जिल्लाबाट आएका मानिससँग भेट हुन्थ्यो । जिल्लाका पीरमर्काको बारेमा तिनीहरूसँग कुराकानी हुन्थ्यो । कहिलेकाहीँ त्यही आधारमा पनि समाचार बन्थ्यो । समाचार आएपछि गाउँका मान्छे दंग पर्थे । कतिपय गाउँका सूचनाका स्रोत तिनै मानिस हुन्थे । यो क्रम पछिसम्म रह्यो ।

धेरैजसो म बिहान ब्रेकफास्ट गर्न गयाप्रसाद शाहको घरमा जान्थें । उहाँ राज्यले पत्याएको मान्छे । पदीय हिसाबले उहाँ देखिने कुनै ठूलो पदमा हुनुहुन्नथ्यो तर दरबारमा राम्रो पहुँच थियो । कपिलवस्तुका सामन्त जमिनदार शाहलाई दरबारले बेला-बेलामा काम लगाउँथ्यो । शाहकहाँ चिउराको खीरको खाजा खाने चलन रहेछ । चिउराको पनि खीर हुन्छ र त्यस्तो मीठो हुँदोरहेछ भन्ने कुरा शाहकहाँ खाएपछि थाहा पाएको हूँ । हवाई चप्पल पनि थाहा थिएन, त्यहीँ तिनीहरूले लगाएको देख्दा यो कसरी लगाएको होला भन्ने मलाई लाग्थ्यो । त्यसप्रति मेरो आकर्षण हुन्थ्यो । मचाहिँ जुत्ता लगाएर जान्थे ।

मैले समाचार लेखेर सम्पादकलाई देखाएपछि उहाँले सोधखोज गरी केही सच्याएर कम्पोजमा पठाउनु हुन्थ्यो । सिसाका अक्षर ग्यालीमा कम्पोज गरेर बाँधेको सामग्रीमा मसी दलेर त्यसमाथि कागज राखेर लोहोराले पिँधेजसरी दलेपछि कागजमा अक्षर छापिन्थ्यो । त्यसमा केही गल्ती देखियो भने पहिले कलमले सच्याउने अनि गल्ती भएका ठाउँमा कम्पोजिटरले करेक्सन गर्ने गर्थ्यो ।

त्यबेला अखबार बेच्ने मुख्य स्थान चाहिँ नयाँ सडक थियो । अहिलेजस्तो बिहान होइन, अपराह्न निस्कन्थ्यो अखबार । तीन चार बजेपछि अड्डा छुटने, स्कूल छुट्ने मौका पारेर अखबार  बजारमा पुर्‍याउने चलन हुन्थ्यो । त्यसबेला पढेलेखेका मान्छे नै थोरै । अखबार थोरैले किन्थे । त्यो पनि कसैले किनेपछि यसो चियाएर पढ्ने चलन थियो । त्यसबेला मास्टर साब र जागिरेले पनि पढ्नु पर्ने भएर ३/४ बजेतिर पत्रिका निस्कन्थे ।

## सगरमाथामाथि चीनको दावी

एकपटक प्रधानमन्त्री बीपी कोइराला, गणेशमान सिंह, सूर्यप्रसाद उपाध्याय लगायतको एउटा उच्चस्तरीय प्रतिनिधिमण्डल चीन गयो । फर्किएर आएपछि प्रधानमन्त्री निवास (दशरथ रंगशालाको पश्चिमपट्टि, अहिले भन्सार विभाग एको ठाउँमा) मा पत्रकार सम्मेलन आयोजना गरिएको थियो ।

औपचारिक पत्रकार सम्मेलन सकिएपछि बीपीले 'अफ द रेकर्ड' भन्दै फ्याट्ट 'चीनले सगरमाथा दाबी गऱ्यो' भन्नुभयो । सबैजना झसङ्ग भए । हिन्दुस्तानीलगायत विदेशी पत्रकार पनि थिए । बीपीको कुरा सुन्दासाथ उनीहरू चिया खान पनि बसेनन्, दौडी हाले । मचाहिँ पत्रकार सम्मेलनको चिया खान त्यही बसें, प्रधानमन्त्री निवासको चिया मीठै हुन्थ्यो ।

त्यसबेला मैले सगरमाथाको महत्व मैले बुझेको नै रहेनछु । विपीले 'अफ द रेकर्ड' भन्नुभएको थियो, त्यो भनेको पनि मलाई थाहा थिएन । मैले पत्रकारिता पढेको पनि होइन । अफिसमा गएर भन्दाखेरी त सम्पादकले 'ल ल, यो त समाचार बन्छ, लेख्नू' भन्नुभयो । भोलिपल्ट देशबाहिरका सबै अखबारको ब्यानर हेडलाइन भएर छापिएछ, *हालखबर*मा जम्मा दुई कोलमको समाचार बन्यो । त्यसबेला मेरो चेतनाको अभावले गर्दा त्यस्तो भयो जस्तो लाग्छ ।

## लिम्पियाधुरा र लिपुलेकको जनगणना

तीन बर्ष *हालखबर*मा काम गरेपछि केन्द्रीय तथ्यांक विभागमा २६ महिनालाई म्यादी सेक्सन अफिसर भएँ । २०१८ सालमा मैले सुदूरपश्चिम दार्चुलामा जनगणना गराएँ । जनगणना गर्नका लागि म त्यो क्षेत्रको जोनल अफिसर थिएँ, ५/६ वटा जिल्ला हेर्थें । त्यसपछि खरिदार, मुखिया र अरू गणक हुन्थे । गन्ने चाहिँ गणकले हो । त्यसबेला लिम्पियाधुरा र लिपुलेकमा मैले नै जनगणना गराएको हो । तर, त्यसबेला त्यहाँ जनता बस्दैनथे । अनि हाम्रो मान्छे पनि गएनन्, म पनि गइनँ । त्यहाँ चीसो हिमाल र जंगल मात्र थियो, खेती हुँदैनथ्यो । जनताको बसोबास थिएन । खाली ठाउँ थियो ।

त्यो कालापानी क्षेत्र हो । हामीले दाबी गरेको र पहिलेको कालापानी एउटै हो । त्यो सुगौली सन्धिअनुसार हाम्रो हो । अहिले भारतले कब्जा गरेको छ । म त्यो भेगमा एकपटक घुम्न मात्रै गएको थिएँ । जनगणनाका लागि म कालापानीतिर गइनँ । जान जरूरी नै थिएन किनभने मान्छे गणना हो तर त्यहाँ मान्छे

बस्दैनथे । तथ्याङ्क विभागको जागिर सकिएपछि खाली भएँ, आयस्रोत नहुँदा खुब दुःख पाएँ ।

## *राससमा* बाइस वर्ष

पञ्चायती व्यवस्था आएको केही दुई महिनापछि *राष्ट्रिय सम्वाद समिति (रासस)* भन्ने संस्था खुल्यो । २०१६ साल पुस १ मा स्थापना भएको *नेपाल संवाद समिति (नेसस)* र २०१७ साल वैशाख ३० मा स्थापना भएको *सगरमाथा संवाद समिति (सससस)* दुईटालाई जोडेर *राष्ट्रिय सम्वाद समिति (रासस)* बनाइएको हो । दुइटा संस्थालाई गाभेपछि २०१९ सालमा रासस ऐन ल्याइयो र ऐनमा २०२८ सालमा गरिएको संशोधनपछि यसको नाम पनि *राष्ट्रिय सम्वाद समिति*बाट *राष्ट्रिय समाचार समिति* बनाइयो ।

जे होस्, स्थापनाको केही समयमै *राससले* मान्छे माग्यो । मैले जाँच दिएँ तर फेल भएँ । पास हुनेमध्ये एकजनालाई  पत्रकारिता मन परेनछ । उहाँले छोड्नुभएकाले मलाई बोलाएर राखे । शायद वैकल्पिकमा राखेको भएर होला, बोलाए । पछि *बीबीसी*मा गएका केदारमान सिंहलगायत चार जना पास हुनुभएको थियो ।

शुरूमा संवाददाता भएर काम गरें । शुरूको तलब थियो– २ सय २५ रूपैयाँ । चार वर्षपछि प्रमोशन भयो । पछि *रासस*को चिफ रिपोर्टर भएँ । २०२० साल भदौमा *रासस* छिरेको म २०४२ साल बैशाख १ गते राजीनामा दिएर निस्कें । जनमत संग्रहको समयमा पञ्चायत अलिकता उदार थियो । त्यसबेला प्रतिबन्धित रहेका नेपाली काँग्रेस र कम्युनिष्ट पार्टीका समाचार दिन छुट भयो तर पार्टीका नाम अगाडि 'प्रतिबन्धित' लेख्नुपर्थ्यो । प्र. नेपाली कांग्रेस, प्र. कम्युनिष्ट पार्टी लेखेर उनीहरूका गतिविधिबारे समाचार लेख्न पाइन्थ्यो । जनमत संग्रहपछि फेरि राज्य पुरानै लयमा फर्कन थाल्यो, संकीर्ण हुँदै गयो । त्यसपछि *रासस* साँघुरो लाग्न थालेकोले राजीनामा दिएँ ।

अरू पत्रकारलाई भन्दा *रासस, गोरखापत्र, रेडियो नेपाल* र *नेपाल टेलिभिजन*का सरकारी पत्रकारलाई अली बढी हेप्थे । सरकारको गुणगान बढी गाउँछन् भन्ने जनमानसमा परेर त्यसो भएको हुनसक्छ । अर्कोतिर सरकारी निकायका मान्छेहरूले आफ्नै एउटा अंग त हो भनेर त्यति भाउ नदिएका पनि हुन सक्छन् । शायद, उनीहरूले हामीलाई पत्रकारभन्दा पनि आफूजस्तै कर्मचारी ठान्थे । विरोधमा लेख्दैन भनेर पनि सरकारी सञ्चारमाध्यममा काम गर्ने पत्रकारलाई सरकारी कर्मचारीले त्यति धेरै वास्ता गर्दैनथे । त्यति हुँदाहुदै पनि अरू जागिरेलाई भन्दा पत्रकारलाई गन्थे ।

## नौ प्रधानमन्त्री, थरिथरि प्रशासक

त्यसबेलाको पत्रकारिता भनेको दौडधूप, मान्छेसँग भेटघाट, स्रोत सुरक्षा नै मुख्य हुन्थे । त्यसमध्ये मैले स्रोतको सुरक्षा चाहिँ इमान्दारीका साथ गरें । स्रोतसँग कुरा गर्दा यो मैले भनेको नभन है भनेपछि कहीँ पनि भनिनँ । त्यतिले गर्दा स्रोतले मलाई पत्याउँथे ।

मैले आठ/नौ जना प्रधानमन्त्रीसँग काम गरें । टंकप्रसाद आचार्य झडङ्ग रिसाउने तर मनमा रिसराग नलिने खालको हुनुहुन्थ्यो । बीपी कोइराला प्रधानमन्त्री भएको बेलामा मैले अलिकति काम गरें । उहाँ पत्रकारले आफ्नो कुरा बुझे बुझेनन् भनेर सोधी खोजी गर्ने गर्नुहुन्थ्यो । त्यस्तो हुँदा 'कम्युनिकेसन ग्याप' भएर भनाइहरू तोडमोड हुने सम्भावना कम हुन्छ । पञ्चायत आएपछि तुलसी गिरी र कीर्तिनिधि विष्ट अलि अर्कै खालका । मैले संगत गरेका प्रधानमन्त्रीमध्ये बीपी कोइराला, टंकप्रसाद आचार्य, तुलसी गिरी र मरिचमान सिंहलाई म राजनीतिक नेता मान्छु । अरू चाहिँ निजामती अथवा अरू अरू नै हुन् । मेरो हिसाबमा कीर्तिनिधि बिष्ट पनि राजनीतिक मान्छे होइनन् ।

त्यसबेला समाचार दिन स्रोत असाध्यै डराउँथे । कुनै-कुनै पत्रिकाले गलत समाचार दिने र स्रोतको पनि सुरक्षा नगरिदिने रहेछन् । त्यसैले समाचार दिन डराउने रहेछन् । गहिरो विश्वास नहुन्जेलसम्म मसँग पनि सतर्क हुन्थे । कुनै सरकारी कार्यालय जाँदा पहिले पल्याक पुलुक हेर्थे । पत्रकार आएपछि 'चुप लाग्नु है चुप लाग्नु, पत्रकार आयो' भन्थे । त्यसबेला पत्रकार भनेको हाउगुजी जस्तो हुन्थ्यो ।

सरकारी संयन्त्रसँगको मेरो सम्बन्ध राम्रै थियो । मैले समाचार लिने मात्र होइन, अलि अलि दिने पनि गर्थें । त्यसले गर्दा मलाई अलि बढी नै विश्वास गर्थे । एउटा समाचार लिएँ भने उनीहरूलाई काम लाग्ने पनि दुई तीनवटा समाचार भन्दिन्थें । सिंहदरवारको कोठामा बसेको सचिवलाई सबै सूचना थाहा नहुन पनि सक्छ । उसलाई आफूले यसो समाचार दिएपछि उसले पनि चार पाँचवटा समाचार दिन करै लाग्थ्यो । एक हिसाबले पैँचो तिर्नुपर्ने खालको समझदारी जस्तो हुन्थ्यो ।

पञ्चायतकालमा प्रशासक र कर्मचारीले पनि समाचार दिन्थे । समाचार लिन म अलिकति फट्याइँ पनि गर्थें । त्यो बेला मन्त्री र सचिवको प्रायः मेल हुँदैनथ्यो ।

'तपाईँसँग मन्त्रीजी अलि रिसाएको हो ?' भन्दा मन्त्रीको सबै पोल सचिवले खोल्थे भने सचिवको पोल मन्त्रीले खोलिदिन्थे । म दुवैतिरबाट सूचित हुन्थे ।

सचिवहरूमा त मेरा धेरै साथीहरू नै थिए । झरेन्द्रनारायण सिंह परराष्ट्र सचिव हुँदा तपाईंलाई सचिव भएर काम गर्न सजिलो कि राजदूत भएर भनेर सोध्थेँ । व्यक्तिगत कुराकानीमा आत्मीयता र आपसी विश्वास बढ्छ । जसले स्रोतको संरक्षण र समाचारमा विश्वासनीयता राख्न सक्छ, त्यही संवाददाता धनी र सम्पन्न हुन्छ । यो मामलामा म धनी र सम्पन्न थिएँ । भैरवलाई भन्यो भने समाचार पनि बाहिर आउने, नाम पनि नजाने भन्ने बनाउन सकेको थिएँ ।

## राजा वीरेन्द्रसँग विदेश भ्रमण

पत्रकार भएर विदेश पनि गएँ । *रासस*मा छँदा चीन गएँ । राजा वीरेन्द्रको स्टेट भिजिट (राजकीय भ्रमण) मा अमेरिका गएँ । एकपटक तास्कन्दमा एउटा मिटिङ थियो, त्यहाँ जानका लागि दिल्ली गएँ तर टिकट पाइनँ । त्यसपछि दिल्लीबाटै फर्केर आएँ ।

राजाको विदेश भ्रमणको तयारी पहिलेदेखि नै हुन्थ्यो । राजासँग जाँदाखेरी दरबारमा ब्रिफिङ र फर्केर आएपछि डिब्रिफिङ हुन्थ्यो । एकपटक युगोस्लाभिया भ्रमणको बेला पनि दरबारमा ब्रिफिङ भयो । ब्रिफिङ हुँदा राजाले यो भ्रमण पनि पहिलेका भ्रमणभन्दा कम हुनुहुँदैन, अलि बढी उपलब्धि लिएर आउनुपर्छ भने । जानुभन्दा अघिल्लो साँझ त्यो भ्रमणमा जाने सबै सदस्य (इन्टुराज मेम्बर भन्दा रहेछन्) लाई राखेर भ्रमणमा के-के गर्ने, के-के नगर्ने भन्ने पनि ब्रिफिङ् गर्ने चलन हुँदो रहेछ ।

त्यस पटकको राजकीय भ्रमणमा नेपाल छोडेको रात हामी भ्रमण दलका सदस्य इरानको राजधानी तेहरानमा बास बस्यौं । त्यो बेला नेपालमा टेलिभिजन थिएन । आफू तेहरान आएको समाचार टेलिभिजनमा आउँछ कि भनेर राजा आफैँले टेलिभिजन खोलेर हेरे तर समाचार आएन । त्यहाँ इरानको राजा शहनसाह रेजा पहल्वी हाम्रो राजालाई भेट्न होटलमै आएका पनि थिए ।

भोलिपल्ट हामी युगोस्लाभिया गयौँ । त्यहाँ टिटो राष्ट्रपति थिए, उनीसँग पनि राजाको भेटघाट भयो । टिटो र राजा वीरेन्द्र बाजे र नाति (एउटा सेतो फुलेका र अर्का कालो कपाल भएको ठिटो) जस्ता देखिने । हाम्रा राजा र टिटोका बीचमा कुराकानी पनि भयो । त्यसबेला ननअलाइन्स समिट पनि भएकाले त्यसबारे पक्कै

पनि कुरा भए होलान् भन्ने हाम्रो अनुमान थियो । चिरन शमशेर थापा राजाका प्रमुख संवाद सचिव हुनुहुन्थ्यो । 'के-के विषयमा कुरा भयो' भनेर सोध्दा थापाले 'केही त्यस्तो भएको छैन, तपाईंलाई नचाहिने कुरा किन चाहियो ?' भन्दै अलि हपार्ने शैलीमा भन्नुभयो । मलाई चित्त बुझेन । कृष्णराज अर्याल परराष्ट्रमन्त्री हुनुहुन्थ्यो । अनि राजाका सचिव नारायणप्रसाद श्रेष्ठले दरवारका तर्फबाट परराष्ट्र पनि हेर्ने । उहाँहरूका बीच कचकच हुन्थ्यो ।

काठमाडौँ फर्किएपछि डिब्रिफिङमा मैले पनि ननअलाएन्स समिटको बारेमा कुरा गर्न खोज्दा सचिवले केही भन्नु भएन भनेँ । अनि चिरन शमशेरले यो कुरा उतै गरेको थियो, सकियो भने । अब मैले मेरो जागिर गयो भन्ने ठानें । बेलुका राजाले गर्ने मिटिङमा सचिवबाट खासै सूचना पाइएन भन्ने कुरा उठ्यो । राजाले चिरनलाई 'अलिकति दिनुपर्ने कुरा होला, याद गर्नु है' भनेपछि मेरो जागिर बच्यो । अनि चिरन शमशेरले पछि आएर 'यहाँ यस्तै हो है, भैरवजी' भने । त्यो खालको व्यवहार पनि हुन्थ्यो ।

चीनको २० औँ स्वतन्त्रता दिवसका अवसरमा चीन भ्रमणमा गएको थिएँ । सन् १९४९ मा चीन स्वतन्त्र भएको हो । माओ त्से-तुङको उपस्थितिमा भएको २० औँ स्वतन्त्रता दिवसको औपचारिक समारोहमा माओ हामीभन्दा २५/३० मिटर टाढा भएकाले हात मिलाउन भने पाइएन । हाम्रो प्रतिनिधिमण्डलको सम्मानमा ग्रेट हल अफ दि पिपुलमा आयोजित समारोहमा चाउ एनलाईसँग भने हात मिलाइयो । त्यसबेला हामी पाँचवटा स्टेट घुम्यौं । चिनियाँहरूले अति नै धेरै सम्मान गरे । हत्पत्ति नबोलाउने, बोलाएपछि साह्रै खातिरदारी गर्ने उनीहरूको विशेषता रहेछ । हामी जाँदा ढाका हुँदै गएका थियौँ भने फर्कदा हङ्कङ हुँदै आयौं ।

त्यसबेला चीन भ्रमणमा दुईवटा टोली गएका थिए । त्यसबेला हामी सरकारी डेलिगेसनमा नपरे पनि छुट्टै निम्ता थियो । सूचना विभागका महानिर्देशक मुरारीकृष्ण शर्मा, *गोरखापत्र*का प्रधान सम्पादक गोपालप्रसाद उपाध्याय भट्टराई र मलाई छुट्टै निमन्त्रणा थियो । हामी पत्रकार प्रतिनिधि मण्डलमा थियौँ । सरकारी टोलीमा विष्णुप्रसाद लोहनी, रूद्र गिरी र एकजना सचिव थिए । दुवै टोली फरक तर राख्न चाहिँ एकै ठाउँमा राखिएको थियो । सूचना विभागका डेपुटी डाइरेक्टरको नेतृत्वमा हामी गएका थियौँ । म *रासस*को पत्रकारको रूपमा गएको थिएँ ।

प्रधानमन्त्रीको टोलीमा जिल्ला जाँदा प्रधानमन्त्रीको कार्यालयका सचिव पनि सँगै हुन्थे । कार्यक्रमको समाचार टिप्यो कि टिपेन भनेर हेर्थे । एकपटक कीर्तिनिधि बिष्ट प्रधानमन्त्री भएको बेला सँगै जानुपर्‍यो । वासुदेव प्याकुरेल भन्ने एकजना सचिव थिए । उनले विष्टलाई 'भैरवबाबुले त टिप्दै टिप्नु भएन, प्रधानमन्त्रीज्यू' भन्नु भएछ । विष्टले हाँस्दै भैरवबाबुले टिपेको छ, अखबारमा आउँछ भन्नुभएछ ।
नपढी पत्रकार, नत्र पुरोहित

मैले पत्रकारिता विषय पढेको होइन र पत्रकारिताको कुनै लामो तालिम लिएको पनि छैन । एक दिने, दुई दिनेबाहेक मेरो कुनै तालिम छैन । जागिरको खोजीमा भौतारिँदा पत्रिकामा जागिर मिल्यो, अलिअलि गर्दै लेख्न जानेँ, त्यतै लागेँ । ठूलो अध्ययन गरेर र पत्रकारिता नै गर्छु भनेर यो पेशामा लागेको होइन । गर्दै जाँदा यहाँसम्म आइपुगेको हुँ ।

शायद, पत्रकार नभएको भए पिताजीको चाहनाअनुसार पण्डित अथवा पुरोहित हुन्थें होला । अर्को, सरकारी जागिरमा नाम निस्केपछि सरकारले यो त्यो नभनी जागिर दिएको भए जागीरे हुन्थें । म एउटा सामान्य परिवारको मान्छे, आधा पुरोहित, आधा खेतिवालाको छोरा । अहिले समाजको आँखामा पर्ने भएको छु, यो ठूलो उपलब्धि हो । शुरूको बेला मलाई यो क्षेत्रमा टिक्न निकै अप्ठ्यारो भएको थियो । अहिले पत्रकार हुन पाएकोमा गौरवको अनुभूति हुन्छ ।

पत्रकारितामा लागेर मेरो कुनै अवसर गुमेन, बरू अवसर पाएँ । देश विदेश घुम्ने अवसर पाएँ । देशले चिन्यो, समाजले चिन्यो । मैले पनि देश र समाज चिन्ने अवसर यही पेशाबाट पाएँ । नत्र मलाई कसले चिन्थ्यो ? यदि लोकसेवा आयोगबाट पास भएपछि सरकारी जागिरे भएको भए अहिले कसले गन्थ्यो होला र ? जागिर खाएर पैसा कमाएका र रिटायर्ड भएका थुपै छन् देशमा तर ती सबैलाई मलाई जसरी कसले खोज्छ ?

## 'भैरव अलि छुच्चो छ'

पहिले राष्ट्रिय पञ्चायतको रिपोटिङ गर्न पाइँदैनथ्यो, जनमत संग्रहपछि पाइन थालेको हो । त्यसबेला राष्ट्रिय पञ्चायतबाट उनीहरूले आफैँ समाचार बनाएर दिन्थे । पत्रकारलाई भित्र जानसम्म मागेका थियौँ, जान चाहिँ दिन्थे तर समाचार बनाउन होइन । समाचार उनीहरू नै बनाउँथे तर समाचार बनाउँदा त्यहाँका अफिसरहरूले हामीसँग सल्लाह गर्थे । उनीहरूले दिएको मात्रै छाप्न पाइन्थ्यो, आफूले रिपोर्टिङ गर्न पाइँदैनथ्यो । पछि रिपोटिङ गर्न पाइने भएपछि सबैभन्दा

लामो समय मैले राष्ट्रिय पञ्चायतको रिपोर्टिङ गरे । त्योभन्दा पहिले २०१६ सालमा सल्लाहकार सभाको, संसदको रिपोर्टिङ गरेको थिएँ ।

नेपाल-भारतबीचमा सरकारी बैठकहरू भइरहन्थे । हिन्दुस्तानसँग सधैं कचकच हुन्थ्यो । व्यापार, पारवहनका बारेमा सबैभन्दा बढी मिटिङ हुन्थ्यो । सरकारी सञ्चारमाध्यमको भाषामा भन्नुपर्दा धेरैजसो यस्ता मिटिङहरू मित्रतापूर्ण वातावरणमा वार्ता असफल हुन्थे । सरकारी सञ्चारमाध्यम भएकाले दुई मित्रराष्ट्रमा मनमुटाव झल्किने खालको समाचार दिन नमिल्ने, सकारात्मक समाचार दिउँ भन्दा वार्ता असफल भएका हुने । अनि कसरी सकारात्मक समाचार दिनु ? त्यसैले बीचको बाटो निकाल्दा 'मित्रतापूर्ण वातावरणमा वार्ता असफल' भनेर लेख्नुपर्थ्यो । यस्ता वार्ता, मिटिङ चिनियाँहरूसँग पनि हुन्थे ।

हामी गएर दिनभरी वार्तास्थलमा बस्थ्यौँ । भित्र मिटिङ हुन्थ्यो, तर बाहिर खबर नगर्ने । कति जना मान्छे मिटिङमा छन् भन्ने कुरा चियाको कप गनेर थाहा पाउनु पर्थ्यो । *एएफपी*को नेपाल संवाददाता केदारमान सिंह हुनुहुन्थ्यो । उहाँ यतिसम्म बाठो कि एकपटक अफिसको पिउनलाई 'घर कहाँ भाइ ?' भनेर सोध्नुहुन्थ्यो । पिउनले 'गोदावरी' भने । हिजो कुन बेला घर गयौ भनेर सोध्दा 'हिजो त कहाँ जानु, राती २ बजेसम्म मिटिङ नै सकिएको थिएन' भने । त्यसरी थाहा पाएर समाचार लिनुपर्ने । हाम्रो समाचारका स्रोत थिए ती । त्यो बेलामा सरकारी मान्छेले समाचार दिनुपर्छ भन्ने नै सोच्दैनथे । सूचना दिनुपर्छ भन्ने नै थिएन । फाइनल भएपछि मात्रै भन्ने गर्थे ।

बजारमा नुन तेलको अभाव भन्ने समाचार ऊ बेलाकै हो । जनता भन्थे– बजारमा नुन पाइँदैन, मट्टीतेल पाइँदैन, चिनी पाइँदैन । तर, सरकार चाहिँ 'पाइन्छ' भन्थ्यो । बजारमा चिनी पाइन्छ भन्ने सरकारी भनाइ हो भने उद्योग वाणिज्य सचिवको भनाइ हो भनेर छाप्छु भन्थें मैले । मलाई त कोट गर्न मिल्दैन फलानोले भनेको भनेर समाचार देउ भन्थे । हामी ढाँट्न नचाहने । अनि त्यही कचकच हुन्थ्यो । कतिपय सरकारी कर्मचारी र नेताहरू पनि भन्थे– भैरव अलि छुच्चो छ । मैले सामान्य लाग्ने समाचार पनि डिटेलमा दिन्थें । त्यही भएर समाचार राम्रो हुन्थ्यो ।

एकपटक रत्नशमशेर राणा योजना आयोगको उपाध्यक्ष हुनुहुन्थ्यो । मेरो स्रोतले भन्यो कि *गोरखापत्र*ले भोलि आफ्नैबारेमा ब्यानर हेडलाइनमा समाचार दिन्छ रे ! यो सुनेपछि मलाई डाहा भयो । *गोरखापत्र*मा *रासस*को समाचार आउनुपर्छ

भन्ने मलाई लाग्यो । अनि के गर्ने भनेर सोच्दै रत्न शमशेरकहाँ गएर लामो गफ गरें । भोलिपल्ट त *गोरखापत्र*ले आफ्नो समाचार नछापेर मेरो समाचारलाई मुख्य समाचार बनाएर छाप्यो ।

यो वर्षको बजेट आउँदो शुक्रबार पेश हुनेछ भनेर मैले समाचार बनाएको थिएँ । यो समाचारले राष्ट्रिय पञ्चायतका सरकारी अफिसरको टाउको दुखेछ । अनि *रासस*लाई कारबाही गर्नुपर्छ भन्न थाले । त्यो समाचार मैले दिएको हो, कारबाही गर्ने हो भने मलाई गर्नुपर्छ भनें तर पछि कारबाही गरेनन् । राष्ट्रिय पञ्चायतमा समाचार दिंदा कति बजेट पेश गर्न लागेको भन्ने कुरा त परै जाओस् फलानो दिन बजेट पेश गर्छ भन्न पनि पाइँदैनथ्यो ।

मेरो समाचार छापिएपछि कस्तो भयो भनेर सोधिहाल्ने बानी थियो । रत्न शमशेरलाई सोधें । उहाँले राम्रो लाग्यो भन्नुभयो । के-के परेछ कुन्नि, त्यो समाचारले उहाँलाई दरबारमा गाल परेछ । आफू जोगिनका लागि भैरवलाई मैले नदिनु भनेको थिएँ, दिएछ भन्नुभएछ । तर, मैले प्रतिवाद गरैं ।

एकपटक मरिचमान सिंह श्रेष्ठले जनमत संग्रहपछि वीरगञ्जमा गएर 'नेपालको राजा दमनकारी, निरंकुश र तानाशाह कहिल्यै हुन सक्दैन' भन्नुभयो । मैले त्यसलाई हेडलाइन गराएर पहिलो समाचार बनाएर दिएँ । 'हुनसक्दैन भनेर किन भन्नुपरेको?' भनेर दरबारको खप्की आएपछि उहाँले पनि भैरवले बनाएर दिएछ भन्नु भएछ । त्यसको टेपरेकर्ड मसँग थियो, त्यो दिएँ । मरिचमानसँग बाझैँ, ३/४ महिनासम्म बोलचाल नै बन्द भयो । उहाँ राष्ट्रिय पञ्चायतको अध्यक्ष हुनुहुन्थ्यो । मलाई उहाँ चाहिने, उहाँलाई म चाहिने भएपछि आखिरीमा सम्झौता भयो ।

## दश महिना जेल, अनि रेडियो-यात्रा

*रासस* छोडेपछि २०४३ सालमा *राजधानी* साप्ताहिकमा एउटा लेख लेखेको थिएँ- 'एसियाली मापदण्ड मन्त्रिमण्डलको ठगी खाने भाँडो' भन्ने शीर्षकमा । त्यसवापत मलाई राजकाजको मुद्दा लगाएर नौ महिना डिल्लीबजार, सदरखोर र एक महिना नख्खु कारागारमा थुने । नख्खुमा बस्दा वामपन्थी नेताहरू तुल्सीलाल अमात्य, मोहनचन्द्र अधिकारी, विष्णुबहादुर मानन्धरलगायतका नेतासँग भेट भयो । त्यहाँ गोविन्द पोखरेल, भोला बोहोरा, दीपक महत र म गरी चार जना हामी जेलको रूम-पार्टनर थियौं । पछि मलाई तारिखमा छाड्यो । यसपछि पत्रकारिताको एउटा पाटो सकियो ।

त्यसपछि केही समय सामाजिक वैज्ञानिकका रूपमा एकीकृत विकास प्रणाली (इन्टिग्रेटेड डेभलपमेन्ट सिस्टम) भन्ने संस्थामा जागिर खाएँ । छोटकरीमा यसको नाम आइडीएस थियो । पछि यो संस्थाको नाम परिवर्तन भएर इन्स्टिच्युट अफ इन्टिग्रेड डेभलभमेन्ट सिस्टम (आईआईडीएस) भयो ।

अलिक समयपछि नेपाल वातावरण पत्रकार समूहमा सामेल भएर वातावरण पत्रकारितातिर लागेँ । त्यता लागेर वातावरण सम्बन्धी थुप्रै काम गरियो । नेपाल वातावरण पत्रकार समूह र *रेडियो सगरमाथा*को घर बनाउन धेरै मेहनत गरियो । संस्थाको घर बनाउनका लागि सरकारी जग्गा सित्तैंमा पाउनलाई कोशिश गर्‍यौं । सरकारी जग्गा पाइएन, पछि हामी आफैंले जग्गा किन्यौं र घर पनि बन्यो ।

रेडियोको अनुभव मेरो पुरानो होइन, पहिले रेडियोमा मैले काम गरिनँ । पछि गएर *रेडियो सगरमाथा* एफएममा कार्यक्रम चलाएँ । *सगरमाथा*मा त धेरै थोक गरियो । रेडियोमा केही नयाँ दिनुपर्छ भन्ने कुरा गर्दा पाका मान्छेहरूका अनुभव समेटिएको संवाद कार्यक्रम चलाऔं भन्ने कुरा आयो । बूढाबूढीहरूसँग कुराकानी गर्नेमा त्यहाँ काम गर्नेमध्ये सबैभन्दा बूढो मै थिएँ, मैले नै कुरा गर्नुपर्ने भयो । त्यसरी हामीले 'उहिले बाजेको पालामा' कार्यक्रम शुरू गरेका हौं । पहिला त्यो कार्यक्रम *सगरमाथा*को स्टुडियोबाट प्रत्यक्ष प्रसारण हुन्थ्यो, पछि रेकर्डेड पनि गरियो । कार्यक्रमको नामाकरण चाहिँ रघु मैनाली वा भारतदत्तजीले राख्नुभएको हो । त्यो धेरै नै प्रख्यात भयो । पहिलोपटक सिद्धिदास वैद्यसँग कुराकानी गरेको थिएँ । २०५६ साल भदौबाट शुरू गरेको कार्यक्रम २०७४ सालदेखि बन्द भयो ।

अहिले रेडियो कुराकानी कार्यक्रम 'कुरोकन्थो' मा हरेक मंगलबार बिहान ७ बजे १० मिनेट गफ गर्छु । पहिला स्टुडियोबाट चलाउने कार्यक्रम अहिले टेलिफोनबाटै गर्छु । अहिले त त्यो कार्यक्रम पनि गतिलो हुन छोड्यो । म पनि बुढो भएँ, विषय पनि बुढो भयो ।

## अहिलेको पत्रकारितामा ज्यान छैन

पहिला निष्ठाको पत्रकारिता थियो, अहिले पैसाको पत्रकारिता भयो । म चाहिँ निष्ठाको पत्रकारिता गर्नेमा परें । व्यावसायिक पत्रकारिता भएपछि व्यापारिक पत्रकारिता हुँदो रहेछ, पैसाप्रधान पत्रकारिता भयो । अहिले जे जत्रो अक्षरमा लेखे पनि सरकारले सुन्दैन । त्यो बेला टंकप्रसाद प्रधानमन्त्रीले बोलाएर समाचारका बारेमा मलाई नै सोधेको घटनालाई सम्झँदा त्यसबेला पत्रकार र समाचारको

कत्रो महत्व रहेछ भन्ने देखिन्छ । अहिलेका पुस्ताका साथीले त्यो इज्जत राखिदिए हुन्थ्यो भन्ने लाग्छ, तर देखिँदैन ।

त्यसबेला आस्था जोगाउने खालको पत्रकारिता गरिन्थ्यो । जागिर पनि जोगिएको थियो, आस्था पनि जोगिएको थियो । अहिले त्यस्तो देख्दिनँ । पत्रकारितामा आफ्नो पार्टीको राजनीति घुसायो भने मात्रै असजिलो हो । अहिलेको पत्रकारिता मान्छेले पत्याउन छाडे । मेरो अध्ययनमा अहिले पत्रकारितामा विश्वसनीयता छैन । नयाँ पुस्ताको पत्रकारितामा दौडधुप कम भयो । भौतिक रूपमा भेटघाट र कुराकानी नगरी गाँठी कुरो आउँदैन । अहिलेको पत्रकारिता असाध्यै यान्त्रिक पत्रकारिता हुँदै गएको छ । सूचना छ तर समाचारको गुदी छैन ।

हो,सञ्चार माध्यमका लागि विज्ञापन महत्वपूर्ण पाटो हो । विज्ञापन छाप्न पाउनु उसको अधिकार पनि हो । पहिले विज्ञापन र सत्यतासँग सम्बन्ध थिएन । त्यसबेला विज्ञापन दिनेले आफ्ना विरोधीलाई पनि दिन्थ्यो, विज्ञापन दिँदा पक्ष विपक्ष भन्ने हुँदैनथ्यो । पछिल्लो समय ठूला-ठूला साहुहरूले अखबारमा ठूला-ठूला विज्ञापन दिएर आफ्ना बदमासी नछाप्ने गराउँछन् भन्ने सुन्छु । पत्रकारिता कति व्यवहारिक छ, कति व्यापारिक छ ? त्यो मलाई थाहा छैन । तर, म पत्रकारितालाई निष्ठामुखी बनाउनु पर्छ भन्छु । निष्ठा राख्यो भने पत्रकारिताको मान्यता रहन्छ ।

विधागत हिसाबले अहिले विविधता छ । तर मुख्य कुरा पत्रकारितामा जुन ज्यान हुनुपर्ने हो, यो छैन । ज्यान नभएको लाश त कति थरी छ, कति थरी । परिस्थिति अनुसार विधागत त होला, तर पहिले ज्यान नै चाहियो । लुगा के लायो भन्दा पनि ज्यान चाहियो, जीवन्तता चाहियो । अहिले हेर्दा हाम्रो पत्रकारिता लुगा लगाएर चिटिक्क त होला तर ज्यान छैन ।

प्रेस स्वतन्त्रता खतरामा पऱ्यो भनेर पत्रकारहरू सडकमा पनि गए । त्यसले पत्रकारितालाई माथि लग्यो कि लगेन ? सडकमा असन्तोष व्यक्त गर्नुपर्ने जरूरी थियो कि थिएन ? त्यो अलग कुरा हो । तर भित्र एउटा कुरा गर्ने, बाहिर अर्को कुरा नगर्ने हो भने आवश्यकता पर्दा सडकमा जाने कुरा त्यति खराब होइन ।

अहिले पत्रकारितासँग सम्बन्धित दलैपिच्छेका भातृसंस्था छन् । तिनले पत्रकारितालाई सबल बनाए कि बनाएनन् भन्ने प्रश्न छ । पत्रकारिताका मूल संस्थाले त पत्रकारिता सबल बनाएका छैनन् भने भातृ संस्थाले के सबल बनाउँछन् ? मूल पत्रकारिताले

त  ज्यान जोगाउन नसकेको अवस्थामा भातृ संस्थाले ज्यान जोगाउने चिन्ता किन गर्ने ? घरकालाई त चिन्ता छैन भने वनकालाई के चिन्ता ?

## मिडिया क्षेत्रका ताजा प्रवृत्ति

अहिले अनलाइन पत्रकारिता फस्टाएको छ भन्छन् तर अनलाइन म हेर्दिनँ । आफ्नो बारेमा आएको छ भने चाहिँ प्रायः पढ्ने गरेको छु । अलि अतिरञ्जित पाराका समाचार आउँछन् भन्ने सुन्छु अनलाइनमा । मलाई जस्तो लागे पनि अहिले मान्छेले यही मन पराएका छन् । मान्छेहरू रेडियो कम सुन्छन्, टेलिभिजन कम हेर्छन्, अनलाइन भएपछि पुगिगो नि भन्न थालेका छन् ।


जुनसुकै माध्यमको भए पनि सम्पादकीय स्वतन्त्रता सुरक्षित भएन भने पत्रकारिता रहँदैन । लगानीकर्ताको कन्ट्रोलमा मिडिया र सम्पादक दुबै हुनुहुँदैन । अहिले लगानीकर्ताको कन्ट्रोलमा सबै काम भइरहेको छ । पत्रकारितामा आत्मनियन्त्रणको भित्री सम्बन्ध विज्ञापनसँग छ । पत्रकारले लेखेको कुरा ठीक हो/होइन, कति विश्वसनीय छ भनेर जाँच्ने पाठकले हो । कलम नै नियन्त्रण गरिनु हुँदैन । यथार्थ रिपोर्टिङका लागि सम्पादकले पनि प्रोत्साहित गर्नुपर्छ भने रिपोर्टरले विषयवस्तु छान्न सक्नुपर्छ, पाउनुपर्छ । यसैबाट विश्वसनीयता बढ्छ ।

मिडियामा विदेशी लगानीको कुरा पनि हुँदैछ । मिडिया अन्य व्यवसाय जस्तो होइन, यो त राष्ट्रिय स्वतन्त्रता र चासोसँग जोडिएको विषय हो । स्वदेशी लगानी त स्वच्छ र पारदर्शी हुनुपर्छ भनिरहेको बेला विदेशी लगानी कुनै पनि हालतमा उपयुक्त होइन । मिडियामा लगानी गरेको छ भने त्यसमा नै सीमित हुनुपर्छ । नाफा थोरै होला तर सीमित हुनुपर्छ । नौतिर लगानी गरेकाले मिडियामा लगानी गर्दा व्यावसायिक स्वार्थका कारण पत्रकारिता नै मर्छ, मर्दैछ । मिडियामा विदेशी लगानीले पत्रकारिताको स्वतन्त्रतालाई सीमित गर्छ ।

सरकारले मिडिया नै चलाउने/नचलाउने भन्ने कुरा पनि त्यही हो । सरकारले पनि दुनियाँ हेरेर, आफ्नो मर्यादा र इज्जतमा रहेर मिडिया चलाउनुपर्छ । पत्रकारिता भनेको स्वतन्त्र नै हुनुपर्छ, चाहे त्यो सरकारी होस् वा चाहे निजी क्षेत्रको होस् ।

मेरो हिसाबमा पत्रकारिता इमान्दारितासँग सम्बन्धित हुन्छ । आर्थिक रूपमा दुःख पाइएला तर नैतिक रूपमा, चिन्तनमा समृद्धि हुन्छ । पत्रकारितालाई स्वतन्त्र, स्वच्छ र विश्वसनीय बनाउन पत्रकार नै इमान्दार र विश्वासिलो हुनु पर्छ ।

पत्रकारले अनावश्यक आकांक्षा राखेन भने उसको स्वतन्त्रता अक्षुण्ण रहन्छ । नयाँ पुस्ताले यति बुझेर आयो भने पत्रकारिता पनि उँभो लाग्छ, निराश बन्नु पनि पर्दैन । अहिलेको पुस्ता प्रविधिमा धेरै अगाडि छ तर धैर्य छैन । पत्रकारिता तपस्या हो, धैर्य चाहिन्छ ।



नारायणप्रसाद शर्मा

# मोफसलका धरोहर

*अञ्चलाधीश नारायण बस्नेतले मलाई पक्रेर अति छुद्र गाली गर्दै घोराहीबाट तुलसीपुर जाने बाटोमा पर्ने पत्रेखोलानेर कुनामा लगी बडी गार्डलाई 'यसलाई गोली हान' भनी तर्साए । केहीबेर पछि 'भो, अहिले नहान' भने । त्यसपछि तुलसीपुर प्रहरी कार्यालयमा राखेर बेलुकीपख अञ्चलाधीश कार्यालयमा पुऱ्याए । साँझमा उनलाई रक्सीले छाडेछ । मलाई माथि बोलाएर 'म क्षेत्रीको छोरा हुँ, तँलाई सिध्याउन सक्छु' भने । शुरूमा पत्रकारितामा सजिलै लोभिए पनि पछि त फलामकै चिउरा जस्तो अनुभव गरेँ ।*

**मेरो जन्म** १९८८ साल शिवरात्रीको दिन दाङ जिल्लाको बर्गद्दीमा भएको हो । बाबुको नाम यादवप्रसाद शर्मा र आमाको नाम जीवादेवी शर्मा हो । हाम्रो परिवार निम्नमध्यमवर्गीय किसान परिवार हो । तीन वर्षअघि मेरी श्रीमतीको निधन भयो । अहिले हाम्रो परिवारमा चार छोरा, एक छोरी, बुहारीहरू र आठजना नातिनातिनी छौं । जेठो छोरा प्रताप पत्रिका तथा प्रकाशन गृह चलाउँछन्, एउटा छोरा डाक्टर छन्, छोरी रिटायर्ड शिक्षिका हुन् । एउटी बुहारी पत्रकारितामै छन्, अरू घरव्यवहार चलाएर बस्छन् । नाति नातिनाहरू कोही पढ्दैछन्, कोही व्यवसाय गर्दैछन् ।

मेरो घर र कर्म थलो दुवै दाङ हो, मेरो कार्यक्षेत्र मोफसल हो । मेरो पत्रकारिता र सम्पूर्ण जिन्दगी नै मोफसलमा बित्यो । अहिले मेरो उमेर ९२ वर्ष भयो । पत्रकरिता र अन्य विविध क्षेत्रमा सकेको जति काम गर्दैछु ।

## दैनिकी र खानपिन

सामान्यतया विहान ४ बजे सँधै निद्रा खुल्छ । उठेर दुई गिलास मनतातो पानी पिउँछु र २ घण्टाभित्र ध्यान, तप, विपश्यना, भजन आदि कामबाट निवृत्त हुन्छु । ६ बजेदेखि ७.३० समाचार, विचार श्रवण, पत्रपत्रिका अध्ययनमा हुन्छु । बिहानको चिया खाजापछि ७.३० देखि घरको छतमा भ्रमण ध्यान चल्छ । त्यसपछि स्वतन्त्र भेटघाट शुरू हुन्छ ।

विपश्यना ध्यान महामानव गौतम बुद्धद्वारा खोज गरिएको चार आर्य सत्य अष्टाङ्ग मार्गमा पूरै आधारित ज्ञान विज्ञान सहितको व्यावहारिक पद्धति हो । यसमा शील, सदाचार, मन र बुद्धिको प्रयोगात्मक अभ्यास हुन्छ । प्रज्ञा, शील, समाधि (चित्त शुद्धिद्वारा) असल नागरिक एवं मानवतावादी मानव निर्माण गर्ने अचूक कारखाना जस्तै हो । बुढेसकाल लागेर होला, अहिले त धेरै समय म आराम गर्छु ।

बिहान १० बजे खाना खान्छु । कार्यक्रममा निम्ता आएकोमा सहज भएसम्म पुग्छु । धेरै टाढाका कार्यक्रममा जान छोडेको छु । बेलुका सवा ९ बजे सुत्छु । खानपिनमा सामान्य दाल, भात, तरकारी र फलफूल खान्छु । साहित्यिक रचनाहरू र कविता लेख्छु । *नयाँ युगवोध*को शनिवारीय अंक साहित्यिक विशेष आउने भएकाले पनि शुक्रवार साहित्यिक रचना गर्ने बानी जस्तै भयो । अरू बार पनि लेख्ने गर्छु ।

## साहित्य रचना

२००४ सालदेखि नै साहित्य सिर्जना लागेको थिएँ । हालसम्म १० वटा विभिन्न विधाका कृति प्रकाशित छन् । २०१४ सालमा पहिलोपटक वाराणसीबाट प्रकाशित हुने *सन्देश* पत्रिकामा 'जाग जाग हे' शीर्षकको कविता प्रकाशित भएको थियो । त्यसपछि २०२२ मा जेल दर्शन (खण्डकाव्य) प्रकाशित भयो । केही समयपछि *हिमालीरत्न* (खण्डकाव्य, २०३५), अन्तर्द्वन्द्व (खण्डकाव्य, २०४३), मातेको मान्छे र प्रजातन्त्र (कवितासंग्रह, २०५३), एउटा स्वर सवारीकोट दाङको (खण्डकाव्य, २०६०), बुद्धको विश्वचिन्तन (अनुवाद, २०६३), फर्केर हेर्दा (संस्मरण, २०६३), व्यवस्थापिका संसदमा मेरो अनुभूति (निबन्ध, २०६६), पत्रकारिता : मेरो मनोयोग (कवितासंग्रह, २०६८) तथा वेदना र विद्रोहका सुसेली (लघु काव्यसंग्रह, २०७५) हालसम्म प्रकाशित कृति हुन् । यसबाहेक अन्य विभिन्न विधाका केही पाण्डुलिपि तयार छन् ।

मैले १० वटा किताब लेखिसकेको छु । प्रकाशित पुस्तकमध्ये धेरैजसो साहित्यिक कृति छन् । त्यसमध्ये कतिपय कविताका अंश कतै न कतै उल्लेख गरौं गरौं लाग्छ । मेरो यो पहिलो कविता २०१५ सालमा वनारसबाट प्रकाशित हुने *सन्देश* पत्रिकामा छापिएको थियो :

*शहीद नोट हैन है भजाई खानहुन्न है*

*शहीद मूर्त राष्ट्र हो बचाई राख्न पर्छ है*

*शहीदको समाधिमा म फूल एक रोप्दछु*

*हँसाई विश्वमा नवीन सृष्टि रच्दछु ।*

केही साहित्यिक संघसंस्थाको स्थापनामा पनि सामेल भएको छु । २०३४ सालमा 'राप्ती साहित्य परिषद' नामक साहित्यिक संस्थाको स्थापना मेरो अध्यक्षतामा भयो । यो संस्था राप्ती अञ्चलकै जेठो संस्थाको रूपमा आजपर्यन्त क्रियाशील छ । एक पटक नेपाली प्रगतिवादी साहित्यकारको संस्था प्रगतिशील लेखक संघको केन्द्रीय सदस्य बनें ।

२०४६ सालको जनआन्दोलनपछि सर्वत्र अति दलीयकरण हुँदै जाँदा दलमा आवद्ध हुन नचाहने व्यक्तिको आवाजको नेतृत्व गर्न, उनीहरूको हक अधिकार सुरक्षित राख्न दाङमा नागरिक समाजको गठन भएको थियो । त्यसमार्फत विभिन्न कार्यक्रम गरिन्थे । त्यसको पहिलो संयोजक साथीहरूले मलाई नै छानेका थिए ।

२०६३ साल बैशाख १० गते नागरिक समाजको अगुवाइमा साढे दुई लाख नागरिक लोकतान्त्रिक आन्दोलनमा उत्रेको त्यतिबेला *बीबीसी*ले समेत उल्लेख गरेको थियो । दाङमा अहिले पनि नागरिक समाज संगठित रूपमा छ ।

## पत्रकारिताको यात्रा

मेरो पत्रकारिता पढेर भन्दा पनि गरेर शुरू भयो । मैले लामो पत्रकारिताको तालिम लिएको भनेकै २०४३ सालमा धुलिखेलमा लिएको नेपाल प्रेस इन्स्टिच्युटको १४ दिने तालिम हो । पत्रकारितामा लाग्नुभन्दा अगाडि २००७ सालदेखि २०१० सालसम्म म विद्यालयको शिक्षक थिएँ । बीचमा एक वर्ष र २०३२ सालदेखि २०३५ सालसम्म पनि शिक्षण पेशा गरें ।

२००७ सालको क्रान्तिपूर्व म वनारसमा संस्कृत मध्यमाको परीक्षा दिन गएको थिएँ । क्रान्तिको घोषणा भएपछि नेपाली विद्यार्थीहरू परीक्षा छोडेर क्रान्तिमा भाग लिन स्वदेश फर्के । म पनि फर्कें र दाङमा क्रान्तिकालका घटना एवं समारोहमा सहभागी बनें । क्रान्तिकालीन सरकारले मलाई २००७ सालको चैत्रमा दाङको घोराही (भरतपुर) स्कूलमा संस्कृत सहायक शिक्षकमा नियुक्त गर्‍यो र पढाउन थालें ।

दिल्लीमा सम्झौतापछि राजनीतिक एवं धार्मिक चहलपहल बढे । धार्मिक कट्टरतावादीहरूले आफ्ना मान्छेलाई चोख्याउने र मन नपरेकालाई जातीय बहिष्करणमा पार्न थाले । साथीहरूको साथमा त्यसको खिलाफमा संघर्षमा उत्रियौं । संघर्षको क्रममा हामीले दलितहरूको घरमा पूजा लगाइदिने, न्वारान गरिदिनेलगायतका धार्मिक काम गर्‍यौं । म स्वयं नै दलितको घरमा यस्ता धार्मिक कार्य गरिदिन अग्रसर भएँ । फलतः म फेरि जाति बहिष्करणमा परें । आफ्नो गाउँसमाजमा भाइ गोत्यार (भाइबन्धु) का बीचमा म मात्र होइन, परिवार नै सामाजिक बहिष्कारमा पर्‍यो । म एउटा उद्देश्यसहित संघर्षमा जोडिएकाले त्यति धेरै विचलित हुने कुरा भएन तर परिवार नै सामाजिक बहिष्करणमा परेर गाउँ समाज भाइगोत्यारका बीच एक्लिँदा एक किसिमले अपमानवोध गर्ने अवस्था भने बन्यो । पछि समयले साथ दियो । हामी प्रगतिशीलहरू विजयी भयौँ ।

## क्रान्तिले फेरिदियो आदर्श

पाँच वर्षको उमेरमा घरमै अक्षरारम्भ भयो । त्यो समयमा गाउँमै संस्कृतको अध्ययन गरें । पछि संस्कृत साहित्यमा मध्यमा तथा त्रिभुवन विश्वविद्यालयबाट

नेपाली विषयमा एमए, अंग्रेजीमा डिप्लोमा इन गाइडेन्स एण्ड काउन्सिलिङ गरें। २०११ सालमा वाराणसीबाट मध्यमा (आइए) उत्तीर्ण गरेपछि २०२४ सालमा स्नातक र २०२८ सालमा स्नातकोत्तर उत्तीर्ण भएँ।

ब्राहमण परिवारमा जन्मे हुर्केकाले संस्कृत पढ्ने, पण्डित बन्ने र पुराण लगाउने, फेटा बाँध्ने भन्दा धेरै मेरो दिमागले सोचेको थिएन। त्यसबेला देखे-जानेकामध्ये सबैभन्दा आदर्श व्यक्ति, सबैले मान्ने मान्छे भनेकै अग्लो आसनमा फेटा बाँधेर पुराण भन्दै गरेको पण्डित हुन्थ्यो। आदर्श जीवन भनेकै यही हो भन्ने लाग्थ्यो। तर, २००७ सालको क्रान्तिले मलाई नयाँ संसारमा प्रवेश गरायो। त्यो क्रान्ति नभएको भए पण्डित बन्थें होला। त्यसभन्दा बढी बनेको भए शिक्षक बन्थेँ होला तर राजनीतिमा भने जाने थिइनँ किनभने राजनीतिलाई उतिबेलै फोहोरी खेल भन्थे, त्यो अहिलेसम्म पनि छ।

## राजनीतिक पाटो

राजनीतिमा चासो भने २००७ सालदेखि नै थियो। २०१० सालमा दाङमा नेपाल कम्युनिष्ट पार्टीको जिल्ला संगठन बन्यो। म त्यसको संस्थापक सेक्रेटरी बनें। पार्टीको जिल्ला सेक्रेटरीको रूपमा करीब ६/७ वर्ष सक्रिय भएँ। त्यही बेला २०१५ सालको आमनिर्वाचन आयो। म सांसदका लागि नेपाल कम्युनिष्ट पार्टीको उम्मेदवार बनें तर जीत हात पार्न सकिनँ। त्यसको ४८ वर्षपछि २०६३ सालमा नागरिक समाजको तर्फबाट अन्तरिम व्यवस्थापिका संसद्मा सांसद बने।

२०१५ सालको आमनिर्वाचनमा कम्युनिष्ट पार्टीको उम्मेदवार बनेको मलाई २०१६ सालमा तत्कालीन नयाँ सरकारले सुरक्षा कानूनअन्तर्गत पूर्जी दिएर जेल चलान गऱ्यो। २०१९ सालमा पञ्चायती सरकारले जेलमुक्त गरेको थियो। जेलमुक्त भएको केही महिनापछि फेरि गिरफ्तार गरियो र सात महिना जेलपछि रिहा गरियो।

म राजनीतिक कारणले एक पटक लामो समय जेल परेको छु। मैले २०१० सालको कार्तिक महिनामा नेपाल कम्युनिष्ट पार्टीको सदस्यता लिएको हूँ। दाङमा कम्युनिष्ट पार्टीको पहिलो जिल्ला सेक्रेटरी भएँ। त्यसबेला कम्युनिष्ट पार्टी भन्ने एउटै थियो। पछि पनि २०२४ सालसम्म पार्टीकै सदस्य रहें। त्यसपछि स्वतन्त्र वाम चिन्तक रहेर बसेको छु।

दाङमा कम्युनिष्ट पार्टी बनेपछि सर्वप्रथम गाउँगाउँमा राति प्रौढ स्कूल खोलेर ग्रामीण चेतना जगाउन थाल्यौं । त्यसको निकै राम्रो प्रभाव पऱ्यो । शुरूमा सरकार पनि अनुकुल बन्यो । केही त्यस्ता स्कूलले मान्यता पाए । पछि चेतना बढेपछि किसानहरूले आफ्ना अधिकार खोज्न थाल्दा जमिन्दार र स्थानीय सरकार बाङ्गिन र दुःख दिन थाले ।

२०१७ सालमा बीपी कोइराला प्रधानमन्त्री भएको बेला बेठबेगारी गर्नु नपर्ने, किसानले मोहियानी हक पाउनुपर्ने भनेर गाउँगाउँमा झ्याली पिटियो । त्यसकै आडमा कम्युनिष्ट पार्टीले आफ्नो काम थाल्यो । किसानको माग बढ्यो । तत्कालीन स्थानीय सरकारले मोहीको विपक्षमा जमिन्दारलाई साथ दियो । दाङमा बेलुवा बञ्जाडी काण्ड भयो । गोली लागेर एक जना किसानको घटनास्थलमै मृत्यु भयो, केही घाइते भए, केही अगुवा किसान कार्यकर्तालाई सरकार कब्जा गर्न लागेको अभियोगमा थुनामा राखियो । जेलभित्र दुई पटक अनसन बसेपछि हामी निर्दोष भई मुक्त भयौं । त्यो बेला मलाई भने 'पहिलो नेता' भनेर खुट्टामा नेल हालेर राखियो । साढे तीन वर्षपछि कठोर यातना सहितको जेलजीवनबाट मुक्त भएँ ।

## भारत हुँदै सात दिनमा काठमाडौं

राजनीति, साहित्य र समाजसेवामा जोडिए पनि मेरो जीवनको अधिकांश समय मूलरूपमा पत्रकारितामै बित्यो । २०२४ सालमा तत्कालीन अञ्चलाधीश कार्यालयमा *अन्तर्ध्वनि* साहित्यिक पत्रिका दर्ता गरेर फर्किंदा आनन्दको अनुभूति भएको थियो । एउटा पत्रिका दर्ता गर्नु कुनै ठूलो काम त थिएन, तैपनि पत्रिका दर्ता गरेर फर्किँदाको त्यो खुशी आजपर्यन्त सम्झना आउँछ ।

*अन्तर्ध्वनि* साहित्यिक पत्रिकामार्फत केही साहित्यिक काम गरियो । २०३३ असोज १७ गतेदेखि *युगवोध* पाक्षिकको आरम्भ गरें । *युगवोध* पाक्षिक, *युगचेतना* साप्ताहिक, पुनः *युगवोध* साप्ताहिक हुँदै अहिले *नयाँ युगवोध* दैनिकसम्म आइपुग्दासम्म मेरो पत्रकारिता यात्रा अविश्रान्त छ । २०३३ सालदेखि *युगवोध*को सम्पादकको रूपमा निरन्तर क्रियाशील थिएँ । २०६५ सालमा प्रेस काउन्सिल नेपालको अध्यक्ष भएँ । काउन्सिलले पत्रपत्रिकाहरूको वर्गीकरणसमेत गर्ने भएकाले तटस्थता र निष्पक्षता कायम गर्न *नयाँ युगवोध* दैनिकको सम्पादकबाट राजीनामा दिएँ । त्यसको सम्पूर्ण अभिभारा मेरा सुपुत्र प्रताप रेग्मीले बहन गरे । हाल बुहारी लक्ष्मी आचार्य त्यसको सम्पादक छिन् ।

नेपाल पत्रकार संघ (हाल महासंघ) दाङ शाखा २०४९ सालमा स्थापना हुँदा साथीहरूले मलाई त्यसको संस्थापक अध्यक्ष बनाए । त्यस अघि पनि महासंघको संगठनात्मक गतिविधिमा सक्रिय थिएँ । २०४९ सालमै भएको विराटनगर महाधिवेशनबाट होमनाथ दाहाल सभापति हुँदा म नेपाल पत्रकार महासंघको केन्द्रीय उपसभापति भएँ । मनमोहन अधिकारी नेतृत्वको तत्कालीन नेकपा (एमाले)को नौ महिने शासनकालमा म प्रेस काउन्सिल नेपालको बोर्ड सदस्य बनें । २०६५ सालमा पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री र कृष्णबहादुर महरा सूचना तथा सञ्चारमन्त्री हुँदा प्रेस काउन्सिल नेपालको अध्यक्ष भएँ ।

म अध्यक्ष भएको बेला पत्रकारिताको अवसरलाई मोफसलमा पुर्‍याउने कोशिश गरेको थिएँ । त्यसैको प्रभावसमेत हुनुपर्छ, पहिला मोफसलका मिडियामा कुनै समाचार आउँदा त्यसलाई महत्व नदिने तर त्यही समाचार केन्द्रको मूलधारको कुनै पत्रिकामा समाचार आउँदा सतर्क हुने जस्तो स्थिति रहेकोमा अहिले केही परिवर्तन आएको देखिन्छ ।

सूचना विभागले २०७२ मंसीर २१ गते 'सम्मानार्थ पत्रकार परिचयपत्र' प्रदान गरेको छ । उक्त परिचयपत्र प्राप्त गर्ने म नेपालकै पहिलो पत्रकार भएको छु । मेरो परिचयपत्र नम्बर १ हो ।

पत्रकारिता शुरू गर्दा पहिला आर्थिक चुनौती थियो । मोफसलमा आर्थिक हिसाबले झन गाह्रो । त्यसैगरी सामग्री जुटाउन पनि निकै चुनौती र प्रकाशन गर्न पनि कठिन थियो । दाङमा एउटा पनि प्रेस थिएन, पत्रिका पनि प्रकाशनमा थिएनन् । *रेडियो नेपाल* सुन्ने गरिन्थ्यो । चिठी पत्र एक-दुई महिनामा बल्ल आइपुग्थे । दाङबाट काठमाण्डौं पुग्न साता दिन लाग्थ्यो । दाङ देउखुरी कोइलावास हुँदै भारतीय रेल चढेर रक्सौल-वीरगञ्ज हुँदै पहिलोपटक छ दिनमा भीमफेदी चित्लाङ हुँदै म काठमाडौं पुगेको हुँ ।

## घोडामा सामान ल्याएर दाङमा प्रेस

२०१० सालदेखि राजनीतिक पार्टीमा सक्रिय भएर लाग्दा दाङका समाचार भारतको लखनउबाट प्रकाशित हुने *नवयुग* पत्रिकामा पठाइन्थ्यो । पछि पछि काठमाडौबाट प्रकाशित हुने *मातृभूमि* र *समीक्षा* साप्ताहिकमा पनि समाचार पठाउन संभव भएको थियो । यस्तै प्रेरणाले २०२४ सालमा *अर्न्तध्वनि* नामको त्रैमासिक पत्रिका काठमाडौं पुर्‍याएर पहिलो अंक प्रकाशित गरियो । त्यो अनुभवले

जिल्लामै र अझ आफैसँग प्रेस नभएसम्म छपाइको काम असंभव ठानें र २०३२ सालमा दाङमा मेरै नाममा प्रेसको लाइसेन्स लियौं ।

प्रेसको कथा पनि चाखलाग्दो छ । दाङ जिल्ला पञ्चायतले केही वर्षअगाडि एउटा खुट्टाले चलाउने ट्रेडल मेसिन किनेर ल्याए पनि चलाउन नसकेर क्षत विक्षत पारेर त्यसै मिल्काएको थियो । त्यसमा मेरो आँखा लाग्यो । जिल्ला पञ्चायतलाई घाँडो भएको त्यो प्रेस हामीले किस्ताबन्दीमा किन्यौं । त्यसको मूल्य साढे आठ हजार थियो । बाँकी रकम तमसुक लेखी ल्याप्चे लगाई किन्यौं । मेसिन किनेपछि सञ्चालन गर्न एक हजार रूपैयाँ व्यक्तिगत ऋण लिएर भारत कानपुर पुगी कागज, मसीलगायतका आवश्यक सामान कोइलाबास हुँदै ल्याइयो । कोइलाबासबाट घोडामा सामान बोकाएर दाङ पुऱ्याइयो । त्यसपछि २०३३ सालदेखि *युगवोध* पाक्षिक रूपमा प्रकाशन गर्न थालियो । पाक्षिक, साप्ताहिक हुँदै आजभोलि त दैनिक रंगीन कलेवरमा प्रकाशित हुँदै आएको छ । त्यसबेला घोराहीमा मिल चलाउने शिवकुमार र उनका भाइले प्रेस जडानको काम गरिदिए । छोरा प्रभात र प्रताप आफैं प्रेसमा काम गर्न उत्प्रेरित थिए । अरू कर्मचारी पनि थपिँदै गए ।

प्रेस स्थापनाका आफ्ना दुःख छँदै थिए । समाचार सामग्री संकलन र प्रकाशनका आफ्नै जटिलता थिए । त्यसमाथि राज्यले दुःख दिएपछि के होला हालत ? पत्रिका सञ्चालन गर्दा धेरै अप्ठ्याराहरू व्यहोर्नु पऱ्यो । आर्थिक स्रोतको समस्या र पञ्चायती प्रशासनिक झमेला व्यहोर्नु पर्थ्यो । पहिला त पत्रिका प्रकाशनका लागि अनुमति लिन नै समस्या । प्रशासनिक कर्मकाण्ड पूरा गरेपछि पनि काम गर्न समस्या । आज के लेख्दा भोलि अञ्चलाधीश, पुलिस, सीडीओले के सोध्न सक्छन् भनेर त्यसको जवाफ पहिले नै तयार गरेर समाचार लेख्नु पर्थ्यो । काठमाडौंले उपयोग गरेको जत्तिको सानोतिनो सुविधा पनि मोफसलमा थिएन । हामीले पत्रिका खोल्न जिल्लाको स्वीकृति लिएर चलाएको पाँच महिनापछि सञ्चार मन्त्रालयले पत्रिका बन्द गरिदियो । फेरि सात महिना लगाएर केन्द्रको पनि स्वीकृति लिएर चलाएको हो ।

## समाचारका कारण पत्रिका बन्द

पत्रिकामा स्थानीय समाचार नै मुख्यरूपमा छापिन्थे । चिठी पत्रमार्फत पनि सूचना र समाचार आउँथे । पाठक पत्र पनि आउँथे । रेडियोबाट आउने समाचार पनि हाम्रा समाचारका स्रोत थिए । *समीक्षा, मातृभूमि, नयाँ सन्देश*लगायत अखबार

पढेर हामीले विदेशी समाचार पनि दिने गरेका थियौं । त्यसबेला सुशील गौतमले 'विश्वचर्चा' स्तम्भ चलाउनुहुन्थ्यो । हातैले लेखेर समाचार तयार गर्ने हो । त्यसपछि सामान्य सम्पादनपछि अक्षर कम्पोज गरेर ठूला–ठूला अक्षरका हेडलाइन राखिन्थ्यो । खुट्टाले चलाउने ट्रेडल प्रेसमा पत्रिका छापिन्थ्यो ।

समाचार लेखेकै कारण २०३८ सालमा प्रेसमा र घरमा प्रशासनको ताला लाग्यो, पत्रिका बन्द भयो । घरमै प्रेस भएकाले प्रेस र घरमा एकैपटक प्रशासनले ताला लगाएको थियो । २०३८ सालमा एकपटक गिरिजाप्रसाद कोइराला दाङ आउनुभएको थियो । पत्रकारिताको धर्म निर्वाह गर्न भनेर उहाँसँग मैले भेटघाट गरें । हाम्रो कार्यलयमा आएर उहाँले अन्तर्वार्ता दिनुभयो । त्यो अन्तर्वार्तामा नेपालका सचिवहरू पनि विदेशी प्रभावमा छन् भन्ने एउटा वाक्यांश थियो । त्यसमा अञ्चलाधीशले ठूलो आपत्ति जनाए । त्यही निहुँमा उनले पत्रिका नै बन्द गरिदिए । त्यसबेला नारायण बस्नेत राप्तीका अञ्चलाधीश थिए ।

पत्रिका बन्द भएपछि त्यो खोल्न धेरै प्रयास गरियो तर सम्भव भएन । पछि त्यसबेलाका राष्ट्रिय पञ्चायत सदस्य एकराज शर्माका भाई कृष्णकुमार शर्माका नाममा प्रेस लिएर फेरि नयाँ दर्ता गरियो, आनन्द प्रेस । पञ्चायतमा लागेका मान्छे पनि सबै एकै खाले थिएनन्, कोही अलि उदार पनि थिए । एकराज त्यस्तै उदारमध्येमा पर्नुहुन्थ्यो । छोरा प्रभात रेग्मीको नाममा अर्को *युगचेतना* पत्रिका दर्ता गरेर चलाइयो । त्यसबेला म काठमाडौं धेरै धाएँ, धेरै कष्ट भोगें तर बन्द भएको पत्रिका खोल्न सकिनँ । २०४६ सालको आन्दोलनपछि पहिला बन्द भएका सबै पत्रिका खुल्ला भए । यही खुकुलो समय आएपछि *युगवोध* पनि फुकुवा भयो, अनि निरन्तरता दियौं ।

## पत्रकारिताबाट मान-सम्मान

यस क्षेत्रमा लागेर थुप्रै मान सम्मान प्राप्त भएका छन् । २०४८ सालमा बहुदलीय सरकारले मलाई पहिलो पटक सम्मान गरेको हो । प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको हातबाट २०४८ सालमै प्रेस काउन्सिल नेपालले स्थापना गरेको 'प्रेस काउन्सिल पुरस्कार' पाएँ । २०५४ सालमा नेपाल सरकारबाट 'राष्ट्रिय प्रतिभा पुरस्कार' प्राप्त भयो । सन् २००१ मा नेपाल पत्रकार महासंघले 'प्रेस स्वतन्त्रता सेनानी'का रूपमा सम्मान गर्‍यो । हृदयचन्द्र सिंह पत्रकारिता पुरस्कार- २०६१, प्रकाश काफ्ले मानवअधिकार पुरस्कार- २०६१, नेपाल प्रेस इन्स्टिच्युट पुरस्कार- २०६२, तत्कालीन सूचना तथा सञ्चार मन्त्रालयले प्रदान गर्ने २ लाख रूपैयाँ

राशीको वरिष्ठ पत्रकार सम्मान २०७४ र नेपाल प्रज्ञा प्रतिष्ठानले प्रदान गर्ने एक लाख राशिको प्रज्ञा प्रतिष्ठान पुरस्कार- २०७४ पनि मैले पाएको छु । प्रज्ञाप्रतिष्ठान, शिक्षा मन्त्रालय जस्ता केन्द्रीय तहबाट र स्थानीय तहबाट धेरै नै पुरस्कारहरू पाएको छु । यसो हेर्दा मिहिनेत भन्दा पनि बढी मान, सम्मान र पुरस्कार पाएँ जस्तो लाग्छ । पत्रकारितामा लागेरै धेरै अवसर पाएको छु । साहित्य, पत्रकारिता र सामाजिक जीवन जिउन मलाइ पत्रकारिताले नै सिकायो । साँच्चै भन्नुपर्दा मलाई पत्रकारिताले उर्जावान बनायो ।

पत्रकारिता मैले रोजेर अंगालेको पेशा हो । जनतामा चेतना जगाउने, परिवर्तन ल्याउने, समृद्धि हासिल गर्ने जस्ता उद्देश्य राखेर यो क्षेत्रमा लागेकोले होला, पत्रकारिता पेशामा लागेर कहिल्यै निराश भइनँ । यस क्षेत्रमा लागेर कुनै अवसर गुमाएँ जस्तो लाग्दैन, बरू अवसर पाएको छु ।

## पत्रकारिता फलामको चिउरा

शुरूमा पत्रकारितामा सजिलै लोभिए पनि पछि यो पनि फलामकै चिउराजस्तो अनुभव गरें । तर समग्र जागरणको उद्देश्य मनमा राखेको भएर सबै सहने सामर्थ्य जाग्यो जस्तो लाग्छ । जसरी तसरी पत्रिका सञ्चालन भए पनि प्रशासन हामीसँग बक्र रह्यो । दाङ, प्यूठान, रूकुम, सल्यानतिर हामीमाथि अखबारमा प्रकाशित समाचारकै कारणले मुद्दामामिला लागे । तारेख बोक्न म सल्यान, प्युठान र रूकुमसम्म पनि गएको छु । हाम्रो पुस्ताले त्यति 'रिस्क' नलिएको भए आज हाम्रो मुलुकमा पत्रकारिता यो स्थानमा आउने थिएन । अहिले पनि त्यस्तै छ तर उतिबेला समाचार दिन कर्मचारीहरू अत्यन्त डराउँथे । स्रोतलाई जोगाउनुपर्ने मुख्य चुनौती हुन्थ्यो । एकपटक विश्वास दिलाएपछि भने अलि सजिलो हुन्थ्यो ।

एकपटक अञ्चलाधीश नारायण बस्नेतले सानो निहुँमा मलाई बिना पूर्जी पक्राउ गरे । पक्रेर अति छुद्र गाली गर्दै घोराहीदेखि तुलसीपुर जाने बाटोमा पर्ने पत्रेखोलानेर कुनामा लगी बडी गार्डलाई 'यसलाई गोली हान' भन्दै तर्साए । केहीबेर पछि ' भो, अहिले नहान' भने । त्यसपछि तुलसीपुर प्रहरी कार्यालयमा राखेर बेलुकीपख अञ्चलाधीश कार्यालयमा पुऱ्याए । साँझमा उनलाई रक्सीले छाडेछ । मलाई माथि बोलाएर 'म क्षेत्रीको छोरा हुँ, तँलाई सिध्याउन सक्छु' भने । उनको तथानाम सुनिरहें, केही समयपछि केही मत्थर भए । अब यी ठीक ठाउँमा आउँछन् भन्ने लाग्यो, अनि मैले भनेँ, "तपाईले मलाई कहिले सम्पर्क गरेर यो गर, त्यो नगर भन्नुभयो र ? मैले जे जानेको थिएँ, त्यही गरें । यही कुरा सल्लाहमा भनेको भए पनि त हुन्थ्यो ।" उनी सकारात्मक देखिए, त्यसपछि तत्काललाई कुरा सुल्झियो ।

अब मैले के गर्नु पर्छ भनेर सोध्दा अञ्चलाधीशले 'हाम्रो समाचार छाप्नु पर्छ, मेरो अन्तर्वार्ता लिनु पर्छ' भने । त्यसपछि म घर आएँ । अब उनले भनेको जस्तो गर्दा त हाम्रो पत्रिका खत्तम हुन्छ, म पनि खत्तम हुन्छु भन्ने लागेर अर्को दिन काठमाडौंतिर सोझिएँ । त्यहाँ पत्रकारहरूको गोष्ठीमा सबै विस्तार लगाएँ । त्यो समाचार काठमाडौंबाट प्रकाशित हुने धेरै पत्रपत्रिकामा आयो । अञ्चलाधीशले अत्याचार गरे भनेर राजदरबारमा निवेदन पनि दिएँ ।

यो २०३९ सालको कुरा हो । त्यसपछि मलाई राजदरबारका सचिव चिरन शमशेर थापाले बोलाएर सबै कुरा सुने । मेरो कुरा सुनेपछि उनले 'अञ्चलाधीशले ज्यादती गरेका रहेछन्, तपाईंले गल्ती गर्नुभएको छैन, अब तपाई घर गएर बस्दा हुन्छ, मैले भनिदिएको छु' समेत भने । छ महिनापछि राजाका सचिव चिरन थापाको मौखिक आदेशमा घर फर्कें ।

सरकारी स्रोतबाट असाध्य कम समाचार आउँथे । स्रोतलाई लिएर पनि एक खालको त्रास सधैं रहिरहन्थ्यो । कतैबाट लिक भयो भने जागिर त जान्छ जान्छ, पञ्चायतको कोपभाजनमा परिएला भन्ने त्रास कर्मचारीमा ठूलो थियो । गोप्य स्रोतको त्यसबेला आफैंले जिम्मेवारी लिन पर्थ्यो । पत्रकार हुन आँट चाहिन्छ, केही जोखिम पनि लिन सक्नुपर्छ । सरकारको भक्ति गर्ने मात्रै हो भने त्यो पत्रकारिता नै हुँदैन । सत्य लेख्न र बोल्न आँट चाहिन्छ ।

पञ्चायत कालमा पत्रकारिता गर्न असाध्यै गाह्रो थियो । गुप्तचरहरू मित्र बनेर हुन्छ कि के गरेर हुन्छ, अनेक उपाय गरेर जासुसी गर्न आइपुग्थे । सेनाहरू के छापिँदै छ भनेर राती राती चियो चर्चो गर्थे । जनयुद्ध शुरू भएपछिका दुई संकटकालमा पनि निकै अप्ठ्यारोमा परियो । खानतलासी त सामान्य थियो । एकपटक राती १२ बजे ४/५ जना सैनिकले पत्रिकाको घर घेरे । मलाई सैनिक ब्यारेकमा लगेर केरकार गरियो । हामीले तत्कालीन संविधान मिचेर काम गरेका थियौं भनियो । उनीहरूले जे भन्यो त्यही लेख्नुपर्ने रे हामीले । संकटकालमा सञ्चार क्षेत्रले व्यहोर्न परेको संकटका बारेमा धेरै कुरा धेरै पटक बाहिर आइसकेका छन् । राजा ज्ञानेन्द्रको शासनकालमा त देखिने गरी नै सेनाले पत्रिका कार्यालय र प्रेसमा धावा बोल्यो । जिल्ला प्रशासनको ठाडो आदेशमा पत्रिका बन्द गरियो । एक महिनासम्म पत्रिका बन्द भयो । पुनरावेदन अदालत, तुलसीपुरमा दाङको जिल्ला प्रशासनविरूद्ध रिट हालियो । अदालतले पत्रिका प्रकाशन सुचारू गर्न आदेश दियो । हामीले फेरि एकपटक जित्यौं ।

त्यस बेलाको पत्रकारिता फलामको चिउरा चपाएजस्तो थियो । अहिलेको जस्तो थिएन । अपवादबाहेक अहिले लेखेकै कारण कसैले जेल जान परेको छैन, त्यो बेलाको जस्तो दुःख कसैले पाएको छैन । हामीले दुःख पायौं, संघर्ष गऱ्यौं, प्रतिफलस्वरूप अहिले उन्मुक्ति मिलेको छ ।

## मोफसलको भावना र काउन्सिलको अध्यक्ष

पत्रपत्रिकाको मूल स्रोत नै विज्ञापन हो । तर, विज्ञापनदेखि पद प्रतिष्ठाका विभिन्न स्वार्थवश गरिने सेल्फ सेन्सरशिप पत्रकारिताका लागि घातक हो । अझ मोफसलका पत्रिकाको बिक्रीबाट हुने आम्दानी त अत्यन्तै न्यून हुन्छ । त्यसबेला सूचना विभाग, स्थानीय स्तर र जनताबाट पनि विज्ञापन आउँथे तर विज्ञापनले धान्न सक्ने अवस्था थिएन ।

नेपालमा २०६३ सालदेखि मोफसलको पत्रकारिताले अलिकति भए पनि विकसित हुने अवसर पायो । त्यस बेलासम्म केन्द्रले जिल्लालाई खासै गन्दैनथ्यो । २०६३ सालमा म प्रेस काउन्सिलको अध्यक्ष भएर गएपछि केही परिवर्तन गर्न खोजें । पत्रकारिता विकेन्द्रीकृत हुनपर्छ भनेर ठूलो प्रयास गरियो । जिल्लाका पत्रकारहरूलाई जिल्लामै सुविधा दिने र भरसक काठमाडौं धेरै आउन नपर्ने गरी कामलाई विकेन्द्रित गर्ने कोशिश गरियो । पुरस्कार र तालिमहरूमा पनि मोफसलका लागि राम्रो व्यवस्था गरियो । कतिपय अवसरलाई पनि मोफसलमा पठाउनुपर्छ भन्ने नीतिगत निर्णय गरियो र कतिपय कार्यान्वयन पनि भए ।

प्रेस काउन्सिलमा चार वर्ष अध्यक्षको जिम्मेवारीमा रहें । त्यस क्रममा निस्केका विभिन्न प्रकाशनहरू काउन्सिलमा पक्कै सुरक्षित होलान् । त्यसमध्ये पत्रकार विनोद ढुङ्गेलले प्रेस काउन्सिलको इतिहास समेटेर लेखेको मोटो किताब छापियो, जसले नेपालको काउन्सिलको मात्र नभएर संसारकै काउन्सिलको जानकारीका साथै समग्र नेपालको पत्रकारिताको राजनीतिक र कानूनी इतिहास समेटेको छ । यो निकै महत्वपूर्ण प्रकाशन रह्यो ।

काउन्सिलमा बस्दाको तीतो अनुभव पनि छ । दलीय भावना कतिपय साथीहरूमा पनि भएर हो कि ! मलाई असफल पार्ने चेष्टा थुप्रै भए । केही मेरा साथी भनिनेहरूले नै एक दुई विषयमा मसँग मतभेद राखे तर मेरो विवेकले ठीक नठहऱ्याएको कुरा गर्न उचित ठानिनँ । एकजनाले त सञ्चार मन्त्रालयमै 'बूढा मान्छेको काम छैन' सम्म भने । मलाई अध्यक्ष पदबाट हटाउन एमाले सरकार

बनेपछि ठूलो प्रयत्न भयो, त्यो नभएपछि सदस्यहरूमा ठूलो हेरफेर गरियो । अदालतमा मुद्दा पर्‍यो, अदालतले पुरानालाई नै कायम गर्‍यो ।

जागिर भने पनि जिम्मेवारी भने पनि काउन्सिलबाहेक अन्यत्र काम गरेको अनुभव छैन । विदेश भ्रमणमा गएको पनि काउन्सिलमा भएकै बेलामा हो । त्यतिबेला टर्की र पाकिस्तान गएँ ।

## समाचार-जीवनबाट सन्तुष्टि

समाचारका कारण समाजमा प्रत्यक्ष अप्रत्यक्ष प्रभाव परिरहेको हुन्छ नै । त्यस्ता सकारात्मक प्रभावले जीवनमा ठूलो सन्तुष्टि दिने रहेटन् । जनयुद्ध (२०५२ साल देखि २०६२ सम्म नेकपा माओवादीले सञ्चालन गरेको सशस्त्र युद्ध) को समयमा पक्राउ परेका मानिसहरू बेपत्ता हुने क्रम बढेको थियो । आन्दोलनमा लागेकाहरूलाई पक्रने-छोड्ने क्रम चलिरहेको थियो । त्यो बेला कतिपय पक्राउ परेकाहरूलाई बेपत्ता पारिएको पनि थियो । एकपटक हामीले केही मानिस पक्राउ परेको समाचार नामसहित दियौं । पछि त्यो केसमा परेको एक जनाले कार्यालयमै आएर तपाईँहरूले त्यो समाचार नछापेको भए हाम्रो ज्यान जान्थ्यो भनेका थिए । यस्तो त धेरै चोटी भएको छ ।

यसरी पञ्चायतदेखि प्रजातन्त्रकाल र हालसम्मको पत्रकारिताको जीवनबाट म सन्तुष्ट छु । हामीले जे गर्दा पनि समूहमा गरे सफल भइन्छ । जतिसुकै अप्ठेरो पनि सामूहिक छलफलबाट निर्णय गरेर अगाडि बढे समाधान निस्कन्छ । हामीले सकेसम्म यसलाई अपनाएका छौं । मभन्दा हामी जहिले पनि उचित हुन्छ । कतिपय स्वभावजन्य कमजोरी होलान् तर सार्वजनिक रूपमा शीर निहुर्‍याउन पर्ने गरी आजसम्म कहीं कतै विवादमा नआएकोले थप सन्तुष्टि मिल्छ ।

## मिडियामा लगानीका कुरा

मिडियामा कसले लगानी गर्न हुने र कसले नहुने भन्ने कुरामा नेपाली मिडियाको जनमतमाझ बहस छ । खासगरी सरकारले मिडिया चलाउने र मिडियामा विदेशी लगानीको विषय छ । स्वदेशी लगानी कस्तो हुनुपर्ने भन्ने मुद्दासमेत छ । गोविन्द वियोगी सभापति भएको बेलामा म केन्द्रीय सदस्य र होमनाथ दाहाल सभापति हुँदा नेपाल पत्रकार महासंघको उपसभापति भएँ । प्रेस स्वतन्त्रताको लागि त्यो गौरवशाली समय थियो । त्यसबेला पनि हामीले सरकारले मिडिया चलाउने होइन भन्यौं ।

व्यक्तिगत रूपमा जबदेखि म पत्रकारितामा आएँ, त्यसबेलादेखि सरकारले *गोरखापत्र*लगायत सरकारी मिडिया चलाउनहुन्न, जनताले चलाउन पर्छ भन्ने कुरा सधैँ भनिरहें । जसले पनि सत्तामा नहुँदा यसै भन्छन् तर सत्तामा गएपछि बिर्सन्छन् । त्यसो हुनाले सस्तो लोकप्रियताको लागि सरकारले मिडिया चलाउनु परेको हो ।

पश्चिमी मुलुकहरूमा निजीकरण प्रधान छ । हाम्रोमा धेरै उद्योगहरू निजीकरणमा गए, पत्रकारितामा पनि त्यस्तै भनियो । अहिले विश्वमा दुई किसिमको अर्थतन्त्र छ- एउटा निजीकरणको र अर्को समाजीकरणको । निजीकरणलाई समाजीकरण गर्न पनि गाह्रो छ । अहिले निजीकरण र राष्ट्रियकरण भनेर बहस गर्नु नै बेकार छ । कुनै पनि मिडिया सामूहिकतामा चल्न सक्नुपर्छ, व्यक्ति-नियन्त्रित हुनु हुदैन । त्यसो हुनाले गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजन पनि सामूहिक हुनुपर्छ ।

मिडियामा विदेशी लगानी त ठूलो घातक हो । अहिले पनि विभिन्न कार्यक्रमको नाममा घुमाएर मिडियामा विदेशी लगानी आएको छ । त्यो हाम्रो देशका लागि राम्रो होइन । विदेशीहरूले अखबार चलाउने, विदेशीले हामीलाई खरीद गर्ने जस्ता कुराबाट हामी जोगिनु पर्छ । मिडियामा विदेशी लगानी आउनै हुँदैन ।

मिडियामा स्वदेशकै लगानीकर्ताको लगानी पनि पारदर्शी हुनुपर्छ । हामीले राजनीतिमा मात्रै होइन हर क्षेत्रमा एउटै हाउसको वर्चस्व हुन दिनु हुँदैन । एउटै मिडिया हाउसले धेरैखाले व्यापार-व्यावसायतिर हात हाल्नु पनि गलत हो । पत्रकारिता त सेवा हो । यसबाट अरबपति बन्ने सपना कसैले देख्छ भने त्यसले देशलाई बिगार्छ, सपार्दैन । अरबपति बन्न मन हुनेले अन्य व्यापार उद्योगमा जानुपर्छ ।

## अहिलेको पत्रकारिता

आजका मान्छेले हाम्रो पालाको जस्तो दुःख नगरी सजिलोसँग काम गरेका भन्दैमा उनीहरूलाई दोष दिनु हुँदैन । हामीले जस्तै दुःख गर्नु पर्छ भनेर हामीले आफूलाई ठूलो ठान्नु हुन्न । त्यो समय त्यस्तै भएको हुनाले हामीले बढी दुःख गर्नु परेको हो । त्यो जमाना नै त्यस्तै थियो ।

आज धेरै सजिलो छ । प्रविधिको पनि धेरै विकास भइसक्यो । आजका पत्रकारहरूलाई सुविधा छ । पत्रकारिता गरेर आयआर्जन गर्न सक्ने अवस्था छ ।

हाम्रो पालामा आयआर्जनभन्दा पनि पत्रकारितालाई निष्ठासँग जोडिन्थ्यो । समग्रमा भन्दा ती दुःखका दिन सकिए, अब पत्रकारिता सुखपूर्वक गर्न सकिन्छ ।

अहिले पत्रकारिता सहज भए पनि निष्ठामा भने कमी हुँदै गएको छ । कठोर भाषामा भन्नुपर्दा अहिलेका पत्रकारिता अलि बरालिएजस्तो भएको छ । जहाँ फाइदा हुन्छ, उहिँ हामफाल्ने भएका छन् । कर्तव्यको ख्याल गर्ने प्रवृत्ति हराउँदै गएको छ । तर, सबैलाई भने यसो भन्न मिल्दैन ।

पत्रकारितामा कूटनीतिक कुराहरू पनि हुन्छन् । कतिपय विदेशीको प्रभावमा पनि चलेका छन् । विदेशीको सिता खाएर उनीहरूकै गीता भज्दै कलम चलाउनेहरू पनि छन् । यति हुँदाहुँदै पनि पत्रकारिताले समाज रूपान्तरणमा गजबको भूमिका खेलेको छ । कतिपय विकृतिहरू भए पनि समाजमा यो क्षेत्रको महत्वपूर्ण योगदान छ । पत्रकारितामा सहभागी भएर आफुले पनि केही भूमिका निर्वाह गर्न पाएकोमा सन्तोष नै लागेको छ । हामीले राम्रो कुरा ग्रहण गर्ने हो, नराम्रोलाई छोड्दिने हो ।

पत्रकारका भूमिकाका कुरा गर्दा पत्रकारहरू सडक आन्दोलनमा उत्रिएकोमा प्रश्न उठ्ने गरेका छन् । जब सरकार आफै नियम कानून मिच्न थाल्छ, त्यसबेला बाध्य भएर 'रिस्क' लिएर पत्रकारहरूले सडक आन्दोलन गर्नु परेको छ । पत्रकारहरूले मात्र नभएर कसैले पनि रहरले कहिल्यै आन्दोलन गर्दैनन् । तर, पत्रकारहरूको मुख्य काम सत्य लेख्ने नै हो ।


यसअलावा दलगत संलग्नता र संगठनको कुरा पनि छ । बहुदलीय व्यवस्थामा अभिव्यक्ति स्वतन्त्रताको हक भएपछि पत्रकार पनि कुनै न कुनै पार्टी वा नेताको नजिक भएर लाभ उठाउने गरेको देखिएको छ । त्यसो गर्दा पत्रकारिताको धर्म निर्वाह गर्न गाह्रो पर्छ । यस्तो बढ्दै जाँदा सबै आ–आफ्नो निहित स्वार्थमा जाने खतरा हुन्छ । यो प्रवृति मलाई त्यति चित्त बुझ्दैन ।

## नयाँ पुस्ताप्रति भरोसा

अहिले अनलाइन मिडियाको जमाना छ । मैले अनलाइनमा काम गरिनँ तर पनि समाचार भने पढ्छु । कतिपय अनलाइनले विश्वसनीय र असाध्यै जिम्मेवारीपूर्ण तरिकाले काम गरिरहेका छन् । कतिपय भने जे पायो त्यही लेख्ने पनि देखिन्छन्, कतिपय त असाध्यै छाडा पनि छन् । छाडातन्त्रको प्रवृत्तिले अनलाइनको मात्रै विश्वसनियता हराउने हैन कि समग्र पत्रकारिताकै विश्वास घट्छ ।

म छापा मिडियाको मान्छे भएकाले नयाँ प्रविधिको बारेमा धेरै जानकार छैन । तर, जसले पनि प्रविधिको सदुपयोग नै गर्नुपर्छ । देखिएका विकृति हटाउन सरकारले त्यहीअनुकुलको नीति बनाएर कार्यान्वयन गर्नुपर्छ । पत्रकारिता मर्यादित हुनुपर्छ, पत्रकारको छुट्टै मर्यादा छ । आफैँले बनाएको आचारसंहिता छ, सबैले त्यसको सीमाभित्र बसेर पत्रकारिता गर्नुपर्छ । एउटा स्वतन्त्र पत्रकारको अधिकार उसको स्वतन्त्र लेखन हो, पत्रकारले पत्रकारिताको धर्म निर्वाह गर्न पाउनुपर्छ । तर, पत्रकारिताको पनि आफ्नै सीमा हुने भएकाले स्वतन्त्रता र सीमाका बीच सन्तुलन मिलाउन जान्नुपर्छ । आचारसंहिताको पालनाबाट त्यो सन्तुलन कायम हुन्छ ।

नयाँ पिंढीप्रति म विश्वस्त छु, उनीहरूका कारणले नै पत्रकारिताको भविष्य उज्ज्वल देखिरहेको छ । वर्तमान पत्रकारिताको अवस्थाबारे मैले केही कठोर शब्दहरू पनि भनें, त्यो एउटा पाटो हो । तर, समग्रमा सकारात्मक परिवर्तन भइरहेको छ । नयाँ पुस्ता सञ्चार प्रविधिमा धेरै अगाडि छ । सञ्चार प्रविधिको प्रयोग पत्रकारितामा समुचित तरिकाले गर्न सके त्यसले पत्रकारितामा अवश्य सकारात्मक परिवर्तन ल्याउँछ ।



लालध्वज देउसा राई

# पत्रकारिताका गुरू

*एक पटक 'दि राइजिङ् नेपाल' मा भारतदत्त कोइराला र मलाई पेजको जिम्मेवारी दिइएको थियो । एक जना मान्छे विज्ञापन छाप्न आएको थियो । यसो हेरेको त उसले आफैंले आफैंलाई बधाई दिएको विज्ञापन रहेछ । बधाइ दिन खोजेको चाहिँ राजालाई रहेछ, अंग्रेजी भाषामा कमजोर भएकाले उसले आफैंलाई बधाई दिइरहेको रहेछ । भाषा त्यस्तो भएछ, मैले पत्ता लगाएँ । सच्याइहालेँ र बँचियो, नत्र विज्ञापन त हो भनेर नहेरी जस्ताको तस्तै छापिएको भए जागिरै 'चैट्' हुन्थ्यो होला ।*

**मेरो जन्म** २६ जनवरी १९३३ मा भारतको सिक्किम, गान्तोकमा भएको हो । पुर्ख्यौली घर खोटाङ भए पनि बुवा जागिरको सिलसिलामा सिक्किममा हुनुभएकोले हाम्रो परिवार लामो समय उतै बसेको रहेछ । मेरो बुवा चन्द्रध्वज देउसा राई, आमा शोभालक्ष्मी देउसा राई ।

हाम्रो हजुरबा अगमसिंह देउसा राईले मुग्लानमा धेरै दुःख गर्नुभयो । त्यही दुःखको फलस्वरूप अहिले म यो अवस्थामा आएको हो । मेरो हजुरबाले बुबा, काका र फुपुहरू सबैलाई पढाउनुभयो । उहाँले एउटा छोरा (मेरो बुबा)लाई इञ्जिनीयरिङ गर्न ढाका पठाउनुभयो, अर्को छोरा (मेरो काका)लाई बीए पढाउन कलकत्ता पठाउनुभयो । हजुरबाले छोरालाई मात्रै होइन, छोरीहरूलाई पनि पढाउनुभयो । मेरा तीनजना फुपुहरूमा तीनैजना ग्राजुएट । बुवा त सिक्किम को चिफ इञ्जिनियर भएर रिटायर्ड हुनुभएको हो । सिक्किमको बाटोघाटो निर्माणमा बुबाको ठूलो योगदान छ ।

मर्दा हिमालको दृष्य देखेर मर्न पाऊँ भन्ने हजुरबाको अन्तिम इच्छा थियो, जुन पूरा भयो । हजुरबाको इच्छा पूरा गर्न दार्जलिङको म्यानरलजमा हाम्रो परिवारले घर किन्यो, जहाँबाट सुदर हिमाली दृश्य देखिन्थ्यो । त्यही घरमा सन् १९५९ मा हजुरबा बित्नुभयो । फुपुहरू काठमाडौंमै हुनुहुन्थ्यो, यतै बित्नुभयो ।

हाम्रो परिवारको बिहेवारी पनि रमाइलै छ । मैले काठमाडौंमा प्रधान परिवारसँग बिहेको नाता जोडें । काका नन्दध्वज (एनडी) देउसाले तामाङनी बिहे गर्नुभयो । मेरो भाइ चित्राङ्गले राईनी बिहे गर्‍यो । मेरो एक छोरा र एक छोरी छन् । छोराले बुढा क्षेत्री (बीसी) बिहे गर्‍यो । छोराका दुई जना नाति छन् । छोरीको बिहे ब्रम्हाण पोखरेल परिवारमा भयो । छोरीको पनि एउटा नाति छ । हाम्रो परिवार रंगचङगी फूलबारी जस्तै छ ।

## दिनचर्या र शोखका कुरा

मेरो खास पेशा अध्यापन नै रह्यो । ९-१० बर्षदेखि अवकाशप्राप्त जीवन विताइरहेको छु । नियमित काममा हुँदा एउटा दिनचर्या थियो तर अहिले फेरिएको छ । जीवनको उत्तरार्द्धमा नेपालको सांस्कृतिक इतिहाससम्बन्धी एउटा ठूलै पुस्तक तयार गर्दैछु । त्यसैको तयारीमा दिन बितेको छ । कन्टेन्ट तयार गर्ने काम भइरहेको छ ।

चेस खेल्ने मेरो पुरानो शोख हो । चेसमा सिक्किम स्तरको प्रतियोगितामा च्याम्पियन नै भएको हो । मौका मिल्दा अहिले पनि खेल्छु । अष्ट्रेलिया जाँदा पनि नातिसँग खेलें । उसले पनि 'बाजेसँग नसकिने रैछ' भन्यो ।

चेसपछि फोटोग्राफी मेरो अर्को शोख हो । फोटोग्राफी सम्बन्धी पुस्तक पनि लेखेको छु । केही फोटोहरू त चर्चित पनि भए । सन् १९७७ मा मैले खिचेको पोखराको डुङ्गा ओहोरदोहोर गरिराख्ने फेवातालको किनारमा नुहाइरहेकी महिलाको फोटो युनेस्कोबाट पुरस्कृत पनि भएको थियो । फोटोग्राफी मुम्बाईबाट सिकेको हूँ । शुरूमा सानो क्यामेरा चलाएँ । अहिलेको त मोबाइल नै क्यामेरा भएको छ ।

## शिक्षा र पत्रकारिताको आरम्भ

मेरो प्रारम्भिक शिक्षा सिक्किमको टासी नाम्गेल हाइस्कुलमा भयो । दार्जिलिङबाट स्कूल लेभल पास गरें । उच्च शिक्षाका लागि कलकत्ता (अहिले कोलकाता) गएँ । कलकत्ता विश्वविद्यालयबाट बीए पास गरें, त्यसपछि बीएल गरें । त्यही विश्वविद्यालयबाट पत्रकारितामा स्नाकोत्तर गरें । केही समय वकालत पनि गरें कलकत्ता हाइकोर्टमा । पाँच वर्ष जति कलकत्तामा बसेँ ।

नेपाल आएको म विद्यार्थी कालमै हो भने पनि हुन्छ, सन् १९५० मा । आमाले काठमाडौं आइज भनेर बोलाउनु भयो, त्यसपछि म सन १९६६ नेपाल बस्ने गरी नै आएँ । यता आएर केही काममा लागें । साथीहरूसँग कुरा गरेर सन् १९६८ देखि दुई वर्ष *नेपाल रिभ्यू* पत्रिका चलाएँ । अंग्रेजी भाषाको त्यो पत्रिकामा तत्कालीन युवराज वीरेन्द्रको अन्तर्वार्ता पनि गरें । उहाँको बोलीवचन नम्र थियो । एकदमै बुझेर कुरा गर्ने । मलाई माया पनि गर्नुहुन्थ्यो ।

त्यही समयमा *दि राइजिङ नेपाल*मा काम पाएँ । त्यहाँ १२ वर्ष काम गरें । *दि राइजिङ नेपाल*मा काम गर्दागर्दै साथीहरूले अब पत्रकारिताको पढाइ शुरूगर्नुपर्छ भनेर जोड गरे । यसरी जोड गर्नेमा भारतदत्त कोइराला र गोकुल पोखरेल हुनुहुन्थ्यो । त्यसपछि सन् १९७६ बाट रत्नराज्यलक्ष्मी (आरआर) क्याम्पसमा पत्रकारिता पढाउन थालें । आरआर क्याम्पसमा पत्रकारिता फ्याकल्टीको संस्थापक मै हुँ । त्यहीं पढाउँदा पढाउँदै बुढो भइएछ । निरन्तर ४० बर्ष पढाएपछि सन् २०१६ मा अवकाश लिएँ ।

## हजुरबाले देखाएको बाटोमा

पत्रकारितामा लाग्ने प्रेरणा मुख्य रूपमा हजुरबाबाट पाएको हूँ । उहाँ सानोमा मलाई 'लयर, इन्जिनीयर, डक्टर केही हुनुपर्दैन, तँ पत्रकार हुनुपर्छ' भन्नुहुन्थ्यो । म कुरा बुझ्दिनथें । तर, पछि कलेजमा गएर बीए पढ्दाखेरी पत्रकारिता के हो ? भन्ने अलिकति बुझैँ । उनीहरूले सहयोग पनि गरे । त्यसपछि मैले अलिअलि काम पनि गर्न थालें । यो सबै हजुरबाकै प्रेरणाले गर्दा भएको हो ।

हजुरबालाई पत्रकारितामा केले छाप पारेको थियो भन्दा त्यसको पनि एउटा कारण छ । मेरो हजुरबा दार्जीलिङको सरकारी प्रेसमा काम गर्नुहुन्थ्यो । हेड कम्पोजिटरमा रिटायर्ड हुनुभएको हो । प्रेसमै काम गर्ने बेला बेलायती (गोरा) हाकिमले ठूलो पत्रिका फैलाएर पढेको देख्नुहुँदो रहेछ । एक दिन हजुरबाले गोरालाई के-कसो हो भनेर सोध्नुभएछ । उनले बेलायती महारानीको बारेमा खबर रै'छ, त्यही पढेको भनेछन् । सात समुद्रपारिको खबर कसरी आयो होला भनेर आश्चर्य मान्दै उनलाई फेरि सोध्नुभएछ । गोराले 'यस्ता खबर पत्रकारले थाहा पाउँछन्, अनि लेख्छन्' भनेछन् । त्यसपछि हजुरबा मलाई पत्रकार बनाउनुपर्छ भनेर लाग्नुभएको रहेछ ।

शुरूमा कलकत्ताबाट अंग्रेजी भाषामा प्रकाशित हुने *हिन्दुस्तान स्टान्डर्ड* दैनिकमा करीब एक वर्ष काम गरें । इन्टर्नशिप पहिले नै गरिसकेको थिएँ, त्यो पनि सानोतिनो जागिर नै थियो ।

कलकत्तामा बसेर त्यसबेला दुईटा काम गरें । एउटा म्यागजिन निकालें- *स्पोर्टस जर्नल* । अर्को कलकत्ता हाइकोर्टमा गएर वकालतको अभ्यास गरें । केही मर्डर केसहरू पनि हेर्न पाएँ । त्यहाँ मैले बडो दर्दनाक अवस्था देखें । किन कानून पढैँ हुँला जस्तो पनि लाग्थ्यो । वकालतदेखि अलि विरक्त नै लाग्यो । सत्यलाई समात्न त पत्रकारिता नै ठीक हो कि भन्ने लाग्न थाल्यो, त्यसपछि पत्रकारितामा जोड दिन थालें ।

कलकत्ताबाट म दार्जीलिङ आएँ । दार्जिलिङ कोर्टमा आएर पनि काम गरें । वकालत भनेपछि पक्ष-विपक्षमा तर्क बहस त हुनै नै भयो । बहस कस्तो भने सत्यतथ्य के हो भनेर खोज्नेभन्दा जसरी पनि आफ्नो पक्षलाई नै माथि पार्ने खालको । एउटा चोरीको केसमा हो, शायद । एकजना नेपालीलाई चोरीको केसमा समातिएको थियो । बयानका क्रममा छोटो बाटो हिंडेको प्रसंगमा 'चोरबाटो' प्रयोग गरेर गएँ भन्यो ।

त्यसैलाई टेकेर विपक्षी वकीलले 'हिंडदा त चोरबाटो हिँड्छ भने पक्कै चोरेको हो' भनेर चोरी प्रमाणित गर्ने कोशिश गरे र चोर नै सावित गरिदिए । वास्तवमा ऊ चोर थिएन । त्यस्ता धेरै अनुभव छन् । अनि मलाई त्यो पेशा मन परेन, विरक्त लाग्यो र वकालत चटक्कै छोडेर पत्रकारितातिर ध्यान केन्द्रित गरें । गर्दै जाँदा यतै रस बस्यो, सिक्दै जाँदा यही पेशा राम्रो लाग्यो, यतै रमाउन थालियो ।

दार्जीलिङबाट आफैँले *दियालो* भन्ने पत्रिका पनि निकालेँ । काकाको प्रेस थियो । इन्द्रबहादुर राई, देवकुमारी सिन्हासँगै म आफैँ सम्पादक भएर त्यो पत्रिका निकालें ।

## नेपाली भाषाको रंगीन पत्रिका

सिक्किम सरकारले *प्रगति* मासिक भन्ने निकाल्थ्यो । सम्भवतः नेपाली भाषामा निस्कने पहिलो रंगीन पत्रिका थियो त्यो । भारत सरकारको परराष्ट्र मन्त्रालयअन्तर्गतको प्रचार विभागले प्रकाशित गर्ने यो पत्रिकाको सम्पादक भएँ । यो १९६०-७० ताकाको कुरा हो । पाँच वर्ष जति मैले त्यहाँ काम गरें ।

त्यसपछि म नेपाल आएँ । म आउँदा *स्वतन्त्र नेपाल* भन्ने नेपाली भाषाको म्यागजिन एकजना अमेरिकनले चलाउँदा रहेछन् । सम्पादक चाहिँ वाग्ले थरका एक जना नेपाली नै थिए । लेआउट गरेर फिलिपिन्सको राजधानी मनिला पठाउने, उतैबाट छापिएर आउने गर्थ्यो । त्यसको लेआउट गर्ने काम अमृत मल्लले गर्थे । त्यो पत्रिका प्रचारप्रसारका लागि मात्र थियो, बिक्रीका लागि थिएन ।

## *राइजिङ नेपाल*मा प्रवेश

*दि राइजिङ नेपाल*मा आएपछि केही योगदान दिनुपर्छ भन्ने लाग्यो । म अंग्रेजी दैनिकमा काम गर्छु भन्दा गर्व लाग्थ्यो । शुरू शुरूमा धेरै समस्या भोग्नुपर्‍यो । पछि बिस्तारै सबै कुरा ठीक हुँदै गयो । वायर सर्भिसबाट विदेशी समाचार आउँथे । कहिलेकाहीं प्राविधिक कारणले समाचार काटिएर पनि आउँथ्यो । नेपालसम्बन्धी समाचार पनि विदेशी समाचार एजेन्सीबाट घुमेर आइपुग्थे । एक दिन के भयो भने, नेपालमा ४५ हजार बच्चालाई पखाला लाग्यो भनेर समाचार आयो । त्यो पेरिसबाट आएको समाचार थियो । हाम्रो समाचार उहाँ पुगेर आउनुपर्ने ? भनेर मलाई धिक्कार लाग्यो ।

वरूणशमशेर राणा प्रधान सम्पादक हुनुहुन्थ्यो । हामीले पनि बाहिर जिल्लातिर गएर समाचार ल्याउने गर्नु पर्‍यो भनें । उहाँले 'पख, विस्तारै हुन्छ' भन्नुभयो तर

कहिल्यै फिल्डमा गएर रिपोर्टिङ गर्न पाइएन । बाहिर रिपोर्टिङमा जाने भनेको कहिलेकाहीं राजदूतावासहरूले बोलाएको बेला मात्र हो, नत्र सामाचार एजेन्सीकै भर हो ।

खासमा मलाई काठमाडौं उपत्यकाबाहिर गएर जनताको समाचार संकलन गरेर छाप्न पाए हुन्थ्यो भन्ने लाग्थो । तर त्यस्तो अवसर कहिल्यै पाइनँ । बाहिर जान दिने र रोक्ने कुरा त सम्पादकको हो । सम्पादकलाई कसले रोक्थ्यो, त्यो थाहा भएन । अनुमति नै दिंदैनथे । *रासस*बाट आउँछ, त्यही छपाउ भन्ने लाइन हुन्थ्यो । राजाको विरूद्ध र व्यवस्था बाहिर नबोल भन्ने नै हुन्थ्यो ।

सार्वजनिक कार्यक्रममा धेरैजसो सम्पादक नै जान्थे, हामी खासै जाँदैनथ्यौं । नेपालका पत्रकारसँग खासै हेलमेल हुदैनथ्यो । कहिलेकाहीं दूतावासमा भेट हुन्थ्यो । यदाकदा टूरमा लान्थे, त्यही बेला भेट हुन्थ्यो । बुटवल र पोखरा जोड्ने सिद्धार्थ राजमार्गको उद्घाटनमा सरकारी र निजी सबै पत्रकारलाई बोलाएका थिए । स्याङजाको राम्दी पुल उदघाटनमा म पनि गएको थिएँ ।

मैले *दि राइजिङ नेपाल*मा सब-एडिटर भएर काम शुरू गरेको हुँ । पहिलो दिनको धेरै कुरा सम्झना छैन तर भारतदत्त कोइराला, मनरञ्जन जोशी, रत्नकाजी तुलाधर अफिसमा हुनुहुन्थ्यो, त्यो प्रष्ट थाहा छ । खासमा त्यो दिन गरेको समाचार के थियो, त्यो थाहा भएन । सम्पादक भारतदत्त कोइरालाले 'रत्नकाजी न्युजिल्याण्डतिर जाँदैछन्, अब तपाईंले त्यो ठाउँ लिनुपर्‍यो' भन्नुभयो, मैले 'ओके' भनें ।

*दि राइजिङ् नेपाल*मा नाइट डेस्क एडिटर भएर काम गर्दाको अनुभव रमाइलो छ । म बालाजु बस्थें । त्यतिखेर अफिसमा बिहान ८ बजे नै उपस्थित हुनुपर्थ्यो । एक दिन अफिस गएको त एकाबिहानै प्रधान सम्पादक वरूणशमशेर त गर्धन फुलाएर बसिरहनु रहेछ । 'तपाईं कस्तो खालको मान्छे हो ? तपाईंको पेपरमा नासर मरेको समाचारै छैन' भन्नु भयो । जंगिएर 'स्पष्टीकरण दिनुपर्‍यो' पनि भन्नुभयो । मलाई 'ला जागिर गयो' भन्ने भयो । अब के उपाय गर्ने ? रातभरि आफैं बसेको थिएँ । 'मलाई थाहा छैन' भनें ।

एजेन्सीका समाचार प्रिण्टरमा टुक्राटुक्रा भएर आउँथ्यो, (त्यसलाई टिकट भन्ने गरिन्थ्यो) 'टिकटमा पनि थिएन' भनें । पियनलाई सबै टिकट जम्मा गर्न लगाएँ । सबै हेर्दा सौभाग्यवश एउटा सानो चिर्कटो पाएँ, निकै ढिलो समाचार आएको

रहेछ । मैले गर्ने काम १.२० बजे बन्द हुन्छ, समाचार आएको रहेछ ३.३० बजे, अनि कसरी समेट्न सकिन्छ ? मैले कसरी समाचार हाल्ने ? भनेर प्रमाण दिएँ । उहाँ उठेर जानुभयो ।

*राससबाट* र *एपीबाट* समाचार आउँथ्ये, त्यही छापिन्थ्यो । त्यही समाचारबाट कुन-कुन राख्ने भनेर आफूले छान्ने हो । त्यतिबेलाको चलनअनुसार दिउँसोको समाचार सम्पादक आफैंले फाइनल गर्नुपर्थ्यो भने रातिको शिफ्टमा नाइट डेक्स इन्चार्जले सबै जिम्मेवारी वहन गर्नु पर्थ्यो । ठूलै घटना भए सम्पादकको राय लिने नत्र नियमित समाचार आफैं फाइनल गर्ने गरिन्थ्यो ।

समाचारको मुख्य स्रोत नै *एएफपी* र *रासस* हुन्थ्यो । पेरिसको *एएफपी*को समाचार सिंगापुर हुँदै आउँथ्यो । *दि राइजिङ नेपाल*मा धेरै जसो विदेशको समाचार छापिन्थ्यो । त्यसैले समाचारको स्रोत पनि विदेशी एजेन्सीकै प्रयोग हुन्थ्यो । नेपालको राजा, प्रधानमन्त्री, मन्त्रीहरूको औपचारिक कार्यक्रमका समाचार *रासस*बाट लिने हो । त्यतिखेर कसैले ती समाचार हुबहु पनि निकाल्थे, कसैले चिठीमार्फत पनि समाचार ल्याउँथे ।

## विदेशको तालिम, राष्ट्रसंघको रिपोर्टिङ्

तालिम लिने काम धेरै पछि भयो । *दि राइजिङ नेपाल*मा यस्ता तालिममा जाने अवसर पाउन धेरै काम गरेपछि मात्रै रिपोर्टरको पालो आउँथ्यो ।

विदेशमा एउटा महत्वपूर्ण तालिमको अवसर पाएँ । त्यो आफैंले पत्ता लगाएको हो, अफिसमा पालो आएर होइन । एउटा अन्तराष्ट्रिय फेलोसिपका लागि आह्वान गरेको नोटिस प्रकाशित भएको थियो, शायद युएनको बुलेटिनमा हो । मैले त्यही नोटिसलाई लिएर पत्राचार गरी पठाउँदा यी शर्त पूरा गरे पाउँछस् भन्ने जवाफ आयो । तिमी किन यो तालिम लिन चाहन्छौ ? भन्ने विषयमा एफोर साइजमा दुई पेज लेख्नुपर्छ भन्ने थियो । मैले लेखेर पठाएँ, केही समयपछि छनोटमा परेको पत्र डाँकबाट आयो । सन् १९७५ तिरको कुरा हो । त्यो पाएपछि मेरो पहिलो अनुभव हो, म बाहिर गएँ ।

त्यो छ महिनाको कार्यक्रम थियो । तीन महिनाको तालिम, तीन महिना घुम्ने । धेरै देश घुमेँ त्यो मौकामा । नेपालबाट म मात्र थिएँ, अन्य सहभागी अरू देशका थिए । संयुक्त राष्ट्रसंघको कार्यक्रम थियो त्यो ।

संयुक्त राष्ट्रसंघमा जाने, त्यसबारे समाचार बनाउने दैनिकी नै थियो । त्यहाँ विश्वका ठूल्ठूला नेताहरू आउँथे, दैनिक जसो प्रेस कन्फरेन्स हुन्थ्यो । औपचारिक भाषणका समाचार हुन्थे । त्यही प्रेस कन्फरेन्सको सिलसिलामा डेनी के भन्ने एकजना चर्चित हलिउडका कलाकारसँग भेट भयो । उनी प्रेस कन्फरेन्सको होस्ट भएर आएका थिए । उनलाई मैले चिनिहालें, 'हेल्लो, म नेपालबाट' भनेँ । उनले यो कहाँ पर्छ भनेर सोधे । मैले 'ल्याण्ड अफ माउन्ट एभरेष्ट' भनें । नेपाल भनेर चिनाउनै गाह्रो भयो ।

डेनी के त्यसबेलाका चर्चित हलिउड कलाकार थिए । मैले त्यसबेला उनका फिल्म खुब हेर्थें । कलकत्तामा हुँदा मात्र हैन, नेपालमा पनि जय नेपाल र रञ्जना हलमा गएर पनि फिल्म हेरिन्थ्यो । डेनीलाई सबैले चिन्थे, मैले नचिन्ने कुरै भएन ।

अमेरिका गएर यूएनको  समाचार *दि राइजिङ नेपाल*मा पठाएँ नै । त्यसबेला मैले टर्कीमा देखेको दृष्यले मन छोयो । त्यहाँको गरिबीको बारेमा पनि समाचार पठाएँ । *दि राइजिङ नेपाल*मा छापियो । समाचार हाम्रो दुतावासमार्फत पठाउने हो । खाममा हालेर दुतावासमा छोडिदिएपछि उनीहरूले पठाइदिन्थे । आइपुग्न त समय लाग्थ्यो नै ।

## समाचार प्रोसेस र कर्मचारीका लेख

समाचार हातले लेख्ने र सम्पादकले सम्पादन गरेपछि कम्पोजमा जान्थ्यो । कम्पोज गरेर ग्याली प्रूफ हेरेपछि डमी बन्थ्यो । डमीलाई फाइनल करेक्शन गरेर सम्पादकले ओके गरेपछि छाप्न जान्थ्यो । रातको सिफ्टमा भने डेस्क प्रमुखले नै फाइनल नै गर्ने हो । दिउँसो अलि सजिलो हुन्थ्यो, राति जिम्मेवारी अलि बढी हुन्थ्यो । साह्रै सिरियस भए मात्रै सम्पादकलाई फोन गर्नुपर्थ्यो ।

फोटोलाई जिंक ब्लक बनाएर छापिन्थ्यो । प्रायः समाचारमा आइरहने राजा, मन्त्री र सचिवहरूको फोटोको ब्लक बनाइराखेको हुन्थ्यो, त्यही छापिराखिन्थ्यो । सूचना विभागबाट रेडिमेड ब्लक आउँथ्यो । पछि गोपाल चित्रकार आएपछि फोटोग्राफीमा धेरै विकास भयो ।

म *दि राइजिङ नेपाल*को फिचर एडिटर भएँ । मेरो छुट्टै कोठा थियो । त्यसबेला *दि राइजिङ नेपाल*लाई 'पपुलर' बनाउने भन्थे । 'आहा ! मेरो लेख आयो' भन्ने हुन्थ्यो । कर्मचारीका कतिपय लेखाइका कारण बढुवामा सहयोग पनि हुँदो रहेछ, त्यही भएर सरकारी कर्मचारी बढी लेख्थे । उद्देश्य चाहिँ बढुवा हुँदो रहेछ ।

एक पटक  भारतदत्त कोइराला र मलाई पेजको जिम्मेवारी दिइएको थियो । एक जना मान्छे एउटा विज्ञापन छाप्न आएको थियो । यसो हेरेको उसले त आफैंले आफैंलाई पो बधाई दिएको रहेछ । अंग्रेजी कमजोर भएकाले त्यस्तो भएको रहेछ तर बधाइ दिन खोजेको चाहिँ राजालाई रहेछ । भाषा त्यस्तो भएछ, मैले पत्ता लगाएँ । सच्याइहालैं र बँचियो, नत्र विज्ञापन त हो भनेर जस्ताको तस्तै छापिएको भए जागिरै 'चैट्' हुन्थ्यो होला ।

पत्रिकाको पत्रकार भए पनि रेडियो कमेन्ट्री पनि निकै लेखैं । त्यसबेला *रेडियो नेपाल*मा नरेन्द्रराज पाण्डे थिए । उनले मलाई रेडियोका लागि नियमित कमेन्ट्री पठाउन भने, खुब लेखें । त्यसको पैसा पनि आउँथ्यो, कति आउँथ्यो भन्ने चाहिँ भुलें । मैले सातामा एउटा रेडियो कमेन्ट्री पठाउथैं अंग्रेजीमा, बोल्ने त अर्कै हुन्थ्यो । त्यसअघि भारतको *अल इण्डिया रेडियो*मा पनि लेख पठाउँथे । पठाउन मलाई गाह्रो थिएन । हुलाकमा हालेर खर्साङबाट पठाउने हो ।

## सम्मानित र खुशी

पत्रकारिताको गुरू भएर संसार घुम्न पाउनु मेरा लागि ठूलो उपलब्धि हो । पत्रकारिताबाट आत्मशान्ति पाइन्छ । पत्रकारबारे एउटा भनाइ छ, 'मुटु छोएर हेऱ्यौ भने दुःखी हुन्छौ, दिमागले सोचेर हेऱ्यौ भने सुखी हुन्छौ ।' यसकारण जे रोजिन्छ, त्यही खुसी, त्यही ठीक हो । म खुशी छु । सबै परिवार खुशी छन् । योभन्दा सुखी अरू के हुन्छ ?

पुरस्कार र सम्मान पनि प्रशस्तै छन् । एउटा सम्मान त राष्ट्रपतिबाटै पाएँ । अर्को कुरा राष्ट्रिय पत्रकार सम्मान पनि सञ्चार मन्त्रालयबाट प्राप्त भयो । अरू थुप्रै छन् । पत्रकार महासंघले पनि गरेको छ । हालै अमेरिकाबाट पनि सम्मान गरेर पठाएका छन् । म सबैतिरबाट सम्मानित भएको छु, अपमानित कतै हुनुपरेको छैन । शायद कानूनतिर गएर वकालत गरेको भए के हुन्थ्यो, थाहा छैन । पत्रकार भएर मलाई आदर, सम्मान र नाम भएको छ । पत्रकारितामा लागेर कुनै अवसर गुम्यो भन्ने मलाई कतै लाग्दैन । बरू पत्रकारितामा लागेर धेरै अवसर प्राप्त गरें भन्ने लाग्छ ।

## विज्ञापन र विदेशी चासो

निजी क्षेत्रका पत्रपत्रिकाका साथीहरूले 'तँ सरकारी पत्रकारले के लेख्छस् ?' भन्थे । उनीहरू आफूलाई जनताको लेखक भन्थे । तर, मलाई जीवन धान्नु र बाँच्नु

थियो । मैले पत्रकारिता गर्नु पनि छ, त्यही कमाइमा बाँच्नु पनि छ, त्यसकारण मैले त्यतिबेला सरकारी मिडिया रोजें । पत्रकारिता गरेर वा प्राध्यापनमा लागेर मैले कुनै खास विवाद झेल्नु परेन ।

दूतावासले हेर्ने दृष्टिकोण भिन्नै हुन्थ्यो । उनीहरू डराएको जस्तो पनि गर्थे, सरकारी मान्छे भनेर तर्किने पनि गर्थे । बरू निजीसँग खुला कुरा गर्थे । व्यापारीहरूले त खास त्यस्तो केही प्रभाव पारेको देखिनँ । पछि आएर विज्ञापनले प्रभाव पार्न थाल्यो भन्ने सुनेको छु ।

*दि राइजिङ नेपाल*मा नै त विज्ञापनले प्रभाव पार्‍यो जस्तो लागेन । त्यसमा विज्ञापन पनि कमै आउँथ्यो । *गोरखापत्र*मा अलि बढी विज्ञापन आउँथ्यो । सरकारी सञ्चारमा विज्ञापनले भन्दा पनि बढी विदेशीले प्रभाव पार्न खोजेजस्तो लाग्थ्यो ।

विदेशीलाई उनीहरूको देशको बारेमा के समाचार आयो भन्नेमा बढी चासो हुन्थ्यो । कहिले खुशी लाग्यो भन्थे, कहिले दुःख लाग्यो भन्थे । यस मामिलामा चिनियाँ दूतावास र भारतीय दुतावास अलि चनाखो देखिन्थे । त्यसमा पनि चिनियाँले खासै त्यस्तो केही गर्दैनथ्यो । बरू अहिले अलि चासो राख्न थालेको छ भन्छन् । भारतबाट अलि बढी चासो हुन्थ्यो । हामी त्यस्तो अन्य धेरै कुरामा ध्यान दिँदैनथ्यौं । हाम्रो कुरा के मात्र थियो भने राजा र व्यवस्थाको बारेमा जनतालाई सुसुचित गराउने हो । सरकारमा बस्नेहरूले 'राजा र राज्यको बारेमा राम्रो प्रचार गर' भन्थे । हामीलाई पत्रकारिता गरेर आन्दोलन गरौँ, जनतालाई भड्काउँ भन्ने कुरा थिएन ।

राजदरबारमा हुने भेटघाटमा जाने काम हुन्थ्यो । सन् १९७० देखि १९७४ सम्म दरबारबाट सञ्चालित जाँचबुझ केन्द्रमा पनि दुई वर्ष जति काजमा खटाइयो । जिल्लामा गएर बस्तुस्थिति बुझेर ल्याउन भनिन्थ्यो । त्यति बेलै मैले खोटाङ जाने मौका पाएँ । 'मेची टु महाकाली' पुस्तक नै तयार पारियो ।

## आरआर कलेजका ४० वर्ष

आरआर क्याम्पस नेपालमा पत्रकार उत्पादन गर्ने प्रमुख थलो हो । अहिले पत्रकारितामा सक्रिय अधिकांश पत्रकार यही कलेजका उत्पादन हुन् । मैले यो कलेजमा ४० बर्ष बिताएँ । यो अवधिका धेरै संझना पनि छन् । पत्रकारिता के हो भन्ने थाहै नभएको बेलादेखि पढाउन थालेको मैले पत्रकारिताका विभिन्न विधाका

बारेमा पढाउनुपर्ने बेलासम्म पढाएँ । पहिला त विद्यार्थीहरूलाई सञ्चार माध्यममा इन्टर्नका लागि पठाउनु पर्दा असाध्यै गाह्रो हुन्थ्यो । सञ्चार माध्ययम पनि असाध्यै कम थिए । विभिन्न उपाय लगाएर इन्टर्नका लागि पठाउनुपर्थ्यो ।

परीक्षाका बारेमा विद्यार्थीहरूसँग पर्ने टसल, परीक्षाको उत्तर पुस्तिका हराएपछि आएका झमेला आदि त कलेजका नियमित काम जस्तै भए । त्यसबेला पत्रकारितामा एमए शुरूगर्ने कि नगर्ने भन्ने बहस चल्यो । मैले विद्यार्थीहरूलाई लगाएर सर्भे गराएँ । त्यसको लागि अलिकति खर्च विश्वविद्यालयले दिएको थियो । एमए मात्रै होइन, स्कुल अफ जर्नालिज्म नै खोल्नुपर्छ भनेर रिपोर्ट आयो । पछि त्यही रिपोर्टलाई आधार मानेर एमएको पढाइ शुरूगरियो ।

मैले १९९० मा अमेरिकाको कर्नेल विश्वविद्यालयका प्राध्यापक डा. केसु सुक्लुलाई आमन्त्रण गरेर तीन बर्षे पाठ्यक्रम बनाउन लगाएको थिएँ । त्यसपछि बीए तीन बर्षे भएको हो । भारतका विभिन्न विश्वविद्यालयसँग मिलेर काठमाडौंमा विभिन्न कार्यशाला र सेमिनार गरियो ।

आरआर कलेजमा १९८० ताका केही नयाँ कुरा भए । त्यसबेला  युनेस्कोले हामीलाई क्यामेरा, टिभी दिएर सहयोग गऱ्यो । हामीले त्यति बेलै टेलिभिजनको लाइभ प्रसारण गरेका थियौं, सीसीटीभीको माध्यमबाट ।

सन् १९७६ देखि आरआरमा अध्यपन शुरू गरेको हो । ४० पढाएरै बितेपछि सन २०१६ मा अवकाश लिएँ । म कलेजमा हुञ्जेलसम्म सबै खाले मिशनलाई पन्छाएँ । पत्रकारिताको आफ्नै धर्म छ । यो पार्टी त्यो पार्टी भन्ने कुरा नल्याऊ भन्थें । राजनीति र पत्रकारिताको आ–आफ्नै धर्म छ । यसलाई घोलघाल पार्नु हुन्न ।

भारतका दुई–चार वटा विश्वविद्यालयबाट त्रिविको पत्रकारिता विभाग 'भिजिट' गर्न आए । मैले इन्टर्नशिपमा जाँदा यस्तो काम गर्छन् भनेर देखाएँ । उनीहरूले कमेन्ट पनि गरेथे । कतिपय विद्यार्थीले इन्टर्नशिपमा छापेको पत्रिका बिक्री पनि गरेछन् ।

## पत्रकार राजनीति

पत्रकारिताका हिसाबले नेपाल धेरै विकसित भएको छ । हाम्रो पत्रकारिता अब विद्यागत पनि भइसक्यो । कुनै एउटा विषयमा मात्रै लेख्ने धेरै पत्रकार तयार भैसकेका छन् । पत्रकारिताको विकास जुन गतिले भएको छ, देशको आर्थिक

अवस्था भने कमजोर छ । राजनीति झनै कमजोर भएको छ । जनता एकातिर छन्, राज्य अर्कातिर छ ।

बेलाबेलामा पत्रकारहरू नै सडकमा गएको देखिन्छ । पत्रकार हो कि दलका कार्यकर्ता गएको हो, त्यो पहिले छुट्याउनुपर्छ । कार्यकर्ता हो भने भन्नु केही छैन । समाचार बनाउन छोडेर सडकमा जाने हो भने उसको पत्रकारिता बन्द हुन्छ । प्रेस स्वतन्त्रताका लागि पनि सडकमा नजाने ? भन्ने प्रश्न पनि आउला तर राजनीतिक स्वतन्त्रताको मागको लागि सडकमा गएजस्तो होइन प्रेस स्वतन्त्रता । राजनीतिक स्वतन्त्रता प्रेस स्वतन्त्रताभित्र पर्दैन ।

पार्टीका भातृ संगठनका रूपमा पत्रकारका संगठन खुलेका छन् । तिनले पत्रकारितामा योगदान गरे कि भाँजो हाले ? भन्ने प्रश्न पनि छ । पार्टी पत्रकारिता भनेको पार्टीलाई उँभो लगाउने हो । पार्टीको पत्रकारिता पनि हुन्छ, मन लाग्नेले त्यो पनि गरोस् । तर, त्यसले राज्यलाई योगदान गर्दैन । नेतालाई अघि बढाउने काम हो, व्यावसायिक काम होइन । राजनीतिबाहेकका अरू मिशन पनि होलान् तर त्यसमा पनि पत्रकारिता गर्नेहरू चनाखो हुनुपर्छ । पत्रकारका संगठनले मात्रै पत्रकारको हकहितको कुरा गर्छन, पार्टीका भातृसंगठनहरूले त पार्टीको हित हेर्छन् ।

राजनीतिकै कुरा गर्दा न्यूजरूम समावेशी हुनुपर्छ भन्ने कुरा पनि छ । समावेशी भनेको संविधानले दिएको अधिकार प्रयोग गर्ने विषय हो । पेशगत कुरामा को, कति शिक्षित छ, कसले कति जानेको छ भन्ने कुरा उठिहाल्छ । तँ फलानो जातको भनेर पत्रकारिता हुँदैन, काम जानेको हुनुपर्‍यो । पत्रकारिता त सीप हो, यो शिल्पी पेशा हो । जसले जान्दछ, त्यसले यो पेशा गर्ने हो । समावेशी त राजनीतिमा बढी चल्ने विषय हो ।

विश्वमै हेर्ने हो भने पत्रकारिताले समाज रूपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको छ । नेपालमै पनि धेरै ठूलो भूमिका खेलेको छ । २००७ मा प्रजातन्त्र आउँदा पत्रिकाले गरेको योगदान भुल्न सकिँदैन । कति अखवार थिए र उसबेला तर जति थिए तिनले जनचेतना अभिवृद्धिमा महत्वपूर्ण योगदान पुर्‍या का थिए । अमेरिका र अन्य मुलुकको त कुरै छोडौं अहिले पनि हाम्रो पत्रकारिताले समाज रूपान्तरणका लागि महत्वपूर्ण योगदान पुर्‍याइरहेको छ ।

## सूचना प्रविधि र अनलाइन पत्रकारिता

अहिले नयाँ प्रविधिले दुनियाँ व्याप्त पारिसक्यो । मुलुकलाई प्रविधिले छोपिसक्यो तर आफूले विकास गर्न सकिरहेको छैन । अबको जमानामा प्रविधिले काम गरेको छ । प्रविधिले गर्दा जनताले विश्वको सूचना घरमै बसी-बसी लिन पाएका छन् । पहिला त्यस्तो कहाँ पाउनु ?

सन् १९३० तिर बुवा अमेरिका जान खोज्नु भएको थियो तर उहाँ बाटोमै पक्राउ पर्नुभयो । साथीहरूको लहैलहैमा लागेर अमेरिका जाने भनेर हिंडनुभएछ । कलकत्ताको स्यालदह रेलवे स्टेसनमा पुलिसले पक्रेछ । सोधपुछ गर्दा अमेरिका जान हिंडेको भनेपछि कागज पत्र केही छैन, त्यसपछि पुलिसले समातेर दार्जीलिङमा पुऱ्याएर हजुरबाको जिम्मा लगाइदिएछ । कुन देशमा कसरी प्रवेश गर्न मिल्छ, मिल्दैन भन्ने कुनै जानकारी नभएकोले उहाँ पक्राउ पर्नु भएको थियो । अर्थात्, त्यसबेला कहाँ-कहाँ, के, कसरी इन्ट्री गर्न मिल्छ भन्ने सूचना नै पाइँदैनथ्यो । अहिले प्रविधिले गर्दा घरै बसी बसी यस्ता कुरा थाहा पाउन सकिन्छ ।

अहिले नयाँ प्रविधियुक्त अनलाइन पत्रकारिता छ । नैतिकता र नयाँ प्रविधिका बारेमा कुरा गर्दा पत्रकारितामा प्रविधिले गर्दा नैतिकता के हुन्छ भन्ने हो । नैतिकता भनेको त जीवित मानकले गर्ने कुरा हो । सत्यमा निष्ठा भएका र अर्को व्यापारमा पैसा कमाउनेहरू पनि यसमा छन् । पैसा मात्रै कमाउने ध्याउन्नमा रहनेले नैतिकता मान्दैनन् ।

नयाँ प्रविधिले के मात्रै गऱ्यो भने अब तपाई द्रुत गतिमा समाचार फैलाउन सक्नुहुन्छ । तर, त्यो पैसाका लागि कि केका लागि भन्ने कुरा हो, यो वहस चलिरहन्छ ।

अनलाइन पत्रकारिता भनेको अहिले लेख्यो, अहिले नै संसारभर जान्छ । अनलाइन पत्रिका सारा संसारले पढ्न र देख्न सक्छ । प्रविधिले गर्दा नेपाललाई बाहिरी संसारसँग चिनाउन सम्भव भएको छ । तर, कतिले नेपाल भनेर पढ्छन् भन्ने कुरा अर्कै हो । अर्को, यो प्रविधि अन्तरक्रियात्मक पनि छ । तर, यसका स्रोत र उपभोक्ता स्थिर भने हुँदैनन् ।

अनलाइनले प्रिन्टलाई चुनौती दिएको छ । युट्युब र सामाजिक सन्जालले पनि चुनौती थपेका छन् । प्रविधिले गर्दा छिटो छरितोसँग सूचना पुग्छ । तर, त्यसलाई नैतिक दृष्टिले हेर्दा द्वन्द्व त चलिरहन्छ, बहस चलिरहन्छ, चलिरहनुपर्छ ।

## सम्पादकीय स्वतन्त्रता

सम्पादकीय स्वतन्त्रतालाई लगानीकर्ताले कति प्रभावित पार्छन भन्ने प्रश्न पनि छ । सम्पादक त काम गर्ने हो । संस्था छ, कसले के गरिरहेको छ भन्ने मतलब हुँदैन । उसले पछि बुझ्छ, त्यसबेलामा निर्णय गर्छ । कि छोड्छ वा ऊ पनि यसमै जान्छ र नैतिकरूपमा पतन हुन्छ । सम्पादकीय स्वतन्त्रता राजनीतिक अधिकारको कुरा होइन, यो त सोचको कुरा हो । सम्पादकले त कन्ट्रयाक्ट पेपर लिएर काम गर्छ । व्यवस्थापन र कतिपय सन्दर्भमा विज्ञापनदाताले समेत यसो र उसो छाप भन्छ । टार्न सक्यो भने बाँच्यो, नत्र समस्या पर्छ । सम्पादकको विशेष योगदान पनि छ भन्ने कुरा भुल्नु हुँदैन । सम्पादकलाई रोबोट ठान्नु हुँदैन । तैपनि सामन्यतः ऊ मालिकको स्वार्थविरूद्ध जान सक्दैन ।

विज्ञापन नभई पत्रिकाको बिक्रीका भरमा मात्र पत्रिका चल्दैन । मिडिया चलाउन धेरै ठूलो पैसा लाग्छ । जति पत्रिका बेच्यो, त्यति विज्ञापन आउँछ । जति विज्ञापन आउँछ, त्यति आम्दानी आउँछ । पत्रिका महँगो बेचेर हुँदैन । विज्ञापन आउन पत्रिका राम्रो र समाचार राम्रो हुनुपर्छ । पत्रिका बाँचेकै विज्ञापनले हो । विज्ञापन वास्तवमा मिडियाको ब्लड नै हो । तर, जुन किसिमको सफ्टवेयर मिडियाले प्रदान गर्छ, त्यो चाहिँ पत्रकारिता हो । विज्ञापनले त्यो दिँदैन । पत्रकारिताले दिने सन्देश हो । विज्ञापनले व्यापार मात्रै गर्छ, प्रचार मात्रै हेर्छ ।

त्यति हुँदाहुँदै पनि विज्ञापनलाई समाचारको रूपमा कहिल्यै पनि छाप्न हुँदैन । त्यो आचारसंहिता विपरीत कुरा हो । विज्ञापन विज्ञापनकै रूपमा आउनुपर्छ, समाचार समाचारकै रूपमा आउनुपर्छ ।

सम्पादन गर्ने काम र समाचार संकलन गर्ने काम छुट्टै हो । रिपोर्टरले संकलन गर्छ, सम्पादकले समाचार छान्छ । सम्पादकको काम र जिम्मेवारी छुट्टै हो । पार्टीको हो भने समाचारको छनोटमा रिपोर्टर पूर्वाग्रह हुनसक्छ । यसले रिपोर्टरको विश्वसनीयता हराउँदै जान्छ ।

पत्रकारितामा सेल्फसेन्सरशिप रिपोर्टर र सम्पादक दुबैका लागि ठूलो चुनौती हो । सेल्फसेन्सरशिप हुन्छ नै तर निष्पक्ष र निर्भिक भएर मात्र गर्न सकिन्छ । यो हो वा यो होइन भनेर गर्ने होइन, निष्पक्ष तरिकाले सेल्फसेन्सरशिपको व्यवस्थापन गर्न सक्नुपर्छ ।

## मिडियाको स्वामित्व

मुलुकमा सरकारले पैसा हालेर मिडिया चलाउने तर एउटा अवस्था आएपछि छोड्ने हुनुपर्छ । अहिले त त्यो  जमाना हटिसक्यो । अब त निजी क्षेत्रबाटै मिडिया चलाउन सक्ने अवस्था छ । सरकारी मिडिया सरकारको नियन्त्रणबाहिर जाँदैछन्, जान खोज्दैछन् । विस्तारै सरकारी क्षेत्रबाट बाहिर हुँदैछन्, हुनुपर्छ ।

सरकारको नियन्त्रणबाट बाहिर लैजाँदा सञ्चारमाध्यमको निजीकरणभन्दा सहकारीकरण गर्नु उपयुक्त हुनसक्छ । *गोरखापत्र*लाई यसै गर्ने कि भन्ने पनि छ । विशुद्ध निजी हुन पनि गाह्रो हुनसक्छ, सहकारीमा गए बाँच्न सक्छ ।

सरकारले मिडिया पनि चलाउने अनि निजी क्षेत्रलाई सरकारी विज्ञापन बाँड्न पनि सक्छ अब । सहकारी क्षेत्रमा सरकारले बढी विज्ञापन दिनुपर्छ । निजीलाई उसको नीति हेरेर दिनुपर्छ, सेलेक्टिभ हुनुपर्छ ।

निजी, सरकारी, सहकारीलगायत मिडियामा विदेशी लगानीबारे पनि बहस छ । विदेशी लगानीबारे हास्यास्पद कुरा पनि छ । विदेशीले हार्डवेयरमा मात्र लगानी गर्ने त होइन होला,  सफ्टवेयरमा पनि काम गर्ला । लगानी गरेपछि विचार पनि दिन्छ होला । तसर्थ लगानी गर्दा उसको 'मोटिभ' हेर्नुपर्छ । कसैले आफूलाई हानि हुने गरी लगानी गर्दैन । जसले लगानी गर्‍यो, उसकै विरोध हुन्छ त ? हुँदैन । मिडियामा विदेशी लगानीका विषयमा धेरै समस्या छ ।

मिडियामा अप्रत्यक्ष लगानी पनि गम्भीर समस्या हो । लगानी गरेपछि कसले त्यसलाई सुपरभाइज गरेको छ ? अप्रत्यक्ष लगानी गर्ने को हुन् ? सरकारले हेरेको छ त ? कसैले हेरेर कारबाही गरेको छ त ? छैन ।

मिडियामा नेपालीकै लगानी पनि पारदर्शी हुनुपर्छ । लगानीलाई कसरी पारदर्शी गर्ने भन्ने विषय महत्वपूर्ण छ । यसको व्यवस्थापन राज्यले गर्नुपर्छ । आरोप लगाएर मात्रै भएन, पहिले पत्ता लगाउन पर्छ ।


एउटै मिडिया हाउसले धेरै मिडिया चलाउने गरेका पनि छन् । पत्रकारले त काम गर्ने हो । नाफा कमाउने काम त मिडिया हाउसले हो ।

मिडिया चलाउनेले अरू व्यवसायमा पनि हात हालेको छ । सैद्धान्तिक रूपले मिडियामा लगानी गरेर अरू कुरामा किन हात हाल्यो भन्ने कुरा मुख्य हो ।

आफू सम्पन्न हुन गऱ्यो भने यो अधिकार उसलाई पनि छ । तर, एउटामा प्रयोग गर्नुपर्ने सूचना अरूमा गऱ्यो भने कारबाही हुनुपर्छ ।

## नयाँ पुस्तालाई सन्देश

नयाँ पुस्तामा आएका पत्रकारहरूलाई मेरो प्रश्न छ– तपाईहरूले किन पत्रकारिता गर्ने ? त्यसको 'मोटिभ' बुझ्नुस् र पत्रकारिता गर्नुस् । धेरै पैसा कमाउने भए यो पेशा उपयुक्त नहुन पनि सक्छ । यसले त मुख्यरूपमा नागरिकका पीडामा बोल्ने हो, मुलुक र राज्यलाई सहयोग गर्ने हो । नैतिक धरातलमा उभिन सक्नुपर्छ । यसमा धैर्य पनि चाहिन्छ । अन्य जागिरभन्दा पत्रकारिता धेरै फरक छ, रोजगारीका रूपमा मात्रै यसलाई हेर्न मिल्दैन । नयाँ पुस्ताले पत्रकारितामा होमिनुभन्दा अघि यत्ति कुरामा ख्याल गर्नै पर्ने हुन्छ ।



गोकुलप्रसाद पोखरेल

# पत्रकारिता प्रशिक्षणका सूत्रधार

*एक पटक चिनियाँ राष्ट्रपतिले नेपाल भ्रमण गर्न लागेका थिए । छाउनीको संग्रहालयमा राखिएको एउटा तोपको फोटो 'गोरखापत्र'मा छापियो । शीर्षकमा 'तिब्बतबाट लुटेर ल्याइएको तोप' भनेर लेखिएको रहेछ । राष्ट्रपति आएको दिन निस्कने गरी यो स्टोरी किन राखियो भन्ने प्रश्न उठ्यो । यो सरकारविरूद्धको क्रियाकलाप हो भन्दै कराउन थाले । म बिदामा बसें । दुई महिनासम्म निलम्बन गरे । त्यही घटनापछि लाग्यो- अब जागिर खाएर नहुने रहेछ, यस्ता झन्झट सहनुभन्दा आफैं केही शुरू गर्नुपर्ने रहेछ ।*

**मेरो जन्म** १९९३ सालको पुस महिना (१५ डिसेम्बर १९३७) मा धनकुटामा भएको हो । पिता पण्डित छविलाल पोखरेल, माता बालमाया पोखरेल । पिताजी काशी गएर व्याकरणाचार्य गरेर आउनुभएको थियो । त्यसबेला पूर्वाञ्चलभरि पण्डित छविलाल पोखरेलको ठूलो ख्याति थियो । माताजी त त्यस्तो धेरै पढे-लेखेको होइन, सामान्य ज्ञान मात्र थियो ।

## बाल्यकाल र परिवार

मेरो बाल्यकाल धनकुटामै बितेको हो । म शुरूदेखि नै अलि गम्भीर स्वभावको थिएँ भनेर आमाले भन्नुहुन्थ्यो । कम बोल्ने र चाहिएका कुरा मात्रै बोल्ने । पिताजी कठोर अनुशासनवाला हुनुहुन्थ्यो । उहाँकै रेखदेखमा हुर्केकाले पनि त्यस्तो स्वभाव भएको होला ।

मेरो विवाह २०२२ साल मंसिर १९ गते (१९६५ डिसेम्बर ४) रञ्जना रिमालसँग भयो । हाम्रा दुई छोरी र एक छोरा छन् । छोरीको नाम सुजान र रोशन अनि छोराको नाम अनुप हो । उनीहरू सबै अस्ट्रेलियामा छन् । पत्नी रञ्जना लामो समय सरकारी स्कुलमा शिक्षक भएर विश्व निकेतन मावि, त्रिपुरेश्वरमा प्रधानाध्यापकबाट सेवानिवृत्त भएकी हुन् । हामी निकै लामो समय बिताएको पुरानो बानेश्वर, बत्तीसपुतलीको घर बेचेर अहिले काठमाडौंकै विशालनगरमा एउटा अपार्टमेन्टमा बस्न थालेका छौं ।

## अध्ययन

बाल्यकालमा धनकुटाकै हाईस्कुलमा पढेको हुँ । पिताजी र गजेन्द्रबहादुर प्रधानांग मिलेर त्यो हाईस्कुल खोल्नुभएको रहेछ । दार्जिलिङका विद्यालयमा हुने गरेको अध्ययनबाट प्रेरित भएर उहाँहरूले त्यो स्कुल खोल्नुभएको रहेछ । त्यही हाईस्कुलमा मैले ५ कक्षाबाट पढ्न शुरू गरेको थिएँ । हामी सपरिवार धरान सर्‍यौं, त्यसैले ५ कक्षादेखि माथिको पढाइ पनि धरानमै भयो ।

स्नातक भने मैले मानविकी संकायमा मूल विषय अंग्रेजी लिएर सन् १९५८ मा भारतको पटना विश्वविद्यालयबाट गरेको हुँ । एमए सन् १९६० मा त्रिभुवन विश्वविद्यालयबाट अंग्रेजीमा नै गरें । त्यसपछि सन् १९६२ मा बीएल पनि पढिसिध्याएँ ।

आईएको परीक्षा दिएपछि खाली रहेको केही समय धनकुटाकै विद्यालयमा शिक्षक भएर काम पनि गरें । यो पेशामा लागिरहन्छु भनेर त होइन, तर पनि परीक्षा

दिएपछिको खाली समय किन त्यसै बिताउनु भनेर शिक्षक भएर काम गरेको थिएँ । त्यही पनि झन्डै दुई वर्ष नै म शिक्षक भएँछु ।

जीवन नै बिताएको पत्रकारितामा भने मैले कुनै औपचारिक शिक्षा लिएको होइन । *राष्ट्रिय समाचार समिति (रासस)* मा काम गरिरहेका बेला एक वर्षको अध्ययन बिदा दिइन्थ्यो । त्यही सिलसिलामा विदेश गएर अध्ययन गरें । बेलायतको थम्सन फाउन्डेसनको छात्रवृत्ति पाएर एडिटोरियल स्टडिज सेन्टरमा चारमहिने कोर्स पूरा गरें । पछि फ्रान्सको स्ट्रासवर्ग विश्वविद्यालयमा पनि केही समय सिक्ने अवसर मिल्यो । यी दुई संस्थाका अनौपचारिक पत्रकारिता अध्ययनका आधारमा नै मैले बाँकी जीवनमा पत्रकारिता गरेको हुँ ।

## पत्रकारिताप्रति प्रेरणा

मलाई कहिल्यै पनि पत्रकारितामा लाग्छु भन्ने थिएन । कसैबाट प्रेरित भएर यो पेशामा आएँ भन्ने पनि लाग्दैन । जे आइलाग्छ, त्यसलाई स्वीकार गर्ने मेरो बानी थियो । त्यही स्वभावअनुसार पढाइ सकिएपछि *रासस*मा २०१८ साल (सन् १९६२) मा जागिर खुलेको थियो । त्यहाँ परीक्षा दिएँ, एक नम्बरमै नाम निस्कियो र पत्रकारितामा लागें । पत्रकारिताले दिएका चुनौती स्वीकार गर्दै गएँ । जहाँ गयो, त्यहीं काम तोकेर 'मिस्टर पोखरेल तिमीले यति गर्नुपर्छ' भन्न थाले । म पनि रातारात ३० पन्ना लेखेर फालिदिन्थें । म साह्रै छिटो लेख्न सक्थें ।

*रासस*को जागिरबाटै मेरो पत्रकारिताको शुरूआत भएको हो । त्यसबेला जागिर पाउन सजिलो थिएन । प्रतिस्पर्धामा उत्रिनुको विकल्प थिएन । जागिरको शुरूआतमा म एक वर्षजति सम्पादक भएँ ।  त्यसपछि २०१९ देखि २०२१ सम्म त्यो संस्थाको प्रधानसम्पादक भएर काम गरें । *रासस* छिर्ने क्रममा म पहिलो नम्बरमा छानिंदा गोविन्द प्रधान दोस्रो हुनुभयो । उहाँ पछिसम्म पनि *रासस*मै रहनुभयो । राधेश्याम विष्ट, पद्मलाल सुवेदीसमेत पहिलो ब्याचमा हामी चारजनालाई लिइएको थियो ।

## *रासस*बाट *गोरखापत्र*मा फड्को

दुई वर्ष *रासस*मा काम गरेपछि म अंग्रेजी अखबार *दि राइजिङ नेपाल*मा प्रवेश गरें । यो गोरखापत्र संस्थानको पहिलो सहप्रकाशन थियो र भर्खरै शुरू भएको थियो । राजा महेन्द्रले पञ्चायती व्यवस्था ल्याएको दिन पुस १ पारेर २०२२ साल अर्थात् १६ डिसेम्बर १९६५ मा यसको शुरूवात गरिएको थियो । त्यसको पहिलो

सम्पादक वरूणशम्शेर राणा हुनुहुन्थ्यो । सन् १९६६ देखि १९७१ सम्म मैले *दि राइजिङ नेपाल*मा सहसम्पादक भएर काम गरें ।

त्यसपछि मलाई फिचर सम्पादकका रूपमा *गोरखापत्र*मा सरूवा गरियो । लगभग १० वर्ष त्यही पदमा बिताएपछि सन् १९८० मा *गोरखापत्र* दैनिकको प्रधान सम्पादक बनाइयो । चार वर्ष प्रधान सम्पादक भएँ । पछि गोरखापत्र संस्थान नछाड्ुञ्जेल सल्लाहकार सम्पादकका रूपमा रहेर काम गरें ।

हामीकहाँ एकले अर्कालाई लघार्ने चलन अहिले मात्र होइन, पहिला पनि थियो । त्यही क्रममा *राससबाट* जागिर परिवर्तन गरेर गोरखापत्रतिर गएको थिएँ । *गोरखापत्र*मा पनि प्रधान सम्पादक भएँ । एकपटक मलाई कारबाही गरियो । *गोरखापत्र* पहिल्यैदेखि हल्ला मच्चाउने फोरम पनि रहेछ । कर्मचारीहरू यता कुरा सुन्यो उता लगाउने, उताको कुरा सुन्यो यता लगाउने गर्दा रहेछन् । शायद, त्यसो गर्दा उनीहरूलाई आनन्द आउँदो रहेछ । एउटा केही हल्ला गरिदियो अनि आनन्द मानेर बस्यो, त्यहाँभित्रको वातावरण त्यस्तो रहेछ ।

एक पटक चिनियाँ राष्ट्रपतिले नेपाल भ्रमण गर्न लागेका थिए । छाउनीको संग्रहालयमा राखिएको एउटा तोपको फोटो *गोरखापत्र*मा छापिएको थियो । शीर्षकमा 'तिब्बतबाट लुटेर ल्याइएको तोप भनेर' लेखिएको रहेछ । 'ल यो त आपत्तिजनक भयो, राष्ट्रपति आउने बेलामा छालाको तोपको स्टोरी कसले राख्यो' भनेर हल्ला गरे । राष्ट्रपति आएको दिन निस्कने गरी यो स्टोरी किन राखियो भन्ने प्रश्न पनि उठ्यो । वास्तवमा त्यो स्टोरी नियतपूर्वक राखिएको थिएन ।

म पनि छक्क परें, संग्रहालयमा राख्दा त्यो तोपका बारेमा जे लेखिएको थियो, त्यही शीर्षक बनाइएको रहेछ । राजसंस्थाको नेतृत्व भएका बेलामा चीनजस्तो बलियो छिमेकी देशका नेता आउँदा यस्तो गर्ने भनेर हल्ला गरे । यो त सरकारविरूद्धको क्रियाकलाप हो भन्दै कराउन पनि थाले । त्यसपछि म बिदामा बसें । मलाई दुई महिनासम्म निलम्बन गरे । त्यसपछि फुकुवा भयो । त्यही घटनापछि लाग्यो– अब जागिर खाएर नहुने रहेछ, यस्ता अनेक झन्झट सहनुभन्दा आफैं केही शुरू गर्नुपर्ने रहेछ ।

## पत्रकारको पहिलो तालिम केन्द्र

सबैभन्दा पहिले २०१८ सालमा बेलायतबाट पत्रकारिताबारे मेरो पहिलो सिकाइ शुरू भएको थियो । मैले त्यहाँको थम्सन फाउन्डेसनबाट चारमहिने कोर्स गरें ।

त्यहाँ युनेस्कोको स्कलरशिपमा गएको थिएँ । विदेश अध्ययन भ्रमणका क्रममा फ्रान्स पनि बसेको थिएँ । यी सबै तालिमबाट मलाई के लाग्यो भने व्यावसायिक तालिमले नै पत्रकारितालाई सहयोग पुग्ने रहेछ र नेपाली पत्रकारलाई पनि व्यवस्थित किसिमको तालिम दिन सकियो भने ठूलो सहयोग हुने रहेछ ।

यही विश्वासका आधारमा केही समकालीन साथीहरू मिलेर २०४१ साल (सन् १९८१) मा पत्रकारहरूलाई तालिम दिने संस्थाको सूत्रपात गरियो । त्यो संस्थाको नाम हो- नेपाल प्रेस इन्स्टिच्युट । प्रेस इन्स्टिच्युट पत्रकारिताको सैद्धान्तिक र व्यावहारिक दुवै प्रकारको ज्ञान दिने अभिप्रायले खोलिएको संस्था थियो । नेपालमा त्यस्तो प्रकारको संस्था त्यो नै पहिलो थियो । गैरनाफामूलक संस्थाका रूपमा थालिएको सो संस्थाको लक्ष्य नै नेपाली मिडियाको स्तर र व्यावसायिकता अभिवृद्धिमा सघाउ पुऱ्याउने र स्वतन्त्र तथा निष्पक्ष मिडिया अभ्यासको विकास गर्ने भन्ने थियो । पछि-पछि यसको ब्रोसियर बनाएर जानकारी दिने खालका काम गरेर संस्थाको प्रचारप्रसार पनि गऱ्यौं । त्यसमा पनि हामीले पहिलो नम्बरमै तालिम सञ्चालन गरी मिडियाको व्यावसायिकतामा सुधार गर्ने भन्ने लक्ष्य राखेका थियौं । यसलाई विस्तारै फैलाउँदै २०५२ साल (सन् १९९५) मा विराटनगर र नेपालगन्जमा क्षेत्रीय सञ्चार स्रोत केन्द्र खोल्ने काम भयो भने २०६० साल (सन् २००३) मा बुटवलमा पनि त्यस्तो केन्द्र खुल्यो ।

शुरूमा त शिक्षा मन्त्रालयको स्वीकृति लिएर नेपाल प्रेस इन्स्टिच्युटको काम रत्नराज्यलक्ष्मी क्याम्पसको सानो कोठाबाट थालनी गरिएको थियो । अलि पछि गैरनाफामूलक गैरसरकारी संस्थाका रूपमा जिल्ला प्रशासन कार्यालयमा दर्ता गरेर यसलाई अगाडि बढाइयो । गोपालदास श्रेष्ठ अध्यक्ष र भोग्यप्रसाद शाह उपाध्यक्ष बन्नुभयो । म संस्थापक सचिव भएँ । शुरूमा यो टिममा गोविन्द वियोगी, भारतदत्त कोइराला, पद्मासना शाक्य, राधेश्याम विष्ट र नगेन्द्र शर्मा हुनुहुन्थ्यो । यसबाट शुरूदेखि नै काठमाडौंमा दशमहिने आधारभूत पत्रकारिता तालिम सञ्चालन गरिएको थियो ।

२०५९/६० सालतिरबाट त्यही दशमहिने कोर्सलाई दुई महिना बढाएर एकबर्से बनाइएको भए पनि तीन ब्याचपछि फेरि दशमहिने नै बनाइएको थियो । यस संस्थाबाट अहिलेसम्म त दशमहिने कोर्स गर्ने नै कम से कम हजार जना जति त भइसकेको हुनुपर्छ । यसका उत्पादन एक से एक पत्रकार नेपालदेखि विदेशसम्म पुगिसकेका छन् । कोही पत्रकारितामै छन् भने कोही मिडियासम्बन्धी अध्ययन-अनुसन्धानमा पनि संलग्न छन् । उनीहरूले नाम चलेका संस्था र विश्वविद्यालयमा

काम गरिरहेको थाहा पाउँदा आनन्द र गौरव लाग्छ । कोही-कोही त अरू नै पेशा व्यावसायमा पनि होलान् । तर, जे भए पनि उनीहरूले पनि मिडिया साक्षरता त ग्रहण्न गरे, त्यसले पनि समाजलाई फाइदा नै पुगेको हुन्छ । हामीले त्यहाँ पढ्ने जति सबैलाई सम्झन नसके पनि उनीहरूले पक्कै सम्झन्छन् होला ।

काठमाडौंबाट दशमहिने तालिम दिनेबाहेक क्षेत्रीय सञ्चार स्रोत केन्द्रहरूले तीनमहिने तालिम पनि दिएका छन् । एकमहिने घुम्ती तालिम पनि दिइन्छ । अनेक छोटा-छोटा तालिम पनि छन् । प्रेस इन्स्टिच्युटले फिचर लेखन, फोटो पत्रकारिता, डेस्कटप पब्लिसिङ, रेडियो तालिम, फिचर लेखन, अन्तर्वार्ता, आर्थिक, खोजी पत्रकारिता, वातावरण, द्वन्द्व पत्रकारिता, संसदीय रिपोर्टिङ, टिम रिपोर्टिङ जस्ता धेरै तालिम दिएको छ । त्यस्ता तालिमलाई सबैले मन पराइदिएको र तिनका कारण पत्रकारहरूको सीप विकास हुन गई पत्रकारको इज्जत बढेकाले पत्रकारिता पेशाको इज्जत बढाउन र मिडिया क्षेत्रकै विकास गर्नमा केही योगदान गर्न सकियो भन्ने लाग्छ । शुरूमा सन् १९९५ देखि १० वर्षसम्म त यसमा डेनिस सहयोग पनि थियो ।

डेनिस स्कुल अफ जर्नालिजमसँग मिलेर सम्भवतः नेपालकै सबैभन्दा लामो प्रशिक्षक प्रशिक्षण तालिम पनि सञ्चालन गरियो । तीन वर्षभन्दा लामो समयसम्म उनीहरूले डेनमार्कबाटै प्रशिक्षक पठाएर प्रशिक्षण दिएका थिए । सुरेश आचार्य, कुन्दन अर्याल, कपिल काफ्ले, पुस्करभक्त माथेमा, चिरञ्जीवी अर्याल, हेमन्त कर्माचार्य, धर्मेन्द्र झा, मन्टेश्वरी राजभण्डारीलगायतले यो प्रशिक्षण लिएका छन् । अहिले पनि त्यही मोडेलमा यी प्रशिक्षकले नेपालमा तालिम सञ्चालन गरेका छन् भनेर सुन्ने गरेको छु । नेपाली पत्रकारिता क्षेत्रले डेनिसको यो प्रयासका लागि पनि धन्यवाद दिनुपर्छ ।

## पत्रकारितामा उपलब्धि

यसो विगतलाई फर्केर हेर्दा म आफूलाई एउटा ढुंगाजस्तो भइएछ भन्ने जस्तो ठान्छु । हावा वा केही कारणले जता हल्लायो, त्यतै ढल्यो । त्यसो गर्दागर्दै त्यसले एउटा आकार ग्रहण गर्छ । अर्थात्, ठूलो महत्वाकांक्षा लिइएन भने दुःख कम हुन्छ । जति ठूलो महत्वाकांक्षा भयो त्यति नै बढी दुःख हुन्छ । पूरा गर्न सकिएन भने झन धेरै असहजता महसुस गर्नुपर्ने हुन्छ । परिस्थितिले जताजता लैजान्छ त्यतैत्यतै गइदियो भने केही दुःख हुँदैन । त्यस्तो देश, काल र परिस्थिति तपाईं मिल्न भने सक्नुपर्छ । मुख्य कुरा के हो भने अरूलाई दुःख नदिने, असल

चरित्र निर्माणमा लागिरहने गर्नुपर्छ, इमानदार भएर बाँच्ने प्रयत्न गर्नुपर्छ, मिल्न नसकिने कुरो पनि केही हुँदैन । मैले पनि ठूलो महत्वाकांक्षाविनाको जीवन बाँच्न खोजेको हुँ ।

पत्रकारितामा परिस्थितिले जे माग गर्‍यो, त्यो लेख्न र गर्न सक्ने सीप आवश्यक हुँदो रहेछ । त्यही सीपले अद्‌भुत काम गर्न सकिन्छ । पत्रकारिता जहिले पनि चुनौती र अवसर हो । त्यो चुनौती र अवसरलाई हात पार्दै गयो भने सफल भइन्छ । भाषामा भने कुनै पनि पत्रकारको पकड हुन जरूरी हुन्छ । पत्रकारले त्यस्तो सीप सिक्नुपर्ने हुन्छ । पत्रकारहरूको भाषिक विकासका लागि मैले नेपाल प्रेस इन्स्टिच्युटमार्फत केही सहयोग गर्न पाएँ, त्यसलाई मैले जीवनको उपलब्धि मानेको छु ।

व्यक्तिगत उपलब्धि हेर्ने हो भनेको पत्रकारिताकै कारण विनाखर्च विश्व घुम्ने, देख्ने र सिक्ने अवसर मिल्यो । पत्रकारितामा प्राप्त गरेको विश्वास र काम गर्न सक्ने मेरो क्षमताले नै मलाई विश्व घुमायो भन्ने लाग्छ । आफ्नो घरको एक पैसा खर्च नगरी मंगोलियाको पठारदेखि लिएर विकसित भनिएका मुलुकसम्म यही पेशाले पुर्‍यायो । यो अद्वितीय अनुभव थियो । वास्तवमा पत्रकारितामा लागेको उपलिब्ध यही नै बन्न पुग्यो ।

मैले ठूलो महत्वाकांक्षा नराखेको हुनाले पनि केही गुमाएँजस्तो लाग्दैन । धनकुटाको सामान्य मानिस त्यहाँको हाइस्कुलमा पढेर यो काठमाडौंको प्रतिस्पर्धामा उत्रन सक्नु आफैंमा एउटा उपलब्धि हो । यो प्रतिस्पर्धामा भिड्न सक्नु र विश्वभरि घुम्न पाउनु ठूलो कुरा हो भन्ने लाग्छ ।

व्यावसायिक रूपले पत्रकारितामा रहुञ्जेल नराम्रो काम गर्नुपरेन, राम्रै काम गर्न पाएँ, यसमा खुसी लाग्छ । आफ्नो शैलीले परिवार र बालबालिकाको पालनपोषण गरेर बस्न सक्षम भएँ, त्यो पनि ठूलो कुरा भएको छ अहिले ।

अंग्रेजी र नेपाली दुवै भाषामा मेरो पकड थियो । कुनै सेमिनारमा गयो, त्यहाँ कसैले मलाई यस्तो सामग्री चाहियो भन्यो भने भोलिपल्ट लेखेर दिन सक्ने क्षमता विकास गरेको थिएँ । अर्थात् पत्रकारले क्षमता अभिवृद्धि गर्न कुनै कसर छाड्न भएन भन्ने पाठ पनि मैले सिकें । यो अनुभव म युवा वर्गलाई पनि बाँड्न चाहन्छु । त्यो क्षमताले नै मलाई धेरै मद्दत गर्‍यो । त्यस कारणले पनि अवसर धेरै पाएँजस्तो लाग्छ ।

## पत्रकारिताबाहेकको संलग्नता

हुन त मैले पत्रकारिताबाहेक अन्य कुनै पेशा नै गरिनँ । म मूलतः पत्रकार नै हुँ । हामीले प्रेस इन्स्टिच्युट खोलेताका नै नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (रोनास्ट) गठन भयो ।

समग्र विकासका लागि विज्ञान प्रविधिको उपयोग गर्ने उद्देश्यका साथ यो प्रतिष्ठान राजा वीरेन्द्रले गठन गरेका हुन् । खै, मेरो के योगदान ठानेर हो, मलाई सन् १९८५ मा यसको सञ्चालक सदस्यमा मनोनीत गरियो । म सञ्चालक भएपछि मैले रोनास्टबाट *विज्ञान लेखमाला* प्रकाशन शुरू गराएको थिएँ । त्यहाँबाट केही कर्मचारी प्रेस इन्स्टिच्युटमा आएर पत्रकारिताको तालिम पनि लिए । पछि १९८७ मा नेपाल विज्ञान लेखक संघको म संयोजक पनि भएँ । म विशुद्ध सामाजिक चेत भएको मानिस हुँ । मलाई बडामहारानी ऐश्वर्य आफैंले सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को सदस्य बनाइबक्सेको पनि सम्भवतः त्यही कारण होला ।

पत्रकारिताकै कारण २०६१ सालमा पूर्व प्रधानन्यायाधीश नयनबहादुर खत्रीलाई दोस्रो कार्यकालका लागि अध्यक्षमा नियुक्त गरिँदा मलाई राष्ट्रिय मानव अधिकार आयोगको सदस्य नियुक्त गरियो । त्यतिबेला राष्ट्रिय मानवअधिकार आयोग अहिलेको जस्तो संवैधानिक निकाय थिएन, कानूनी निकाय थियो । मानवअधिकार आयोग ऐन, २०५३ बनेको चार वर्ष बितिसकेपछि २०५७ सालमा मात्र पहिलोपटक गठन भएको थियो । त्यो आयोगको कार्यकाल सकिएपछि उही अध्यक्षलाई पुनः नियुक्त गरेको भए पनि सदस्यहरूमा हेरफेर भएको थियो र मलाई सदस्य नियुक्त गरिएको थियो ।

मानवअधिकारका क्षेत्रमा मैले पत्रकारिता क्षेत्रबाट जति सहयोग पुऱ्याउन सकिन्थ्यो, त्यति मात्रै गरेको हुँ, त्यसबाहेक मानवअधिकारका क्षेत्रमा मैले थप केही काम गरेको पनि होइन । मलाई राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनको समयमा नियुक्त गरिएको थियो । साथै त्यो माओवादी द्वन्द्व चरम अवस्थामा पुगेको समय थियो । माओवादीबाट भएका गतिविधिभन्दा पनि सुरक्षाकर्मीबाट भएका मानवअधिकार उल्लंघनका घटनाका विरूद्धमा धेरै उजुरी आयोगमा आउँथे । म त्यहाँ सदस्यमा रहँदा त्यसअघि हुन नसकेका थुप्रै निर्णय गर्नमा मेरोसमेत भूमिका रह्यो । त्यसले पनि मलाई एक खालको सन्तोष नै दिएको छ ।

## व्यक्तिगत रूचि

मेरो व्यक्तिगत रूचि भन्ने त केही पनि रहेन भन्ने लाग्छ । मैले पत्रकारितालाई नै रूचिको विषय बनाएँ र स्वास्थ्यले साथ दिउञ्जेल पत्रकारितामै आफूलाई केन्द्रित गरेँ । समाज सेवा मेरो रूचिको अर्को क्षेत्र हो । सम्भवतः मेरो रूचि बुझेरै हुनुपर्छ, २०४५ साल (सन् १९८९) मा बडामहारानी ऐश्वर्य सरकारबाट मलाई सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को सदस्यमा नियुक्त गरिबक्सेको थियो । अब त कुनै रूचि राख्ने उमेर पनि छैन, पाइपबाट दिएको अक्सिजनको सहारामा बस्ने अवस्था छ ।

## अहिलेको पत्रकारिता

हामीले मात्र गर्न नसकेको होइन, अझै पनि सञ्चारमाध्यम अपेक्षित तवरले व्यवस्थित हुन सकेको देखिँदैन । सञ्चारमाध्यमले अझै संस्थागत स्वरूप धारण गर्न सकेको छैन । जो पनि सम्पादक भइहाल्ने अवस्था छ । मिडिया हाउसले काम लगाएको मानिसले सहज जीवनरूपमा बाँच्न पाउने आर्थिक अवस्था सिर्जना गर्नुपर्छ र त्यसो भयो भने मात्रै पत्रकारिताको संस्थागत विकास हुन्छ भन्ने सोच र संस्कार अझै बसेको छैन । यसबाट पनि पत्रकारिता संस्थागत हुन नसकेको पुष्टि हुन्छ ।

पहिले पत्रकारले दुःख गरे पनि पेशाबाट सन्तुष्टि लिन सक्थे तर अहिले त्यस्तो पनि छैन । निजी क्षेत्रमा ठूला भनिएका संस्थाहरूमा आवद्ध पत्रकारहरू अहिले पनि एउटा व्यक्तिको हितबाहिर निस्कन सकेको देखिँदैन । त्यस्ता व्यक्तिको व्यापार व्यवसायलाई के गर्दा फाइदा हुन्छ, त्यति गरिदिनु नै अहिलेको पत्रकारिता हो जस्तो देखिएको छ । सयौंको संख्यामा सक्रिय भएका पत्रकारले गरेको वुद्धि, विवेक, सीप र श्रमको लगानीको कुनै मूल्य छैन । सामान्य अपेक्षाअनुसारको पारिश्रमिक र सम्मान पनि उनीहरूमध्ये धेरैले पाउन सकिरहेका छैनन् । देशभित्र भोगेर र देशबाहिरको देखेर यस्तो हुनु हुँदैन भनेर आफैं यही व्यवसायमा आएका मानिसले समेत पत्रकारहरूलाई समयमा पारिश्रमिक दिइरहेका छैनन् । ६/६ महिनासम्म पत्रकारलाई पारिश्रमिक नदिएर राखेका खबर पनि आउँछन् । पत्रकारले पनि गुजारा गर्नैपर्ने हुन्छ, समयमा पारिश्रमिक नदिनु भनेको दायाँबायाँ गर भन्नु हो । पत्रकारहरूले यस्तो अवस्थामा कि त पत्रकारिता नै छोड्नुपर्‍यो कि त आचरण बिगार्नु पर्‍यो । लामो समय पत्रकारितामा बिताइसकेको मान्छेले पेशा नै छोडेर पनि के गर्ने ? यस्तो वातावरणले हामीलाई सही दिशामा लाँदैन ।

सञ्चारमाध्यम र त्यसका सञ्चालक स्वयम् नै जीविकाका लागि प्रयोग हुन थालेपछि मिडिया कन्टेन्टको गुणस्तर खस्किन थाल्छ । मिडियाको आम्दानी अन्य व्यवसायमा लगाउने गरेका कारणले त्यो मिडिया बाँच्न वा टिक्न कठिन भइरहेको हो । हरेक पत्रकारसँग एउटा अनलाइन मिडिया छ । नेपालजस्तो सानो देशमा चार हजारभन्दा बढी अनलाइन भइसके भन्ने सुन्छु । कसैलाई सोध्यो भने १० वटा अनलाइनको नाम पनि भन्न सक्ने अवस्था छैन किनभने सार्वजनिक सरोकारको मुद्दा उठाउन सक्ने हैसियत ती अनलाइनले कायम गर्न सकेका छैनन् ।

गार्मेन्ट उद्योग खोलेजसरी मिडिया खोल्न थालियो । अन्यत्र कतै केही काम पाएन भने पत्रकार हुने भन्ने पहिलेदेखिको रोग हो । त्यो रोगबाट अहिलेसम्म पनि पत्रकारहरू उन्मुक्त हुन सकेको देखिँदैन । यतिबेला पत्रकारिताको समग्र मान्यता प्रणाली (इन्टायर भ्याल्यु सिस्टम) माथि नै प्रश्न उठेको छ । यो अवस्थाबाट समग्र पेशालाई माथि उठाउन पत्रकार मात्र लागेर हुँदैन, मिडियामा लगानी गर्नेहरू, मिडियाका अगुवा व्यक्ति र संस्थाहरूका साथै सरकारले पनि ध्यान दिनुपर्छ । नत्र, अपवाहका सूचनामाथि भर परेर समाज मिडिया नै नभएको अन्धकार युगको जस्तो अवस्थामा पुग्न सक्छ ।



**कृष्णा ताम्राकार**

# स्वरकी खानी

*एकपटक 'रेडियो नेपाल' मा चिनीको मूल्य ५० पैसा बढेको समाचार मैले पढें । तुरुन्तै फोन गरेर 'किन ५० पैसामा जोड दिएको ?' भनेर कसैले सोध्यो । मैले 'को बोल्नुभएको, मैले चिनिनँ' भने । '५० पैसा त हाम्रो लागि धेरै महँगो हो' पनि भनेँ । उताबाट बोल्नेले 'बढ्ता भएर बोल्छे' भन्यो । त्यसपछि म बोलिनँ । भोलिपल्ट स्पष्टीकरण आयो । मलाई फोनमा हप्काउने त मन्त्री महत पो हुनुहुँदो रहेछ । ५० पैसा बढेको कुरालाई महत्व दिएको हुनाले रिसाउनु भएको रहेछ । त्यसपछि तीन दिनसम्म समाचार पढ्न दिइएन ।*

**मेरो जन्म** १९९७ साल मंसीरमा बनेपामा भएको हो । बुबा ठाकुरदास श्रेष्ठ र आमा सकानूनानी श्रेष्ठका छोरीहरू हामी चार दिदीबहिनी हौं । हाम्रो ठूलो किराना पसल थियो । मेरो ठूलीआमा १९९० सालको भुईँचालोमा परेर मृत्यु भएपछि बुबाले मेरी आमालाई विवाह गर्नुभएको रहेछ । ठूलीआमापट्टिको एउटा छोरी हुनुहुन्थ्यो । पछि मेरो आमाबाट मसहित तीनजना दिदीबहिनी जन्मेका रहेछौं ।

म चाहिँ श्रेष्ठ परिवारमा जन्मिएर हुर्किएकी, पछि ताम्राकारसँग बिहे गरें । मैले एउटा बच्चा जन्मिएपछि कलेज पढ्न थालेकी हूँ । बीए पास गरेकी छु ।

मेरा तीनवटी छोरी छन् । ठुली छोरी हिमा चापागाई जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनीको महाप्रवन्धकबाट अहिले रिटायर्ड भैसकेकी छन् । माहिली छोरी ब्योमा ताम्राकार फिनल्याडमा बस्छिन्, उनले उतैबाट मास कम्युनिकेसनमा मास्टर्स गरेकी छन् । कान्छी छोरी गृष्मा राजभण्डारी पत्रकारितामै छिन् । उनले आरआर कलेजमा जर्नालिज्म पढेकी हुन् ।

## प्रारम्भिक शिक्षा भारतमा

मेरो प्रारम्भिक शिक्षा बनेपामा नै भएको हो । १० वर्षसम्म नेपाली भाषा बुझ्दैनथें । बनेपामा हुँदा कक्षा भन्ने थिएन । ले पढाउनु हुन्थ्यो । शिक्षक राजेन्द्र जोशीले पढाउनु हुन्थ्यो । उहाँ हालै मात्र बित्नुभयो । स्कूल हुँदाहुँदै पनि म चाहिँ स्कूल गइन । काठको घर थियो, त्यहीँ बसेर पढें । स्कूलको औपचारिक कक्षा नलिइकन केटाकेटीमै इण्डियामा गएँ । तुलसीमेहर श्रेष्ठले त्यसबेला हामी धेरै केटीहरूलाई लिएर जानुभएको थियो । त्यो टोलीमा भद्राकुमारी घले, सिलु सिंहहरू पनि हुनुहुन्थ्यो । उहाँहरू मभन्दा अलि ठूला हुनुहन्थ्यो । भुवनेश्वरी थपलिया, नानी हिरा कंसाकारहरू पनि हामीसँगै जानुभएको हो ।

त्यसबेला हिन्दीमा 'तुम्हारा नाम क्या है ?' भन्ने मात्रै आउँथ्यो, त्यसबाहेक केही आउँदैनथ्यो । त्यहाँ हिन्दी माध्यममा पढाइ हुन्थ्यो । छोटो समयमा मैले हिन्दी सिकें । पछि त कतिपय इन्डियनहरूले भन्दा पनि राम्रो हिन्दी बोल्न थालें । मैले शुद्ध पढेको देखेर छक्क पर्थे । यो नेपालबाट आएको केटी, कसरी यति राम्रो हिन्दी पढ्न सक्ने भएको होली भन्ने उनीहरूलाई लागेको थियो । म त्यतिखेर १२ वर्षजतिकी थिएँ । दुई वर्ष इण्डिया बसेँ । नेपालबाट हामी २५ जना जति थियौं । तीमध्ये धेरैले त्यहाँको पढाइ पूरा गर्नुभयो, मैले चाहिँ पूरा गर्न पाइनँ । मलाई बुबाले लिन पठाउनुभयो, अनि आएँ ।

तुलसीमेहरको प्रयासमा मपछि अरू पनि धेरै पढ्न जानुभयो । केटीहरूलाई शिक्षित गर्ने काममा तुलसीमेहरको प्रयास थियो । त्यहाँ एकदम राम्रो छात्रावास थियो । हामीले पढ्ने बरदा भन्ने ठाउँ नागपुरबाट एक घण्टाको बाटोमा थियो । विनोभा भावे त्यहीँ बस्नुहुन्थ्यो । उहाँले पढाउनु चाहिँ हुन्नथ्यो । त्यहाँ थुप्रै मान्छेहरू आइरहन्थे । भारतका तत्कालिन राष्ट्रपति राजेन्द्रप्रसाद पनि उहाँलाई भेट्न आउनु भएको थियो । त्यहीबेला मैले पनि राजेन्द्रप्रसादलाई भेटेकी हुँ । अरू त्यस्तो कुनै ठूला व्यक्तित्वसँग भेट भएको याद छैन ।

नेपाल फर्किएपछि न्ह्योखामा रहेको कन्या मन्दिरमा कक्षा ७ मा पढ्न थालें । भर्ना हुन भनेर स्कूलमा जाँदा मलाई कुन कक्षामा भर्ना हुने भनेर सोधियो, मैले ७ कक्षामा भनें । त्यहीँ भर्ना भएर पढ्ने थालेँ । कुनै इन्ट्रान्स दिनु परेन । स्कूलको जाँचमा कहिल्यै दोस्रो भइनँ । धेरैले इर्श्या पनि गर्थे । त्यसबेलादेखि नै शुद्ध बोल्ने बानी थियो । केदारनाथ न्यौपाने भन्ने त्यहाँको हेडमास्टर हुनुहुन्थ्यो । स्कूलमा सबै कक्षाहरू भरिभराउ हुन्थे ।

सात कक्षामा हामी ३० जना जति थियौँ । सँगै पढेका धेरैजसो डाक्टर, कोही के, कोही के हुनुहुन्छ ।  मलाई डाक्टर हुन नपाएकोमा धेरै दुःख लाग्छ । म एसएलसी पास गरिसकेपछि नर्स पढ्नका लागि क्षेत्रपाटीको नर्सिङ स्कूलमा गएँ । त्यहाँ जाँच नै नलिई नर्सिङ पढ्न भर्ना हुन पाइने भयो । स्कूलको पढाइ सकेपछि मात्र नर्सिङमा भर्ना हुन पाइन्थ्यो । त्यसबेला खासै नर्स हुने मान्छे पाइँदैनथे । पढाइमा खर्च हुने हैन कि उल्टै पैसा पाइन्थ्यो । तैपनि नर्सिङ पढ्ने कोही हुँदैनथे ।

म नर्सिंङमा भर्ना हुन तयार भएपछि ड्रेस किन्नका लागि स्कूलले ७०० रूपैयाँ दियो । घर आएपछि धेरै सोचें- नर्स हौं कि न हौं भनेर । डाक्टर बन्ने तीब्र इच्छा भएकाले नर्स हुने कुरामा दोधारमा परें । अन्ततः म नर्सिङ नपढ्ने निष्कर्षमा पुगें र घरमा कसैलाई नभनिकन भोलिपल्ट गएर पैसा फिर्ता गरिदिएँ । नर्सिङ नपढ्ने निधो गरेपछि नेशनल कलेजमा भर्ना भएँ । नेशनल कलेजको नाइट क्लास त्यसबेला दरबार स्कूलमा हुन्थ्यो । मैले नाइट क्लास पढेर आइए र बीए गरें । अर्जुननरसिंह केसी बीए पढ्दाको क्लासमेट हो । त्यसबेला म *रेडियो नेपाल*मा समाचार भन्न थालिसकेकी थिएँ ।

त्यसबेला बलराम महर्जन भन्ने इतिहास पढाउने सर हुनुहुन्थ्यो । एकदमै राम्रो पढाउने गर्नुहुन्थ्यो । त्यसमा पनि मलाई इतिहास खुबै मन पर्ने विषय पनि हो । त्यसमा मिति ठीक भएन भने सबै त्यसको विषयक्रम नै बिग्रने हुन्छ । त्यसैले मिति

याद हुनुपर्छ । तर, मैले कहिल्यै पनि मितिहरू याद गरिनँ । मेरो भाषागत प्रस्तुतिले नै मलाई पत्याए जस्तो लाग्छ । आईएमा जाँच दिँदाखेरी एक नम्बरले पहिलो श्रेणी नआएर दोस्रो श्रेणीमा पास भएकी हुँ ।

## गणेशमानले दिनु भो पहिलो जागीर

मैले सबैभन्दा पहिलो जागिर खाएको शाही नेपाल वायुसेवा निगममा हो । त्यसबेला जागिर खान्छेस् भनेर सोध्ने चाहिँ गणेशमान सिंह हुनुहुन्थ्यो । उहाँले नै जागिरमा भन्दिनु भएको हो । गणेशमानलाई मैले पहिलेदेखि नै चिनेकी थिएँ । त्यसबेला उहाँको टंकविलाश भन्ने एक जना सेक्रेटरी हुनुहुन्थ्यो । उहाँ मेरो दाजुजस्तै हुनुहुन्थ्यो । उहाँले गणेशमानजीलाई भन्दिनुभयो । त्यसबेला निगममा जागिर खुलेको मलाई थाहा भएन । गणेशमानले सोधेपछि मैले जागिर खान्छु भनें, मेरो जागिरे जीवन शुरू भयो । त्यसबेला *गोरखापत्र*मा सूचना निस्किएको रहेछ, त्यही हेरेर मलाई जागिर भन्नु भएको रहेछ । महिनाको १७५ रूपैयाँ तलब त्यसबेलाको लागि ठिकै थियो, प्लेनको टिकट काट्ने काम थियो ।

२०१७ सालमा राजाले कू गरेपछि बीपी कोइरालालगायतका नेता पक्राउ परेको मैले त्यहीँबाट देखेको हो । म सधैं झैँ त्यो दिन पनि बिहान ८ बजे अफिस पुगेकी थिएँ । अफिस पुग्दा बित्तिकै वरिपरिका न्यूरोडका पसल हतार–हतार बन्द गरेको आवाज आयो । जुलुश आदि त केही थिएन तर पनि पसलेहरूले पसल बन्द गरेको देखेर हामी बाहिर निस्क्यौं । एकछिन पछि त बीपी कोइरालालगायतका नेताहरू पक्राउ परेको खबर थाहा भयो ।

## रेडियोमा बोल्ने रहर

रेडियोमा बोल्ने इच्छा पहिलादेखि नै थियो । रेडियो हाम्रो घरमै थियो । अरूले रेडियोमा बोलेको सुन्दा मैले पनि यसरी बोल्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो । त्यसबेला *रेडियो नेपाल*का लागि एउटा आवश्यकता निस्कियो । *रेडियो नेपाल*मा हिन्दी समाचार उपसम्पादक तथा प्रसारक भन्ने पद थियो । त्यसमा निवेदन दिएँ । ७५ जनाले निवदेन दिएकोमा मेरो नाम निस्कियो । मैले शाही नेपाल वायुसेवा निगममा १७५ रूपैयाँ तलब खाइरहेकी, त्यहाँ १२५ रूपैयाँको तलबमा नाम निस्कियो । एक महिनाको ५० रूपैयाँको फरक हुने भयो । त्यसबेला ५० रूपैयाले त एकबोरा चामल आउँथ्यो होला । धेरैलाई मैले त्यसबारेमा सोधिनँ । त्यसमध्ये एकजना दाइ हुनुहुन्थ्यो कृष्णप्रसाद श्रेष्ठ, जो मेरो हाकिम पनि हुनुहुन्थ्यो । उहाँलाई सोधेँ । उहाँले पैसा मात्रै नहेर भन्नुभयो । यता काम धेरै

गाह्रो थियो, मान्छे पनि अलि अप्ठ्यारा थिए । कम पैसा भए पनि म *रेडियो नेपाल*मा गएँ । हुन पनि यदि पत्रकारितमा नलागेको भए गृहिणी हुन्थें होला । आरएनएसीमा त एक वर्ष जागिर खाएँ । नर्सिङ मैले छोडेकै हो । मैले ५० रूपैयाँ कममा जागिर खाँदा पनि घाटा होइन नाफा नै भएजस्तो लाग्छ । यो क्षेत्रमा लागेर मलाई कुनै पछुतो छैन ।

२०१८ साल जेठ २४ गते हिन्दी समाचार वाचकको लागि मैले नियुक्ति लिएकी हूँ । प्रकाशमान सिंह डाइरेक्टर, भोग्यप्रसाद शाह समाचार डाइरेक्टर हुनुहुन्थ्यो । *रेडियो नेपाल*मा पहिले हिन्दीमा समाचार पढ्न थालें । एकैपटक स्थायी जागिरमा नाम निस्किएको थियो । त्यसबेला अस्थायी माग्ने चलन नै थिएन । हिन्दी र नेपाली गरेर नाम निकाल्ने ७५ जनामध्ये म पहिलो भएकी थिएँ । केशरबहादुर केसी त्यसबेला धेरै नाम चलेको प्रशासक हुनुहुन्थ्यो, पछि उहाँ राजदूत पनि हुनुभयो । उहाँले मेरो अन्तर्वार्ता लिनुभएको थियो । उहाँबाहेक तीन जना अरू पनि हुनुहुन्थ्यो । त्यसबेला मौखिक मात्रै थियो, लिखित परीक्षा थिएन ।

अन्तर्वार्ता दिंदा 'जागिर खाने हो' भनेर सोध्नुभयो । मैले 'खाने हो' भनैं । यो मान्छेलाई राख्नु, यसको बाघको जस्तो स्वर छ, रेडियोमा यसको स्वर फिट हुन्छ भन्नुभयो केसीले । उहाँ पुड्को पुड्को हुनुहुन्थ्यो, बाटोमा हिंड्दा लठ्ठी टेकेर हिंड्नु हुन्थ्यो ।

काम गर्ने बेला धेरै सिनिरयहरूले दबाउन खोज्ने । आफूचाहिँ काम नगर्ने, हामी जुनियरहरूलाई काममा बढी खटाउने । धेरै काम अह्राउने, लेखेको मिलेन भनेर डाइरेक्टरलाई देखाउन जाने गरेर दुःख दिन्थे । त्यसबेला नेपाली भाषाको समाचार हिन्दीमा उल्था पनि आफैं गर्नुपर्थ्यो । नेपालीमा लेखेर हिन्दीमा उल्था गर्दा ह्रस्व-दीर्घको धेरै महत्व हुने भएकाले खुबै ध्यान दिएर उल्था गर्नुपर्थ्यो ।

## *रेडियो नेपाल*मा पहिलो दिन

समाचार भन्न स्टुडियोमा जाँदा पार्क चुङ् ही भन्ने नाम मैले पहिलो चोटी सुनेकी थिएँ । दक्षिण कोरियाका तत्कालीन राष्ट्रपति पार्क चुङ् हीसम्बन्धी समाचार थियो हिन्दीमा । पार्क चुङ् ही उच्चारण गर्दा मैले शुद्धसँग गरेकी रहेँछु, मलाई चाहिँ थाहा छैन । त्यो केशरबहादुर केसीले सुन्नु भएको रहेछ । उहाँले त्यो पार्क चुङ् ही शुद्ध उच्चारण गरेको हुनाले आफ्नो व्यक्तित्व बढायौ भनेर भन्नुभयो । मैले 'किन र, सर ?' भनेर सोधेँ ।

'मलाई त्यो पहिले तानाशाह जस्तो लाग्थ्यो, तिम्रो समाचार सुनेदेखि त हिरो जस्तो लाग्न थाल्यो' भन्नुभयो । त्यो कुरा मैले कहिल्यै बिर्सिइनँ । त्यसपछि सधैंजसो बाटोमा भेट हुन्थ्यो । उहाँका घरपरिवार सबैलाई थाहा रहेछ, उहाँले मेरो समाचार मन पराउनु हुने रहेछ भनेर । अहिले उहाँको नाति डा. संजय सिंह (छोरीको छोरा) लाई पनि थाहा रहेछ । डा. सिंह अहिले पनि 'तपाईको समाचार हजुरबालाई एकदमै मन पर्थ्यो' भन्नुहुन्छ । अहिले पनि उहाँले मलाई सम्मान दिनुहुन्छ । आँखा जाँच गराउन विराटनगर आउनुस् भन्नुहुन्छ, म कहिलेकाहिँ जान्छु पनि ।

*रेडियो नेपाल*मा हिन्दी समाचार म जानुभन्दा पहिले पनि वाचन हुन्थ्यो । म गएपछि उनीहरू सबै फेल भए मेरा अगाडि । त्यसबेला श्यामा सिंह भन्ने केटी थिइन् । म गएपछि हामी दुईजनाले हिन्दी समाचार पढ्ने गर्थ्यौं । विश्वनाथ विमल हुनुहुन्थ्यो अर्को एकजना, उहाँ चाहिँ मभन्दा सिनियर । उहाँ मधेसको मान्छे, मेरोभन्दा पनि राम्रो हिन्दी थियो । लेखाइ पनि एकदमै राम्रो थियो ।

त्यसबेला काम गर्दा मैले धेरै हण्डर खाएँ, डोमिनेशन सहें । के भएर हो कुन्नि पछि म नै अरूभन्दा अगाडि भएँ । दुई वर्ष धेरै दुःख गरेपछि राम्रो भयो । दुई वर्ष हिन्दीमा समाचार वाचन गरेँ । राजा महेन्द्रले शासन हातमा लिएको केही बर्षपछि हिन्दी समाचार *रेडियो नेपाल*बाट प्रसारण हुन छाड्यो । पछि रेडियो व्यवस्थापनले मलाई नेपाली समाचार पढ्न लगायो ।

कति दिनसम्म मलाई नेपाली समाचार पढ्न अलि अप्ठ्यारो परेको थियो । यसले नेपाली समाचार पढेको त हिन्दी पढेजस्तै भयो पनि भने कतिले । त्यसपछि मलाई विस्तारै नेपालीमा बानी पर्‍यो । त्यसबेला हिन्दी समाचार बिहान १० बजे र दिउँसो २ बजे गरेर दुईपटक प्रसारण हुन्थ्यो । दुइटै बुलेटिन मैले पढ्नु पर्थ्यो । मैले त्यसबेला कुनै पनि दशैं, तिहार राम्रोसँग मनाउन पाइनँ । न ओभरटाइम छ, न कुनै अरू सुविधा, सबै गाउँ फर्किने हुँदा मैले नै दुवै समयको समाचार पढ्नु पर्थ्यो ।

विहान ७ बजेको प्रमुख समाचार भन्ने खुब रहर थियो तर पनि कहिल्यै दिइएन । २:३० बजेको एउटा नेपाली समाचार भन्न दिइन्थ्यो । त्यसबेला त्यो खुबै 'पपुलर' भएको थियो । दिउँसो २:३० बजे नेपाली समाचार १० मिनेटको हुन्थ्यो । १० मिनेटमा १ सेकेण्ड पनि फरक नपारी 'समाचार पूरा भयो' भनेर स्टुडियोबाट बाहिर निस्कन्थें । त्यसरी समय 'म्यानेज' गर्ने गर्थें । जति लामो अथवा छोटो

समाचार भए पनि म त्यसलाई ब्यालेन्स गरेर १० मिनेटभित्रै सक्थें । एउटा एउटा कुरालाई मिलाएर पढ्थे । पढ्दा पढ्दै समाचार सम्पादन गर्ने गर्थें । त्यही भएर समयमा नै समाचार पढिसकिन्थ्यो । म अहिले पनि जुनसुकै ठाउँमा कहिल्यै समय फरक पारेर जान्नँ ।  सामान्यतः वाचकले समाचार सम्पादन गर्न मिल्दैन । त्यसबेला मैले वाचन गर्दाखेरी सम्पादन गर्न मिल्छ कि मिल्दैन भन्दा पनि *राससको* समाचार हुन्थ्यो, सबैलाई त्यो बारेमा के थाहा हुन्थ्यो र ? त्यो सामान्य सम्पादन गर्न मिल्थ्यो । मैले सम्पादन गरेर पनि समाचार पढेकी छु । स्क्रिप्ट हेरेर समाचार भने पनि त्यो सम्पादन गर्न मिल्थ्यो ।

त्यसबेला अंग्रेजी समाचार भन्ने तीर्थराज तुलाधर हुनुहुन्थ्यो । पछि उहाँ सञ्चार सचिव पनि हुनुभयो । उहाँले नेपाली समाचारको पेपर लगेर माइक अगाडि अंग्रेजीमा 'ट्रान्स्लेट' गरेर समाचार भन्नुहुन्थ्यो । मैले अहिलेसम्म त्यति राम्रो अंग्रेजी पढ्ने मान्छे देखेको छैन । उहाँको दाजु दमनराज तुलाधर हुनुहुन्थ्यो, उहाँको पनि खुबै राम्रो अंग्रेजी थियो । दमन पनि अंग्रेजीको समाचार वाचक हुनुहुन्थ्यो । तीर्थराज तुलाधरलाई तपाईँ यति राम्रो अंग्रेजी कसरी बनाउनुहुन्छ भन्दा खेरी 'पख म तिमीलाई पनि सिकाउँछु' भन्नुहुन्थ्यो, कहिल्यै सिकाउनु त भएन । नेपालीको स्क्रिप्टमा अंग्रेजी ट्रान्सलेसन 'अन द माइक' गर्नु ठट्टा होइन । अहिले पनि मलाई ताज्जुब लाग्छ, त्यो कसरी सम्भव भयो भनेर ।

त्यसबेला म *अल इण्डिया रेडियो* धेरै सुन्थे । इन्दु वाही, विनोद कश्यप, अशोक बाजपेयी, देवकीनन्दन पाण्डे यी सबैको नाम मलाई कण्ठ थियो । उनीहरूले जस्तो बोल्यो त्यस्तै खालको बोल्न म चाहन्थे र कपी गर्थे । हिन्दीबाट कपी गरे पनि लिपि एउटै भएकाले नेपालीमा पनि त्यति गाह्रो भएन । समाचार प्रमुख भोग्यप्रसाद शाह हुनुहुन्थ्यो । उहाँ एकदमै छोटो, मीठो र राम्रो स्क्रिप्ट लेख्नुहुन्थ्यो ।

एकपटक तालिमका लागि मैले *बीबीसी*मा पनि जाने अवसर पाएँ । *बीबीसी*मा सिकाउँदा कस्तो भन्थ्यो भने समाचारमा पहिलो प्यारामा सुन्ने मान्छेलाई समाचार आयो भनेर जानकारी दिनुपर्छ । दोस्रो प्यारा भने बिस्तारै पढ्नु पर्छ । अनि अन्तिम प्यारामा भने अब समाचार सकिनै लाग्यो भन्ने जानकारी आवाजको संकेतबाट दिनुपर्छ । त्यसरी नै आफूले प्रस्तुत गर्नुपर्छ । मैले लण्डनमा १८ महिना *बीबीसी*मा हिन्दी र नेपालीमा समाचार पढें ।

## देश विदेशमा तालिम र सम्मान

मैले स्वदेश तथा विदेशमा धेरै तालिममा सहभागी हुने मौका पाएँ । तालिमका क्रममा जर्मन भाषा सिकैँ । त्यो सिक्न जस्तो गाह्रो कहिल्यै भएन । जर्मनीमा प्रोग्राम

प्रोडक्सन कोर्स गर्न जाँदा त्यो भाषा सिकेकी हुँ । म त्यहाँ जादा एउटा वाक्य सिकेर गएकी थिएँ त्यो हो 'इस् कमे अउस् नेपाल' (आई एम फ्रम नेपाल) । त्योभन्दा बढी नजान्ने, अरू त ६/६ महिना पढेका थिए । त्यहाँ धेरै लामा-लामा वाक्य उच्चारण गर्दा म धुरूक्क रून मात्रै सकिनँ । मैले १८ महिना ट्रेनिङ गरें जर्मनीमा ।

मलाई *बीबीसी* लण्डनमा *रेडियो नेपाल*बाट पठाइएको थियो । त्यहाँ मैले एक वर्ष काम गरे । त्यहाँ बस्दा अतिरिक्त पैसाका लागि कार्यक्रम चलाउथें । त्यहाँ उर्दू, हिन्दी सेवामा पनि काम गरें । त्यहाँ बस्दा उनीहरूले धेरै ठाउँमा लगे मलाई । उनीहरूले आफ्नो प्रोग्राम के-कसरी बनाउने भन्ने कुरा सिकाए र त्यस्तै प्रोग्राम बनाउन पनि लगाए । त्यहाँ पनि मेरो भ्वाइस उनीहरूलाई राम्रो लाग्यो । त्यहाँ फिल्डमा गएरै समाचार तयार गर्नुपर्थ्यो, *बीबीसी* नेपाली सेवाका लागि काम गर्नुपर्थ्यो । मैले *बीबीसी* नेपालीका लागि नेपालीमा धेरै समाचार तयार पारें ।

त्यसबेला एउटा घटना भयो । चेकोस्लोभाकियाका एकजना राष्ट्रपति मलाई खुब मनपर्थ्यो । उनलाई अकस्मात राष्ट्रपतिबाट निकालियो । त्यसबेला *बीबीसी*मा मसँगै यादव खरेल पनि न्यूज रिडरमा हुनुहुन्थ्यो । स्टुडियोमा कुरा हुँदा उहाँसँग मैले 'त्यस्तो राम्रो मान्छे किन निकालेको होला है' भनेको रेकर्ड भएछ । पछि त्यो त सम्पादन गर्न बिर्सिएछ, नेपाली समाचारमा त्यो ब्रोडकास्ट भएछ । तर त्यहाँ विदेशीले त बुझ्नेनन् । उनीहरूले ठाने होलान्, त्यो समाचारको कुनै अंश होला । नेपालमा त यसले राष्ट्रपतिलाई मन पराउँदी रैं'छे भनेर हल्ला नै भएछ । अरू बेला पनि त्यस्तो धेरै 'अन एयर' भएको छ ।

म *बीबीसी*मा तालिमका लागि गएको बेला फिल्म सुटिङको ट्रेनिङ लिन यादव खरेल जानु भएको थियो । त्यहाँ उहाँले नेपालीमा कार्यक्रम पनि चलाउनुहुन्थ्यो । मेरो त ट्रेनिङ नै थियो । त्यसको बीच बीचमा म उहाँसँगै कार्यक्रम चलाउथैं । जर्मनीमा भने निकै गाह्रो भयो । जर्मनीमा भएको ट्रेनिङमा १२ जना विदेशीमा नेपाली म एकजना मात्रै थिएँ । त्यसमा पनि महिला म मात्रै थिएँ ।

त्यस्तो ट्रेनिङ लिन म २/४ पटक मलेसियाको राजधानी क्वालालम्पुर पनि गएकी छु । टेलिभिजन ट्रेनिङका लागि हल्यान्ड गएँ । हल्यान्डमा चार महिनाको ट्रेनिङ लिएँ । त्यसबेला *रेडियो नेपाल*बाट नै मलाई पठाइएको थियो । त्यसमा *नेपाल टेलिभिजन*बाट दुर्गानाथ शर्मा पनि हुनुहुन्थ्यो । त्यो टोलीमा डिल्लीरमण रेग्मीकी छोरी सोफिया शर्मा, भारती सिलवाल गिरी पनि सँगै थिए । अर्की एकजना विना लामा पनि थिइन् ।

टेलिभिजनको प्रेजेन्टेसन गर्न गाह्रो थियो । त्यहाँ पनि प्रोग्राम बनाएर प्रस्तुत गर्नु पर्थ्यो । टेलिभिजनमा गएको भए म पनि बिक्थेँ होला, तर त्यहाँ धेरै समय टिक्न गाह्रो हुन्छ भनेर मलाई थाहा थियो ।  म त्यस्ती बाठी पनि होइन, मनमा लागेको कुरा भन्ने, बनावटी कुरा गर्न नआउने, मान्छेलाई धेरै सम्मान पनि दिन नआउने, फुर्सद पनि धेरै नहुने, तीनजना बच्चाहरू हेर्नुपर्ने भएकोले टेलिभिजनतिर वास्ता गरिएन । 'जाने हो टेलिभिजनतिर ?' भनेर धेरैले सोधेका थिए तर मैले मानिनँ ।

त्यसैबीचमा मलाई एउटा आकाशवाणी (आवा) को कागज आयो । यो आवा युनाइटेड नेसन्स इन्भाइरोमेन्टल प्रोग्रामबाट आएको रहेछ । त्यसमा लेखिएको थियो, 'यु आर सेलेक्टेड फर ग्लोबल फाइभ हन्ड्रेड द रोल अफ अनर । प्लिज कन्ट्याक्ट अस ।' अनि मैले सबैसँग बुझ्दा खेरी उनीहरूले सबै कुरा 'प्रोभाइड' गरेका रहेछन् । मलाई त गौरवको कुरा भयो, त्यसबेला बेल्जियम जानुपर्ने थियो, गएँ । बेल्जियमका नरेश बोदवाँ द फिष्थले सम्मान प्रदान गर्नुभएको थियो ।

त्यसबेला जुन हलमा पदक दिइएको थियो, त्यो चारैतिर सिसैसिसाको थियो । त्यो राजाको दरबार थियो, ग्राण्ड प्यालेस । म आफैँ छक्क परें, कस्तो ठाउँमा आइपुगें भनेर । त्यहाँ पनि म मात्रै नेपाली थिएँ । त्यसबेला रामप्रीत यादव भन्ने पनि 'सेलेक्ट' भएका थिए । तर महानिर्देशक विश्वनाथ उप्रेतीले रामप्रीतलाई जान दिनु भएन । त्यसबेला वातावरण संरक्षणमा योगदान गरेवापत विश्वभरका पाँच सयजना वातावरण अभियन्तामध्ये 'ग्लोबल फाइभ हन्ड्रेड अनर' पाउने नेपाली म एकजना हो ।

म कसरी त्यसमा सेलेक्ट भएँ कसरी थाहा पाउने मैले ? तर, यो चलाख, यसले चिनेको छ त्यसैले पाएको होला भने धेरैले । तर, मलाई के थाहा ? न 'ग्लोबल फाइभ हन्ड्रेड' भन्ने थाहा पाउनु, न बेल्जियम कहिल्यै जानु ? तर मान्छेले कुरा काट्न छाड्दैनन् । पुरस्कारको राशी थिएन, त्यहाँको राजाले खाली सम्मान दिने मात्रै कार्यक्रम थियो । एकमो प्यालेसमा 'हियर कम्स द भ्वाइस अफ नेपाल' भनेर बोलाउँदा म आफैलाई सपनाजस्तो लागेको थियो । अहिलेसम्म पनि त्यो क्षण बिर्सिएको छैन । आफ्नो अनुहार आफैँ देखिने जताततै ऐना नै ऐना छ, कस्तो प्यालेस ? हिंडदा पनि चिप्लिएर लडिएला जस्तो ।  इन्भाइरोमेन्टल रेडियो कार्यक्रम प्रभावकारी ढंगले चलाएवापत 'प्रोडक्सन'का लागि मलाई त्यो सम्मान दिइएको थियो । त्यो पाउँदा अहिले पनि गौरव लाग्छ । त्यो नै मेरो लागि सबैभन्दा ठूलो सम्मान थियो ।

त्यसबेलाका प्रधानमन्त्री मरिचमान सिंहले 'यो नेपालको लागि गौरवको विषय हो' भनेर वक्तव्य निकाल्नु भएको थियो, जुन *गोरखापत्र*मा छापिएको छ । त्यो अहिलेसम्म मसँग छ । उहाँले त्यसमा 'नेपाल गौरवान्वित भएको छ' भन्नुभएको थियो । त्यसपछि यो पदक नेपालका कुनै व्यक्तिले पाएको मलाई थाहा छैन । महेन्द्र प्रकृति सरंक्षण कोषले एकपटक संस्थागत रूपमा पाए जस्तो लाग्छ ।

अरू पनि सम्मान धेरै छन् त्यसको चाङ नै छ, खोज्नुपर्छ । कति त मैले के गर्नु भनेर बाँडेँ । नेपालमा चाहिँ धेरै पाएकी छु । सञ्चार मन्त्रालयले दुई लाखको पुरस्कार पनि दियो । कान्तिपुर पब्लिकेशनले ५० हजार रूपैयाँ राशीको पुरस्कार दियो । सम्मान त धेरै छन् । प्रशंसापत्र मात्र राखेर के गर्नु, दुई सय वटा जति होलान् । मेरो प्रशंसापत्र नपुगेको कुनै पनि आफन्तको घर छैनन् होला ।

## कार्यक्रम प्रस्तोता पनि

*रेडियो नेपाल*मा मैले समाचार मात्रै भनिनँ, थुप्रै कार्यक्रम पनि चलाएँ । त्यस समयमा मैले थुप्रै प्रोग्राम तयार पारेँ । त्यसमध्ये देशदर्शन भन्ने थियो एउटा । रसरंग, हाजिरी जवाफ कार्यक्रम पनि चलाउँथे । अरू थुप्रै कार्यक्रम सञ्चालन गरेकी छु । त्यसमा वातावरण, पंक्षी संसार, वन्यजन्तु संरक्षण, हाम्रो माटो, पालुवा कार्यक्रम गरी मैले १५ वटा जति चलाएँ होला ।

रेडियोमा छँदा जति अलग्गै कार्यक्रमको पैसा अलग्गै पाउँथें । वन कार्यक्रम चर्चित थियो । त्यही कार्यक्रमकै कारण 'ग्लोबल फाइभ हन्ड्रेड' सम्मान पाएको हो मैले । नियमित कामका लागि हामीलाई रिपोर्टिङका लागि बाहिर जानु पर्दैनथ्यो तर अतिरिक्त कार्यक्रम बनाउनका लागि भने जानुपर्थ्यो ।

त्यसबेला समाचारको स्क्रिप्ट हातले लेखेर आएको हुन्थ्यो, त्यो नै पढ्ने गरिन्थ्यो । त्यसमा कहिलेकाहिँ त सच्याउने समय पनि मिल्दैनथ्यो । कतिपटक त त्यो स्क्रिप्ट हेर्नै पाइएको हुँदैनथ्यो । एकपटक एउटा शब्द आयो सगज भन्ने । अब समाचार सुन्नेले कसरी बुझ्छ त्यो शब्द । सगज, सगज, त्यो त के हो के हो भन्ने भयो । पछि माफ गर्नुहोला संयुक्त गणतन्त्र जर्मनी भनेर पढें ।

मैले कुनै गल्ती गरें र माफी मागें भने त्यो सबैभन्दा बढी श्रोतालाई मन पर्ने रहेछ । मलाई कतिपटक समाचार भन्दाखेरी समय थोरै भयो अथवा समयभन्दा अगावै सकियो भने म त्यसलाई लम्ब्याउन भए पनि माफ गर्नुहोला फेरि यो समाचार एकपटक सुन्नुहोला भनेर भन्ने गर्थे । कागज हेरेर कति मिनेटको

समाचार बन्यो भनेर मलाई थाहा हुन्थ्यो । अरूले के गर्नुहुन्थ्यो मलाई थाहा भएन । तर, मचाहिँ १० मिनेटको समाचार भन्थें ।

पछि दुर्गानाथ शर्मा आएपछि समाचारको समय १५ मिनेट पुऱ्याउनु भयो । उहाँलाई जति समाचार भने पनि नपुग्ने जस्तो लाग्यो । पहिले हिन्दी र नेपाली दुबै १० मिनेटको समाचार थियो । त्यसबेला केदारलाल ठाकुर चिफ टेक्निसियन हुनुहुन्थ्यो । उहाँले शुद्धाशुद्धी यस्तो थाहा पाउनुहुन्थ्यो कि मेरो केही बिग्रियो भने स्टुडियो बाहिर उभिइरहनु हुन्थ्यो, के बिग्रिएको छ, त्यो नोट गरेर बस्नुहुन्थ्यो । आफै को सुध्रिन्छ र ? सुध्रिनलाई अरूले टेवा दिए पो राम्रो हुन्छ । एकपटक भनेर नमान्ने मान्छेलाई अरूले सघाउँदैन । तर केदारलालले सधैँ मलाई सघाउनुभयो । यो मिलेन, यस्तो हुनुपर्थ्यो भनेर भन्ने गर्नुहुन्थ्यो । भोग्यप्रसाद शाहले प्याराग्राफ छुट्याउनु पऱ्यो भन्ने गर्नुहुन्थ्यो । तर, रेडियोका स्रोता भनेका त आवाज मात्र सुन्ने हुन्, त्यहाँ किन प्यारा छुट्याउनु पऱ्यो ? भन्नेहरू छन् आजभोलि । तर समाचार भन्नेले आफ्नो आवाजबाट थाहा दिनुपर्छ कि समाचार शुरू भएको र अन्तिम हुन लाग्यो भनेर । अहिले त्यस्तो छ जस्तो लाग्दैन । अहिले म *रेडियो नेपाल* त्यति सुन्दिनँ ।

त्यसबेला प्रवीण गिरी र कमल प्रधान पनि लेखाइबाट नै आएका हुन् । प्रवीण गिरीलाई पाँच वर्ष लाग्यो त्यो समाचार पढेर लेबल बनाउन । पछिसम्म पनि हातैले लेखेर समाचार आउँथ्यो । भोग्यप्रसादको सानो सानो अक्षर तर असाध्यै सुन्दर, 'गोल्डेन राइटिङ' थियो । त्यस्तो अक्षर त मैले विदेशमा मात्रै देखेकी छु ।

सरकारी तलबभन्दा पनि बाहिरबाट मैले धेरै पैसा कमाउने गर्थें । वन कार्यक्रमको एक इपिसोडको १६ हजार कमाउँथे । पछि त्यही कार्यक्रम महिनाको ८० हजार आउँदा पनि गरिनँ । त्यसबेला वन्यजन्तु संरक्षण विभागको एकजना डाइरेक्टर हुनुहुन्थ्यो । उहाँले यो अलिकति मिलाउनु पऱ्यो भन्नुभयो । मैले उहाँको आशय बुझेर नै 'म त्यो पक्षमा छैन' भनें । 'मैले त्यस्तो काम गरेको पनि छैन, म त मेहनत गर्ने र त्यस अनुसारको पैसा लिने हो' भनें । तर, उहाँले 'नत्र त गाह्रो पर्छ' भन्नुभयो । मैले भोलिपल्ट नै कार्यक्रम सञ्चालकबाट राजीनामा गरें । म वातावरणको क्षेत्रमा कृयाशील पत्रकारहरूको संस्था नेपाल वातावरण पत्रकार समूह (नेफेज) मा पनि संलग्न भएँ । धेरै समय म नेफेजको उपाध्यक्ष भएर पनि काम गरें । आदित्यमान श्रेष्ठ अध्यक्ष, म उपाध्यक्ष थियौँ ।

## प्रधानमन्त्रीले रोके सरूवा

*रेडियो नेपाल*मा काम गर्दा सरूवा हुँदैनथ्यो । तर एकपटक सरूवा भएको छ । सरूवा त के भन्नु म त्यहाँ बस्दा लोकसेवा दिएर अधिकृतमा नाम निस्क्यो । मेरो सिनियर मत्स्य एकाउन्टेन्टमा पदस्थापन हुने भयो मत्स्यपालन विभागमा । न्यूज रिडरलाई कहाँको एकाउन्टेन्ट ? म त अब जागिर खान्नँ नै भनेर तीन चार दिन घरमै बसें । त्यसपछि भोग्यप्रसाद शाह घरमा आएर किन नआएको भन्नुभयो । मैले सिनियर एकान्टेन्ट त हुन्नँ भनें । सूर्यबहादुर थापा त्यसबेला प्रधानमन्त्री हुनुहुन्थ्यो । उहाँले प्रधानमन्त्रीलाई भेट्न मलाई पनि लिएर जानुभयो । प्रधानमन्त्रीले के-के प्रकृया मिलाउनुभयो कुन्नि, मथिल्लो पोष्टमै मेरो जागिर रेडियोमै थमौती भयो । मैले फेरि रेडियोमा नै आएर जागिर खान थालें । त्यसपछि रेडियोबाट अन्य ठाउँमा सरूवा भएन ।

म त्यहीँबाट रिटायर्ड भएँ । मैले ३० वर्ष सेवा अवधिको प्रावधान लागुभएपछि २०४९ साल कात्तिक २२ गते छाडेकी हुँ । यो प्रावधानका कारण तारादेवी लगायत धेरै जनाले एकै पटक *रेडियो नेपाल* छोड्नु पर्‍यो । मलाई त खासै केही भएन, कतिलाई त एक्कासी *रेडियो नेपाल* छोड्नु पर्दा 'शक' भएछ । तारादेवीलाई त बेहोस भएर अस्पताल नै लैजानु परेछ ।

## दुखद समाचार र चकलेट फिर्ता

२०२० सालमा नेपालमा दुर्गानन्द झालाई फाँसी दियो । धेरैले त्यस्तो फाँसी भएको नराम्रो समाचार पढ्दै पढ्दिनँ भने । नराम्रो समाचार कसले पढ्न खोज्छ र ? कसैले पनि पढ्न चाहेनन् । १६ वर्षको केटा दुर्गानन्द फाँसीमा चढाइएको कसरी पढ्ने होला । कसो-कसो मैले हिम्मत जुटाएर समाचार पढें । यस्ता कुरा अलि याद आइराख्दो रहेछ ।

काठमाडौं उपत्यकाबाहिर हुने प्रायः सरकारी सभा सम्मेलनमा कार्यक्रम सञ्चालकका रूपमा मलाई निम्त्याइन्थ्यो । यस्तो अवसर त काठमाडौंमा पनि आउँथ्यो तर बेलाबेलामा गाउँमा जान आनन्द लाग्थ्यो मलाई । त्यहाँ कृष्णा ताम्राकार आउँदैछ भनेर पहिला नै थाहा भइसक्थ्यो । म शहरीयाभन्दा गाउँलेले मन पराउने मान्छे थिएँ । त्यहाँ धेरै भीड हुन्थ्यो । तर, मेरो अनुहार देखेर, स्वर त्यो हो भनेर नपत्याउने । स्वरमा मानिस जति लोभिए, भेट्दा त्यति आकर्षित भए जस्तो मैले महसुस गरिनँ ।

अर्को एउटा चाहिँ रमाइलो प्रसङ्ग छ । एकपटक भेट्नका लागि दार्जिलिङका मान्छेहरू *रेडियो नेपाल*मै आउने भए । त्यसबेला सबैले तिमीलाई भेट्न आउँदा चकलेट लिएर आउँछन्, अब खान पाइन्छ भन्थे । तीन चार जना महिला र केही पुरूष आए । मचाहिँ रेडियोबाट समाचार पढेर निस्केकी थिएँ । 'तपाईँ हो, कृष्णा ताम्राकार ?' भनेर सोधे । 'हो' भनें । 'होइन होला' भनेर शंका व्यक्त गरे । मैले भनेँ, 'हुन त कृष्णा ताम्राकार म नै हो तर तपाईंहरूलाई होइन जस्तो लाग्यो भने मेरो के लाग्यो र ?' भनें । एकछिन कुराकानी भएपछि पनि उनीहरूलाई विश्वास लागेन । उनीहरूले अमिलो अनुहार पारे । त्यो अमिलो अनुहार अहिले पनि बिर्सिएको छैन । न मलाई त्यहाँबाट उठेर जानु, न बसिराख्नु भन्ने भयो । एकछिन बसेर उनीहरू बिदा भए । उनीहरू गएपछि साथीहरूले खै चकलेट भनेर सोधे । चकलेट त के मान्छेको अनुहार नै मन परेन, के चकलेट दिन्छन् भनें मैले । त्यो घटना कहिल्यै बिर्सिएको छैन । को थिए तिनीहरू भन्ने पनि थाहा छैन, फोटो चाहिँ छ जस्तो लाग्छ मलाई मन नपराउने मान्छेको ।

## गाउँतिरको सम्झना

गाउँघरतिर गयो भने मेरो अनुहारसँग स्वर म्याच नै गर्दैन भनेर पत्याउँदैनन् । म त्यसबेला कुनै पनि श्रृंगार गर्दिनथे, पछि पनि गरिनँ । म मामुली साडी लगाएर हिँड्थेँ । मान्छेहरूले लिपिस्टिक लगाएर, कपाल काटेर नक्कल पार्ने खालको मान्छे होला भनेर कल्पना गर्दा रहेछन् । मलाई देखेपछि त निरास हुने नै भए ।

ड्रेसअपकै कारणले मलाई म्याच नगरेको धेरैले भन्थे । कार्यक्रम चलाउँदा मलाई महिनाको तीन हजार वटा जति चिठी आउँथे । तीमध्ये एक दुईवटा अझै पनि होलान् । कुनै तारिफका हुन्थे भने कुनै लभलेटर पनि हुन्थे । तारिफ नै धेरै आउँथ्यो । छद्म नामबाट धेरै आउँथे । गाउँघरमा भने जहाँ गए पनि भेटघाट गर्दा गाउँले रमाउँथे । 'आवाजको माध्यमबाट तपाईं हाम्रो भान्छामा, कोठामा, बैठकमा जहाँ पनि पुगिराख्नु भएको हुन्छ, हाम्रो घरमा आउनुहोस्' भन्थे । विभिन्न कोसेली बोकेर आउँथे ।

त्यतिबेला कार्यक्रम सञ्चालक (एमसी) भन्ने खासै थिएन । कतिपटक ठूला मान्छेको जिल्ला भ्रमण तथा सभा सम्मेलनको लागि भ्रमण गर्नुछ भने उनीहरूसँग जान्थें । त्यस्ता सार्वजनिक कार्यक्रम थुप्रै छन् । ६० वर्ष भइसक्यो, त्यति धेरै कुरा याद गरेर साध्यै छैन । म क्यान्सरको विरामी पनि हो, धेरै कुरा स्मरण गर्न पनि गाह्रो भइसक्यो ।

एकपटक श्रीलंकाका राष्ट्रपति जे.आर. जयवर्धने नेपाल आएको बेलामा उहाँको र अरू त्यस्तै ठूला मान्छेको अन्तर्वार्ता लिने अवसर पनि पाएको छु । एकपटक लुम्बिनीमा बुद्ध गार्डेन बनाउने कुरा थियो । त्यहाँ एकजना प्रोफेसर केञ्जो टाङ्गे आउनुभयो । उहाँसँग अझै मेरो फोटो छ । उहाँले मलाई लुम्बिनी लिएर जानुभयो । प्रोफेसर टाङ्गे चाहिँ विश्वप्रसिद्ध जापनिज आर्किटेक्ट इञ्जिनीयर हो । उहाँ 'डिजाइनर अफ द लुम्बिनी गार्डेन' हुनुहुन्थ्यो, एकदमै प्रख्यात । त्यसबेला मेरो इक्युपमेन्ट कस्तो थियो भने ठूलो माइक, ठूलो टेपरेकर्डरमा बोल्नुपर्ने, उहाँको मुखमा माइक जोड्दा पनि उहाँले जापानिजमा बोलेको कुरा एक शब्द पनि मैले टिप्न सकिनँ । उहाँले जस्तो बोल्नुभयो जे रेकर्ड भयो, त्यस्तै गरेँ । जयबर्धनेले भने अंग्रेजीमा बोल्नुभयो, ठीकै थियो ।

## पचास पैसामा स्पष्टीकरण

एकपटक एउटा समाचार थियो २:३० बजेको । त्यसमा चिनीको मूल्य ५० पैसा बढेको भन्ने थियो । त्यो समाचारजुम्लाका एकजना मन्त्रीले सुन्नु भएको रहेछ । तुरून्तै फोन गरेर 'किन ५० पैसामा जोड दिएको ?' भनेर भन्नुभयो । मैले 'को बोल्नुभएको, मैले चिनिनँ' भनेँ । '५० पैसा त हाम्रो लागि धेरै महँगो हो' पनि भनें । 'बढ्ता भएर बोल्छे' भन्यो । म बोलिनँ । भोलिपल्ट स्पष्टीकरण आयो, मलाई फोनमा हप्काउने त मन्त्री हरिशचन्द्र महत पो हुनु हुँदो रहेछ । प्रचण्डमानले कुरा मिलाउनु भयो । 'उहाँलाई ज्वरो आएको रहेछ, त्यसैले राम्रोसँग पढ्न सक्नु भएन छ, त्यसैले अलि गडबड भएको रहेछ । मन्त्रीज्यू, माफ गरिदिनुहोस्', भन्नुभयो । म त्यहीँ थिएँ, केही पनि बोलिनँ, पछाडि उभिइरहेँ । त्यसपछि तीन दिनसम्म समाचार पढ्न दिइएन । त्यो कति सालको कुरा हो, याद भएन । ५० पैसा बढेको कुरालाई मैले महत्व दिएको हुनाले उहाँ रिसाउनु भएको रहेछ । त्यस्तो चाहिँ कहिलेकाहिँ हुन्थ्यो ।

समाचार के कारणले आएन, किन आएन भनेर कचकच चाहिँ भैरहन्थ्यो । कुनै कुनै समाचार यस्तो हुनुपर्ने, अर्कै किन गएको, बारम्बार किन नदिएको भनेर भन्ने गर्थे । अरू त्यस्तो कुनै कारणले मलाई गाली गर्ने थिएनन्, खाली समाचारको विषयमा मात्र गाली खाइन्थ्यो बेलाबेला ।

एकपटक को मन्त्री हो, नाम बिर्सिएँ । उहाँले 'मेरो समाचार किन बजेन?' भनेर सोध्नुभयो । मैले दुई तीनपटक आइसक्यो, त्यही भएर झिकेको भनें । पछि त स्पष्टीकरण सोधियो । 'किन मन्त्रीलाई त्यस्तो भनेको ?' भनेर स्पष्टीकरण

सोधिएको रहेछ । त्यसमा 'मैले बिर्सिएँ' भन्नुपर्थ्यो रे ! 'त्यस्तो त गर्न नहुने, किन गरेको, समाचार झिक्न त नहुने, मेरै समाचार भन्ने थाहा पाएर झिकेको' भन्नुभयो । केही पनि बोलिनँ । त्यहाँ पनि प्रचण्डमानजीले 'त्यस्तो त केही होइन मन्त्रीज्यू, उहाँलाई अलि सञ्चो थिएन, यसपटकलाई माफ पाऊँ' भन्नुभयो । फेरि त्यही विसञ्चोको कुराले काम गर्‍यो । यो कति सालको कुरा हो, कुन समाचार थियो, अहिले सम्झना भएन ।

२०४६ सालको परिवर्तन पछि हो, एकपटक अस्ट्रेलियाको पर्थमा एक महिने सम्मेलन थियो । मलाई त्यो कार्यक्रममा जाने अवसर मिल्यो । पर्थमा मलाई कसले पठायो, अस्ट्रेलियाबाट कसले मलाई निम्तो दियो, त्यो मलाई थाहा थिएन । हल्ला भयो, पैसा पनि थुप्रै पाउने भएकाले सबैले हल्ला गरेका थिए । त्यो कार्यक्रममा एकजना मन्त्री पनि हुनुहुन्थ्यो । उहाँ चिटिक्क परेर हिंड्नुपर्ने । उहाँले लगाएको पर्फ्युम तीन कोश परदेखि वास्ना आउँथ्यो । हामी एक महिनासम्म त्यही कार्यक्रममा थियौँ । फर्किने बेलामा उहाँले अलिकति सुन पनि किन्नुभयो । त्यसबेला उहाँले एक हजार ७ सय डलर हालेर ल्याम्ब्स् उलको एउटा रातो स्वीटर किन्नुभयो । मन्त्रीको किनमेल अलि महंगो लागेर होला त्यो स्वीटरको मूल्य र रंग अहिले पनि याद छ । वनसम्बन्धी त्यो कार्यक्रममा त्यहाँको वनसम्बन्धी एउटा ठूलो संस्थाले बोलाएको थियो । त्यसबेला मन्त्रीका निजी सचिव पनि गएका थिए । *रेडियो नेपाल*मा वनसम्बन्धी कार्यक्रम चलाउने भएकाले म पनि छानिएकी रहेँछु ।

प्रजातन्त्र आएपछिको काँग्रेस सरकारका एकजना मन्त्रीले मेरो एउटा कार्यक्रम रोके । त्यसबेला मैले पाउनुपर्ने पैसा पनि रोकियो । यो पैसा तिमीले लैजाने हैन, *रेडियो नेपाल*लाई दिनुपर्छ भने । पछि आधा आधा गर्ने भने । मैले म प्रोगाम चलाउँदिन भनें । पछि त्यो कार्यक्रम फेरि मलाई नै फिर्ता दिइयो । वन संरक्षणसम्बन्धी धेरै कायक्रम चलाएँ । मत्स्यपालनदेखि अनेक कार्यक्रम सञ्चालन गरें । मेरा सबैजसो कार्यक्रमको नामाकरण चेतन कार्कीले गरिदिनुभएको हो ।

म *रेडियो नेपाल*मा प्रवेश गर्दा अफिसको वातावरण त्यति नराम्रो थिएन । मैले देखें - नेवारी समाचार पढ्ने केटीहरूलाई पनि त्यस्तो थिएन । म धेरै समय बस्ने गर्दिनथें । काम सकियो गैहाल्यो । त्यतिबेला पनि अफिसमा महिलालाई 'ह्यारेस्मेन्ट' गरेको भन्ने कुरा सुन्नमा आउँथे । *रेडियो नेपाल*मा धेरै त्यस्तो कुरा सुनिन्थे । समाचारतिर भन्दा पनि संगीत शाखामा, गीत गाउने कलाकारहरूमा त्यस्तो कुरो सुनिन्थ्यो । मैले त्यस्ता कुरामा वास्ता पनि गरिनँ, त्यस्तो दृष्टिले मलाई कसैले हेर्दा पनि हेरेन । वातावरण पनि ठीकै थियो, काम गर्दा धेरै जसो बुद्धिजीवी मान्छेसँग काम गरें ।

## विज्ञापनमा आवाज बेचिनँ

मैले विज्ञापनमा अहिलेसम्म कहिल्यै पनि बोलेकी छैन । म मात्रै होइन प्रवीण गिरी, माइकल चन्दले पनि विज्ञापनमा बोल्नुभएन । उहाँहरूको पनि धेरै राम्रो अंग्रेजी थियो । मलाई धेरैले विज्ञापनमा बोल भने । मलाई प्रसूतिसम्बन्धी विज्ञापनको अफर आएको थियो । पैसा कति लिनुहुन्छ भनेर सोधेका पनि थिए, मैले बोलिनँ । परिवार नियोजनको एउटा संस्थाबाट अफर आएको थियो । त्यसमा पनि मैले बोलिनँ । त्यसमा पनि धेरै पैसाको अफर थियो । यस्ता धेरै अफर छोडेँ ।

महिनाको ८० हजारको अफर त मिनेटमै छोडेको मान्छे, विज्ञापनमा बोल्न किन लोभ गर्नु ? चित्त नबुझ्ने काम पैसाको लोभमा गर्न हुन्न । त्यसबेला कतिले यो जस्तो घमण्डी कोही रहेनछ पनि भने । घुस दिनुपर्ने अवस्था आएपछि वनसम्बन्धी त्यो कार्यक्रम नै छोडिदिएकी थिएँ । घुस दिएर प्रोग्राम चलाउने पक्षमा म थिइनँ ।

कार्यक्रम उद्घोषण (एमसी) का लागि खासै त्यस्तो मोलमोलाइ हुदैनथ्यो । सरकारी कार्यक्रम भए यति छुट्याएको छ भन्थे, अन्य कार्यक्रममा कति दिने ? भनेर सोध्थें । यति दिन्छौ भने बोल्छु, नभए बोल्दिन भन्थें । बेलायतकी महारानी एलिजावेथ द्वितीयाको नेपाल भ्रमणका बेला नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा कार्यक्रम राखिएको थियो । त्यहाँ मैले एमसी गरेवापत पाएको पैसाले उतिखेर नै आधा तोला सुन किनेकी छु । ठ्याक्कै रकम कति थियो याद भएन । खाममा हालेर हातमा दिन्थे । यस्ता कार्यक्रबाट आएको रकमको हिसाब छैन । त्यसबाट आएको पैसाले सामान किन्यो, आफन्तलाई गिफ्ट बाँड्यो, सक्यो ।

## रेडियो प्रविधिमा परिवर्तन

अहिले रेडियोको प्रविधिमा धेरै परिवर्तन भएको छ । म *रेडियो नेपाल*मा प्रवेश गर्दा इलेक्ट्रोनिक्स डिभाइसमा समाचार वाचन गरेकी हुँ । प्रविधिले अहिले रेडियो कर्मलाई धेरै सजिलो बनाइदिएको छ । म ३० वर्ष काम गरेपछि रेडियोबाट रिटायर्ड भएँ । त्यसपछि *रेडियो नेपाल*मा 'ट्रेनिङ दिन आइज, पैसा चाहिँ दिन सक्दैनौँ' भने । नयाँपुस्ताले सिक्छन् भने राम्रै हो भनेर हरेक मंगलबार बिहान तालिमस्वरूप समाचार पढें । मैले ३० बर्षभन्दा बढी समय *रेडियो नेपाल*मा समाचार भनें तर बिहान ७ बजेको 'प्राइम टाइम' समाचार भन्न कहिल्यै दिइएन ।

तालिम दिन डाइरेक्टरको अनुरोधमा गएकी हुँ म । तर, पुरानो प्रविधिमा काम गरेका हामीबाट नयाँ पुस्ताले सिक्न खोजेजस्तो लागेन । बरू मैलाई पो

सिकाउलान् जस्तो गरे । एक बर्ष जति निःशुल्क सेवा दिएँ त्यसपछि म जान छोडें । त्यहाँ कसैले एक शब्द सिकेजस्तो पनि लागेन ।

## उपलब्धि

मेरो महत्वपूर्ण उपलब्धि भनेको नै धेरैभन्दा धेरै स्रोताले मेरो स्वरलाई मन पराउनु भयो । उहाँहरूको मायाले गर्दा नै म कृष्णा ताम्राकार भएकी हुँ । त्यसको श्रेय सबै स्रोतालाई जान्छ । जस-जसले मेरो स्वर सुनेर मलाई मन पराई दिनुभयो, उहाँहरूप्रति सधैँ आभार प्रकट गर्दछु ।

हालसालै मैले सुर्खेतमा नाम चलेका एकजना डाक्टर नवराज केसीको अन्तर्वार्ता लिएँ । उहाँ गरीबको डाक्टर भएकाले टेलिभिजनबाट थाहा पाएर मैले उहाँको फोन नम्बर पत्ता लगाएर फोन गरें । एकजना महिलाले फोन उठाउनु भयो । मैले 'डा. केसी हुनुहुन्छ ?' भनेर सोधें । उहाँले त तुरुन्तै 'तपाई कृष्णा ताम्राकार होइन ?' भन्नुभयो । 'ए बाबु, ए बाबु, तल आइज, कृष्णा ताम्राकार आउनु भएको छ हाम्रामा' भनेर बोलाउनुभयो । कसरी चिन्नुभयो भनेर म आफैं छक्क परें । "तपाईं हाम्रो भान्छा घरमा सधैं आउनु हुन्छ ? तपाईं नपुगेको ठाउँ नै छैन, अनि किन नचिन्ने ?" भन्नुभयो । यो एक वर्ष जति पहिलेको मात्रै कुरा हो ।

## पछिल्लो कार्यक्रम, दिनचर्या र क्यान्सर

कोरोना कालमा मैले *उज्यालो रेडियो*मा 'कोरोना क्याप्सुल' भन्ने कार्यक्रम चलाएँ । गोपाल गुरागाईंले आफूले चलाइरहेको रेडियो कार्यक्रम मलाई छाडिदिनु भयो । मैले गरेका कार्यक्रममध्ये त्यो महँगो कार्यक्रम हो, त्यो युनिसेफको कार्यक्रम थियो ।

मैले त्यहाँ कति गरें थाहा छैन, तर राम्रै पैसा आयो । म उहाँहरूको अफिसमा जान नसक्ने, त्यसमा पनि कोरोना लागेको बेला पऱ्यो । उहाँलाई पनि टेक्निसियन पठाइराख्नु पर्ने, गाह्रो भयो । पछि कार्यक्रम उहाँले नै चलाउनुभयो । त्यो कार्यक्रम चलाउन दिएर मलाई उहाँले अविष्मरणीय र अतुलनीय उपहार दिनुभयो । अचेल समाचार हेर्छु । एउटा दुईटा मन पर्ने टीभी सिरियल पनि हेर्ने गर्छु । अहिले पनि स्क्रिप्ट लेख्न र प्रोग्राम चलाउनमा मेरा हात र आवाज थाक्दैनन् ।

अहिले 'आशा' भन्ने कार्यक्रम चलाउँछु । क्यान्सरबारे जनचेतना जगाउने खालको कार्यक्रम हो त्यो । म आफैं पनि क्यान्सर रोगी भएकाले यो कार्यक्रममा बढ्ता

रूचि भएको हो । त्यसमा सर्जन सुनिलकुमार शर्मा आउनु हुन्छ र बोल्नु हुन्छ । त्यो चाहिँ कुनै पनि पैसा नलिइकन *इमेज रेडियो*मा महिनामा दुई पटक चलाउने गरेका छौँ ।

मलाई कहिलेदेखि क्यान्सर शुरू भयो, थाहा भएन तर सन् २०१६ मा निको भएँ । शुरूमा त्यसबेला धेरै झाडापखाला भएको थियो मलाई । डाक्टरलाई देखाएँ । त्यसबेला शशि शर्मा मेरो छोरीको साथी । उहाँले पेट गडबड भएको भनेर औषधि दिनुहुन्थ्यो, त्यो खाएपछि एक दुई दिन ठीक हुन्थ्यो, फेरि उही समस्या । निको नभएपछि शशि शर्माले क्लोनोस्कोपी गरेर हेरेपछि ठूलो आन्द्राको (कोलोन) क्यान्सर भएको पत्ता लाग्यो । थाहा पाएर पनि मलाई खासै पीर लागेन । पछि डा. भोला रिजालले ओम अस्पतालमा अप्रेसन गर्ने बेलामा अप्रेसन थिएटरसम्म पुऱ्याउन त्यहाँका सारा स्टाफ आउनुभयो ।सबैले ढाडस दिनुभयो, मलाई चाहिँ पीर लागेको थिएन । तर, धेरै नै दुःख पाएँ ।

डिस्चार्ज गर्ने बेलामा थुप्रै पैसा तिनुपऱ्यो । एउटा किमोथेरापीको ४० हजार रूपैयाँ थियो । बाह्र वटा किमो दिनुपर्ने थियो । एघार र आधा लिएपछि होश नै भएनछ । एक महिना जति त बेहोशीमै थिएँ भन्छन् छोरीहरू । डा. सुनील शर्माले एक घण्टा बाँच्छस् भनेको मान्छे म निको भएर आएँ । धेरैको सहयोग र सदभाव रह्यो तर पनि मलाई निको पार्ने श्रेय सुनिल शर्मालाई जान्छ । निको भएपछि मैले कुनै पनि प्रोगाम छोडिनँ । एक महिना जति रिपिट भयो होला नत्र निरन्तर नै मैले कार्यक्रम सञ्चालन गरेँ । अहिलेसम्म निरन्तर छ ।

मैले गर्न सक्ने जति गरें । 'आइ एम प्राउड अफ माईसेल्फ' । म नेवार समुदायमा जन्मे हुर्केर यहाँसम्म आइपुगें । जिन्दगीमा कहिल्यै पनि गल्ती गर्ने गरी काम गरेकी छैन । मलाई खासै त्यस्तो कुनै सोख छैन, खाना त मभन्दा मेरी छोरीहरूले मीठो पकाउँछन् । राम्रो राम्रो फिल्म भयो भने हेर्ने रहर छ । फिल्म हेर्नेमा रूचि अलग–अलग हुन्छ । यस्तो उस्तो भन्ने भन्दा पनि विदेशमा राम्रा–राम्रा नाम चलेका फिल्म हेर्ने रूचि लाग्छ । पाकिस्तानी सिरियल मन पर्छ । टीभीका समाचार हेर्छु । तर, नेपाली टीभीका समाचार चाहिँ खासै हेर्दिन ।

विदेशी समाचारमध्ये *बीबीसी* सधै हेर्छु । *अल जजिरा* पनि मनपर्छ । *युरो न्यूज* पनि हेर्ने गर्छु । नेपालका टेलिभिजन खासै हेर्दिनँ, समाचार रेडियोमा नै बढी सुन्छु । फिल्म हलमा गएर एक दुईपटक मात्रै फिल्म हेरेकी हुँला ।

मैले जति सम्मान पाएँ, त्यो *रेडियो नेपाल*भन्दा बाहिरबाट नै पाएँ । विगत ६० वर्षदेखि स्रोताहरूको माया र सम्मान र जुन लोकप्रियता पाएँ, त्यो कुनै तक्मासँग तुलना हुनै सक्दैन । *रेडियो नेपाल*मा तक्मा त कुकुरले पनि पायो भन्छन् तर मलाई चाहिँ कहिल्यै दिइएन । आफैंले आफैँलाई तक्मा दिनु भनेर कसरी भन्न जाऊँ, त्यो मेरो विवेकले दिएन । ३१ बर्ष ६ महिना सेवा गर्दा *रेडियो नेपाल*मा तक्मा नपाउने म नै एक मात्रै हुँला ।

म ८४ वर्ष पुगें, अहिले पनि काम गरिरहेकी छु । उमेरअनुसार स्वर त पक्कै फरक परेको होला तर आज पनि श्रोताले मेरो स्वर उस्तै छ भन्नुहुन्छ । कहिलेसम्म कार्यक्रम चलाउने ? भनेर म सोध्छु । डा. सन्दुक रूइत र रिता गुरूङहरू भन्ने गर्नुहुन्छ, 'आर्यघाटमा आँखा झिक्ने बेलासम्म कार्यक्रम चलाउने ।' तर, मलाई थाहा छ, ७० वर्ष पुगेपछि आँखा दान गर्न मिल्दैन ।

महिनाको ४/५ वटा नेत्रज्योतिसम्बन्धी कार्यक्रम *इमेज एफएम*मा चलाइरहेकी छु । लामो समय काम गर्दा आँखामा असर धेरै पर्दो रहेछ । त्यसैको सिलसिलामा मैले डा. सन्दुक रूइतसँग भेटेकी थिएँ । मैले गर्दा आँखाको नानी दान गर्ने कुरालाई सहयोग पुगेको कुरा ठाउँ-ठाउँमा बोल्नुभएको रहेछ उहाँले । मैले जिन्दगीमा यति धेरै तारिफ त कसैको गरिनँ भन्दै हुनुहुन्थ्यो । त्यो मेरो लागि ठूलै सम्मान थियो ।

## आजको पत्रकारिता

सरकारी र प्राइभेटमध्ये मैले प्राइभेटमा कहिल्यै काम गरिनँ प्रोफेशनल करिअरमा । सरकारी मिडियामा नै काम गरें । सरकारीमा काम गरेपछि प्राइभेटमा गर्न नै मन नलाग्ने रहेछ । विश्वास नभएर नै होला । कहिले के भन्छ, कहिले पैसा दिँदैन । आफ्नो वृत्तिविकासका लागि सरकारी नै ठीक हो । प्राइभेटमा त पत्रकार फ्रीमा पाएको जस्तो, मोल नै नभएको ठान्ने गरिन्छ । पत्रकारलाई हेलाँ गर्ने प्रवृत्तिचाहिँ हाम्रो समाजमा धेरै छ । पत्रकारलाई बिहे गर्न नै गाह्रो छ भन्ने पनि सुन्थेँ मैले । यदि पत्रकार नभएको भए चौथो अंग कसरी भन्छ ? त्यसैले पत्रकार त सम्माननीय नै हो मेरो लागि ।


अहिलेको र पहिलेको रेडियो तुलना गर्दा पहिले नै राम्रो थियो । अहिलेको स्तर त्यति राम्रो लाग्दैन । राम्रो समाचार पढ्नेमध्ये एक दुई टेलिभिजनमा एक दुईजना शुद्ध पढ्ने भेटेकी छु । बाँकीमा खासै छैन । शुद्धाशुद्धी त कुरै छोडौं । कीर्तिपुर

भन्नु पर्नेमा कीरतिपुर भन्ने बढी छन् । त्यसैले मसँग काम गर्नेहरू धेरै तर्सिन्छन् । पत्रकारिता पनि मलाई चित्त बुझ्दो लाग्दैन । त्यसबेला अन्तर्वार्ता लिँदा पनि छुट्टै आनन्द आउँथ्यो, अहिले त्यति राम्रो लाग्दैन ।

पत्रकारितामा राजनीति मिसिएको छ छैन म हेर्दै हेर्दिनँ । पत्रकारले जति काम गर्छन्, त्यसअनुसार पैसा पाउँदैनन् भन्ने चाहिँ मलाई थाहा छ । कतिपय सञ्चार माध्यमले तीन–चार महिनासम्म तलबै दिंदैनन्, पत्रकार त हो नि भन्ने गरिन्छ । पार्टीहरूमा बोलाउँदा पनि कतिपय आयोजकले खानका लागि मात्रै आएजस्तो ठान्छन् । पत्रकार त्यस्तो त होइन नि ! पत्रकारको आफ्नै महत्व छ । पत्रकारहरूलाई हेपेर बोलेको चाहिँ मलाई सुन्न पनि मन लाग्दैन । उनीहरूको पनि दायित्व छ नि ! नत्र कसले प्रचारप्रसार गरिदिने ? तर अहिले पत्रकारहरू धेरै डिग्निफाइड भएका छन्, पत्रकारले अहिले अलि बढी सम्मान पाएको जस्तो लाग्छ ।

पत्रकारिता आफैंमा सम्मानित पेशा हो । पत्रकारमा धेरै गुण हुनुपर्छ । त्यसको वास्ता नै नगरिकन कुनै मन्त्री चिनेको छ, सांसद चिनेको छ भनेर रेडियोमा काम गर्न आउनेहरू धेरै छन् । त्यसले गर्दा क्वालिटीको ब्रोडकास्टिङ हुँदैन । अहिले पत्रकारमा बडप्पन बढेको जस्तो लाग्छ । आफैँ घमण्ड गरेर बोल्ने धेरै पत्रकारहरू छन् । अहिले पनि पत्रकारितामा मै हूँ भन्नेहरू छन् । त्यस्ता पत्रकार मलाई मन पर्दैन । पत्रकार भनेको त आफैं जान्ने–सुन्ने हुने होइन, अरूसँग सुनेर अरूलाई सुनाउने हो । गेष्ट ठूलो, आफू सानो भएर बोल्नुपर्ने हो तर त्यस्तो छैन । हप्काएर, थर्काएर बोल्ने, जे पायो त्यही बोल्नेहरू हावी छन् । गेष्टको क्वालिफिकेशन वा क्वालिटी हेर्ने होइन, बोलाएपछि सम्मान दिन जान्नु पर्छ । पत्रकारले नम्रता, शिष्टता देखाउनुपर्छ । मर्यादा त पत्रकारको गहना नै हो । यी कुरा सबैमा चाहिन्छ, त्यसमध्ये पत्रकारमा अलि बढी चाहिन्छ । नयाँ पुस्ताले यसबाट सिक्नुपर्छ ।

(न्यूमोनियाका कारण अस्वस्थ भएपछि अन्नपूर्ण न्यूरो अस्पताल, माइतीघरमा उपचाररत ताम्राकारको २०७९ चैत ९ गते बिहीबार ८२ वर्षको उमेरमा निधन भयो – सं.)



**होमनाथ दाहाल**

# 'मिशन पत्रकारिता'का खेलाडी

*२०३२ सालमा पत्रिका प्रतिबन्धित भएकै बेला एउटा समारोहमा निम्ता आयो । प्रमुख वक्ता डा. तुलसी गिरी रहेछन् । मलाई र मदनमणि दीक्षितलाई अगाडि लगेर राखियो । गिरीले सम्वोधन गर्दा नामै लिएर भने, "होमनाथ दाहाल, उनको पार्टी प्रतिबन्धित छ । पार्टीको सम्पूर्ण काम गर्छु भनेर पत्रिका निकालेका छन् । तिम्रो स्थान भनेको कि जेल हो कि इण्डिया । मदनमणि दीक्षित, तपाईंको पनि त्यही हो ।" अरूको भने नाम लिएनन् । मलाई लाग्यो, अब के गर्ने ? केही गर्ने वा कसैलाई केही भन्ने ठाउँ थिएन ।*

**मेरो जन्म** १९९८ साल कात्तिक २४ गते ओखलढुंगाको रामपुरमा भएको हो । मेरा पितामाता जीवनाथ शर्मा र नीरकुमारी शर्मा कृषि पेशा गर्नुहुन्थ्यो । मेरो परिवारमा श्रीमती र दुई छोरा छन् । एक छोरा डा. सुधांशु दाहाल काठमाडौं विश्वविद्यालयमा पढाउने काम गर्छन् भने अर्का हिमांशु दाहाल निजी क्षेत्रमा काम गर्छन् । हाम्रो परिवारको आर्थिक अवस्था उति राम्रो नभएकोले मेरो बाल्यकाल संघर्षमय नै रह्यो ।

पढ्नका लागि गाउँमा स्कुल नै थिएन । वर्षमा एकपटक कहाँबाट हो एउटा समूह गाउँमा पुग्थ्यो, ४/५ महिना पढाउँथ्यो र हिँड्थ्यो । त्यो समूह गाउँबाट हिँडेपछि पढाइ पनि सकिन्थ्यो । कसले लान्थ्यो, कसरी त्यो सबै गरिन्थ्यो, मलाई थाहा छैन । यसरी त मेरो जीवन चल्दैन भन्ने लाग्न थाल्यो । अलि बुझ्ने भएपछि गाउँमा बसिरहे केही गर्न सक्दिनँ भन्ने लागेकाले काठमाडौं आएँ र अनेक संघर्ष गर्दै अध्ययन अगाडि बढाएँ । पढाइका क्रममा कुनै परीक्षामा कहिल्यै अनुत्तीर्ण भइनँ तर गान्धीमार्कभन्दा राम्रो पनि आएन । जहिले पनि तेस्रो डिभिजन अर्थात् पासमार्क मात्रै आउँथ्यो । भारतमा कम्युनिस्टहरूले महात्मा गान्धीलाई उडाउनु पऱ्यो भने थर्ड डिभिजनलाई गान्धी डिभिजन भन्थे । मैले एमएसम्मको अध्ययन गरेको छु । मेरो मुख्य विषय नेपाली हो । पत्रकारिता मैले पढेको विषय होइन । हामीले पढ्ने बेलाको नेपालमा पत्रकारिता भनेर बेग्लै विषय पढ्न पाइँदैनथ्यो ।

## राजनीतिको रङ्गभित्र

२०१४ सालको सत्याग्रह सकिएपछि ०१५ सालको चुनाव हुनु केहीअघि काठमाडौं आइपुगेको थिएँ । म १६ वर्षको उमेरमा ओखलढुंगाबाट हिँडेरै पाँच दिनका दिन काठमाडौं आइपुगेको थिएँ । केही वर्ष पैदल नै हिँडियो । पछि कटारीसम्म गाडीमा र त्यसपछि पैदल हिँड्दै गइयो । अहिले त पाँच-छ घन्टामै काठमाडौंबाट मेरो गाउँमा गाडी पुग्छ, उहींसम्म सडक पिच छ ।

त्यसबेला काठमाडौंका भित्ताहरूमा दुइटा कुरा लेखिएका देखिन्थे । एउटा 'सविनय अवज्ञा आन्दोलन सफल पारौं' भन्ने र अर्को 'सत्याग्रह सफल पारौं' भन्ने थियो । पहाडबाट आएको एउटा केटो, भित्ताका नाराले मेरो मनमा चासो बढाइरहेको थियो । वसन्तपुरमा भइरहेको आमसभामा पहिलोपटक गएको थिएँ । निर्वाचन प्रयोजनका लागि आयोजित सभामा विराटनगरबाट बीपी कोइरालाले आएर सम्वोधन गर्नुभयो । गणेशमान सिंहले सम्वोधन गर्ने कार्यक्रम थियो ।

काठमाडौं आएका बेलामा कुनै पार्टी वा संगठनसँग केही सम्बन्ध थिएन । कसैलाई चिनेको पनि थिइनँ । त्यो आमसभामा गएपछि विस्तारै पार्टीसँग जोडिन थालेको हुँ । आमसभामा गएका बेलामा केही मानिस फेला परे । उनीहरूले ममाथि के देखे थाहा छैन, जहाँ-जहाँ आमसभा हुन्थ्यो त्यहाँ 'आऊ है' भन्थे । म पनि ती आमसभामा पुग्थें । अन्तिममा गणेशमानजीले 'कर्नर मिटिङ' मा नेवारीमा बोल्न थालेपछि कुरो बुझ्न सकिनँ, त्यसपछि जान छाडिदिएँ ।

२०४२ सालमा सत्याग्रहको समय थियो । नेपाली काँग्रेसले दमननाथ ढुंगानालाई प्रमुख प्रवक्ता र मलाई प्रवक्ता बनाएको थियो । यो मेरा लागि ठूलो अवसर थियो । मलाई दुई महिनाअघि नै पार्टी कार्यालयबाटै गिरफ्तार गरिएको थियो ।

## पत्रकारिताको यात्रा आरम्भ

मैले पत्रकारिता रमेशनाथ पाण्डेले प्रकाशन गरेको पत्रिका *नयाँ सन्देश*बाट २०२२ सालदेखि शुरू गरेको हुँ । त्यो पत्रिकामा सहायक सम्पादक र सम्पादकसम्म भएर काम गरें ।

२०२३ सालमा एउटा विद्यार्थी आन्दोलन भएको थियो । सांस्कृतिक संस्थानको जमलस्थित कार्यालयमा कार्यक्रम भइरहेको थियो । त्यहाँ पुलिसले महिला कलाकारमाथि ज्यादती गर्‍यो भनेर हल्ला चल्यो । त्यो घटनाको विरूद्धमा विद्यार्थीले आन्दोलन थालेका थिए । म पनि विद्यार्थी त थिएँ नै, तर पत्रकारिता पनि शुरू गरेकाले रिपोर्टिङका लागि भनेर गएको थिएँ, अरू विद्यार्थीसँगै पत्राउ परेँ । तीन महिना नख्खु जेलमा राखियो । मेरो यो पहिलो गिरफ्तारी थियो ।

त्यसबेला दरबारमै दुई समूह रहेछन्, हामीलाई थाहा थिएन । आन्दोलनको निहुँमा हामीलाई पत्राउ गरेर लगिएको थियो । दरबारको एउटा समूहले बहालवाला प्रहरी महानिरीक्षक रोमबहादुर थापाको म्याद थप्न चाहँदो रहेछ । अर्को समूहले नारायणसिंह शाहलाई आईजीपी बनाउन चाहँदो रहेछ । दरबारका यी दुई समूहको द्वन्द्वमा हामीलाई लगेर थुनिएको रहेछ । जे होस्, पत्रकारिताकै कारण मलाई पहिलोपटक थुनिएको थियो ।

त्यतिबेला गिरिजाप्रसाद कोइरालालाई नख्खु जेलमा राखिएको थियो । अरू नेताहरूलाई नख्खुबाट अन्यत्रै सारिएको थियो । किशुनजी (कृष्णप्रसाद भट्टराई) सुन्दरीजल जेलमा हुनुहुन्थ्यो । अरू विद्यार्थीलाई पनि त्यहीँ लगे । किशुनजीप्रति विशेष सम्मान थियो । जेलमा बसेको समयबाहेक उहाँसँग हरेक दिन एकपटक मेरो भेट हुन्थ्यो । मेलमिलापको नीति लिएर २०३३ सालमा नेपाल आएपछि बीपी

कोइरालालाई गिरफ्तार गरिएको थियो । २०३४ सालमा छुटेपछि उहाँ बाँचुञ्जेल म हरेक बिहान भेट गर्न उहाँको निवास जय वागेश्वरी जान्थें । कुनै दिन जान सकिनँ भने तुरून्तै सोधनी आउँथ्यो, 'बिरामी परेर कि किन नआएको ?' भनेर । यी दुईजना नेतासँग बसेर धेरै कुरा पत्रिकामा प्रवाह गरेको छु ।

पञ्चायती शासनको पूर्वार्द्धमा नयाँ पत्रिका दर्ता गर्न दिइँदैनथ्यो । पछि सम्भवतः राजा महेन्द्रलाई २०१७ सालमा जे सोचेर नयाँ व्यवस्था ल्याएको थिएँ, त्यो असफल भयो भन्ने परेछ । राजालाई पहिलोपटक हृदयाघात पनि भएको थियो । यिनै कारणले हुन सक्छ, २०२८ सालतिर पत्रिका दर्ता केही खुकुलो गरियो । त्यही मौकामा मैले पनि *राष्ट्रपुकार* दर्ता गराएँ । त्यसपछि यही पत्रिकासँग आवद्ध रहेर पत्रकारितासँगै राजनीति अगाडि बढाएँ ।

प्रजातन्त्र आएपछि पत्रकारिता स्वतन्त्र पेशा मात्र भएन, यसका लागि पुरस्कार, सम्मान पनि दिन थालियो । प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईका हातबाट प्रेस स्वतन्तन्त्रता सेनानी सम्मान पुरस्कार पनि पाएँ । यसबाहेक अन्य सम्मान पनि पाएको छु ।

## पत्रकारिता नै एक मात्र ध्याउन्न

अन्य कुनै पेशामा लागेको भए यो आत्मसन्तोष गर्न सक्ने थिइनँ होला किनभने ती समय साह्रै संघर्षपूर्ण थिए । २०३२ सालमा एकै दिन पाँचवटा पत्रिका प्रतिबन्धित भएका थिए । तिनमा मैले निकाल्ने गरेको *राष्ट्रपुकार*, चन्द्रलाल झाको *नेपाल टाइम्स*, मदनमणि दीक्षितको *समीक्षा*, इन्दुकान्त मिश्रको *दैनिक नेपाल* र गोविन्द वियोगीको *मातृभूमि* परे । ती पत्रिका छाप्ने छापाखानाको दर्ता पनि खारेज गरिएको थियो र प्रहरीले ती पत्रिकाको कार्यालयमा भएका साइनबोर्ड पनि झिकेर फ्याँकिदिएको थियो । यी सबै गर्नुअघि हामीलाई स्पष्टीकरणसम्म पनि सोधिएको थिएन ।

त्यतिबेला राजा महेन्द्रले लागू गरेको निर्दलीय पञ्चायतलाई उनको मृत्युपछि एकदलीय व्यवस्थामा रूपान्तरण गर्ने प्रयत्न शुरू भएको थियो । नगेन्द्रप्रसाद रिजाल प्रधानमन्त्री थिए । राधाप्रसाद घिमिरे एकैसाथ तीन मन्त्रालयका मन्त्री थिए । उनी सञ्चार, शिक्षा र सामान्य प्रशासनमन्त्री भएका थिए ।

पत्रिकामा प्रतिबन्ध लगाइएको घटनालाई *बीबीसी*ले संसारको नयाँ घटनामध्ये एक भनेर समाचार दिएको थियो । पत्रिका प्रतिबन्ध भएलगत्तै त्रिभुवन विश्वविद्यालयका ३२ जना प्राध्यापकको जागिर खोसियो । उनीहरूलाई पनि स्पष्टीकरण सोधिएन ।

अर्जुन नरसिंह केसी, सहाना प्रधान, हिरण्यलाल श्रेष्ठलगायतका प्राध्यापक त्यसमा परेका थिए । तीमध्ये एकदुईजना पञ्चायतमा प्रवेश गरे । बाँकी कहीं न कहीं 'एडजस्ट' भए । पत्रकारहरूले पूरै २७ महिना त्यत्तिकै बस्नुपर्‍यो ।

त्यसैबेला पञ्चायती संविधानको दोस्रो संशोधनको घोषणा भयो । नगेन्द्रप्रसाद रिजाललाई सरकारबाट हटाइयो र डा. तुलसी गिरीलाई प्रधानमन्त्री बनाइयो । उनी प्रधानमन्त्री हुनेबित्तिकै *मातृभूमि*माथिको प्रतिबन्ध हटाइयो । हामीचाहिँ २७ महिनासम्म प्रतिबन्ध फुकुवाका लागि कुर्नेमा पर्‍यौं ।

त्यही बेलाको एउटा घटना रोचक छ । २०३२ सालमा संविधानको दोस्रो संशोधन गरेपछि पत्रिका प्रतिबन्धित भएकै बेला संविधान दिवस अर्थात् पुस १ गतेको समारोहमा 'आउनू' भनेर निम्ता आयो । हामी गयौं । समारोहका प्रमुख वक्ता डा. तुलसी गिरी रहेछन् । मलाई र मदनमणि दीक्षितलाई अगाडि लगेर सँगै राखियो । डा. गिरीले सम्वोधन गर्दा नाम लिएर भने, "होमनाथ दाहाल उनको पार्टी प्रतिबन्धित छ । त्यो पार्टीको सम्पूर्ण काम गर्छु भनेर पत्रिका निकालेका छन् । तिम्रो स्थान भनेको कि जेल हो कि इण्डिया । मदनमणि दीक्षित, तपाईंको पनि त्यही हो ।" अरूको भने नाम लिएनन् ।

मलाई लाग्यो अब के गर्ने ? केही गर्ने वा कसैलाई केही भन्ने ठाउँ थिएन । पत्रिका प्रतिबन्धको सत्ताइसौं महिनामा बीपी तारेखमा छुटेर आएपछि कीर्तिनिधि विष्टको सरकार बनेको थियो । यसपछि मात्र हाम्रो पत्रिकाको प्रतिबन्ध फुकुवा गरियो ।

यस्ता अनेक चुनौतीका बीच पनि पत्रकारिताबाहेक कुनै अर्को काम गरूँ भन्ने कहिल्यै लागेन । के आकर्षणले हो, पत्रकारिताले तानेको थियो । सम्भवतः त्यो नियतिको खेल थियो । यस सन्दर्भमा एमएको परीक्षासम्वद्ध एउटा घटना पनि मलाई रोचक लाग्छ । एमएको अन्तिम परीक्षा आयो ।

प्रोफेसरहरूसँग मेरो राम्रै चिनजान थियो । भाषाशास्त्र पढाउन भनेर भारतबाट एकजना प्रोफेसर आएका थिए । परीक्षा फाराम भर्ने बेलामा को विद्यार्थी नियमित उपस्थित छ, को छैन भनेर हेरिन्थ्यो । हाजिर पुग्छ कि पुग्दैन भनेर विचार गरिन्थ्यो । पत्रिका चलाउनुपर्ने भएकाले कक्षामा नियमित जान भ्याउँदिनथेँ । उनले नियमित पढ्न नआएकाले परीक्षा दिन नपाउने भनेर सिफारिश गरिदिएछन् ।

यसपछि त्यहाँका ४/५ जना नेपाली प्रोफेसर बसेर सल्लाह गरेछन् । अहिले पनि यसले परीक्षा दिन पाएन भने यसको जीवन बर्बाद हुन्छ, हामी बसेर सिफारिश

गरिदिऊँ भनेछन् । वल्लभमणि दाहाल, चूडामणि बन्धुलगायतका प्रोफेसरले सिफारिश गरिदिएकाले मैले परीक्षा दिन पाएको थिएँ । यो पत्रकारिताको लाभ पनि हुन सक्छ । यो मैले गुरूहरूबाट पाएको प्रेम र सद्भाव पनि हो । शायद पत्रकारितामा लागिरहनका लागि नियतिले जुटाइदिएको प्रोत्साहन पनि थियो कि !

## केवल 'मिशन पत्रकारिता'

वास्तवमा मैले 'मिशन पत्रकारिता' गरेको हो । जीवन गुजारा गर्न निकै कठिन थियो । मेरी श्रीमती राजनीतिप्रति कुनै चाख र चासो राख्दिनथिन् । उनी बालचन्द्र शर्माकी भतिजी हुन् । नेपालबाट राजा निष्कासन हुँदा उनीहरूसँग उनका पिताजी पनि भारत जानुभएको रहेछ । उनी वनारसमै जन्मिएकी, उहीं बसेकी हुन् । पढेर काठमाडौं आएको हुँदा यहाँ जागिर पाएकी थिइन् । त्रिभुवन विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालयमा जागिर खाइन् र फस्ट क्लास अफिसर भएपछि अवकाश पाइन् । उनको जागिरकै आधारले पनि दालभातको समस्याचाहिँ भएन ।

मेरो पत्रिकालाई त्यसबेला सबैले पार्टीले चलाएको पत्रिका भन्थे, शंकाका नजरले हेर्थे । पार्टीका नाममा सहयोग भनेको जम्माजम्मी एकपटक पाएँ । २०३२ सालमा सुवर्ण शमशेर कोलकाताबाट काठमाडौं आउनुभएको थियो । उहाँ काठमाडौंमा २/३ महिना बस्नुभयो । उहाँ पार्टीका लागि राम्रै सहयोग गर्नुहुन्थ्यो । कसले तय गऱ्यो थाहा छैन । महिनाको १५०० रूपैयाँका दरले दुई महिनाको तीन हजार रूपैयाँ वासु रिसालमार्फत पाएँ । 'ल सुवर्णजीले पठाइदिनुभएको' भन्दै मलाई दिनुभएको थियो । पार्टीले प्रत्यक्ष सहयोग गरेको भनेको त्यही मात्र हो ।

उद्योग व्यवसाय आदिमा जहाँ प्रजातन्त्रवादी थिए, उनीहरूले सहयोग गरे । हामीले प्रत्यक्ष केही गर्न नसके पनि यसलाई मद्दत गरियो भने पनि प्रजातन्त्रका लागि मद्दत हुन्छ भन्ने उनीहरू ठान्थे । उनीहरूसँगको भावनात्मक सम्बन्धले गर्दा विज्ञापन कहिल्यै रोकिएन ।

भावनात्मक विषयकै एउटा रमाइलो प्रसंग छ । मेरो पत्रिकाको सिरानमा ' प्रजातन्त्र, राष्ट्रियता र जनजीविका' भन्ने नारा लेखिएको थियो । वास्तवमा यो त चीनका नेता सन यात-सेनको नारा पो रहेछ । खोइ कसले हो, मलाई यही नारा पत्रिकाको सिरानमा राखौं भन्यो । मलाई लाग्यो, यो त मेरो नेपाली काँग्रेस पार्टीको मुख्य नीति नै हो । त्यसमा जनजीविका त त्यसै पनि जोडिने नै भयो, यसैलाई किन प्रयोग नगर्ने भनेर स्थायी रूपले राखें ।

पहिलो अंकको पहिलो सम्पादकीय लेखें । यसबारे *समीक्षाले* समाचार दियो– अरू जति पनि पत्रिका छन्, तिनले व्यवस्थाप्रति प्रतिवद्धता जनाएका छन् तर *राष्ट्रपुकारले* भने पूर्ण प्रजातन्त्रका लागि समर्पित हुने भनेर लेखेको छ, यो त सम्पादकीय प्रतिवद्धतासहित आयो ।

एकजना प्रोफेसर सुरेन्द्रबहादुर श्रेष्ठ थिए, पछि उनी अञ्चलाधीश भए । उनले मेरो पत्रिका देखेपछि भूगोलपार्कमा दुई हातले अँगालो हालेर बोके । अनि घुमाएर स्याबास ! स्याबास !! भन्दै 'तैंले हाम्रो मनको कुरा गरिस्' भने । उनीसँग पहिल्यैदेखि नै चिनजान पनि थियो । पत्रकारितामा लागेकाले अनुभूत गरेको यो एउटा सुखद पक्ष थियो । 'मिशन पत्रकारिता' गर्दाका पाइला-पाइलामा दुःख थिए । यस्तै दुःख मेरो पत्रिका दर्ता गर्ने बेलामै भयो । मेरो पत्रिकाको दर्ता रोकियो । कारण के रहेछ भने त्यसबेला गोर्खा परिषद्ले *राष्ट्रवाणी* प्रकाशन गर्थ्यो, नेपाली कांग्रेसको *नेपाल पुकार* थियो । कुनै पात्रले दरबारमा गएर भनेछ– गोर्खा परिषद् कांग्रेसमा मिलिसकेपछि परिषद्को 'राष्ट्र' र कांग्रेसको '*पुकार*' लाई मिलाएर *राष्ट्रपुकार* बनाइएको हो । त्यसैले 'यो पत्रिका नेपाली कांग्रेसको मुखपत्र हो, यो पत्रिकालाई दर्ता गर्नु हुँदैन । यो चुक्ली लगाएका कारण अरूले पाउँदा पनि मैले दर्ता गर्नै दुई-तीन महिना कुर्नुपऱ्यो ।

पहिलो अंक निकालेपछि नै मेरो अखबारमाथि प्रतिबन्ध लगाइने भयो । त्यसबेलाका शक्तिशाली, राजाका विश्वास-पात्र थिए– अञ्चलाधीश विष्णुमणि आचार्य । म उनलाई पहिल्यैदेखि नै चिन्थें । उनीसँग गएर कुरा गरें । उनलाई मेरा बारेमा पहिल्यैदेखि नै 'पत्रिकामा काम गरेको इमानदार केटो' भन्ने छाप परेको रहेछ ।

मैले उनलाई भनें, सर्दार बाजे, मैले काम गरेर खान पनि नपाउने ? बडो मुस्किलले दर्ता भएको पत्रिका तुरुन्त प्रतिबन्ध लगाउने भन्ने हल्ला छ भनें । त्यसबेला उनले केही भनेनन् । त्यसपछि मैले एकजना पत्रकारलाई कुरा गर्न पठाएँ । उनको सम्बन्ध अञ्चलाधीशसँग राम्रो थियो ।

अञ्चलाधीशले भनेछन्, "हेर, त्यो केटाले हामीलाई धोका दियो । यसरी प्रकाशन हुन्छ भन्ने थाहा पाएको भए त दर्ता अनुमति नै दिंदैनथ्यौं ।" उसका विरूद्धमा दर्ताकै बेला यस्तो-यस्तो उजुरी परेको थियो तर आज हामीलाई पनि असहज भएको छ भन्नुका साथै यो पनि भनेछन्, "पहिलो अंकमै प्रतिबन्ध लगाउनु हाम्रा लागि पनि राम्रो भएन । उसलाई सम्झाइदेऊ, ऊ अलि सम्हालिएर जान्छ भने भैगो । तिमीले पनि भन्यौ, यो एक अंक म छाडिदिन्छु ।"

## बीपीको 'कृपा' ले सकस

बीपी कोइराला जेलबाट छुट्नुभन्दा केही अघि मेरो अखबारमाथिको प्रतिबन्ध हटिसकेको थियो । पछि उहाँ बसेको ठाउँमा हरेक दिन बिहान गएर भेट गर्थें । हामीले गरिरहेका कुराकानीलाई उहाँ विश्लेषण गरेर सैद्धातिक रूपले कहाँ फिट हुन्छ ? यो कुरा कसले किन भन्यो ? भनेर खोजी गर्नुहुन्थ्यो । कुनै दिन केही घटना भएन भने 'ए होमनाथ, गल्ली हल्ला सुनाऊ' भन्नुहुन्थ्यो । बाटामा वा पसलमा जे सुनेको छ, त्यही सुनाउँथें ।

२०/२५ जिल्लाका शिक्षक त्यसमा पनि धेरैजसो गण्डकी अञ्चलका, उहाँलाई भेट्न आएका रहेछन् । हरेक दिनको नियमित भेटघाटका क्रममा उनीहरूसँग भेटघाट गरेर कुराकानी गर्नुभयो । उनीहरू हिँड्ने बेलामा बीपीले भन्नुभयो, "साथीहरू, तपाईंहरूको धर्म पढाउने हो, तपाईंहरूलाई राज्यले हेरिरहेको हुन्छ, सधैंभरि तपाईंहरू मकहाँ आउन सक्नुहुन्न । त्यसो गर्नु व्यावहारिक नहुन पनि सक्छ । मलाई कृपा गरेर राष्ट्रपुकारले मेरा विचार छानेर छापिदिने गरेको छ । मेरा दृष्टिकोण बुझ्न *राष्ट्रपुकार* पढ्नु होला ।" त्यहीं बसिरहेको मलाई त त्यो 'कृपा' भन्ने शब्द निकै भारी लाग्यो । बीपीजस्तो मानिसलाई म कृपा गर्ने ? मलाई निकै सकस भयो । यो कुरा प्रदीप गिरीले संकलन गरेका विचारहरूमा अहिले पनि पढ्न पाउनुहुन्छ ।

## समाचारका अनेक दुःख

त्यसताका विश्वविद्यालयमा कुनै विद्यार्थी युनियन खोल्न पाइँदैनथ्यो । त्रिभुवन विश्वविद्यालयको राजनीतिशास्त्र विभागका विद्यार्थीले एउटा संगठन बनाए । एउटा कार्यक्रम पनि गरे । सीधै पञ्चायतको विरोध गर्न नपाइने भएको हुँदा ' निर्वाचन प्रणाली र शासन व्यवस्था' भन्ने विषय राखेर कार्यक्रम गरिएको थियो । बीपी कोइरालाको मन्त्रिमण्डलका मन्त्री तथा नेपाली कांग्रेसका असाधारण प्रतिभासम्पन्न बौद्धिक व्यक्तित्व योगन्द्रमान शेरचनलाई प्रमुख अतिथि बनाइयो । अरू अतिथि ऋषिकेश शाह, डा. केशरजंग रायमाझी, परराष्ट्र सचिव प्रो. यदुनाथ खनालले बोले । विद्यार्थी नेताहरूमा दमननाथ ढुंगाना र कमल चित्रकारले पनि बोलेका थिए ।

म पनि गएको थिएँ । अरूका भाषण मलाई त्यति चासो लागेन । योगेन्द्रमानजी अति बौद्धिक मानिस, उहाँको कुरामा चासो थियो । सानो स्वरमा छिटो-छिटो बोल्ने भएको टिप्न गाह्रो थियो । मैले कति सम्झिएँ, कति लेख्न सकें थाहा

भएन तर जति सम्झिएका भरमा मेरो पत्रिकाको पहिलो अंकको मुख्य समाचार बनाएको थिएँ । यो प्राविधिक दुःखको कुरा भयो । त्यसबेला अहिलेको जस्ता अनेक रेकर्डरको सुविधा हुँदो हो त त्यस्तो दुःख हुने थिएन ।

समाचारकै कारण शासन तथा प्रशासन दुःख पाएका घटना धेरै छन् । त्यस्तै मध्ये एक पटकको घटना हो, मेरो अखबारको पहिलो पृष्ठको शीर्षकमा 'पाँचको मृत्यु' भन्ने लेखिएको रहेछ । त्यसबेलाका एकजना छुच्चा प्रशासक सीडीओलाई त्यो शीर्षक मन परेनछ । सीडीओ कार्यालयबाट फोन आयो- सीडीओ सा'बले तपाईंलाई खोज्नुभएको छ, तुरून्त आउनुहोस् । म सीडीओ कार्यालय गएँ । उनको कार्यालयमा पीएलाई 'ल म आएँ, खबर गरिदेऊ' भनें । उनले भित्र गएर खबर गरे । निकै बेर भयो, बोलाएनन् । करिब तीन घन्टा त्यहीं बसें । त्यसपछि बल्ल बाहिर निस्किएर "ए ! तपाईं यहाँ आउनुभएको थियो ? ल भैगो जानूस्" भने । एउटा पत्रकारलाई योभन्दा अपमान गर्ने कुरा के हुन सक्छ ? विनाकारण पनि दुःख दिने ती सीडीओ पछिसम्म पनि चर्चित नै थिए । उनी थिए- भक्तबहादुर कोइराला ।

एउटा अर्को घटना छ, जसबाट राजनीति कसरी घुम्छ भन्ने कुरा नयाँ पुस्ताले थाहा पाउन सघाउँछ । २०२७ सालमा भारतले नेपालमा नाकाबन्दी लगायो । बीपीले गरेको व्यापार र पारवहन सन्धिको म्याद १० वर्षको थियो, त्यसको म्याद २०२७ सालमा सकियो ।

स्याङ्जाका एक पात्रले 'धम्की नदे भारत' भन्ने शीर्षकमा कविवर सिद्धिचरण श्रेष्ठलाई प्रमुख अतिथि बनाएर साहित्यिक कार्यक्रम गरे । त्यसको केही समयपछि पोखरामा नेपाल विद्यार्थी संघले कार्यक्रम गर्‍यो । त्यो कार्यक्रमको जवाफमा यो कार्यक्रम आयोजना गरिएको थियो । त्यसमा लामो समय जेल बसेर छुट्नुभएका किशुनजीलाई पनि बोलाइएको थियो । कार्यक्रमको प्रमुख अतिथि कवि माधव घिमिरे र अतिथि बालकृष्ण सम हुनुहुन्थ्यो । कार्यक्रम जय नेपाल चित्रघरमा आयोजना गरिएको थियो । कार्यक्रम शुरू गर्न लागेपछि आक्रमण गरियो, तोडफोड भयो । त्यहाँ बोल्न दिइएन । उनीहरूलाई प्रहरीले लिएर गयो । किशुनजीलाई कार्यकर्ताले कतै लिएर गए ।

त्यसबेला राष्ट्रिय पञ्चायत सदस्यमा स्नातकका लागि चार सिट हुन्थे । शंकर घिमिरे र वीरेन्द्रकेशरी पोखरेल 'विद्यार्थीले यत्रो कार्यक्रम गरेका छन्, प्रजातन्त्रका लागि ठूलो कुरा हो' भन्दै प्रचार-प्रसारका लागि गएका थिए । हलमा ठूलो होहल्ला

भयो । जतातत‍ै मुर्दावाद भन्ने नारा घन्किरहेको थियो । त्यही समयमा उनीहरूले मलाई भने- तपाईंलाई थाहा होला, नजिकै चिया खाने ठाउँ कहाँ छ, हिँड्नुहोस् । २/४ पटक पोखरा गइसकेको हुँदा अलिअलि थाहा थियो । हामी नजिकै एउटा रेस्टुराँमा चिया खान भनेर पस्यौं ।

एकछिनमा चार/पाँच सय मानिसले 'यौन साहित्य मुर्दावाद' भन्ने नारा लगाउँदै रेस्टुराँ घेरे । यौन साहित्य भनेर बीपीलाई लक्षित गरिएको थियो । कसैले सुराकी दिएर यस्तो भएको थियो । एकजना होटलमा पस्यो र 'यी एउटा यही हो' भनेर मलाई देखायो । त्यसअघि पोखराको पृथ्वीनारायण क्याम्पसको समाचार मैले छापेको थिएँ, त्यो अखिलवालाको खिलाफमा परेको रहेछ । 'हाम्रो विरूद्धमा लेख्ने पत्रकार यहाँ आएको रहेछ, यहाँ आओ साथी हो' भन्यो । होटलवालाले पनि 'तपाईं निस्किएर जानूस्, केही गरी यहाँ क्षति भयो भने तपाईंले बेहोर्नुपर्छ' भन्यो । त्यहीं भएको अर्को मानिसले भन्यो- "तपाईं यहाँबाट नउठ्नुहोस् है, बाहिर जानुभयो भने जिउँदै सेतीमा लगेर हाल्ने भनेका छन् । यो कुर्सी नछाड्नुस् ।" मैले उसलाई भनें- 'पुलिसलाई खबर गरौं न त ।' ऊ फेरि भन्छ- 'पुलिसको नाम नलिनूस्, मार्छन् ।' त्यो हाम्रै मानिस रहेछ भनेको त सरकारी सीआईडी पो रहेछ ।

यसो गर्दागर्दै करिब ३० देखि ४५ मिनटजति बाहिर भीडले नारा लगाइरह्यो । पछि बल्ल एकजना पुलिस इन्स्पेक्टर आएर माफी माग्यो, हामीलाई चौकीमा लगेर राख्यो र ऊ आफूचाहिँ दिनभरि कतै गयो । बेलुका भएपछि अञ्चलाधीशकहाँ लिएर गयो । बालकृष्ण सम र माधव घिमिरे पनि सँगै हुनुहुन्थ्यो । समाचार लेखेका कारणले त्यो समस्या झेल्नुपरेको थियो ।

अर्को यस्तै घटना विवाहका सन्दर्भमा पनि भएको थियो । मेरो विवाह चितवनमा भएको हो । विवाह गर्न जाँदा ल फलानो आएको रहेछ, 'यसलाई नारायणीमा हालिदिनुपर्छ' भनेर जुलुस निस्कियो । त्यसपछि राती मेरोविरूद्ध पोस्टरहरू टाँसे । केटी नै पो नदिने हुन् कि भन्नेसम्मको अवस्थासमेत सिर्जना भयो ।

जनमत संग्रहपछि पत्रकारिताका लागि केही खुकुलो अनुभव भए पनि पञ्चायती सरकारको दुःख दिने नियत भने उस्तै थियो । एकपटक दिनेशहरि अधिकारी र विष्णुविभु घिमिरेको संयुक्त कविता *राष्ट्रपुकार*मा छापियो । मेरो पत्रकारिताको मान्यता सीधै राजाका बारेमा नलेख्ने भन्ने नै थियो । तर, त्यो कविताको एउटा अंश 'एउटा जयस्थिति मल्ल टुलुटुलु हेरेर बसिरहेको छ' भन्ने आशय परेको

रहेछ । अञ्चलाधीश सुरेन्द्रप्रसाद शाह थिए । उनले तपाईंको अखबारमा छापिएको कविता बुझिएन, एकपटक कविहरूलाई नै पठाइदिनुस् न भनेर फोन गरे । दिनेशहरि कतै जागिर खान्थे । अञ्चलाधीशले बोलाएको भनेपछि डराउलान् भनेर चुप बसें । अञ्चलाधीशले फेरि फोन गरेर 'तपाईंले केटाहरूलाई पठाइदिनुभएन, म आफैं खोजौं कि के गरौं' भने । त्यसपछि विष्णुविभुलाई बोलाएर सम्झाएर पठाएँ । सहायक अञ्चलाधीशले उनीसँग कुराकानी गरेछन् । पछि फर्कने बेला तपाईंहरू किन त्यही अखबारमा लेख्नुहुन्छ, त्यसमा लेखेको त हामी उल्टाइपल्टाई एक-एक अक्षर केलाउँछौं भनेछन् । यस्ता अनेकखाले संघर्षका दिन कटाउँदै समाचारको कर्म गर्दै आएँ ।

## सीकेको स्तम्भसँगै अरूको योगदान

२०१७ सालपछिको आन्दोलनमा संघर्ष गरेर व्यक्तिगत रूपमा क्षति बेहोर्ने सबभन्दा माथिल्लो स्तरको असाधारण क्षमताका व्यक्ति हुनुहुन्थ्यो- झापाका सीके प्रसाईं । उहाँलाई भरतबाबु भनिन्थ्यो । आठ वर्षसम्म भारतको सिलिगुडीमा बसेर नेपाल आएपछि उहाँलाई पक्राउ गरेर तीन महिनासम्म काठमाडौं उपत्यकाबाट बाहिर जान नपाउने शर्तमा छाडियो ।

नेपाल आउनुअघि पनि कलकत्ताबाट निस्कने नेपाली कांग्रेस पार्टीको मुखपत्रको सबै काम उहाँले नै गर्नुहुन्थ्यो । उहाँ नर्थ बंगाल युनिभर्सिटीमा पढाउनु पनि हुन्थ्यो । यहाँ जेलबाट उपत्यका छाड्न नपाउने शर्तमा छुटेपछि उहाँले तपाईंको अफिसनजिक मलाई कोठा खोजिदिनुपर्‍यो भन्नुभयो । त्यसबेला मेरो अफिस ओमबहालमा थियो । मैले त्यहींनजिकै कोठा खोजिदिएँ । त्यसपछि उहाँले स्तम्भ लेख्न शुरू गर्नुभएको थियो, 'घरभित्र घरबाहिर' । त्यो स्तम्भ 'श्री निष्पक्ष' का नाममा भरतबाबुले नै लेख्नुहुन्थ्यो ।

*राष्ट्रपुकार*को यो स्तम्भ यति लोकप्रिय भयो कि त्यसबेलाका अञ्चलाधीशहरू पनि त्यो पढ्नुपर्छ भन्ने मान्यता राख्थे । त्यो पार्टीले निर्देशन दिएर लेखिएको होइन । उहाँ यति बौद्धिक र प्रखर हुनुहुन्थ्यो कि उहाँले लेखेका सामग्री हरकोहीका लागि रूचिकर लाग्थे । काठमाडौं छाडेर झापा फर्केपछि पनि पूर्वी नेपालबाट हरेक हप्ता *राष्ट्रपुकार*का लागि त्यो स्तम्भ हुलाकमार्फत पठाइदिनुहुन्थ्यो । उहाँको लेख छापेर स्तम्भ चलाउन पाउनु मेरो सौभाग्य हो ।

गीतामा भगवान् कृष्णले भनेझैं 'तिमी निमित्त मात्र हौ, मुख्य काम गर्ने त अरू नै छन्' । यसो सम्झँदा मलाई लाग्यो- म र मेरो अखबार त निमित्त मात्र थियौं,

बाँकी सबै समयले जुराइदिएको थियो । हुन पनि नेपालका विख्यात कार्टुनिस्ट दुर्गा बराल (वात्सायन) ले हरेक हप्ता कार्टुन पठाइदिनु हुन्थ्यो । मैले कहिल्यै उहाँलाई पैसा दिइनँ ।

मेरा अर्का संवाददाता विजय वजिमय हुनुहुन्थ्यो । शारीरिक रूपले उहाँमा अपांगता भएका कारण ह्विलचेयरमा हिँड्नुहुन्थ्यो । पोखराबाट उहाँले रिपोर्टिङ गर्नुहुन्थ्यो । प्रशासन चकित पर्थ्यो- को होला यसको संवाददाता भनेर । अञ्चलाधीशसँग बसेर गफ गरिरहनुभएको हुन्थ्यो । त्यो मानिसले *राष्ट्रपुकार*का लागि रिपोर्टिङ गर्छ भनेर प्रशासनले सोच्नै सकेको थिएन । त्यहाँबाट तीर्थ श्रेष्ठ पनि लेख्नुहुन्थ्यो ।

फोटोग्राफ विश्व पालिखेले पठाउँथे । पोखरामा उनको फोटो स्टुडियो थियो । त्यहाँ पर्यटकहरू आइराख्ने भएकाले उनको स्टुडियो चलेको थियो । यी कसैलाई पनि पैसा पठाउँदिनथेँ । सुदूरपश्चिमबाट तारिणदत्त चटौतले रिपोर्ट पठाउनुहुन्थ्यो । भैरहवाबाट अधिवक्ता दिनेश त्रिपाठीले रिपोर्टिङ गर्नुहुन्थ्यो । भैरहवामा बसेर प्रजातन्त्रको कुरा गर्नु ज्यान हत्केलामा राख्नुसरह थियो किनभने त्यहाँ मुड्ुला पार्टी अर्थात मण्डलेहरूको ठूलो आतंक थियो ।

त्यतिबेला एकजना सरकारी जागिरमा भएका मित्रले पनि रिपोर्टिङ गर्न थाल्नुभयो । उहाँले सिद्धार्थनारायण थारूका नामबाट रिपोर्टिङ गर्नुहुन्थ्यो । अञ्चलाधीश पनि छक्क पर्थे, 'ए बाबा, यस्तो रिपोर्टिङ गर्ने थारू को होला' भनेर । उहाँ धान-चामल कम्पनीमा कर्मचारी हुनुहुन्थ्यो । उहाँ परराष्ट्रविद् डा. दिनेश भट्टराईका दाजु नारायण भट्टराई हुनुहुन्थ्यो । हाल अवकाश प्राप्त गरेर बस्नुभएको छ । धनकुटाका अशेष मल्ल लुम्बिनी पुगेर रिपोर्टिङ गर्न थाल्नुभएको थियो ।

यी सबै प्रजातन्त्रका लागि गरिएका स्वयम्सेवाका उदाहरण थिए । मानिसले बाहिरबाट हेर्दा एउटा संगठित शक्तिले सहयोग गरेको छ, नेपाली कांग्रेसले सहयोग गरेर अखबार निकालेको हो भन्ने लाग्थ्यो । वास्तवमा निरन्तर सहयोग भने नेपालका बुद्धिजीवीबाट प्राप्त भइरहेको थियो । पारिश्रमिक दिने त मैले कहिल्यै कल्पना पनि गरिनँ । हुलाकको खर्चसमेत आफैँले बेहोरेर मलाई सहयोग गर्थे । *राष्ट्रपुकार* बीचमा बन्द भएको थियो तर २०५४ सालसम्म त्यो चल्यो ।

## पत्रकारिता छाडेर राजनीति

अन्ततः अखबार छाडिदिएँ । अखबार छाड्दा केही दुःख र नरमाइलो लागे पनि जिल्लामै बसेर पार्टीको काम गर्छु भनेर चित्त बुझाएँ । २०५६ सालमा पार्टीले

टिकट दियो, चुनाव जितेर म मन्त्री पनि भएँ । पत्रकारिताकै कारणले पनि म त्यो ठाउँमा पुगेको थिएँ ।

यद्यपि मैले पत्रकारिता मात्रै गरिरहेको थिइनँ; सँगसँगै राजनीति पनि गरिरहेको थिएँ । ५/६ दिन वा एक हप्ताका लागि कतिपटक जेल परें भन्ने हिसाबकिताब नै छैन । पहिलोपटक २०२३ सालमा जेल परेको थिएँ । पछि ०४२ सालमा प्रवक्ता भएपछि परें । ०४६ सालको आन्दोलन शुरू हुनुपहिल्यै पक्राउ गरेर लगिएको थियो । मैले नेपाली कांग्रेससँगै रहेर राजनीति गरिरहें ।

मन्त्री र पत्रकारमा निश्चय नै अन्तर हुन्छ । पत्रकारितामा कहिलेकाहीं भावनात्मक प्रसंग पनि लेख्लान् । सत्यको गहिराइमा नपुगी लेखिएको पनि हुन सक्छ । मन्त्री हुँदा सैद्धान्तिक मात्र होइन, व्यावहारिक कुरा पनि थाहा हुन्छ । यी दुवैका कार्यक्षेत्र र प्रकृति नै फरक हुन् । लेख्ने र बेहोर्ने कुरा अलग–अलग रहेछ । लेख्दा धेरै सत्य कुरा आउँदा रहेनछन् । म केही समय मन्त्री भएँ । सबैभन्दा बढी आनन्दचाहिँ संसदको राज्य व्यवस्था समितिको सभापति भएपछि लागेको थियो । त्यसमा ३/४ वटा काम गर्न पाएँ, त्यसले आनन्द दिएको छ ।

लोक सेवा आयोगको वार्षिक प्रतिवेदनले सिफारिश गरेका कुरा राज्य व्यवस्था समितिले यो गर्नू वा यो नगर्नू नभनुञ्जेल सरकारले केही कारबाही गर्न पाउँदैनथ्यो । म सभापति हुनेबित्तिकै लोकसेवा आयोगका अध्यक्ष आएर आफ्नो पीडा सुनाए । त्यसबेलासम्म चोरीका शैक्षिक प्रमाणपत्र ल्याएर मानिसहरू ठूला–ठूला ओहोदामा पुगेका रहेछन् । राज्य व्यवस्था समितिले छानबिन गर्न थालेपछि शिक्षक, प्रहरी, प्रशासन सबतिर हाहाकार मच्चियो । प्रहरीका आईजीपीलाई बोलाएर भनेको थिएँ ।

सेनामा पनि त्यस्तै थियो । त्यसबेला अख्तियार, सैनिकलगायतका महत्वपूर्ण ऐन बनिरहेका थिए । म सभापति भएका बेलामा पहिलोपटक नक्कली प्रमाणपत्रको छानबिन शुरू गरेको थिएँ । पटनामा गएर परीक्षा दिएको भनेको मितिमा त्यो मानिस अर्थ मन्त्रालय, गृह मन्त्रालय वा कुनै सरकारी कार्यालयमा हाजिर भइरहेको पाइएको थियो । दुःखको कुरा के भने त्यो संसद् नै विघटन भयो । मुलुक अर्कै चरणमा प्रवेश गर्‍यो । सोचेजस्तो परिणाम आउने गरी काम गर्न भने पाइएन ।

मन्त्री र पत्रकार महासंघको सभापति हुँदाभन्दा राज्य व्यवस्था समितिको सभापति हुँदा गरेको कामले मलाई बढी सन्तुष्टि दिएको थियो । त्यसबेला मैले सही ठाउँमा हात हालेँछु भन्ने अनुभूति गरेको थिएँ ।

## पत्रकार महासंघको नेतृत्वमा

बर्लिनमा पर्खाल लगाएर पूर्वी र पश्चिम जर्मनी छुट्ट्याइएको थियो । सोभियत संघ विघटन भएपछि बर्लिनको पर्खाल पनि ढल्यो । त्यसबेला म नेपाल पत्रकार संघको केन्द्रीय सदस्य थिएँ । हामीले झापाको बिर्तामोडमा कार्यसमिति बैठक गऱ्यौं । किशोर नेपाल र रघु पन्तजी हुनुहुन्थ्यो । उहाँहरूलाई एउटा प्रस्ताव तयार गर्न लगाइएको थियो । पश्चिमी देशमा निरंकुशता हटेर प्रजातन्त्रको लहर आउँदै छ । निरंकुशताको युग समाप्त भयो ।

संसारभर लोकतन्त्रको अध्याय शुरू भएको छ । यही आधारमा नेपालको राजनीति अघि बढ्नुपर्छ भनेर हामीले एउटा प्रस्ताव पारित गऱ्यौं । त्यो लिएर आयौं र नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टीहरूलाई दियौं । २०४६ सालको आन्दोलनमा यसले मार्गदर्शन गर्न सहयोग गरेको थियो ।

२०४७ सालको संविधान निर्माणका क्रममा प्रतिभासम्पन्न न्यायाधीश हुनुहुन्थ्यो, विश्वनाथ उपाध्याय । उहाँलाई गएर भेट्यौं । भेटमा हामीले भन्यौं– हामीकहाँ प्रेस स्वतन्त्रताका लागि यी कुरा संविधानमा राखिदिनुपऱ्यो । उहाँले भन्नुभयो, "तिमीहरूले भन्नै पर्दैन, तिमीहरूले चाहेकोभन्दा बढी प्रेस स्वतन्त्रताको सुनिश्चितता संविधानमा पाउने छौ ।" पछि म पत्रकार संघको सभापति भएपछि अमेरिकाबाट दुई–तीन जना प्रोफेसर आएका थिए । अनौपचारिक चिया कुराकानीमा उनीहरूले भने, "अमेरिकाको संविधानले सबैभन्दा बढी प्रेस स्वतन्त्रता सुनिश्चित गरेको छ भनेर हामी गौरव गर्थ्यौं तर हामीलाई पनि माथ गर्ने गरी तिमीहरूको संविधान बनेको छ । त्यो संविधानलाई पत्रकारहरूले कसरी प्रयोग गर्छौ, त्यहीअनुसार तिमीहरूको प्रजातन्त्रको भविष्य निर्धारण हुन्छ ।"

२०४९ सालमा विराटनगरमा भएको अधिवेशनबाट म नेपाल पत्रकार संघको सभापतिमा निर्वाचित भएको थिएँ । त्यसबेलाका प्रधानमन्त्री आदरणीय गिरिजाप्रसाद कोइराला हुनुहुन्थ्यो । उहाँ मेरो खिलाफमा हुनुभयो ।

उहाँका सञ्चारमन्त्री, प्रेस सल्लाहकारसमेत अनेक शक्ति लगाएर मलाई हराउन लागेका थिए । प्रधानमन्त्रीका पक्षमा हरिहर बिरहीजीको नेतृत्वमा छुट्टै प्यानल बन्यो । हामी प्रजातन्त्रवादी र वामपन्थीहरूको साझा प्यानल बनाएर चुनावमा उत्रियौं । म सभापति र रघु पन्तजी महासचिवको टीम बन्यो ।

सरकारी सञ्चारमाध्यमका साथीहरू आएर 'हामीलाई दबाब छ तर तपाईं ढुक्क भएर बस्नुस्, हामी भोट दिन्छौं' भन्थे । प्रायः सबै पत्रकारले मत दिएकाले मैले सभापति पदमा जितें । अधिकांश हाम्रै प्यानलका साथीको जित भयो । त्यसैले प्रेस स्वतन्त्रताका बारेमा संविधान निर्मातासँग गएर कुराकानी गर्न पायौं ।

एकपटक स्विडेनबाट एउटा टोली आयो र भन्यो, 'डेमोक्रेसी चलाउन प्रेसको भूमिका महत्वपूर्ण हुन्छ, तिमीहरूकहाँ प्रेसको अवस्था कमजोर छ, हामी तिमीहरूलाई मद्दत गर्न चाहन्छौं ।' १२ जना पत्रकारलाई एक महिनासम्म स्विडेनमा घुमाउने र सिकाउने प्रस्ताव ल्याए ।

त्यसअघि डेनमार्कले मिडियालाई सहयोग गर्न एउटा कोष नै बनाइदिएको थियो । म आफैं जान खोजें भने नेपाली प्रवृत्ति झल्किन्छ, त्यसकारण अरूलाई पठाउँछु भनेर मैले सिनियरहरूलाई सिफारिश गरें । बाह्रमध्ये ४ जना महिला हुनुपर्ने उनीहरूको शर्त थियो । त्यसबेला चार जना क्रियाशील महिला पत्रकार खोज्न निकै कठिन भयो तर खोजखाज गरेर पठायौँ ।

त्यसबेलाका पत्रकार महासंघले एउटा राजनीतिक आन्दोलन टुंग्याउन पनि भूमिका निर्वाह गरेको थियो । एमालेले कर्मचारी आन्दोलन शुरू गरेको थियो र संवादहीन तवरले चलिरहेको थियो । एमालेले आन्दोलन त शुरू गर्‍यो तर आन्दोलन उनीहरूका हातबाट बाहिर जान लाग्यो भन्ने विश्लेषण उनीहरूले नै गर्न थाले । परिस्थितिलाई कसरी सम्हाल्ने वा टुंग्याउने भन्ने भइरहेको थियो ।

त्यसबेला रघुजी पन्त पत्रकार महासंघको महासचिव हुनुहुन्थ्यो । रघुजी र मदन भण्डारीबीच कुरा भएछ । रघुजीले 'तपाईंलाई मदन भण्डारीले भेट्न खोज्नुभएको छ' भन्नुभयो । उहाँसँग गएर कुराकानी गरें । त्यहाँबाट आएर विस्तारै वातावरण बनाएर पत्रकार महासंघको मध्यस्थतामा प्रधानमन्त्री र पार्टी सभापति किशुनजी तर एमालेबाट मनमोहन अधिकारीलगायत एमालेका नेताहरू बसेर संवादको थालनी भयो । दुई पक्षबीचको वार्ता अघि बढेपछि कर्मचारी आन्दोलन सुरक्षित तवरले टुंगियो ।

विराटनगरमा भएको पत्रकार महासंघको चुनावमा राजनीतिक आस्था जसको जता भए पनि पदाधिकारी मिलाएर निर्वाचनमा गएको अवस्था थियो । सबै पक्षको प्रतिनिधित्व गराउने सल्लाह भएको थियो । त्यसले सामूहिक भावना


प्रतिनिधित्व गर्न सक्ने हैसियत राखेकाले नै त्यो आन्दोलन टुंग्याउन सहयोग पुगेको थियो । नेपाल पत्रकार महासंघ संसदमा एक हप्तासम्म बधाई पायो ।

संसदमा एक हप्तासम्म बधाई पाउने एक मात्र संस्था पत्रकार महासंघ मात्र हो । पछि आएर महासंघको त्यो हैसियत रहेन । दल-दलका अलग-अलग पत्रकार संगठन बनाउन थालेपछि मेरो सहमति रहेन किनभने पत्रकार महासंघले नै देशका राजनीतिक दलको समेत मध्यस्थता गर्न सक्थ्यो ।

आस्थाका आधारमा पेशागत संघसंस्थालाई भाग लगाउन थालियो भने त्यसले समाजको प्रतिनिधित्व गर्न कठिन हुन्छ । पत्रकारले आस्थाका आधारमा लेख्न मन लागे लेख्नुहोस्, तर महासंघमा राजनीतिक आधारमा व्यवहार गर्न थाल्नुभयो भने कमजोर हुन्छ, त्यस्तो गर्नु हुँदैन ।

पहिले र अहिलेको पत्रकारिताबीच आकाश-जमिनको अन्तर छ । अहिले विचित्रको पत्रकारिता देखिरहेको छु । एउटा कुराकानीबाट पाँचवटा समाचार बनाउन पुग्ने सूचना आउला तर समग्रमा त्यसले के भयो ? भन्यो भने कसैले नबुझ्ने अवस्था आउन सक्छ । अर्थात् कुराकानी सार्थक हुन जरूरी छ । हामीकहाँ मात्र होइन, पत्रकारितामा उत्कृष्ट भनिएका मुलुकमा पनि यस्तो प्रश्न आएको देख्छु ।

कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) का कारण संसारभरका मानिस हैरान भइरहेका छन् । अमेरिका, चीन, रूसलगायतका ठूला देशबीच यिनै कुरामा द्वन्द्व छ । मैले त *लन्डन टाइम्स* वा *वाशिंगटन पोस्ट्*ले के लेख्यो, त्यसैका आधारमा विश्वको हावा चलिरहेका बेला पत्रकारिता गरेको हुँ । अहिले त्यस्तो छैन । त्यसकारण पछिल्लो पत्रकारिता बुझ्नै छाडिसकेको छु । संसार यसैमा गइसकेको छ । मैले नबुझेर केही हुँदैन । अहिलेको पत्रकारिता नबुझेर पनि मलाई त्यस्तो लागेको हुन सक्छ । पहिले र अहिलेको पत्रकारितामा केही तुलना नै देखिरहेको छैन ।



**रामकृष्ण रेग्मी**

# पत्रकारका गुरू

*त्यसबेलाका समाचारका स्रोतलाई अरूले कुरा लगाइदिन्छन् कि भन्ने डर हुन्थ्यो । समाचार लिन जानु र चन्दा लिन जानुमध्ये बरू चन्दा लिन जानु सजिलो थियो, तर समाचार लिन गाह्रो हुन्थ्यो । त्यतिबेला स्रोतलाई कल्टिभेट (आफैं जन्माउने) गर्ने पर्ने स्थिति थियो । स्रोत संरक्षण गर्नु मात्र होइन, लुकाउनु पनि पर्ने स्थिति थियो । मैले त 'म पत्रकार हो, रिपोर्टिङ गर्ने मेरो अधिकार हो' भनुँला । तर, स्रोतलाई त सूचना दिने अधिकार त थिएन । त्यसैले त्यहाँनेर हामी पत्रकार पनि होशियार हुनु पर्थ्यो ।*

**मेरो जन्म** २००४ सालमा काठमाडौंको नरदेवीमा भएको हो । ताहाचल छाउनीमा हुर्कें र अहिले चाहिँ म कालिमाटीमा बस्छु । मेरो पिताजीको नाम बुद्धिप्रसाद शर्मा रेग्मी र माताजीको नाम ओमकुमारी रेग्मी हो । पिताजी सधैं अध्ययनमा संलग्न हुनुभो तर उहाँको पिताजी (मेरो हजुरबा) पढ्नु पर्छ, तर परीक्षा नै उत्तीर्ण गर्नु पर्छ भन्ने छैन भन्ने मान्यतामा विश्वास गर्नुहुन्थ्यो । त्यसैले उहाँले आफ्नो छोरालाई संस्कृत शिक्षा पढाउनुभयो तर परीक्षा उत्तीर्ण गर्नेमा जोड दिनु भएन । पिताजीले किताब पनि लेख्नुभएको छ, अरू अहिले छैनन्, रामायणको किताब प्रकाशित पनि छ, अहिले त त्यसको डिजिटल कपी पनि छ।

माताजी कहिल्यै विद्यालय जानुभएन तर जिउने सीप र कलामा उहाँ प्रवीण हुनुहुन्थ्यो । आर्ट अफ लिभिङ् मैले स्कूल नपढ्नु भएकी मेरी माताजीबाट सिकेको हुँ । मेरो बुबाको पेशा अध्यापन थियो । थोरबहुत सामाजिक काम पनि गर्नुहुन्थ्यो । जागिर खानु भएन, काठमाडौंमा ट्युसन गरेर अध्यापन गर्दै हिड्ने प्रचलन थियो । एउटै संस्थामा संलग्न भएर अध्यापन गर्नु भएन तर जीवनमा अध्यापनबाहेक अर्को पेशा पनि गर्नु भएन ।

मैले भने त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गरेको छु । जर्मनीको इन्टरन्याशनल इन्स्टिच्यूट अफ जर्नालिजम, बर्लिनबाट पत्रकारितामा डिप्लोमा गरेको छु, त्यसलाई त्रिविले एमएड सरहको हो भनेर इक्विभ्यालेन्स दिएको छ ।

मेरी श्रीमती दुर्गादेवी रेग्मी दिवंगत भइसक्नु भयो । हामी चार दाजुभाइहरू छौं । भाइहरू अहिले ताहाचल छाउनीमै बस्नुहुन्छ । दुईटा दिदिबहिनीमा दिदी बित्नुभयो, बहिनी हुनुहुन्छ । मेरो पारिवारिक पृष्ठभूमि यत्ति नै हो ।

## फ्रिलान्स जिन्दगी

म अध्यापन गर्छु तर फ्रिलान्सर हुँ । अनुसन्धानका काम पनि गर्छु । अहिले पनि टीआईएन (ट्रान्सपरेन्सी इण्टरनेशनल नेपाल) को एउटा काम गरिरहेको छु, राष्ट्रिय सदाचार प्रणाली, २०२२ को सारांश अन्वेषण गरेको हुँ । यो फ्रिलान्सर रिसर्चको काम हो । एउटा फ्रिलान्सरको रूपमा लेख्ने, अनुसन्धान र अध्यापन गर्नेमा संलग्न भएर दैनिकी चलाइराखेको छु ।

आमसञ्चार माध्यम, राष्ट्रिय सदाचार प्रणाली, आचार संहिता, भ्रष्टाचार, अख्तियार दुरूपयोग रोक्ने, विपद् पत्रकारिता, लैंगिक समानता, संस्कृति पत्रकारिता, निष्पक्ष

पत्रकारिता, संसदीय पत्रकारिता, विकास पत्रकारिता आदि विषयसँग सम्वद्ध अनुसन्धान, खोजपूर्ण लेख छापिएका छन्- पुस्तकको रूपमा, लेखको रूपमा । पत्रपत्रिका र अन्य विभिन्न प्रकाशनका साथै हालै मात्र सन् २०२२ मा रूटलेज प्रकाशनले (लण्डन, न्यूयोर्क) अंग्रेजी भाषामा छापेको पुस्तक 'ग्लोबल पर्सपेक्टिभ्स अन जर्नालिजम इन नेपाल' मा 'हाउ डू नेपाली न्यूजरूम्स इण्ड्योर डिजिटल ट्रान्सफर्मेसन' भन्ने एक च्याप्टर लेखेको छु ।

## पत्रकारिताको प्राध्यापक

पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतको कान्तिपुर सिटी कलेजमा २२ वर्षदेखि आमसञ्चार र पत्रकारिता पढाइराखेको छु । त्यहाँबाट उत्पादित जनशक्तिले नै संचालन गरेको कलेज हो यो । मैले कुनै समय करीब एक दशक जति सेन्ट मेरिजमा प्लस टु का विद्यार्थीलाई मास कम्युनिकेशन पढाएँ र त्यहीँका विद्यार्थीलाई अध्यापन जिम्मा लगाएर छोडें । शंकरदेव क्याम्पसमा मैले धेरै वर्ष अर्थशास्त्र पढाएँ ।

नेपाल प्रेस इन्स्टिच्युट (एनपीआई) मा शुरूदेखि नै प्रशिक्षकको रूपमा काम गरें । त्यतिबेला पत्रकारितामा तालिम चाहिन्छ भन्ने खासै थाहा थिएन । भारतदत्त कोइराला, गोकुल पोखरेल र हामी केही मान्छेले यो त आवश्यक कुरा हो, यसलाई संस्थागत रूपमा प्रवर्द्धन गर्नुपर्छ भनेर एनपीआई स्थापना गऱ्यौं । स्थापना कालमा निकै संघर्ष गर्नुपरेको थियो ।

यतिसम्म संघर्ष गर्नुपरेको थियो कि सञ्चार मन्त्रालय अन्तर्गत राख्ने हो कि अर्को मन्त्रालय अन्तर्गत राख्ने ? अथवा उद्योग मन्त्रालय अन्तर्गत राख्ने ? यस्ता प्रसंगहरूले एनपीआईको स्थापनामा पनि निकै असहज भएको थियो । यसको दुःख त भारतदत्त कोइराला, गोकुल पोखरेलजीहरूलाई अझ बढी थाहा छ । म त एउटा प्रशिक्षकको रूपमा संलग्न भएको हुँ । दशकभन्दा बढी नै पढाएँ ।

## रूचिको केन्द्रमा पत्रकारिता

उमेरमा फूटबल जस्ता केही खेल र पौडीमा रूची थियो । तर, कुनैमा पनि समय दिन सकिएन । त्यतिखेर अहिले जस्तो पौडीपोखरीको सुविधा पनि थिएन । पौडी खेल्न बालाजु नै पुग्नु पर्थ्यो, अन्त कतै थिएन । यो लेखन प्रवृति यस्तो हुँदोरहेछ कि त्यतातिर लागेपछि अन्यत्र समय दिन र ध्यान दिन नसकिने ।

त्योबेला कोही मान्छेसँग भेट्ने, संगत गर्ने ठाउँ न्यूरोड थियो । त्यहाँ विभिन्न किसिमका मान्छे जम्मा हुन्थे । विशेषगरी बेलुका ३–४ बजेदेखि ७-८ बजेसम्म भेटघाट र छलफल हुन्थ्यो । कवि, लेखक तथा साहित्यकार आदिको अनौपचारिक नियमित फोरम थियो, न्यूरोड । साथीहरूसँग संगत गर्दागर्दै लेख्नेतिर लागियो । त्यसको प्रभावले मेरो अरूतिर जाने क्रम कम हुँदै गयो, लेखन क्षेत्रमै मात्र केन्द्रित भएँ । पत्रकारितामा लाग्दै गर्दा विद्यार्थी नै थिएँ । त्यतिखेर हामी पत्रपत्रिका पढ्न पनि न्यूरोड जान्थ्यौं । इण्डियाबाट प्लेनमा आउने पत्रपत्रिका न्यूरोडमा बेलुका ४ बजे आइपुग्दा हरेक दिन पत्रिका किन्नेहरूको एक किसिमको भीडभाडै हुन्थ्यो । भारतीय पत्रपत्रिका नियमित पढ्थ्यौं । त्यही आदतका बीचमा भारतीय पत्रिका किन्दाकिन्दै 'यस्तो पत्रिका त नेपाली भाषामा आउनुपर्छ' भन्ने भावना आएको हो । त्यस्तै माहोलमा एउटा राम्रो पत्रिका नेपाली भाषामा भए कस्तो हुँदो हो भन्ने लाग्थ्यो ।

पत्रकारिता भन्ने बित्तिकै जहिल्यै पनि बाहिरकै सामग्रीहरू पढ्नु पर्ने भो । जबकि पत्रकारिताको एउटा पक्ष स्थानीयकरण हो । पत्रकारिता ग्लोबल हो तर यसको स्थानीय अर्थ र महत्व पनि छ । स्थानीय भाषा, स्थानीय आवाज, स्थानीय सन्दर्भ, स्थानीय विवेक, मर्म र संस्कृतिलाई बाहिर ल्याउने, उजागार गर्ने नै पत्रकारिताले हो । यो सोचेर हामीले 'पत्रकारिता हातेकिताब' नामको पुस्तक नै तयार गर्‍यौं र नेपाल प्रेस इन्स्टिच्युटबाट प्रकाशन गर्‍यौं ।

## समाचार छापिँदाको खुशी

शुरूमा पत्रपत्रिकामा छोटो छोटो समाचार लेख्न थालें । नियमित/अनियमित जे भए पनि धेरै समय समाचार लेखेँ । हातले लेख्थ्यौं, कस्तो कागजमा लेख्ने भन्ने कुनै स्ट्यान्डर र साइज थिएन । जुन कागज फेला पर्छ, जुन कागज खाली भेट्थ्यौं, त्यसमै लेख्ने गर्थ्यौं ।

मैले २०२८ सालतिर *कमनर* अंग्रेजी दैनिकबाट पत्रकारिता शुरू गरेको हुँ । त्यहाँ पहिला हामीले लेखेका सबै सामग्री गोपालदास श्रेष्ठ (सम्पादक) कहाँ जान्थे, त्यसलाई उहाँले सम्पादन गरेर कम्पोजमा पठाउनु हुन्थ्यो । अहिलेको जस्तो डेस्क एडिटर कोही हुँदैनथ्यो, कतिपय बेला आफैंले लेखेको आफैं सम्पादन गर्नुपर्थ्यो । पत्रकारिता कार्य संगठित हुन सकेको थिएन, जसरी पनि पत्रिका निकाल्ने काम भए भइहाल्यो नि भन्ने सोचाइ प्रबल थियो । रमाइलो के लाग्थ्यो भने आफैँले लेखेको बस्तु भोलिपल्ट छापिन्थ्यो । त्यो खुशीको अनुभव यतिखेर व्यक्त गर्न

सकिँदैन । त्यो बेला मलाई अनुभव भएको कुरा थियो - ओहो ! आफूले लेखेको चीज छापिएर आयो । अहिले कोही युवा मोबाइलमा रमाइरहँदा म उनीहरूलाई त्यत्तिकै डिस्टर्ब गर्न चाहन्नँ किनभने उनीहरू त्यहाँ रमाइरहेका हुन्छन्, आफूले खोजेका चीज केही फेला पारिरहेका हुन्छन् ।

त्यतिखेर समाचार स्रोत भनेर खासै कोही हुँदैनथे । हामी प्रसंग जोडेर समाचार बनाउथ्यौं । न्यूरोडमा धैरै मानिस हुन्थे । तिनका अनेक कुरा हुन्थे । हामी त्यहाँबाट कसरी हुन्छ पत्ता लगाएर समाचार बनाउथ्यौं । समाचारको वर्गीकरण (न्युज क्याटगोराइज) के हो भनेर उहिलेको पत्रकारलाई थाहै थिएन । एक किसिमले समाचार आइरहन्थ्यो । राजनीतिक बीटमा काम गर्नेहरू राजनीतिक नेताहरू भेट्न व्यस्तै हुन्थे । मुख्यरूपमा त्यो बेलाको समाचारको स्रोत नै न्यूरोड थियो । त्यहाँ विभिन्न क्षेत्रका मान्छे भेट हुन्थे, जुन अहिलेसम्म पनि कायमै छ तर प्रसंग भने फरक परेको छ ।

त्यसबेला खासगरी राजनीतिक र सामाजिक न्यूज चल्थ्यो । कसैले दियो भने सामाजिक न्यूज चल्थ्यो, नभए नेताका भनाइ र पार्टीका वक्तव्यका आधारमा राजनीतिक समाचार बन्थे । त्यो बेलाका धेरैजसो पत्रिका मासिक हुन्थे । पत्रिका निकाल्ने मान्छेले जे-जे सामग्री राख्थे, त्यही नै छापिन्थ्यो । विस्तारै पत्रपत्रिकामा प्रतिस्पर्धा चल्न थालेपछि अलिअलि सतर्कता अपनाउन थाले । त्यो बेलाका पत्रपत्रिका हेर्ने हो भने एकोहोरो डिजाइन हुन्थ्यो, धेरै नवीनता हुँदैनथ्यो । छपाइको प्रक्रिया पनि जटील थियो । एक-एक वटा अक्षर जोडेर कम्पोज गर्ने प्रविधि थियो । धेरै कालो नआइदिएर छापिएको अक्षर राम्रोसँग बुझ्न पाए हुन्थ्यो जस्तो लाग्थ्यो ।

फोटोहरू ब्लक बनाएर मात्रै छापिन्थ्यो । त्यस्ता ब्लक बनाउने ठाउँ पनि एकाध मात्र थिए, कि वसन्तपुर कि त बागबजार जानुपर्थ्यो । म काम गर्ने बेलामा प्रायः समाचार छापिने व्यक्तिका फोटोका ब्लक बनाएर पत्रकार आफैंले झोलैमा लिएर हिँड्थे । कुन समाचारमा तस्वीर छ/छैन भन्ने कुरा कम्पोज गर्नेलाई बताइदिनु पर्थ्यो । तस्वीरहरू प्रायःजसो प्रसिद्ध व्यक्तिहरूको मात्र छापिन्थ्यो । अहिले हामी जुन कुरालाई लाइफ स्टाइल भन्छौं, त्यत्तिखेर त्यो समाचारको विषय हुन्थेन । खासगरी नेताहरूको समाचार आउँथ्यो । ब्लक बनाउने ठाँउमा उहाँहरूको फोटोब्लक रेडिमेड नै पनि हुन्थ्यो ।

## पहिले रोजेँ, पछि छाडेँ

म २०३० सालमा लिखित परीक्षा र अन्तर्वार्ताबाट छनोट भएर *राससमा* काम गर्न गएको थिएँ । त्यो बेलाको तलबले गुजारा गर्नै गाह्रो हुन्थ्यो तर एक किसिमको मोटिभेशन चाहिँ थियो । महिना सकिएपछि तलब पनि आउँथ्यो । *राससको* एउटा बेग्लै अर्थ छ । मलाई अहिले पनि कसैले सोध्यो भने राष्ट्रको आधिकारिक आवाज दिनका लागि देशमा वास्तवमै राष्ट्रिय चरित्रको एउटा समाचार समिति चाहिन्छ भन्ने मेरो बुझाइ छ । अब त्यो राष्ट्रियलाई कसैले सरकारी मानेर बुझे, त्यो सरकारीलाई फेरि दलीय भनेर बुझे । सरकार भनेको दल हैन । दल सरकारमा गएपछि देशको सरकार हुन्छ । अहिलेसम्म पनि त्यो धेरैले बुझ्नसक्नु भएको छैन ।

म *राससमा* जानु अघि खट्किएको कुरा पनि त्यही थियो । *रासस* त राष्ट्रका लागि हो, सूचना प्रवाहमा निरन्तर सर्वसाधारणको सेवामा, सार्वजनिक हितमा संलग्न भइरहने संस्था हो । देशमा यस्तो समिति हुनुपर्छ र त्यसप्रति बफादार र लगनशील हुनुपर्छ भनेरै गएको हुँ । *राससमा* दलीयतामा कहाँ सकिन्छ, सरकारी कहाँ शुरू हुन्छ र राष्ट्रियता कहाँबाट शुरू हुन्छ भन्नेमा मान्छेहरू अहिले पनि अलमलमा छन् । त्यो अलमल नहोस् भनेर हामी सधैँ लागिरह्यौं तर बुझाउन सकेनौँ । सरकार देशको हुन्छ भन्ने कुरा बुझौँ, अहिले पनि कुरो सरल छ ।

*राससमा* म रिपोर्टर पदमा सेवा प्रवेश गरेर सिनियर रिपोर्टर भएँ । डेपुटि चिफ रिपोर्टर र त्यसपछि चिफ रिपोर्टर भएँ । २०४६ सालको परिवर्तनको ६-७ वर्षमा पनि खासै परिवर्तन नआएपछि राजिनामा बुझाएर छाडें । २०५१/५२ तिर काम छोड्दा अब के गर्ने भनेर स्पष्ट थिइनँ । केही अरू गर्छु भनेर पनि छाडेको थिइनँ ।

*राससको* मेरो अनुभव हो : सूचना प्रवाहलाई निरन्तर पार्नु पर्ने दायित्व बहन गर्ने, अहिलेको शब्दावलीमा 'कण्टेण्ट प्रोडक्सन' मा अबरोध भए त्यसलाई हटाउन सक्रिय रहने, तथ्यसत्य तथा सन्तुलनबारे संयमसाथ धेरै प्रकारको होशियारी लिनुपर्ने, अंग्रेजी, नेपाली वा अन्य भाषागत शुद्धता र अर्थपूर्णतामा विशेष नै ध्यान दिनुपर्ने, तथा विश्वसनीय स्रोत वा प्रमाण वा पुष्टिविन्दुमा आधारित हुनुपर्ने ।

## जनमत संग्रह र नेताका अनुभव

पञ्चायत कालमा सबै पार्टीहरूलाई हामीले नामको अगाडि प्रतिबन्धित दल भनेर लेख्नुपर्थ्यो । प्रतिवन्धित भन्ने शब्द नेपालीमा हो, अंग्रेजीमा ब्याण्ड लेखिन्थ्यो ।

त्यो नलेखी हुँदैनथ्यो, किनभने त्योबेला पार्टीहरू खुला थिएनन् । प्रतिबन्धित लेखेर पार्टीहरूका बारेमा हामीले सोझै रिपोर्टिङ गर्न पाइराखेका थियौँ । हामीलाई बडा रमाइलो लाग्थ्यो । आवाजहरूलाई दिन पाइयो भनेर खुशी हुन्थ्यौं । खुला रूपमा उनीहरूका आवाज दिन पाइएको दिन हामी धेरै नै रोमाञ्चित हुन्थ्यौं ।

२०४६ पछि र अगाडिको नेतामा फरक रहेछ । उहाँहरू पत्रकारितालाई मान्नु हुन्थ्यो, महत्व पनि दिनुहुन्थयो । २०४६ सालअघि उहाँहरू आन्दोलनरत रहँदा हामीलाई *रासस*मा यिनीहरू पञ्चायतसँग बढी नजिक छन् जस्तो गर्नु हुन्थ्यो । २०३६ सालमा जनमत संग्रहको एउटा घटना छ । त्यतिखेर धेरैलाई के लाग्थ्यो भने *रासस* सरकारी हो, यिनीहरू बहुदलको विपक्षमा छन् । त्यो बेलाको *रासस*को समाचार सामग्री र कभरेज हेर्नु भयो भने हाम्रो प्रयत्न जनमत संग्रहमा सबैको आवाज आउनुपर्छ भन्ने थियो । हामी समय-समयमा सोध्ने गर्छौ, के हामीले न्याय गर्‍यौँ त ? जनमत संग्रहताका बीपी कोइरालाको भाषण, मनमोहन अधिकारीको च्यासलको भाषण र तुलसी गिरीको भाषणलाई *रासस*ले त्यो बेलामा छापेको थियो ।

केहीलाई लाग्थ्यो यिनीहरू सरकारी पत्रकार हुन् तर जब हामीसँग संगत गर्दै जानुहुन्थ्यो, समाचार हेर्दै जानुहुन्थ्यो, त्यसपछि उहाँहरूलाई हाम्रो आवाज आई नै रहेको छ भन्ने लाग्थ्यो । आखिर हामीले पत्रकारितालाई बुझ्ने भनेको हामी कसैको आवाज रोक्दैनौं, आवाजविहीनहरूको आवाज दिन चाहन्छौं भन्ने नै हो ।

त्यसबेलाका स्रोतलाई अरूले कुरा लगाइदिन्छ भन्ने डर थियो । समाचारभन्दा चन्दा लिन जानु सजिलो थियो । अहिले पनि कुनै पोजिटिभ समाचार छाप्यौं भने खुशी हुन्छन् तर अलिकति क्रिटिकल भयौं भने सबैलाई पचाउनै गाह्रै पर्छ । त्यतिबेला स्रोतलाई कल्टिभेट (आफैं जन्माउने) गर्नै पर्ने स्थिति थियो । अनि स्रोत संरक्षण गर्नु मात्र होइन, लुकाउनु पनि पर्ने स्थिति थियो । मैले त 'म पत्रकार हो, रिपोर्टिङ गर्ने मेरो अधिकार हो' भनुँला तर स्रोतलाई त सूचना दिने अधिकार थिएन । त्यसैले हामी पनि होशियार हुनु पर्थ्यो । कहिलेकाहिँ विज्ञस्रोत भनेर लेखिन्थ्यो, कहिले-कहिले लेखिँदैनथ्यो । मलाई चाहिँ के लाग्थ्यो भने स्रोत विनाको समाचार हुनुहुँदैन ।

मैले *नेपाल टेलिभिजन*कै लागि अमेरिकी राजदूतको अन्तर्वार्ता लिएको छु । यस्ता प्रसंगहरू धेरै छन्, धेरै अन्तर्वार्ता लिएको छु । हेड अफ दी स्टेटहरूसँग

पनि लिइएको छ । जस्तै, श्रीलंकाको राष्ट्रपति यहाँ आउँदा उहाँको अन्तर्वार्ता लिएको थिएँ । चिनियाँ प्रतिनिधिहरूले चाईनिजमा बोल्नु भयो, मैले अंग्रेजीमा अनुवाद गरें ।

हिजो जेलमा देखेका र भेटेका नेताहरू बाहिर आएर प्रसंगवश कुरा गर्दै जाँदा अध्ययनका कुरा हुन्छन् नै । जेलमा बस्दा उहाँहरू बढी अध्ययनशील हुनुहुन्थ्यो, पछि अध्ययनशीलताबाट क्रमशः टाढा हुँदै जानुभयो । राजनीतिक भाषणमा पनि कुनै-कुनै नेतालाई त हामीले भेटेर सोध्नु पर्थ्यो- के अर्थमा तपाईंले यो कुरा भनिरहनुभएको छ भनेर ? औपचारिक कार्यक्रम सकिएपछि हामी एकछिन समय लिएर स्पष्ट गरिमाग्थ्यौं । उहाँहरू खुसीसाथ समय दिएर स्पष्ट गरिदिनुहुथ्यो । त्यो क्रम पछिसम्म पनि कायम रह्यो । तर क्रमशः नेताहरूमा अध्ययनशीलता कम हुँदै गयो, अनि समाचारमा पनि गहनशीलता कम हुँदै गएको छ ।

## चाहेर पनि गर्न नसकेका स्टोरी

सामाजिक स्थिति, जीवनशैली, कला र संस्कृति, साहित्यमा पनि हामीले केही गर्न खोज्यौं । विशेष गरी *राससमा* हामीले यसलाई राखौं नै भनेर एउटा प्रयोग गऱ्यौं । उदाहरणका लागि, संसदको गतिबिधिबारेमा साँझमा एउटा बुलेटिन अंग्रेजी र नेपाली दुवै भाषामा निकाल्न भनेर एउटा अभियान नै चलायौं । यसमा मैले पनि निरन्तरता दिएँ तर यसलाई राम्ररी कदर गर्ने र डाइजेष्ट भनेको केहो भन्ने कुरालाई सांसदहरूले रूचाउनु नै भएन । उहाँहरूको भाषण सबै त्यसमा आउँदैनथ्यो, त्यो त डाइजेष्ट मात्र थियो । त्यही भएर रूचाउनुभएन । एउटा यस्तो झ्याल दिने जुन झ्यालबाट संसदमा आज के भयो भन्ने कुरा पहिल्याउन सकियोस् । त्यस रूपमा यसलाई उठाउन खोजेका थियौं । यसमा सांसदहरूकै रूचि रहेन ।

साहित्य पनि समाचार हुन्छ र ? भन्ने चलन थियो त्यतिबेला । साँस्कृतिक कार्यक्रमलाई रिपोर्ट गर्न खुब खोज्थ्यौं । एउटा नाच छ भने त्यसका सबै पक्षलाई समेट्न खोज्थ्यौं । जस्तो, नाचले के अभिव्यक्ति दिइरहेको छ ? नाच्ने को हो ? त्यसलाई जीवन्त गराउने हाम्रो चाहना हुन्थ्यो । तर,सांस्कृतिक कार्यक्रमको समाचार जान्थ्यो तर साँस्कृतिक टोलीको नाम पनि दिन गाह्रो पर्थ्यो । आर्थिक समाचार पनि केही समय गऱ्यौं, पछि त्यसलाई पनि निरन्तरता दिन सकेनौं ।

समाचार भनेको के हो भन्ने समाजले परिभाषित गर्दै जान्छ । समाजमा जति आयाम खुल्छन्, समाचार पनि त्यस्तै बन्दै जान्छ । त्यसैले समाजले समाचार

परिभाषित गर्दै जान्छ भनेको हो । राजनीतिक मिशन पनि समाजका लागि हो भने संस्थागत र एउटा दलविशेषको 'मिशन पत्रकारिता' मात्र गर्न सकिन्छ । त्यो मात्रै होइन, राजनीतिक समाचार भनेको सबैले गर्न सक्छ भन्ने पनि थियो । पत्रकारिता त समाजका लागि गर्ने हो । समाजका लागि पत्रकारिता गर्न कुनै दलसँग सम्बन्धित हुन आवश्यक छैन । पत्रकारितालाई स्वतन्त्रता दिनुपर्छ भन्नेसँग नजिक हुनु छुट्टै कुरा हो, स्वतन्त्रता दिनुहुन्न भन्नेसँग टाढा हुनुपनि स्वाभाविक हो ।

एउटा दलको मात्रै समाचारलाई स्थान दिने र अर्को दललाई अछुत व्यवहार गर्ने दलीय पत्रकारिता आवश्यक छैन । पत्रकारिताको शुरूको बोली नै के रहन्छ भने अर्को पक्षले के भन्छ, त्यो हेर्नु पर्दछ । सन्तुलित हुन सकेन भने पत्रकारिता हुँदैन ।  त्यसैले दल विशेषसँग गाँसिएर जानु हुँदैन ।

## न उपलब्धि, न पछुतो

पत्रकारितामा लाग्दै गर्दा नेपालमा आमसञ्चार शिक्षा स्वीकृत भयो । एउटा पत्रकारिता तालिमसम्म स्वीकृत नहुने नेपालमा स्कूलमा पनि आमसञ्चार शिक्षा पढाइनु एउटा ठूलो उपलब्धि हो । अहिले आमसञ्चारका विषयमा एमएसम्म पढाइ हुन्छ, पीएचडी गर्न पाइने भएको छ । हामीले त मानवस्रोत तयार गर्ने हो । योभन्दा ठूलो उपलब्धी अरू के हुन्छ ?

मलाई व्यक्तिगत रूपमा पत्रकारिता जीवनलाई उपलब्धिसँग गाँस्न मन लाग्दैन । जीवन यसैमा बित्यो, पत्रकारिता गरियो, पढाइयो, बहस चलाइयो । कति सफल भइयो खै ? यसलाई उपलब्धि भनौं भने के भनौं, नभनौं भने अहिलेसम्म यसैमा संलग्न छु । त्यसैले यो उपलब्धिभन्दा पनि संलग्न भइरहँदाको रमाइलो हो । कसैले लाग् भनेर लागेको होइन, यसमा केही गर्न सकिनँ भनेर पछुतो पनि छैन । तर, गर्न अझै धेरै बाँकी छ । अब नयाँ पुस्ताले गर्नुपर्छ भनेरै अध्यापनमा लागेको हो ।

पत्रकारितामा लागेकोमा केही पछुतो पनि छैन । मैले कसैलाई रिझाउन नसक्दा मेरै नामको केही निम्तामा पनि विदेश जान नपाएका केही उदाहरण छन् । *राससमा* छँदा मै नै जानुपर्ने, अरू जानै नसक्ने निम्ता पनि आउँथे । म रिझाउन नसक्ने  स्थितिमा हुँदा कैयौं भ्रमणमा जान पाइनँ ।

त्यसो हुँदा हुँदै पनि धेरै विदेश भ्रमणमा गएको छु । सार्क सम्मेलन कभर गरेँ । वातावरण सम्मेलनमा पनि भाग लिएको छु । राजाको भ्रमणमा पनि गएको छु । प्रधानमन्त्रीहरूका विदेश भ्रमणमा पनि गएको छु । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको चीन भ्रमणको बेला पनि चीन गएको थिएँ, संयुक्त राष्ट्र संघ र यूरोप भ्रमणको समाचार संकलन गर्ने अवसर पनि मिलेथ्यो ।

पत्रकार नभए भए कुनै बैंकको जागिरे हुन्थें होला, अर्थशास्त्रमा एमए गरेको थिएँ । या पढाउँथे होला । कहिले-कहिले लाग्छ, पेन्सन आउने काम गरेको भए बेसै हुन्थ्यो कि ? जस्तो, अहिले प्रेसरको औषधि किन्दा समस्या हुन्छ । त्योबाहेक पत्रकारितामा त मलाई अहिले पनि रमाइलै लाग्छ ।

## विदेशी मिडिया र स्वदेशी मिडिया

प्रेस स्वतन्त्रता भएका केही देशका मिडिया विश्लेषण र सूक्ष्म अन्वेषण, निष्पक्षता र सन्तुलनमा अघि रहेको अनुभूति हुन्छ । तर प्रेस स्वतन्त्रता भए पनि केही देशमा मिडिया दलगत आधारमा दायाँ/बायाँ वा उदार/अनुदार भएको देख्दा अचम्म लाग्छ । पाश्चात्य प्रेसले विकासोन्मुख देश र विशेष गरी साना गरीब तर सांस्कृतिक वा अन्य कुराले उन्नत देशको कभरेजमा उचित ध्यान नदिएको स्पष्ट देखिन्छ ।

स्वदेशी मिडिया २०४६ पछि धेरै अघि बढेको छ । विविधतामा, प्रविधिमा, नवीन शैलीमा र कभरेजको दृष्टिमा पनि अघि बढेको छ तर तिनमा विपद् थेग्न सक्ने शक्ति रहेनछ भन्ने कुरा कोभिड-१९, भूकम्प र अन्य विपदले पुष्टि गरिदिएका छन् । राजनीति र व्यापारमा तिनको निर्भरता चिन्ताको विषय हो । अझ त्योभन्दा ठूलो चुनौती त आमसञ्चार माध्यमलाई माध्यमको रूपमा निरन्तर परिचालन गरिराख्ने कि त्यसलाई आधार गरेर आफ्ना अन्य अभिलाषा विशेष गरी आय विस्तार गर्ने कुरा पूरा गर्ने भन्ने प्रश्नसँग सम्वद्ध छ । आमसञ्चार माध्यमलाई लेनदेनको जालोमा भने पर्न दिनु हुन्न नै ।

त्यसो भनेर मिडियामा विज्ञापन आउनु हुँदैन भनियो भने अन्यथा हुन्छ, विज्ञापन आउनुपर्छ । तर, समाचारका 'स्ट्याण्डर'लाई विज्ञापनले पनि ध्यान दिनुपर्छ । तर अहिले पनि समाचारमाथि विज्ञापनको अतिक्रमणको प्रयास भइरहेको छ । समाजले पचाउन सक्ने गरी विज्ञापनका भाषा, परिस्थिति र सन्दर्भ आउनुपर्छ भन्ने छ ।  त्यही नहुँदा मैले आलोचना गरेको छु । निजीक्षेत्रको सञ्चार माध्यममा काम गर्दा मैले कुनै विज्ञापन रोकिदिँदा अप्ठ्यारो परेको थियो किनभने विज्ञापन भनेको आयस्रोत हो ।

## पत्रकार हुनुका चुनौती र लाभ

पत्रकार भएकै कारण असुरक्षा महसुस त धेरै गरियो । २०४६ पछि त्यो क्रम कम भयो । धेरैजसो जागिरै खाइदिन्छु भन्ने असुरक्षाको कुरा आउँथ्यो । काममा अप्ठ्यारो गराइदिने, कार्यक्रममा जान अप्ठ्यारो पारिदिने गर्थे । म रिपोर्टिङ गर्न निजी मोटरसाइकलमा जान्थे, तैपनि अप्ठ्यारो पार्दिने गर्थे । नगई पनि नहुने, अप्ठ्यारो पारेकोले जान पनि नमिल्ने- त्यस्ता धेरै भएका छन् । स्थानीय स्रोत परिचालन गरेर रिपोर्टिङ गर्न गएको छु कतिपटक । विशेषगरी सभा, सम्मेलनमा यस्तो हुन्थ्यो । रोकजस्तै लगाएको हुन्थ्यो । बहुदल आएपछि भने त्यति भएन ।

पत्रकार भएकै कारण अवाञ्छित फाइदा मैले कहिल्यै लिइनँ । पत्रकार भएकै कारण विभिन्न ठाउँमा जाने अवसर त मिल्यो । देशका सबै जिल्लामा पुगेको छु । समाचार लिन गएको छु, तालिम दिन गएको छु । बरू त्यहाँ गएर घुम्न चाहिँ त्यति सकेको छैन । तत्काल जाने र आउने काम हुन्थ्यो । समाचार पठाउन नै ध्याउन्न हुन्थ्यो ।

व्यक्तिगत हिसाबले कुनै पनि विषयमा स्पष्टीकरण दिनुपर्छ भन्ने केही ठान्दिनँ । तर, समाचारका कारण अञ्चलाधिश कार्यालयमा गएर धेरै पटक स्पष्टीकरण दिएको छु, मन्त्रालयसम्म पनि पुगेर दिएको छु । धेरै छन् त्यस्ता, समाचार निस्केको कारण र भाषाका कारण लिखितै स्पष्टीकरण दिनुपर्ने स्थिति पनि परेको छ ।

भ्रष्टाचारका समाचार त एक दुई पटक लेख्यो भने पछि लेख्नै सकिँदैनथ्यो । लेखे छाप्नै गाह्रो, छापिहाल्यो भने वितरण हुँदैनथ्यो, भए पनि कम हुन्थ्यो । यो क्रम अहिले पनि जारी छ । तस्करी पनि समाचारको विषय हुन्थ्यो । अनियमितता समय-समयमा हुन्थे नै । तस्करको मामिलामा त पत्रकारहरू धेरै जान सक्ने अवस्था अहिले पनि छैन, त्यो बेलामा पनि थिएन । यो संसारमै गाह्रो विषय हो ।

## अहिलेको पत्रकारिता

अहिले हामी अलमलमा छौं । एउटा स्कूलिङ्बाट आयो, मल्टीमिडिया पत्रकारिता । त्यसका सम्भावना धेरै छन् । सबै रिपोर्टर  सम्पादक, जो पनि सम्पादक र फोटोग्राफर हुने बेला आयो । नागरिक पत्रकारिताको नाममा सोसल मिडिया आइरहेको छ । र, आमसञ्चार माध्यमका नाममा पहिचानको चुनौती छ ।

आमसञ्चार माध्यमले अगाडि आएर साहस र विश्वासका साथ हामी टिक्न सक्छौं भन्ने देखाउन पनि नयाँ डिजिटल ट्रान्सफरको कुरा अँगाल्नै पर्छ ।

अनलाइनले पनि आफूलाई रि-डिफाइन गर्नुपर्छ । प्रिन्टको एक्सटेन्सन मात्र हूँ भन्ने ठान्ने पनि होइन, आफ्नो स्थानमा उभिएर कर्तव्य पूरा गर्नुपर्छ । अनलाइनको उद्देश्य के त ? सोसल मिडिया आफ्नो बाटो जान्छ, त्यसको अलग्गै बाटो छ, त्यो हाम्रो बाटो होइन । यसले डिजिटल साधनलाई पनि अँगाल्नै पर्छ, नअँगाली सुखै छैन ।

सबैको सान्दर्भिकता कायम रहन्छ । छापामाध्यम रहन्छ । रेडियोले पनि म रेडियो हूँ भन्ने सम्झनुपर्छ । अनलाइन आफैमा अस्तित्व भएको प्रकाशन, प्रसारण र टिभी पनि हो । यसमा चाहिँ अलिकति अल्मलिएका छौँ । चुनौती सबैतिर छन् । ब्रोडसिट दैनिकको मूलधारको एकाधिकारलाई अनलाइनले चुनौती दिएका छन् । अनलाइनलाई सामाजिक सन्जालले चुनौती दिएका छन् । यसलाई हेर्न स्पष्ट दृष्टिकोण चाहिन्छ । सामाजिक सन्जाल आम सञ्चारजस्ता देखिन्छन् । तर, ती बेग्लै माध्यम हुन् । दुवैलाई हेर्ने एउटै चस्मा हुनु हुँदैन । धेरै मान्छे अनलाइन र सञ्जालतिर झुण्डिएका छन् । तर, त्याँ स्तरीयता र विश्वसनीय छैन । आम सञ्चारमाध्यमले स्तरीय उत्पादन नगर्नेहरूसँग प्रतिस्पर्धा गर्छु भनेर लाग्नु पनि हुँदैन ।

हाम्रो पत्रकारिताले विधागत विकास गर्न खोज्यो । तर, त्यहाँ जान सकेन । जस्तो कृषि सबैको भन्ने पत्रकारिताले बुझाइदिन सकेन । कृषि किसानको मात्रै हो भन्ने भयो । सबैले कृषिको समाचार पढ्दैनन् जबकि सबै मानिस कृषिसँग सम्बन्धित छन् । कृषिका उत्पादन सबैको घरमा आइपुग्छ । बुझाइ दिनु त पर्‍यो । हरेक विधा कसरी प्रस्तुत गर्छौं भन्नेमा भर पर्छ । विधाहरू भए, शिक्षामा पनि छ, विदेश पनि छ । व्यापारमा पनि छ, उद्योगमा पनि छ । तर, त्यसमा चाहिने सामग्री कसरी प्रस्तुत गर्ने भन्ने मामिलामा काम हुन सकेको छैन, माझिन सकेको छैन, ट्र्याक पहिल्याउन पनि सकेको छैन । खेलकुदले बाटो लिएकै भन्नुपर्छ । आर्थिकले पनि अलिअलि लिएको छ । बाँकी सबै विधागत पत्रकारिता अलमलमा छन् ।

यसमा हामी पुरानो पुस्ताले बुझाउन नसकेको हो कि नयाँ पुस्ताले ग्रहण गर्न सकेन भन्ने प्रश्न पनि छ । यसका लागि समाज पनि तयार भएन । सञ्चार गृहले पनि राम्ररी बुझ्न सकेनन् । मिडिया लिटरेसी

भएन । मिडिया लिटरेसी सबैको लागि हो, पत्रकारिता शिक्षा पत्रकारका लागि हो । क्लास रूमबाट न्युज रूममा पुग्नका लागि मान्छे फिट भएन । त्यहाँनेर बुझ्नुपर्ने कुरा के छ भने म्यागाजिनमा काम गरिरहेको मान्छे दैनिकमा जान अलि समय चाहिन्छ ।

क्लास रूमको जुन स्पीड छ, त्यो विद्यार्थी न्युज रूममा जाँदा केही अभ्यास त अवश्य चाहिन्छ । यस विषयमा हामीले अध्ययन गरिरहेका छौं । क्लास रूमबाट न्युज रूपमा जानका लागि इन्टर्नसिपलाई प्रभावकारी बनाउन जरूरी हुन्छ । हाम्रा जनशक्तिलाई क्लासरूमबाट न्युज रूममा पठाउनका लागि इन्टर्नसिप राम्ररी सञ्चालन गर्न सकिएन । जानेबित्तिकैदेखि सर्टिफिकेट हेरर भोलिदेखि यो गर्नुस् भन्छन्, उनीहरू सक्दैनन् । अलिकति समय दिनुस् न, तिनीहरू स्टार भएर निस्किन्छन् कि ? खास अभ्यासमा त यस्तै भएको हाम्रो अनुभव हो ।

तर, आमसञ्चार गृहको मानव स्रोत के हो ? प्रयोग कसरी भएको छ ? तालिम कसरी दिने ? नयाँलाई कसरी काम लाउने भन्ने कहिल्यै भएन, अहिले पनि छैन । जनशक्ति कसरी परिचालन गर्ने भन्ने चिन्तन कहिल्यै भएन । पत्रकारहरू धेरै पुराना हुनुहुन्छ । तर, सञ्चार माध्यम छोड्दै जानु भएको छ । नयाँ प्रवेश गरिरहनु भएको छ, त्यो राम्रो पनि हो । तर, पुरानो सञ्चार माध्यमले सधैं नयाँ जनशक्तिलाई लिएर काम गर्नु राम्रो त होइन । यो स्थिति नआउनुपर्ने हो ।

पत्रकारहरूको सञ्चार गृह अदली बदली पनि खुब चलेको हुन्छ । यो अदली बदलीले फाइदा गर्छ कि बेफाइदा गर्छ भन्नुभन्दा पनि प्रतिस्पर्धामा छोड्दिनु राम्रो हुन्छ । जनशक्तिलाई कसैले पनि यसो उसो गर्नुस् भन्नु हुँदैन । जहाँ राम्रो हुन्छ, त्यहाँ जाने हो ।

## सडकमा पत्रकार र थरिथरिका मिशन

प्रेस स्वतन्त्रता संकटमा पऱ्यो भन्दै पत्रकार सडक र अदालतसमेत गए । यो ठीक बेठीक के हो ? भन्ने प्रश्न पनि छ । तर, हामी फैसला गर्ने वा तोक लगाउने मान्छे होइनौ । विधि बनाउने मान्छे पनि होइनौ । तर, यी सबै चिजलाई बहसमा ल्याइ दिन्छौं । पत्रकारहरूले आफैँले झण्डा र एजेण्डा लिएर जानुपर्छ भन्ने पक्षमा म छैन, बहसमा ल्याइदिने हो । सबैको आवाज आउने स्थिति पैदा गरिदिने हो । आफूले योगदान गर्ने हो । सडकमै गएर त्यस्तो नगरे हुन्थ्यो जस्तो लाग्छ ।

अर्को एउटा प्रवृत्तिका रूपमा सम्पादकहरूको समूहले नै कसैको पक्षमा ऐक्यवद्धता जनाउने गरेको पनि देखिन्छ । उहाँहरूले त्यसैलाई ठीक ठान्नुभयो । तर, मेरो भनाइ मान्नुहुन्छ भने त्यही काम पत्रकारिताबाटै गर्न सकिन्छ । कुनै ठूलै चिज भयो, प्रेस स्वतन्त्रता नै हनन् भयो भने छुट्टै कुरा हो । जस्तो, निर्वाचनमा यसलाई भोट देऊ पो भन्दैनौं तर भोट गर्न जानुस् त भन्छौँ । त्यसैले ऐक्यवद्धताको प्रचलनको सोझै आलोचना गर्न चाहन्नँ । कसै-कसैले यसलाई ठिकै ठान्नु होला । तर, म चाहिँ झण्डा नै बोकेर जाने कुरामा सहमत हुन सक्दिनँ ।

श्रमिकको निमित्त काम गर्नुपर्ने स्थिति भने सबैमा हुन्छ । संगठन रहेन भने जसले पुँजी लगानी गरेको छ, त्यसले श्रमिकको शोषण गर्न सक्छ । तर, त्यस्ता संगठनलाई दलीयकरण गरियो, दलीयतामा राखियो भने कुरा मिल्दैन । जस्तो, कोभिड कालमा कतिपय श्रमजीवी पत्रकारको जागिर गयो, कतिले आधा तलब दिन्छु भने, कतिले त्यही आधा पनि दिएनन् ।

यस्तो बेला संगठन चाहिने हो । तर यस्ता संगठनलाई दलीयकरण गरियो भने पत्रकारिताको विकासमा अप्ठ्यारो त पर्छ नै, अप्ठ्यारो बेलामा त्यस खालका संगठनले पत्रकारिताको विकासका लागि योगदान गर्न पनि सक्दैनन् । दलीय छातामुनि नै बस्नु छ भने घोषित रूपमै दलीय पत्रकारिता गरे हुन्छ, दलको प्रचारक, प्रसारक भए हुन्छ ।

मिशनकै कुरा गर्दा राजनीतिबाहेक अन्य मिशन पनि होलान् । आर्थिक मिशनको पत्रकारिताको कुरा पनि आउला । आर्थिक भन्नासाथ फाइदाका लागि गर्ने हो । नाफा चाहिन्छ पनि तर त्यो मात्रै मोटिभ होइन, हुनु हुँदैन । पत्रकारिता त सेवा हो । हेर्दा सैद्धान्तिक भए पनि यो व्यावहारिक हुनुपर्छ । नाफा चाहिन्छ, विज्ञापन पनि चाहिन्छ, आम्दानी पनि चाहिन्छ । तर, अन्तिम लक्ष्य त सेवा नै हो र हुनुपर्छ ।

मिशनकै कुरा गर्दा समाजको रूपान्तरणमा पत्रकारिताले महत्वपूर्ण भूमिका खेलेको छ, सारपूर्ण भूमिका निर्वाह गरेको छ । नेपालमा भएका परिवर्तनलाई कसले बुझाइदियो त ? परिवर्तन मैले गर्दा भएको भन्ने पनि निस्किए । तर, सार्वजनिक रूपमा बुझाउने त सञ्चार माध्यमले नै हो । सञ्चार माध्यमले परिवर्तन बुझाइदिए, त्यसमा सञ्चारको महत्वपूर्ण योगदान छ । तर, समाजलाई तात्विक रूपमा परिवर्तन गर्ने केही कुरा छन् । जस्तो कि, समाजमा धेरै खाले विभेद छन् । यसलाई हटाउने कुरामा अझै योगदान पुगेको छैन ।

## सम्पादकीय स्वतन्त्रता

लगानीकर्ता र सम्पादकको भूमिका बडो सन्तुलित हुनुपर्छ । यी दुईबीच फ्युजन हुनुपर्छ । लगानीकर्तालेे म लगानीकर्ता हुँ, म सम्पादक होइन भन्ने बुझ्नुपर्छ । मैले स्वतन्त्रता दिंदा प्रतिफल राम्रो हुन्छ । तर, कहिलेकाहिँ त्यसले राम्रो नहुन पनि सक्छ । त्यो सेवा हो भन्ने कुरा नबुझी हुँदैन । तर, दुर्भाग्य के छ भने नेपालमा यो बुझ्ने काम भएन । लगानीकर्ताले सम्पादकलाई तलबमा राखेको मान्छे ठान्यो । भर्ना त गरेको हो तर सम्पादकीय स्वतन्त्रता दिन सकेन भने त बाँधेर राखेजस्तो भयो । बाँधेर राखेको मान्छेले कसरी स्वतन्त्र भएर काम गर्छ ? स्वतन्त्र छोडिदिएको भए राम्रो हुन्थ्यो । सम्पादकले पनि म एक्लैले चलाउँछु भनेर हुँदैन । लगानीकर्ता पनि चाहिन्छ, उसले पनि लगानीको महत्व बुझ्नुपर्छ ।

सम्पादकीय स्वतन्त्रताको कुरा गर्दा रिपोर्टरको अधिकारको कुरा पनि भुल्नुहुँदैन । रिपोर्टरलाई पनि स्वतन्त्र ढंगले छोड्नुपर्छ । उसले के–कस्तो समाचार ल्याउँछ भन्नेमा मेहनत गर्नुपर्छ । समझदारी पनि चाहिन्छ । रिपोर्टरलाई नबुझ्ने सम्पादक भयो भने पनि अप्ठ्यारो भइहाल्छ । यो त मअन्तर्गत हो भन्ने ठान्यो भने बिग्रिन्छ । मुनि त हो तर ऊ रिपोर्टर हो । रिपोर्टरलाई जति खुल्ला छोड्यो, त्यति राम्रो ।

रिपोर्टिङ् र सम्पादनमा सेल्फसेन्सरशिप धेरै गाह्रो कुरा हो । मान्छेले आफ्नो स्वास्थ्य त ख्याल गर्दैन । धुमपान नगर भन्यो, गर्दिन्छ । यो खाना खाँदा बिरामी हुन्छ भन्ने थाहा हुन्छ तर खाइरहन्छ । मैले यो गरे गाल पर्न सक्छ भन्ने थाहा हुन्छ । त्यसले उसलाई एउटा सानो घेरामा राखीदिन्छ । सेल्फ सेन्सरशिप असाध्यै नराम्रो चिज हो । डरमा रिपोर्टरलाई राख्नै हुँदैन । आगोमा त हामी छुँदैनौँ नि । एउटा समाचार लेखेर दुःख पायो भने भोलि लेख्दैन, आफूलाई बँचाएर लेख्छ । सेल्फ सेन्सरशिपको व्यवस्थापनका लागि अध्ययन गर्नुपर्छ । केस स्टडी हेर्नुपर्छ । त्यसले बल दिन्छ । जस्तो, अहिले युक्रेनमा रिपोर्टरले दुःख पाइरहेका छन् । सुखी देशका रिपोर्टरले दुःख पाइरहेका छन् । सहजतामा पनि छैनन् । तर, सूचना प्रवाह रोकिएको छैन । यस्तो अवस्थाको अध्ययन गर्नुपर्छ ।

## मिडियाको विकास र व्यवस्थापन

सरकारले मिडिया चलाउने नचलाउने बारेमा बहस छ । सरकारले चलाउने हो भने राष्ट्रिय दायित्व सम्झेर चलाउनु पर्‍यो । मेरो अंग भनेर चलाइदियो भने लगानी खेर जान्छ । देशको लागि हो भनेर चलाइ दिने हो । लगानी पारदर्शी

हुनुपर्छ । सामान्य हिसाबले हेर्दा सरकारले मिडिया नचलाउँदा राम्रो हो । सरकारका लागि यो आवश्यक नभएको चिज हो, प्रजातान्त्रिक सरकारले मिडिया चलाउनु पर्दैन ।

सरकारी सञ्चार माध्यमलाई निजीकरणभन्दा पनि सार्वजनिक बनाइदिनु राम्रो हो । सरकारले आफैँ मिडिया चलाएको छ, फेरि निजीलाई पनि विज्ञापन दिन्छ । आम सञ्चारमाध्यमलाई सहजीकरण गर्नु सरकारको ड्युटी हो । यो कुरा २०४६ सालदेखि नै उठेको हो । तर, कुनै सरकारले पनि निर्णय गर्न सकेका छैनन् ।

विदेशी लगानीका बारेमा भने गम्भीर विचार गर्नुपर्छ । सरकारी मात्रै होइन, निजी क्षेत्रको लगानी पनि पारदर्शी हुनुपर्छ । त्यति मात्र होइन, एउटै कम्पनीले मिडियामा पनि लगानी गर्छ, अर्को बिजनेस पनि गर्छ भने त्यहाँ स्वार्थ बाझिन्छ । एउटै मान्छेले दुइटा डुंगामा खुट्टा राख्दा अप्ठ्यारो पर्छ ।

त्यसबाहेक सञ्चारमाध्यममा कार्यरत जनशक्ति व्यवस्थापन महत्वपूर्ण पाटोमा सबैको योगदान हुनुपर्छ किनभने सञ्चार सबैको चासोको विषय हो । मिडिया सञ्चालकले पनि मलाई समाचार दिने मान्छे कसरी बाँचिरहेको छ भन्ने हेर्नुपर्छ, उसको सीप विकासमा ध्यान दिनुपर्छ । काम गर्ने मान्छेहरूमा पनि मल्टिमिडिया स्कील चाहिन्छ, जति धेरै स्किल उति धेरै राम्रो ।

पत्रकारिता यस्तो क्षेत्र हो जहाँ २०/२५ वर्ष काम गर्न सकिन्छ । वृत्ति विकास पनि हुन्छ, यो गहन क्षेत्र हो, समाजलाई सचेत गराउने क्षेत्र हो । यसको गहनता पैसामा गन्न सकिदैन । एक जनालाई मात्रै सचेत बनाइयो भने ठूलो कुरा हो । नयाँ पुस्तालाई यो हुन्छ भन्ने बाटो देखाउनुपर्छ । मोबाइलले तपाईंलाई नचलाओस्, तपाईले मोबाइल चलाउनुहोस् र त्यसको लाभ लिनुस् । प्रविधिमा निपुण र पेशामा दक्ष तथा इमान्दार भएर काम गरेमा मिडियामा अहिलेको पुस्ताको भविष्य सुन्दर छ, यो कुरा पुरानो पुस्ताले भनिदिनुपर्छ ।



**मणि राणा**

# आवाजले
# चिनिएका पत्रकार

*'बीबीसी' मा ३२ वर्ष काम गरें । त्यहाँका अनेक अनुभव छन् । धेरै जनासँग अन्तर्वार्ता गरें । तत्कालीन प्रिन्स चार्ल्स अहिले राजा हुनुहुन्छ, उहाँसँग बकिङ्घम प्यालेसभित्रै अन्तर्वार्ता गरेको छु । बेलायततिर अलिक अनौपचारिक भएर अर्थात् दुई वटा मेच राखेर निश्चित ठाउँमा अन्तर्वार्ता गरिन्थ्यो । कति त 'बीबीसी' कै स्टुडियोमा गरिन्थ्यो । मैले काम छाडेकै २० वर्ष भयो, अझै पनि 'बीबीसी'को कुरा गर्दा रमाइलो लाग्छ । त्यतिखेर जागिर नछाडेको भए स्वास्थ्यले साथ दिएसम्म अझै त्यहीं हुन्थें होला ।*

**मेरो जन्म** २००६ साल भदौ ६ गते जाउलाखेल, ललितपुरमा भएको हो । मेरा पिताजीको नाम हरिहर शमशेर र माताको नाम सुशीला राणा हो । मेरी मुमा दरबारमा काम गरिबक्सन्थ्यो । त्यहींबाट अवकाश प्राप्त गर्नुभयो । मेरा पिताजीको जन्म राणा शासन भएका बेलामा भएको हो । त्यसबेला परिवारका धेरैजसो सैनिक सेवामा जाने चलन थियो । उहाँ पनि सैनिक सेवामा जानुभयो । २००७ सालमा मेरा हजुरबा, बुबा, काका सबैले जागिर छाड्नुभएको हो ।

राणा शासनको कुरा गर्दा शासक र शासित वर्ग भन्ने नै छैन । त्यसबेला जो प्रधानमन्त्री हुन्थ्यो, उसलाई मन परेका मानिस शासक वर्गमा पर्थे । त्यही मानिस मन परेन भने बाहिर पर्थ्यो । त्यस बेलाका प्रधानमन्त्रीले आफन्तलाई विश्वास गर्ने भएकाले ठाउँठाउँमा मुख्य-मुख्य पदमा आफन्तलाई नै नियुक्त गर्ने चलन थियो । मेरा जिजुबा जुद्धशमशेर र हजुरबुबाको नामचाहिँ विक्रमशमशेर । हजुरबुबा भक्तपुरमा धेरै वर्ष बसेर काम गरिबक्सेको थियो । यस अर्थमा शासक वर्ग र शासित भन्नु त्यति उचित होइन भन्ने लाग्छ ।

म मेरा मातापिताको एउटै छोरा हुँ । मेरो पनि एउटै छोरा । मेरो छोराका चाहिँ जम्ल्याहा छन् । अरूका झैं मेरो छोरा पनि विदेशमै बस्छन् । म नै नेपाल छाडेर ३२ वर्ष विदेश बसेको थिएँ । छोरा मसँगै बस्छ भनेर कसरी सोच्नु ? मेरो छोराको परिवार नै अमेरिकामा बस्छन् । होटल व्यवस्थापनको काम गर्छ । केही वर्ष दुबईमा काम गऱ्यो । त्यसपछि इजिप्ट गएको थियो । अहिले अमेरिकाको हवाईमा काम गरिरहेको छ । उसका सन्तान पनि १५ वर्षका भइसकेका छन् ।

## अध्ययन

बीएसम्मको अध्ययन नेपालमै गरेको हुँ । बीए पास भएपछि विश्वविद्यालय जाने प्रयत्न गरें तर चाँजो मिलेन । मेरी मुमाले पनि मुख्य विषय अंग्रेजी लिएर एमए गरिबक्सेको हो । नेपालीमा पनि गर्न लाग्नुभएको थियो तर केही कारणले पूरा गर्न पाउनुभएन । म त्यसबेला घरनजिकै पुराना शिक्षकहरूले खोलेको स्कुलमा शिक्षण गर्दथें । म पनि मुख्य विषय अंग्रेजी लिएर एमए पढ्न विश्वविद्यालय भर्ना भएँ । त्यसबेला भारतीय सहयोग मिशनका डा. बर्मा अंग्रेजी विभागको प्रमुख हुनुहुन्थ्यो । उहाँ हाम्रो घरमा भाडामा बस्नुहुन्थ्यो ।

एक दिन मुमाले उहाँलाई मेरो बारेमा सोधिबक्सेछ, के छ उसको खबर ? कस्तो गर्दै छ ? उहाँले खोई मैले नदेखेको त १०/१२ दिन भइसक्यो भनिदिनुभएछ । त्यसपछि मुमाले मलाई बोलाएर सोधिबक्स्यो । मैले 'हो, म गएको छैन' भनें । त्यसपछि थप कुरा केही सोधिबक्सेन । म फेरि पनि विश्वविद्यालय गइनँ । जानै

छाडिदिएँ । लन्डन जाने अवसर मिल्यो । त्यसबेला मेरा सबै शैक्षिक प्रमाणपत्र एउटा खाममा राखेर लगेको थिएँ । त्यो खाम मैले लन्डनमा एकपटक पनि खोल्नुपरेन । कसैले हेर्नसमेत मागेन ।

अलिपछि त मैले गरेकै कामका लागि एमए वा डबल एमए पढेकाको खोजी गर्न थालेका थिए । त्यो बेला र अहिलेको चलनभन्दा केही फरक हुने नै भयो । म लन्डन जाँदा राम्रै अंग्रेजी बोल्थें किनभने मैले सेन्ट जेभियर्स स्कूलमा पढेको हुँ ।

म *बीबीसी* अफिसमा जाँदा त्यहाँका हाकिमले सबैभन्दा पहिलो वाक्य "मिस्टर राना'ज इङलिस् इज भेरी गुड" भनेका थिए । मैले सानैदेखि अंग्रेजी बोलेको हुँदा मेरा लागि त्यो नौलो थिएन । त्यहाँ नेपाल, भारत, बंगलादेशबाट आएका मानिस अंग्रेजी राम्रो बोल्दैनथे । मैले बोलेको देखेर उनीहरूलाई राम्रो बोल्छ भन्ने छाप परेको रहेछ ।

## शुरूमा *रेडियो नेपाल*

*बीबीसी*मा जानुअघि मैले *रेडियो नेपाल*मा काम गरें । *रेडियो नेपाल*मा जानुअघि एउटा स्कुलमा पढाउँथें । सन् १९६८ देखि नै *रेडियो नेपाल*मा काम गरें । पहिलोपटक *रेडियो नेपाल*मा समाचार पढेको सन् १९६८ को डिसेम्बर २५ को क्रिसमस डेमा हो ।  म तालिम लिएर वा पढेर पत्रकार भएको भने होइन । सीधै *रेडियो नेपाल*मा आवेदन दिएर जागिर खान गएको हुँ । पहिलोपटक आवेदन दिंदा भएन, पछि उहाँहरूले फेरि बोलाउनुभयो । पत्रकारितासम्बन्धी कुनै तालिम पनि लिएको होइन । त्यसबेला *रेडियो नेपाल*मा आन्तरिक तालिम भन्ने कुरा थिएन । *बीबीसी*मा चाहिँ आन्तरिक तालिममा सहभागी हुनुपर्दथ्यो ।

*रेडियो नेपाल*मा १९७१ सम्म काम गरें । त्यहींबाट *बीबीसी*मा तालिम लिन भनेर गएको थिएँ । १० हप्ताको तालिम थियो, त्यसपछि २/४ हप्ता बस्ने कार्यक्रम थियो । मलाई उनीहरूले त्यहीं काम गर भने । त्यसबेलासम्म मलाई कहिल्यै पनि इङल्यान्ड जाउँला भन्ने लागेको थिएन किनभने सबैजना अमेरिका जाने चाहना राख्थे । लन्डन जान पाइयो भने केही समयका लागि रमाइलै हुन्छ भन्ने लागिरहेका बेला १०/१२ हप्ताका लागि गएको मानिस डेढ वर्षपछि फर्किएँ ।

*बीबीसी*को तालिम नेपाललाई ब्रिटिस काउन्सिलले दिएको छात्रवृत्ति थियो । मेरा एकजना मित्र अर्थ मन्त्रालयमा काम गर्थे । उनलाई पाटन कलेजमा पढ्दै १९६४ देखि नै चिनेको थिएँ । उनैले यस्तो छात्रवृत्ति आएको छ आवेदन दे भने ।

पहिलोपटक अर्कै मानिसलाई पठाउने भइसकेका रहेछन्, त्यसैले मैले पाइनँ । त्यो मलाई थाहा पनि थिएन । म लन्डनमै भएका बेला अर्को छात्रवृत्ति खुलेछ । दोस्रोपटक आवेदन दिएपछि भने पाएँ ।

## *रेडियो नेपाल* र *बीबीसी*मा तानातान

सन् १९७१ मा लन्डन गएपछि १९७३ को जनवरीमा फर्किएँ र *रेडियो नेपाल*मा काम गरें । त्यसबेलासम्म मलाई *बीबीसी*ले वर्कपर्मिटसहित जागिर दिइसकेको थियो । *रेडियो नेपाल*ले भने मलाई छाड्दै छाडेन । उहाँहरूलाई आफ्नै लन्डन मानिस पठाउनुपर्ने भएकाले त्यसो गरिएको रहेछ ।

त्यसपछि म इण्डिया जान्छु भनेर लन्डन गएँ तर उनीहरूले *रेडियो नेपाल*को स्वीकृति (अप्रुभल) विना हुँदैन भने, मान्दै मानेनन् । केही त गर्नै पर्‍यो भनेर मैले 'तेरो टिकटको पैसा म फिर्ता गरिदिन्छु, अन्यत्रै काम गरेर बस्छु' भनें । बल्ल उनीहरू अलि मत्थर भए र हाकिमकहाँ लिएर गए । 'तँलाई जसरी भए पनि ल्याउँछौं, यसपटक चाहिँ फर्किएर जानु पर्‍यो' भनेकाले म दोस्रोपटक नेपाल आएँ । त्यसपछि पनि *रेडियो नेपाल*ले छाड्नै मानेन ।

केही नलागेपछि *रेडियो नेपाल*का सहकर्मीले दरबारका सचिवकहाँ जानुपर्ने भयो भनेर सिकाए । त्यसबेला नारायणप्रसाद श्रेष्ठ दरबारमा काम गर्नुहुन्थ्यो । हामी पाटन कलेजमा हुँदा नारायणप्रसाद श्रेष्ठले पढाउनुहुन्थ्यो, चिनजान हुने नै भयो । उहाँले भन्नुभयो, 'यो मेरो विभाग होइन, सञ्चार हेर्ने अर्कै मानिस छ, म उसलाई भनिदिन्छु, चिन्ता लिनु पर्दैन' भन्नुभयो । त्यसबेला सञ्चार चिरनशमशेर थापाले हेर्नुहुँदो रहेछ ।

मैले सन् १९७३ मा थापालाई रानी पोखरीछेउमा रहेको पार्क रेस्टुरेन्टबाट टेलिफोन गरें । त्यो बेला टेलिफोन भएको सार्वजनिक ठाउँ त्यही मात्र देखेको थिएँ । उहाँलाई सबै कुरा बताएपछि भेट्न बोलाउनुभयो । भेटमा 'अहिले सञ्चार मन्त्रालयमा सचिव नियुक्त भएको छैन, नियुक्तिपछि म तपाईंलाई खबर गर्छु' भन्नुभयो ।

*रेडियो नेपाल*मा काम गरेरै बसिरहेको थिएँ, कुनै साथीले मलाई सुनायो– सचिवको नियुक्ति भयो । त्यसपछि नारायणप्रसाद श्रेष्ठलाई फोन गर्न खोजेँ, लाग्दै लागेन । पर्सिपल्ट उहाँ आफैंले फोन गरेर 'ल मैले सचिवलाई भनिदिएको छु, तपाईं गएर उहाँसँग कुरा गर्नुस्' भन्नुभयो । अपराह्न ४ बज्नै लागेको थियो । त्यसबेला एउटा

सानो चिर्कटोमा नाम लेखेर दिएपछि सचिव भए ठाउँमा पुगिहालिन्थ्यो । अहिलेको जस्तो ढोकैमा पास खोज्ने चलन थिएन । *बीबीसी*मा पनि त्यही हो । जो जुनसुकै बेला ओहोरदोहोर गर्न सक्ने अवस्था थियो । अहिले त्यहाँ पनि सुरक्षा यति कडा छ कि बयान गरी साध्य छैन ।

सचिवमा नारायणप्रसाद श्रेष्ठलाई नियुक्त गरिएको रहेछ । उहाँले 'ल, तपाईंको सबै काम मिल्छ, पासपोर्ट बनाउनुहोस्' भन्नुभयो । सचिवज्यू, पासपोर्ट त मैसँग छ भनें । त्यसबेला पासपोर्ट अध्यागमनमा फिर्ता बुझाउनु पर्थ्यो तर मैले नबुझाई आफैंसँग राखेको थिएँ । हजुरहरूले जहिले गर्ने हो त्यही बेला म तयार छु भनें । केही दिनमा खबर गरे । मैले लन्डनमा खबर पठाएँ । यसरी म फेरि लन्डन उडें ।

मैले पत्रकारिताको पहिलो काम *रेडियो नेपाल*बाट शुरू गरेको हुँ । *रेडियो नेपाल*मा मसी चोबेर लेख्ने कलम (होल्डर पेन) हुन्थ्यो । ए फोर सिटपेपरलाई आधा पारेर लेख्ने चलन थियो । म सन् १९७१ मा लन्डन जाँदा *रेडियो नेपाल*को फर्निचर सिंहदरबारको जस्तै थियो । काठका मेच, जताततै कोरेको । धेरैपछि मात्र अलि सहज खालका गोडा अडेस लाउन मिल्ने खालका फर्निचर, घुम्ने र यसो ठेल्दा पछाडि जाने मेच राखिएका थिए ।

*रेडियो नेपाल* र *बीबीसी*को काम गर्ने शैली र संस्कारमा रहेको फरक त कति हो कति ! मेरो विचारमा *रेडियो नेपाल*मा अहिले पनि पुरानै अवस्था छ, केही परिवर्तन भए जस्तो लाग्दैन । जो सरकारमा आयो, उसैका पक्षमा काम गर्नेबाहेक केही नयाँ भएजस्तो लाग्दैन । *रेडियो नेपाल*को समाचार सुनौं भनेर खोल्यो भने दिक्दारलाग्दो हुन्छ । अहिले अरू नै रेडियो सुन्छु ।

## *बीबीसी*को अनुभव

मैले *बीबीसी*मा ३२ वर्ष काम गरें । त्यहाँ त अनेक अनुभव छन् । मैले धेरैजनासँग अन्तर्वार्ता गरें । अझै पनि एउटा कुरा अपूरो झैं लाग्छ । नेपालको राजपरिवारसँग कुरा गर्ने मौका कहिल्यै पाइनँ । एकपटक सन् १९७१/७२ तिर अधिराजकुमार ज्ञानेन्द्र लन्डन आएका बेला *बीबीसी* टेलिभिजनमा सवारी भएको थियो । हाम्रा हाकिमले उहाँको अन्तर्वार्ता गर्ने भने र त्यसबेलाको गह्रौं टेप रेकर्डर बोकेर गएका थियौं । सँगै बसेर चिया पिएपछि अन्तर्वार्ता दिने ? भनेर हाकिमले उहाँलाई सोधे । त्यसबेला ज्ञानेन्द्रले यसपटक नदिने, अर्कोपटक दिउँला भन्ने हुकुम भएपछि रोकियो ।

तत्कालीन प्रिन्स चार्ल्स अहिले राजा हुनुहुन्छ । उहाँसँग बकिङ्घम प्यालेसभित्रै गएर अन्तर्वार्ता गरेको छु । प्रिन्स चार्ल्ससँग अन्तर्वार्ता गर्ने एक दिन बेलायतको दरबारको निश्चित कोठासम्म जान पाएको थिएँ । पहुँचका हिसाबले सबैभन्दा छोटो बाटोबाट मलाई लगिएको हुनुपर्छ । मसँग त्यो दरबारका बारेमा बताउन सक्ने गरी कुनै सूचना छैन, तसर्थ यसबारे जानकारी गराउने गरी बोल्न सक्ने अवस्थामा पनि छैन । तर, प्रिन्स चार्ल्ससँग बेलायती राजदरबारभित्र गएर गरेको अन्तर्वार्ता मेरो जीवनकै सबैभन्दा सम्झनलायक घटना भने हो ।

अरू धेरैसँग अन्तर्वार्ता गरें, नेपालका थुप्रै प्रधानमन्त्रीसँग पनि अन्तर्वार्ता गरेको छु । राजासँग चाहिँ कहिल्यै गर्न पाइनँ । सगरमाथा आरोहणको २५औं वार्षिकोत्सवमा लर्ड हन्ट, एडमन्ड हिलरीसहित सबै जना वेल्सको सबैभन्दा अग्लो पहाड चढ्न भनेर भेला भएका थिए । म पनि *बीबीसी*बाट पुगेको थिएँ । त्यसबेला हन्ट र हिलारीसँग गरेको अन्तर्वार्ता टेपको खराबीका कारणले बिग्रिएछ । त्यत्रोबेर अन्तर्वार्ता गरेको टेप त रित्तो रहेछ ।

मैले उहाँहरूसँग गएर 'मेरो टेप रेकर्डरले काम गरेनछ, फेरि अन्तर्वार्ता गर्नुपर्ने भयो' भनें । दुवैजनाले मान्नुभयो र फेरि अन्तर्वार्ता गरें । त्यही बेला एकजना अस्ट्रेलियन आरोहीले विनाअक्सिजन सगरमाथा चढे । लर्ड हन्टले 'यो त अचम्मै भयो, गर्नै नसकिने काम हो' भने । त्यसबेलासम्म अक्सिजनविना कसैले सगरमाथा आरोहण गरेको थिएन । मसँग गरिएको त्यो कुराकानी *बीबीसी* वर्ल्ड सर्भिसको मुख्य समाचारमा समावेश गरिएको थियो ।

तेन्जिङ शेर्पासँग लिएको अन्तर्वार्ता मेरा लागि अर्को स्मरणीय समय हो । तेन्जिङ् आफ्नो किताब प्रकाशन गर्न लन्डन आएका थिए । त्यो किताब धेरै पछिसम्म मेरो घरमै थियो । एकजनाले मसँग मागे तर कहिल्यै फिर्ता गरेनन् । एकपटक लन्डनबाट एकजनाले तेन्जिङ शेर्पाका बारेमा केही सोध्यो, मैले किताब हेरेर मात्र भन्न सक्छु भनें तर घरमा किताब खोज्दा कहीँ भेटिनँ । नेपालीको मात्र होइन, अरूको पनि किताब लगेपछि फिर्ता नगर्ने बानी हुन्छ । त्यो किताब अहिले पनि मिस गरिरहेको छु ।

बेलायततिर अलिक अनौपचारिक भएर अर्थात् दुईवटा मेच राखेर निश्चित ठाउँमा अन्तर्वार्ता गरिन्थ्यो । कति त *बीबीसी*कै स्टुडियोमा गरिन्थ्यो । मैले काम छाडेकै सन् २००३ मा हो, अहिले २० वर्ष भइसक्यो तर अझै पनि *बीबीसी*को कुरा गर्दा

रमाइलो लाग्छ । मैले छिटै अवकाश लिएको हुँ । मैले त्यतिखेर जागिर नछाडेको भए स्वास्थ्यले साथ दिएसम्म अझै त्यहीं काम गरिरहेको हुन्थें होला ।

## दरबार, किशुनजी, गिरिजा र बीपी

नेपालको राजदरबारमा पनि म एकपटक मात्र गएको छु । त्यो पनि मनमोहन अधिकारी प्रधानमन्त्री हुँदा उहाँको शपथ ग्रहण समारोहमा सहभागी हुन गएको थिएँ । त्यो बेला केदारमान सिंहजीले मलाई 'शपथ ग्रहण समारोहमा भाग लिन जानुपर्छ, आउनुस्' भनेकाले गएको थिएँ । त्यतिबेला लगनखेलबाट दरबारसम्म पुग्न ४५ मिनेट लागेको थियो । के कारणले हो, निकै कठिन सडक जाम अनुभूत गरेको थिएँ । त्यसपछि म कतै जानुपर्‍यो भने ठीक समयमा निस्कने गरेको छु । अहिले त झन् टाढा (ललितपुरको गोदावरी) बसेको छु, कतै जानुपर्‍यो भने दुई घन्टा नै लाग्छ ।

मेरो अनुभव के छ भने तपाईं पावरमा हुनुहुन्छ भने जो सुकै नेता पनि राम्रैसँग बोल्छन् । तैपनि मलाई सबैभन्दा सजिलो पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईसँग लाग्थ्यो । उहाँ मलाई 'कम मिस्टर बीबीसी' भनेर बोलाउनुहुन्थ्यो । उहाँसँगको एउटा प्रसंग रमाइलो छ । यो २०४८ सालको कुरा हो । म लन्डनमा भएका बेलामा केदारमान सिंहले मलाई राति फोन गरेर भन्नुभयो, 'भट्टराईले चुनाव हार्नुभयो ।' त्यो फोन नेपालबाट बिहानीपख ४ बजेतिर गरिएको थियो । त्यसबेलासम्म पनि म अफिसमै थिएँ । अब त सबैले भट्टराईको अन्तर्वार्ता गर्ने नै भए, मैले पनि गरेँ । मैले भट्टराईलाई लन्डनबाट फोन गरेर 'कमिजरेसन्स' भनें । प्रधानमन्त्री भट्टराई 'केको कङ्ग्र्याचुलेसन्स, यहाँ मैले हारिसकें' भन्दै जाग्नुभयो । मैले 'कङ्ग्र्याचुलेसन्स भनेको होइन नि' भनें । अन्तर्वार्ता सिद्धिएपछि आफैंलाई पनि शंका लागेकाले यो शब्दको अर्थ के हो भनेर सँगै काम गर्ने अंग्रेज मित्रसँग सोधें । उसले 'कमिजरेसन्स' को अर्थ लगाइदियो । त्यो भनेको कसैको दुर्भाग्यपूर्ण परिणामप्रति सहानुभूति तथा दुःख व्यक्त गर्नु नै हुन्थ्यो, करूणा पनि भन्न मिल्थ्यो । म ठीकै रहेछु ।

भोलिपल्ट प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले आफैंले फोन गरेर 'हिजो के शब्द प्रयोग गर्नुभएको तपाईंले ?' भनेर सोध्नुभयो । उहाँ साह्रै मित्रवत् हुनुहुन्थ्यो । मैले पनि यसोयसो हो भनें । भट्टराईले ए ! मैले हिजो बुझिनँ भन्नुभयो । उहाँसँग अन्तिम भेट भएको ललितपुरको भैंसेपाटीमा भएको हो । साथमा पत्रकार युवराज घिमिरे पनि हुनुहुन्थ्यो । त्यसबेला किशुनजी अलि अस्वस्थ भइसक्नुभएको रहेछ ।

जे होस्, उहाँ साह्रै भद्र मानिस हुनुहुन्थ्यो । उहाँसँग भेट गर्न गएको दिन के परेको थियो कुन्नि मलाई मालपुवा र चिया खान दिनुभएको थियो ।

गिरिजाप्रसाद कोइराला भने धेरै नबोल्ने जस्तो लाग्यो । उहाँसँग पनि एकपटक भेटेको छु । मैले कहिल्यै हेलिकोप्टर चढेको थिइनँ । उहाँका मानिसलाई मैले त्यो कुरा भनिरहेको थिएँ । गिरिजाप्रसाद हेलिकोप्टरमा कतै जाने हुनुभयो भने मलाई पनि भन्नु है । उहाँको बानी कस्तो रहेछ भने चुरोटसम्म पनि आफूले नबोक्ने । हात यसो पछाडितिर लगेपछि सुरक्षागार्डले चुरोट दिइहाल्दा रहेछन् ।

भैरहवा गएपछि कोइराला रामकृष्ण ताम्राकारको घरमा बस्नुभयो । उहाँसँग प्रशस्तै मानिस हुन्थे । राजासँग गएजत्तिकै अगुवापछुवा जम्मा हुन्थे । विजयकुमार गच्छदारदेखि अरू सबै अघिपछि कुदिरहेका हुन्थे । हामी पत्रकारलाई एउटा होटलमा राखिएको थियो । बुटवलमा रहेका एकजना मित्रले मलाई बोलाए । म उनैकहाँ गएँ । आउन अलि ढिला भयो । त्यहाँ त मणि राणालाई कम्युनिस्टले लगे भन्ने हल्ला भएछ । फोन गरेर एकछिनपछि त मलाई लिनै पठाए । भोलिपल्ट बिहान कोइरालाले मलाई अब तपाईं कतै जाने होइन, मैसँग हिँड्नुहोस् भन्नुभयो । कोइरालासँग हिँड्न पाइरहेका बेला किन अटेरी गर्नु भन्दै पछि लागें ।

कृष्णप्रसाद भट्टराईसँग गरेको कुराकानी र गिरिजाप्रसाद कोइरालासँग घुमेको घटना पनि मेरो जीवनका सम्झनलायक घटना हुन् । एउटा प्रसंग बीपी कोइरालाको पनि जोडिन्छ । एकपटक ध्रुवहरि अधिकारी र म भएर बीपी कोइरालासँग अन्तर्वार्ता लिएका थियौं । राजा वीरेन्द्रले उपचार गर्न अमेरिका पठाएपछि बीपी लन्डन भएर फर्कंदै हुनुहुन्थ्यो । त्यो अन्तर्वार्ता प्रसारण गर्न *बीबीसी* पनि डरायो । पञ्चायती व्यवस्थाको विरोधी मानिस हुन् भन्ने भयो कि के भयो कुन्नि ! हामी अन्तर्वार्ता लिन गएको पनि उनीहरूलाई थाहा थियो । अधिकारीजीले पनि केही कुरा सोध्नुभएको थियो । मैले थाहा नपाएका कुरा पनि उहाँले सोध्नुभएको थियो । शायद त्यो मधेसका बारेमा हुनुपर्छ । त्यो मलाई अचम्म लागेको थियो । बीपी कोइरालाको अन्तर्वार्ता प्रसारण गर्न नपाएकोमा नरमाइलो लागेको थियो । अन्यथा, मैले *बीबीसी*मा ३२ वर्ष काम गर्दा सधैं रमाइलो नै भयो ।

## *बीबीसी*मा स्वतन्त्रता, नेपालमा लोकप्रियता

अहिले त केही काम गर्दिनँ । काम गर्ने मामिलामा मेरो नेपालको अनुभव पनि त्यति रमाइलो रहेन । लण्डनबाट फर्किएर आएपछि दुई वटा स-साना काम

गरें । त्यसको अनुभवका आधारमा मलाई त यहाँ काम गर्न सक्छु जस्तै लागेन । लण्डनमा हामीलाई स्वतन्त्र भएर काम गर्न दिइन्थ्यो । सम्पादकीय स्वतन्त्रतादेखि हरेक चिजमा आफ्नै विवेकले काम गर्ने छुट हुन्थ्यो । अन्तर्वार्ता गर्ने तरिका होस् वा अरू केही, सबै आफैं निश्चित गर्नुपर्थ्यो । त्यहाँ तालिम दिइन्थ्यो तर काम गर्ने बेलामा जस्तो गरेको छ, त्यो नै ठीक हुन्थ्यो । एकदमै बिगारेर गरेको छ भने अर्कै कुरा भयो, अन्यथा स्वतन्त्रता थियो । संभवतः उनीहरू पनि कस्तो काम गरिरहेको छ भनेर सुन्थे होलान् । *बीबीसी* नेपाली सेवामा हप्ताको दुईपटक जस्तो एउटा मानिस आउँथ्यो । मेरो कोठामा बसेर बङ्गाली भाषाको सबै टेप सुन्थ्यो । हाम्रो पनि त्यसै गरी कसैले सुन्थे कि !

त्यहाँको काम गर्ने शैली र यहाँको केही नमिलेको जस्तो लाग्यो । चित्त बुझेन, त्यसैले मैले यहाँ काम गर्न सकिनँ । यहाँ काम गर्दा जे कुरामा पनि हाकिमलाई सोधिरहनुपर्ने कुरा नै मलाई चित्त बुझेन । काम गर्ने हो भने आफूलाई दिइएको जिम्मेवारी पूरा गर्नुपर्छ । नसक्ने भए त्यस्तो जिम्मेवारीमा कसैलाई कसरी नियुक्ति गरिएला ? यति गरेपछि यो ठीक छ कि वा यो ठीक छैन कि भन्दै सोधिरहनु त्यति उपयोगी लागेन । समग्रमा, नेपालमा स्वतन्त्रतापूर्वक काम गर्न पाइएन, पाइँदैन भन्ने नै अहिलेसम्मको अनुभव छ । अब पनि त्यस्तै नै होला ।

मैले *बीबीसी* छाड्नुको कारण भने काम गर्ने शैलीमा चित्त नबुझेर होइन । कुरो के थियो भने म त्यहाँ काममा १२ बजे मात्र जाने गरेको थिएँ । त्यसअघि केही काम नै हुँदैनथ्यो । कार्यक्रम बढेपछि अलि चाँडो जानुपर्ने भयो । पछि त बिहान १० बजेको बैठकमा भाग लिनुपर्ने बनाइदियो । अफिसले भनेपछि जानै पर्‍यो । एक/डेढ वर्ष त गएँ तर पछि जान अल्छी लाग्न थाल्यो । 'हे... म जान्नँ, बरू जागिर नै छाडिदिन्छु भनेर छाडिदिएँ । काम गरूञ्जेल रमाइलो नै भयो ।

*बीबीसी*मा हुँदा रिपोर्टिङ पनि गर्नुपर्थ्यो । सामान्यतः रिपोर्टिङ गर्न भनेरै म नेपाल आएको हुन्थें । मनमोहन अधिकारीले जित्नुभएको चुनावमा रिपोर्टिङ गर्न आएको थिएँ । त्यसपछि *बीबीसी*ले मलाई काठमाडौंमा राखेर रिपोर्टिङ गर्न भन्यो । मैले दुई वर्षजति नेपालमा बसेर *बीबीसी*का लागि रिपोर्टिङ गरें ।

त्यसबेला मलाई गर्व लागेको एउटा सन्दर्भ छ । लगभग हरेक दिनजसो एउटा रिपोर्ट *बीबीसी* वर्ल्ड सर्भिसबाट बज्थ्यो, जुन मैले नेपालबाट रिपोर्टिङ गरेको विषय हुन्थ्यो । मभन्दा अघि केदारमान सिंह हुनुहुन्थ्यो । उहाँभन्दा अघि भारतदत्त

कोइराला हुनुहुन्थ्यो । मअघिका कुनै पनि पत्रकारको स्वर *बीबीसी* वर्ल्ड सर्भिसले प्रसारण गरेको थिएन ।

*बीबीसी*ले सबैभन्दा बढी मलाई उपयोग गरेको राजदरबार हत्याकाण्डका बेलामा हो । त्यसबेला म लन्डनमै थिएँ । त्यो घटनाका बारेमा सोधखोज गर्न मलाई *बीबीसी*भित्र र बाहिरबाट पनि साह्रै धेरै फोन आउँथे । *बीबीसी*का लोकल रेडियो पनि छन्, त्यही बेला ३३-३४ वटा स्थानीय रेडियो थिए । विशेषगरी भारतीय जनसंख्या भएका स्थानमा बढी चासो देखियो, तिनै स्थानमा भएका स्टेसनबाट बढी खोजी गरिएको थियो ।

*बीबीसी*को हाकिम मेरो कोठामा बसिरहेका बेलामा समेत फोन आएका कारण उठेर गएको छु । त्यतिबेला उनीहरूले मेरो आवश्यकता निकै महसुस गरेका थिए । त्यो खालको व्यस्तता कहिल्यै अनुभव गरेको छैन । नेपालबाट रिपोर्टिङ गर्न थालेपछि लगभग हरेक दिन एउटा रिपोर्ट बज्थ्यो । बेलायतको समयानुसार, बिहान १० बजे नेपालमा यसो-यसो हुँदैछ भनेर २/३ लाइनको रिपोर्ट पठाउनुपर्थ्यो । त्यसपछि लन्डन फर्किएपछि हरेक दिन बैठकमा भाग लिन जानुपर्ने नियम लगाइदिए । त्यसपछि अब जागिर गर्दिनँ भन्ने लाग्यो र छाडिदिएँ ।

मेरो स्वर *बीबीसी*मा सुनेर मन पराएकाहरू भेट्न आउँछन् । यो गजबकै उपलब्धि हो भन्ने लाग्छ । यसबाहेक बोल्नासाथ चिन्छन् । स्वरबाटै मलाई चिन्ने त कति छन् कति ? केही दिनअघि एउटा अस्पतालमा अल्ट्रासाउन्ड गराउन गएको थिएँ । त्यहाँका एक डाक्टरले 'तपाईं मणि राणा हो ?' भनेर सोध्नुभयो । 'कसरी थाहा पाउनुभयो ?' भन्दा 'तपाईंको स्वरले थाहा पाएँ' भन्नुभयो । यो लोकप्रियता मेरा लागि ठूलो उपलब्धि हो । सबैजनाले त्यस्तो अनुभव गर्न पाउँदैनन्, म यसमा असाध्यै गर्व गर्छु । यद्यपि यसो गर्नुहुन्छ कि हुँदैन मलाई थाहा छैन ।

## *बीबीसी*का केही मानक

मैले *रेडियो नेपाल*मा काम गर्दा *रासस*बाट समाचार आउँथ्यो । विदेशी समाचार मोनिटर गर्ने गरिन्थ्यो । त्यसबेला धेरै समाचार *बीबीसी* र *रेडियो अस्ट्रेलिया*बाट लिइन्थ्यो ।

*बीबीसी*ले जहिले पनि दुईवटा स्रोत भए मात्र समाचार परिपक्व हुन्छ भन्ने मान्यता राख्छ । एउटा त आफ्नै संवाददाताले तयार गरेको समाचार उसका लागि शतप्रतिशत नै भयो । आफ्नो संवाददाताले गरेको छैन भने *एएफपी, रोयटर्स,*

*एपी*मध्ये कुनै दुइटाले गरेका छन् भने 'ठीक छ' भन्ने हुन्छ । *बीबीसी*ले धेरै ठाउँमा संवाददाता राखेको हुन्छ । उनीहरूसँग धेरै वर्षदेखि स्थापित प्रणाली छ ।

लर्ड रिथ भन्ने *बीबीसी*का पहिलो डाइरेक्टर जनरल थिए । त्यतिबेला टेलिभिजन थिएन, रेडियो मात्र थियो । रेडियोमा पनि बेलुका समाचार पढ्न आउने मानिसले डिनर ज्याकेट लगाएर आउनु पर्थ्यो । त्यो युनिफर्मजस्तै थियो । त्यति कडा नियम थियो । हामीकहाँ त्यस्तो कसलाई चाहिएको छ र ? संसद्मा मन्त्रीहरूसमेत जुन मन लाग्यो, त्यही लुगा लगाएर पुग्छन् ।

## प्रविधिमा आएको अन्तर

मैले काम शुरू गर्दा रीलमा रेकर्ड हुन्थ्यो । जे पनि ठूला खालका हुन्थे । बोक्न पनि कठिन पर्थ्यो । सम्पादन गर्न काटेर जोड्नुपर्थ्यो । मैले *बीबीसी*मा काम शुरू गर्दा कम्प्युटरसम्म थिएन । हरेक तलामा पिजन होल राखिएका हुन्थे । ती नेपाली, हिन्दी, उर्दू, तमिललगायत अनेक भाषाका हुन्थे । न्युज रूमले छिनछिनमा कागज ल्याएर त्यहाँ हाल्थ्यो । आफैं गएर लिएर आउनुपर्थ्यो । विस्तारै कम्प्युटर आयो । 'हत्तेरी, के कम्प्युटर ल्याएको हामी आफैं गएर संकलन गरिहाल्थ्यौं नि' भन्ने लाग्थ्यो । हातैले झिकेर ल्याउन बानी परेको थियो, त्यही सजिलो थियो ।

लन्डनमा पढिरहेका विद्यार्थी पनि *बीबीसी*मा काम गर्न आउँथे । भर्खर-भर्खर कम्प्युटर आएका बेला ती विद्यार्थीमध्येका एकजनालाई साह्रै छिटो चलाउन आउँथ्यो । कहाँ सिकेर आएको थियो थाहा छैन तर हामीलाई हत्तपत्त नआउने । म होउञ्जेल कम्प्युटर प्रयोग धेरै गरिएन । मैले छाडिसकेपछि भने प्रशस्तै प्रयोग गर्न थालियो । पछिल्लो समय सबैजसो काम कम्प्युटरबाटै भइरहेका छन् । प्रविधिले धेरै फड्को मारेको छ । बीबीसीमा सन् २००३ सम्म टेप नै चलाइन्थ्यो ।

प्रविधिमा आएको यो ठूलो फड्को हेर्दा प्रश्न उठ्न सक्छ र उठिरहेको पनि छ- के रेडियोको भविष्य छ त ? मचाहिँ रेडियोको भविष्य छैन भन्ने ठान्दिनँ । नेपालको सन्दर्भमा साह्रै धेरै रेडियो खुलेकाले सञ्चालन गर्न कठिन भएको हो । हरेक मोबाइल टेलिफोन सेटमा रेडियो सुन्न पाउने सुविधा छ । जे मन लाग्यो, त्यही सुन्न पाइन्छ । यो त साह्रै सजिलो प्रविधि हो । यिनै कारणले रेडियोको भविष्य छैन भन्न सक्दिनँ । मैले रेडियोमै लामो समय काम गरेकाले पनि रेडियोको भविष्य सकियो भन्न नसकेको पनि हुन सक्छु । हातमा भएको टेलिफोनमा देश-विदेशका सयौं स्टेसन सुन्न पाउने सुविधा पाइएको छ, अनि कसरी यस्तो प्रविधिको भविष्य सकिएला र ?

## पत्रकारिता नगरेको भए

म कहिलेकाहीं घोत्लिन्छु– पत्रकारितामा नलागेको भए के गर्थें होला भनेर । त्यतिबेला आउने सोच हो, सम्भवतः म यूएनमा जान्थें ।  म *बीबीसी*मा नगएको भए *रेडियो नेपाल* त छँदै थियो ।

*रेडियो नेपाल*मा जागिर खाँदा अरूले कति पाउँथे कुन्नि, मैले भने प्रतिमहिना ४०० रूपैयाँ तलब पाउँथें । मैले त्यसोभन्दा अहिले पनि कतिले पत्याउँदैनन् । सन् १९७३ मा लन्डनबाट फर्किएपछि *रेडियो नेपाल*मा मेरो तलब ६०० रूपैयाँ भयो । त्यति पैसाले पुग्दैनथ्यो । म अहिले यसो सम्झन्छु– पत्रकारितामा लागेर *बीबीसी*मा नगएको भए म संयुक्त राष्ट्रसंघमा काम गर्थें होला । यो मलाई लागेको कुरा हो । योग्यता पुग्थ्यो/पुग्दैनथ्यो, त्यो अर्कै कुरा हो ।

## रोजाइको नेपाली रेडियो

म नेपाली रेडियोमा समाचार सुन्छु । सामान्यतः *रेडियो कान्तिपुर* सुन्छु । बिहान ६, अपराह्न ३ र बेलुका ९ बजेको समाचार पनि सुन्छु । आफू रेडियोमै काम गरेकाले हुन सक्छ, रेडियो सुन्न मन लाग्छ ।

पहिले–पहिले *बीबीसी* सुन्थें । मैले धेरै वर्ष *बीबीसी* नै सुनें । पछि यसो विचार गरें– "*बीबीसी* सुनेर के काम ? नेपालका कुरा कहिलेकाहीं मात्र हुन्छन् । म त अहिले नेपालमा बसिरहेको छु, त्यसकारण नेपालकै कुरा सुन्नुपर्छ ।" त्यसपछि नेपालकै रेडियो सुन्न थालें । मेरी श्रीमती पनि नेपालका रेडियोहरू नै सुन्छिन् ।

यी त रेडियो समाचारका कुरा भए, गीतमा भने लन्डन जानुअघिका गीतबाहेक पछिका बारेमा केही थाहा पाउँदिनँ । कसैलाई चिन्दिनँ । सिनेमामा पनि त्यही अवस्था छ । मैले चिनेको भनेको करिश्मा मानन्धर हो । उहाँका पति विनोद मेरा साथी नै हुन् । उहाँसँग बिहे गरेकाले करिश्मालाई लन्डनमै चिनेको हुँ । उहाँका घरमा जाँदा कोही–कोहीसँग भेट हुन्छ । मुस्किलले एक–दुईजना चिनेको छु ।

नेपाली कला क्षेत्रप्रति मेरो चाख नै नभएको त होइन । म नेपाली गीतहरू सुन्छु, तर उही मेरा जमानाका मात्र । म नारायण गोपाललाई सुन्छु । गौरी केसी र शान्ति ठटाल सुन्छु । अरूलाई सुन्दिनँ भन्नुपर्दा मलाई दुःख लागेको छ । मेरा लागि लाजमर्दो विषय पनि हो र क्षमा पनि चाहन्छु । पछिल्लो समय त चाख नै लिएको छैन ।

## मिडियामा छाडापन

अहिले नेपालमा समाचार पढ्ने जुनसुकै च्यानलले भाषाको हुर्मत लिएको महसुस गरिरहेको छु । नेपाली बोल्ने गरिएको छ तर क्रियापद, एकवचन र बहुवचन केही ख्याल गरिँदैन । बोल्दा पूर्ण विराम, कमा कतै रोकिँदैनन्, उच्चारणमै समस्या छ । जतातततै समस्या देख्छु । मैले सानैदेखि अंग्रेजी माध्यममा पढें, बोलें तर नेपाली बोल्दा मैले यसरी कहिल्यै बोलें भन्ने लाग्दैन । रेडियोमै काम गरेको मानिसले यति त पक्कै विचार गरेको हुनुपर्छ । मेरो शतप्रतिशत शुद्ध थिएन होला तर यति अशुद्ध पनि बोलिनँ भन्ने लाग्छ । अहिले नेपाली जनताले यी रेडियोलाई कसरी सहिरहन सकेका छन्, मैले थाहा पाइरहेको छैन ।

एउटा मननीय कुरो के हो भने नेपालमा खोलिएका अनलाइन र सामाजिक सञ्जाल अलि छाडा भएजस्तो लागेको छ । एकजना राजनीतिकर्मी राजेन्द्र महतोलाई पटकपटक मरेको भनेर प्रस्तुत गरिसकेका छन् । यो त हदै भएन र ? यसो गर्नुलाई चाहिनेभन्दा बढी भएकै भन्नुपर्छ । मैले पहिलोपटक एउटा पत्रिकालाई अन्तर्वार्ता दिँदा भनेको थिएँ– हामीकहाँ छाडापन अलि बढी भयो । धेरै वर्ष अघिदेखि अहिलेसम्म स्थिति त्यस्तै हुनु ठीक होइन । समग्रमा, नेपालका मिडिया जिम्मेवार भएनन् भन्ने हो । जब राजेन्द्र महतो मरे भनेर शव देखाइदिन्छन् भने त्यसलाई कसरी जिम्मेवार सञ्चारमाध्यम भन्ने ?

यस्ता घटना धेरै छन् । भर्खरै मात्र पनि 'आरजु देउवा सिंगापुर गइन्' भनेर लेखियो । आखिर उनी यहीं रहिछन् । त्यस्तै बालकृष्ण खाँडकी श्रीमती मञ्जु खाँड अस्ट्रेलिया गइन् भनेर लेखे । त्यो पनि असत्य रहेछ । सामान्य कुरा त विचार गर्नुपर्छ नि ! सिंगापुर जान त भिसा चाहिँदैन तर अस्ट्रेलिया जान त भिसा अनिवार्य हुन्छ । नेपालीलाई कुनै पनि मुलुकले अहिल्यै वा दुई घन्टाभित्र भिसा दिँदैन । केही समयअघि म सिंगापुर जाँदा सँगै अर्का नेपाली पनि थिए । उनीसँगै हामी पनि मलेसिया जान लागेका थियौं । 'मलेसियाको भिसा लिन कम्तीमा १० दिन लाग्छ' भने । अवस्था यस्तो भएका बेला मञ्जु खाँड अस्ट्रेलिया गइन् भनेर लेख्नु हुन्छ ? यो त हुँदै नहुने कुरा गरिरहेका छन् मिडियाले ।

म सामान्यतः कुनै पनि टेलिभिजन हेर्दिनँ । धेरैजसो रेडियो नै सुन्ने गर्छु । समग्रमा नेपाली मिडिया छाडा भए भन्ने नै लाग्छ । कुनै न कुनै निकायले यसलाई अनुगमन गरेर सच्याउन शुरू गरिहाल्न अत्यन्त जरूरी भइसकेको छ, ढिला पनि भइसक्यो । अझै धेरै ढिला गर्दै जाने हो भने यो तालले हामीलाई भड्खालोमा

हाल्छ । यही ताललाई निरन्तरता दिइरहियो भने रेडियोको भविष्य पनि अन्धकार हुन सक्छ । सञ्चारमाध्यमको विश्वसनीयता त्यसले प्रवाह गर्ने समाचार सामग्रीमा भर पर्छ । सञ्चारमाध्यमले सुहाउँदो शिष्टाचारसमेत देखाउन सक्नुपर्छ । विभेद गऱ्यो भनेर श्रोता, दर्शक वा पाठकले अनुभूत गर्ने अवस्था आउनु राम्रो होइन ।



रेशम विरही

# पत्रकारिता र साहित्यको सम्मिश्रण

*२०३२/३३ सालतिर पत्रिका दर्ता गर्न खोजें, सकिनँ । २०३५ सालमा ठूला पञ्चहरूलाई चाकडी गर्दै गएँ । नमस्ते गरेपछि बल्ल बल्ल 'मुलुकी आवाज' दर्ता भयो । त्यसबेला पत्रिका दर्ता गर्न बहुत गाह्रो थियो । पुलिस रिपोर्ट, बैंक ग्यारेन्टी आदि अनेक चाहिन्थ्यो । राजारानीको जन्मोत्सवमा विज्ञापन छाप्ने चलन थियो । मैले रानीको जन्मोत्सवको शुभकामना विज्ञापन छापेको थिएँ । 'श्री ५ बडामहारानी' हुनुपर्नेमा 'श्री ५ बडामरारानी' हुन पुगेछ । यही कारणले करिब २४ घन्टा हिरासतमा राखियो, पत्रिका प्रतिबन्धित भयो ।*

**मेरो जन्म** २००९ साल मंसिर १ गते गोर्खाको हर्मी लिगलिगमा भएको हो । हामी २०१४ सालमा चितवनको तत्कालीन गीतानगर गाउँ पञ्चायतको वडा नम्बर-२, चम्पानगरमा बसाइँ सरेका हौं । दाजुभाइको बसाइ अझै त्यही गाउँमा छँदै छ, मचाहिँ सरिसकेको छु ।

मेरो परिवारमा पत्नी, दुई छोरा र एक छोरी छन् । छोराछोरी सबैको विवाह भइसकेको छ । जेठो छोरापट्टि दुई नाति छन्, कान्छा छोरापट्टि एउटा नाति छ । छोरीपट्टि दुई नाति छन् । छोराहरू काठमाडौंतिर सानोतिनो व्यवसाय गर्छन् ।

मेरा पितामाताको नाम रेवतीरमण घिमिरे र अम्बिकादेवी घिमिरे हो । मातापिताका पाँच छोरा र एक छोरीमध्ये दिदी सबैभन्दा जेठी हुनुहुन्छ । मातापिता बितिसक्नुभएको छ । त्यस्तै दिदी र दुई दाजु पनि बितिसक्नुभएको छ । अहिले हामी तीन भाइ मात्र बाँकी छौं । म काहिँलो हुँ ।

## कर्मभूमि

मेरो कर्मभूमि चितवन हो । छोटो समयका लागि करिब १०/१२ वर्ष नेपालगञ्जमा पनि बसें । म २०२७/२८ सालदेखि पत्रकारितामा प्रवेश गरेको हुँ । त्यही बेला *मुलुकी आवाज* भन्ने साप्ताहिक पत्रिका दर्ता गरेर चलाउन थालेको थिएँ ।

केही समयपछि नै *मुलुकी आवाज*लाई प्रतिबन्ध लगाइयो र मविरूद्ध पक्राउपूर्जी जारी गरियो । मेरो रूचि साहित्यतिर पनि थियो । स्कुल, कलेजमै हुँदा कविता लेख्थेँ । साहित्यसम्बन्धी पत्रिका चलाउन मन लागेपछि २०३६ सालतिर *आरन* भन्ने पत्रिका दर्ता गरेँ तर ४/५ अंक निकालेपछि चलाउन सकिनँ । त्यसपछि काठमाडौं आएँ ।

## अहिलेको दैनिकी

अचेलभरि सामान्यतः बेलुका ८ देखि ९ बजेतिर सुतिसक्छु । टेलिभिजनमा समाचारसम्म हेर्ने प्रयत्न गर्छु तर मोबाइलमै अनलाइनदेखि अनेक समाचार आउन थालेकाले टेलिभिजन हेर्न हत्ते हाल्दिनँ । पहिल्यैदेखि ढिलोमा ९ बजेसम्ममासुत्ने गर्थें, अहिले पनि त्यही बानी छँदै छ । महिनामा २०/२२ दिनजति राती २ बजे उठ्छु । मेरो लेख्ने पढ्ने जति काम त्यही बेला गर्छु । दिउँसो केही गर्दिनँ । कलेज पढ्दा पनि दिउँसो लेखपढ गर्ने बानी थिएन । मेरा साथीहरू परीक्षाका बेलामा दिउँसो पनि पढिरहेका हुन्थे, म भने फिल्म हेर्न जान्थें । उनीहरूले यो कुरा थाहा पाउँदैनथे । यही आदत अहिले पनि छ ।

मेरा दुईवटा उपन्यास, दुईवटा निबन्ध सङ्ग्रह, सातवटा कविता सङ्ग्रह प्रकाशन भइसकेका छन् । यसबाहेक 'आधारभूत पत्रकारिता शिक्षा' भन्ने पुस्तक पनि लेखेको छु । नेपाल प्रेस इन्स्टिच्युटको क्षेत्रीय शाखा नेपालगञ्जमा प्रशिक्षक भएर ८/१० वर्ष काम गरेँ । त्यहाँ तीनमहिने, एकमहिने तालिम सञ्चालन हुन्थे । सम्पादकीय, फिचर, समाचार आदि लेखनबारे प्रशिक्षण दिने गरेको हुँदा ती सबैको ह्यान्ड्स आउट मसँग सुरक्षित थिए ।

स्थानीय महेन्द्र बहुमुखी क्याम्पसमा आमसञ्चार भन्ने विषय पनि राखिएको थियो तर पढाउने मानिस भने रहेनछन् । क्याम्पस प्रमुख सीतारामराज विष्टको अनुरोधपछि मैले भनें, 'मसँग केही ह्यान्ड्स आउट छन् । म तिनलाई समेटेर एउटा किताब लेखिदिन्छु । बीए भोकेसनल जर्नालिजम लिनेहरूले त्यो पढे भने फाइदा हुन्छ ।' मेरो ह्यान्ड्स आउटलाई केही परिमार्जन गरेर किताबको स्वरूपमा ढालें । यी जे-जति काम भए, सबै राती उठेर गर्थें । दिनभरि यताउता घुम्ने, केही पढेजस्तो गर्ने, कार्यक्रम, गोष्ठी आदिमा जाने गरेर बित्छ ।

## साहित्य लेखन

म विचारले वामपन्थी, प्रगतिवादी हुँ । २०३५ सालमा 'मुलाको बोक्रा' र 'आलीमुनिको झ्याउँकीरी' कविता सङ्ग्रह लेखें । म मोहन कोइरालाबाट प्रभावित छु । उहाँको 'फर्सीको जरा' पढेपछि त्यसका विम्बबाट अत्यन्त प्रभावित भएँ र यसपछि मात्र ती पुस्तक लेखेको हुँ । अहिले हेर्दा केही अपरिपक्व छ भन्ने लाग्छ किनभने कोइरालाबाट प्रभावित भए पनि त्यो उचाइका छैनन् ।

म २०२७ सालबाटै पत्रकारितामा जोडिँदै आएँ । ०३६/३७ सालदेखि काठमाडौं आएपछि सक्रिय पत्रकारितामा लागें । त्यसबेला बालमुकुन्ददेव पाण्डेको *संरक्षक*, गोवर्द्धन पाण्डेको *प्रतिध्वनि* जस्ता पत्रिकामा संलग्न भएँ । व्यावसायिक पत्रकारितामा लागेपछि साहित्य लेखन अलि ओझेलमा पर्‍यो ।

२०५०/०५१ सालमा नेपालगञ्ज गएँ । त्यहाँ पुगेपछि आञ्चलिक विम्ब समेटेर कविता लेख्न थालें । एउटा ठूलो तीन/चार तलाको भवनअगाडि सानो घुम्तीमा मंगली गुप्ताको पान पसल थियो । मंगलीको पान बेच्ने शैली, आनीबानी, स्वभाव केही फरक थियो । उनी साह्रै रसिक खालकी एकल महिला थिइन् । तिनका ६ जना बालबालिका थिए र आयआर्जनको बाटो त्यही पसल थियो । म त्यहाँ दैनिक पान खान जान्थें । मलाई लाग्यो, यिनको परिवेश समेटेर किन नलेख्ने ? उनी र पान पसललाई विम्ब बनाएर कविता लेखें । साहित्यकार वृत्तमा अहिले पनि

मलाई धेरैले 'मंगली गुप्ताको पान' भनेर चिन्छन् । त्यो कविताले मलाई पहिचान दियो । दुई/तीन वर्षअघि प्रज्ञा भवनमा आयोजित एउटा कार्यक्रममा अतिथि कवि भनेर बोलाउँदा पनि फेरि 'मंगली गुप्ताको पान पसल' वाचन गर्न भनियो, गरेँ । त्यो कविता २०५६ सालताका लेखिएको भए पनि संग्रह २०६० सालमा मात्रै प्रकाशन भयो । यसबाहेक २०५६ सालसम्ममा मैले धेरै कविता लेखिसकेको थिएँ । त्यसबेला मैले 'भित्ताको रङ' कविता संग्रह प्रकाशन गरें ।

आधारभूत पत्रकारिताचाहिँ २०६१ सालमा लेखेको हुँ । यसबाहेक मैले बालसाहित्यमा पनि हात हालेको छु । २०६२ सालमा 'सुन्दर बस्ती' भन्ने बालकाव्य निकालें ।

'थालथालमा सपना' भन्ने अर्को कविता सङ्ग्रहले मलाई राष्ट्रिय चर्चा गराइदियो । हरि अधिकारीले *नेपाल* म्यागजिनमा समीक्षा लेखेका थिए । त्यो समीक्षाका बारेमा धेरै मानिसले प्रतिक्रिया जनाए, "हरि अधिकारीले राम्रो भनेको साहित्य यो दुनियाँमा कुनै छैन । उनले आफ्नै विषयमा लेख्नुपर्‍यो भने पनि आफैंलाई गाली गर्छन् । रेशम विरहीको कविताका बारेमा कहीं पनि गाली गरिएको छैन । उनलाई किन प्रशंसा गरे ?" मेरो कविताबाट समीक्षक अधिकारी साह्रै प्रभावित भएको देखिन्छ । कतिसम्म भने उनले मलाई पाब्लो नेरूदासँग तुलना गरेका छन् । उनले लाक्षणिक रूपमा 'पाब्लो नेरूदाको कविताभन्दा कम छैन' भनेरै शुरू गरेका छन् ।

यसपछि २०७२ सालमा 'देब्रे आँखा' निबन्ध संग्रह निकालें । त्यसले मदन पुरस्कार पाउँछ भनेर व्यापक चर्चा भयो । त्यसबेला *कान्तिपुर* दैनिकमा प्रकाशित एउटा बुक सर्वेमा उत्कृष्ट कृतिहरूमा 'देब्रे आँखा' लाई पनि समावेश गरिएको थियो । सबैतिर एक नम्बर भनिए पनि पुरस्कार समितिको भने शर्टलिस्टमा पनि परेन । पत्रकार नारायण वाग्लेले एउटा ट्वीट गरे, 'झन्डै झुक्किएँछु म यो किताब नपढेर, यो किताब नेपालको राजनीति र नेपालको कम्युनिस्ट मुभमेन्ट बुझ्न पढ्नैपर्ने रहेछ ।' त्यो ट्वीटले किताबको मार्केट निकै बढ्यो । अहिलेसम्म तीन संस्करण निस्किसकेको छ ।

२०७४ सालमा 'प्रेमदासको डायरी' उपन्यास निस्कियो । यसमा कम्युनिस्ट आन्दोलन र माओवादी जनयुद्धबारे फरक ढंगले चर्चा गरिएको छ । केही आलोचनात्मक छ । जनयुद्धका विकृतिबारे थुप्रै कुरा समेटिएका छन् ।

२०७५ सालमा क्यान्सर भयो । अस्पतालको बेडमा बसेर पनि लेखें । 'सातौं बादशाहको रातो कोट' एउटै कविता ४० पृष्ठको छ । यसमा तीनवटा कविता

छन् । यसमा पुरूषोत्तम सुबेदीले निकै राम्रो भूमिका लेखिदिनुभएको छ । यो कवितामा मैले पहिलो बादशाह पृथ्वीनारायण शाहलाई बनाएको छु । दोस्रो बादशाह १०४ बर्से राणा शासनलाई र तेस्रो बादशाह २००७ सालदेखि ०१५ सालसम्मलाई बनाएको छु । चौथो बादशाह २०१५ देखि २०१७ साल, पाँचौं बादशाह पञ्चायतकाल र छैटौं बादशाह २०४६ देखि ०६२/०६३ सम्मलाई बनाएको छु । सातौं बादशाह भने गणतन्त्र आएपछि सत्तामा गएका रातो विचारका मानिसलाई बनाएको छु । रातो कोटभित्र अनेक चरित्र छन् । रोल्पाको थवाङदेखि सुखानीको रगतसम्मका कुरालाई प्रतीकात्मक रूपमा उतारिएको छ ।

## पत्रकारिताको शुरूआत

चितवनमा भएको एउटा रमाइलो घटनाबाट म पत्रकारितामा प्रवेश गरेको हुँ । त्यसबेला म हाइस्कुलको विद्यार्थी संगठनको सभापति थिएँ । २०२७ सालमा नेपाल-भारत सन्धि नवीकरण हुनुपर्ने थियो, त्यो भएन । त्यसबेला भारतले नाकाबन्दी लगायो । त्यहाँ ठूलो विरोध जुलुस निकालियो ।

त्यसताका म विद्यार्थी नेता भइसकेको थिएँ । म गीतानगर स्कुलमा १० कक्षामा पढ्थें । त्यहाँबाट जुलुस नारायणघाट आएको थियो । मलाई विद्यार्थी नेताका रूपमा भाषण गर्न दिइयो । एउटा पर्खालमाथि उभिएर भाषण गरें । मैले भाषण गरेको कुरा काठमाडौंबाट निस्कने *मातृभूमि* पत्रिकामा छापिएछ । मैले यो २/३ महिनापछि मात्र थाहा पाएँ । म रेशमराज घिमिरेबाट रेशमराज विरही भइसकेको थिएँ । चितवनका मदनमोहन जोशीकहाँ *मातृभूमि* जाँदो रहेछ । उहाँले देखाउनुभएपछि म असाध्यै खुसी भएँ । मलाई लाग्यो, म निकै ठूलो भएँछु । त्यसबेला ५ पैसा पर्थ्यो जस्तो लाग्छ । मैले किनेर ल्याएँ र सिरानीमा राखें । करिब ६ महिनासम्म हरेक दिन निकालेर हेर्दै फेरि त्यहीं राख्दै गरें ।

यो घटनाले मलाई पत्रकारितातर्फ आउन प्रेरित गर्न थाल्यो । २०२८ सालमा त्यही पत्रिकामा मदनमोहनजीले नै पठाइदिनुभएको मेरो कविता छापिएर आयो । मैले 'यो कसरी छापिन्छ मलाई सबै बताउनु पर्‍यो' भनें । छपाइ प्रक्रिया सुनेपछि म झन उत्साहित भएँ । २०२९ सालमा त *मातृभूमि*मा समाचार पठाउन थालिसकेको थिएँ । २०३२/३३ सालमा पत्रिका दर्ता गर्न खोजें तर सकिनँ । २०३५ सालमा ठूला पञ्चहरूलाई चाकडी गर्दै गएँ । नमस्ते गरेपछि बल्लबल्ल *मुलुकी आवाज* दर्ता भयो । त्यसबेला पत्रिका दर्ता गर्न बहुत गाह्रो थियो । पुलिस रिपोर्ट, बैंक ग्यारेन्टी आदि अनेक चाहिन्थ्यो ।

राजारानीको जन्मोत्सवमा विज्ञापन छाप्ने चलन थियो । मैले रानीको जन्मोत्सवको शुभकामना विज्ञापन छापेको थिएँ । 'श्री ५ बडामहारानी' हुनुपर्नेमा 'श्री ५ बडामरारानी' हुन पुगेछ । यही कारणले करिब २४ घन्टा हिरासतमा राखियो, पत्रिकाचाहिँ प्रतिबन्धित भयो ।

## राजनीतिका कारण कारावास

पत्रकारिता गरेकै वा लेखेकै कारणले त जेल परिनँ । राजनीतिक कारणले भने पटकपटक जेल परेको छु ।  २०३३ सालमा मलाई राजकाज मुद्दा लगाएर जेल हालियो । चितवनमा राजा र व्यवस्थाविरोधी एउटा पर्चा छरिएको थियो ।

अब जीवनमा जागिर खानुपर्‍यो भन्ने लाग्यो मलाई २०३२ सालमा । त्यसबेला साझा प्रकाशनले जनक शिक्षा सामग्री केन्द्रको किताब पनि बेच्थ्यो । कृष्णचन्द्र सिंह प्रधान र क्षेत्रप्रताप अधिकारी एकजना अध्यक्ष र अर्का महाप्रबन्धक थिए । उहाँहरूले देशभरि शाखा खोलेर साझा र जनक शिक्षाका किताब बेच्ने निर्णय गर्नुभयो र २६ ठाउँमा शाखा खोल्नुभयो । ती शाखाका लागि शाखा प्रमुख मागियो । मैले पनि आवेदन दिएँ । लिखित र अन्तर्वार्ता पास भएर म इलामको शाखा प्रमुख भएर गएँ । इलाम शाखाले पाँचथरमा पनि डिपो खोलेर किताब बेच्नुपर्थ्यो । त्यहाँ कर्मचारी पनि राख्नुपर्ने भयो । स्थानीय राजेन्द्र सुवेदीको सहयोगमा ४/५ जना कर्मचारी राखें, पाँचथरमा डिपो पनि खोलें ।

म भदौमा इलाम गएको थिएँ, असोजतिर चितवनमा राजाविरोधी पर्चाबाजी भएछ । निकै मानिस समाइएछन् । कसैले मेरो नाम पनि पोलिदिएछ । एक रात अमिक शेरचनको दिव्यनगरस्थित घरमा छापा हानिएछ । उनको घरमा गोली र केही डकुमेन्ट फेला पारेछन् । करिब ८/१० किलोमिटरको दूरीमा रहेको गीतानगरस्थित दण्डपाणि न्यौपानेकहाँ पनि छापा मारिएछ । पछि ती माओवादीको पोलिटब्युरो तहसम्म पुगे, अहिले बेपत्ता छन् । त्यसपछि मेरो घरमा आएर छापा मारियो । हामीसँग बन्दुक छ भन्ने रिपोर्ट रहेछ । हाम्रो घरमा अढाई सय मुरी धान अट्ने ठूलो गोदाम थियो ।

८/१० बिघा जग्गा भएको हाम्रो ठूलै परिवार थियो । जताततै तोडफोड गरेर बन्दुक खोजियो । ढोका खोल्न जबर्जस्ती गर्दा आमालाई चोट पनि लागेछ । घरमा काठको ठूलो बाकस थियो । त्यसमा मैले किताब राख्ने गरेको थिएँ । आमाले बडो चलाखीपूर्वक त्यो बाक्साको माथिपट्टि ग्यालेन ल्याएर तेल पोखिदिनुभएछ ।

छापा मार्न आएका पुलिसले सोधेछन्, यहाँ के छ ? आमाले 'यहाँ त तेल, घ्यु राख्ने गरेको छ बाबु' भन्नुभएछ । त्यहाँ पार्टीका घोषणापत्रदेखि अनेक कागजात थिए तर त्यो खोलेनछन् ।

यो घटनाबारे थाहा पाएपछि पुसमा इलामबाट आएर वीरगञ्जस्थित बम्बे होटलमा बसें । मलाई त्यहाँ छापा हानेर पक्राउ गरियो र राजकाज मुद्दा लगाई जेल हालियो । पुस १६ गते बीपी कोइराला राष्ट्रिय मेलमिलापको नीतिअन्तर्गत भारतबाट नेपाल आएका थिए । उनलाई भेटेर आउने देवेन्द्र नेपाली, शेषनाथ अधिकारीलगायत सबैलाई एकै ठाउँमा राखियो । म कम्युनिस्ट पार्टीमा पनि पुष्पलाल समूहमा थिएँ । त्यतिखेर 'पुष्पलाललाई कांग्रेसको पुच्छर' भनेर खेद्थे । मोहनविक्रमले त 'गद्दार पुष्पलाल' भनेर किताब नै लेखे । यसले गर्दा अमिकजीहरूले मलाई खेद्ने गरेका थिए । 'यो कांग्रेसको पुच्छर हो, पर्चा तिमीहरूले नै छरेका हौ, हामीलाई तिमीहरूले फसाएका हौ' भनेर मलाई खेदिरहन्थे । यही कारणले पनि हुन सक्छ जेलमा मेरो बढी उठबस कांग्रेसीहरूसँग हुन्थ्यो । कांग्रेसीहरूले पनि मप्रति सहानुभूति राख्थे । उनीहरू पनि 'यसलाई कम्युनिस्टहरूले नै खेदेका छन्' भन्ने मान्थे ।

मलाई राजकाज मुद्दा लगाएर नौ महिना कैद गरियो । गद्दार पुष्पलालको समूहको मान्छे भनेर खेदिएको थिएँ, अहिलेका ठूलै नेताहरूसँग जेलमा थिएँ । पञ्चायतकालमा अनेक मुखुण्डा थिए, जसलाई ठूला क्रान्तिकारी भनिन्थ्यो । कैद गरिएपछि जागिर पाइँदैनथ्यो । 'सफाइ पनि दिन्नँ, जागिर पनि खान्नँ' भनेर हिँडें । मसँगै त्यही केसमा परेका मानिसको वासचाहिँ अञ्चलाधीशकहाँ हुँदो रहेछ, उनीहरूका श्रीमती आएर अञ्चलाधीशकहाँ बस्थे, उनीहरूका लागि अञ्चलाधीश कार्यालयबाट खाना आउँथ्यो । उनीहरू ठूला क्रान्तिकारी पल्टँदै अञ्चलाधीश कार्यालयमा बसेर सफाइ पाउँथे । मैले भने पर्चा नै नछरेको भए पनि नगरेको बिजाइँमा राजकाज मुद्दा लगाएर कैद गरे ।

त्यति मात्र होइन, २०३२ सालमा दुई लाख रूपैयाँ भ्रष्टाचार गरेको भनेर मुद्दा हालियो । मलाई त वीरगञ्जको होटलबाटै पक्राउ गरेर जेल हालिसकेका थिए । घरमा चिठी गएछ, म जेलमा थिएँ । मैले तिर्नुपर्‍यो भने त मेरो ५/७ बिघा जग्गा नै जाने भयो, त्यसबेला जग्गाको भाउ दुई–चार हजार रूपैयाँ कट्ठा थियो । घरमा कोलाहल मच्चियो । ठूलो दाजु घरमा आएको चिठी बोकेर वीरगञ्जस्थित अञ्चलाधीश कार्यालयमा जानुभएछ । नन्दबहादुर मल्ल अञ्चलाधीश थिए । हामीले ल्याएर थुनेका मानिसले यो काम कसरी गर्‍यो भनेर प्रश्न उठाए । त्यसबेला यो

इमानदारीपन भने कायम थियो, त्यत्तिको नैतिकता अहिले देखाउँदैनन् । मल्लकै पहलमा क्षेत्रप्रताप अधिकारी इलाम गएर खोजबिन गरे । त्यसबेला इलाममा मैले जसलाई सहायकका रूपमा राखेको थिएँ, उसैले सबै किताब बेच्दै खाँदै गरेछ । त्यसलाई समातेर थुने, उसलाई ठाउँठाउँमा सरूवा गरेर पैसा असुलउपर गरे । त्यसपछि उसले साझा प्रकाशनको जागिर छाडिदियो । पछि गोरखापत्र संस्थानमा जागिर खाएर त्यहाँबाट अवकाश पायो ।

विद्यार्थी आन्दोलनको सिलसिलामा नख्खु जेलमा पनि एकपटक बसेको छु । यसरी दुई-तीनपटक जेल बसेँ । १२/१५ दिनजति सेन्ट्रल जेल पनि बसेको छु । तर, यी सबै काराबास पत्रकारिताका कारणले होइन, राजनीतिका कारणले बस्नुपरेको हो ।

## पत्रकारिताको अनुभव

मैले पत्रकारितासम्बन्धी शिक्षा आर्जन गरेको होइन । मैले पढेका मुख्य विषय नेपाली, इतिहास र राजनीतिशास्त्र हुन्, पत्रकारिता त मूलतः अनुभवका आधारमा गरेको हुँ । म मेरो गुरूका रूपमा ईश्वर वल्लभलाई मान्दछु किनभने उहाँले गर्दा नै मेरो कलम चल्न थालेको हो । उहाँसँग मेरो धेरै संगत भयो ।

अहिलेको रंगशाला भएको ठाउँमा गोकर्णदेव पाण्डेको प्रेस थियो । त्यहाँ उहाँको *प्रतिध्वनि* भन्ने पत्रिका छापिन्थ्यो । पत्रिकामा ईश्वर वल्लभ र एकेन्द्र अर्याल थिए । किशोर नेपाल पनि त्यहाँ रिपोर्टिङ गर्थे, उनलाई मैले त्यहीं भेटेको हुँ । त्यो प्रेसमा म शुद्धाशुद्धि हेर्थें । लेटर प्रेसको जमाना भएकाले हात कालै हुन्थ्यो ।

ईश्वर वल्लभले 'ल रेशमको लेखाइ राम्रो छ, लेख्ने पनि गर्छौ ?' भनेर सोध्नुभयो । मैले लेख्छु भनें र डराईडराई एउटा कविता दिएँ । 'गजब राम्रो कविता छ, कविताचाहिँ मोहन कोइरालाबाट प्रभावित रहेछ' भने । त्यो कविता *प्रतिध्वनि*मा तुरून्तै छापियो । पछि बालमुकुन्ददेव पाण्डेको *जनमत*मा पनि जोडिएँ । त्यहाँ कहिलेकाहीं आलेख दिन्थें । यिनै अनुभव र अग्रजहरूको मार्गनिर्देशन पछ्याउँदै पत्रकारिता गरेको हुँ ।

पत्रकारिताका क्रममा कति मिडियासँग जोडिएँ भनेर त गन्नैपर्छ । शुरूमा *मातृभूमि* (काठमाडौं) पछि आफ्नै पत्रिका *मुलुकी आवाज* (चितवन) निकालेँ । *हिमाली हुलाक* (बाग बजार) मा पनि संलग्न भएँ । आफैंले काठमाडौंमा अर्को दर्ता गरेको

थिएँ, समानान्तार दैनिक । नरेन्द्रविलाश पाण्डेको प्रेसमा छाप्ने गरेको थिएँ तर धेरै चलाउन सकिनँ ।

अर्को पत्रिकामा हालका प्रदेश सांसद रघुनाथ महर्जन (लगनखेल) र मेरा मित्र जो नमूना मच्छिन्द्र क्याम्पसमा पढाउनुहुन्थ्यो, दुईजना मिलेर पत्रिका निकालौं भन्नुभयो । म त्यसबेला सोह्रखुट्टेमा बस्थें । हामीले पत्रिका दर्ता गरिसकेका छौं, 'तँ दक्ष छस्, हामी जान्दैनौं, पत्रिका चलाउनुपर्‍यो' भने । नाम *अभिनन्दन* भने । 'तिमीहरूले मलाई पैसा दिन सक्छौ ?' भनेर सोधें । त्यसबेला म कामना प्रकाशनमा आवद्ध भएर कपिल काफ्ले र पुष्करलाल श्रेष्ठसँग काम गरिरहेको थिएँ । कामनाले मलाई मासिक ३ हजार ५ सय रूपैयाँ दिने गरेको थियो । नयाँ मित्रहरूले मलाई महिनाको ५ हजार दिन्छु भने । मैले भने 'कामना त ठूलो पब्लिकेसन होला जस्तो छ, त्यसकारण यहाँ भविष्य देखिरहेको छु, तिमीहरूको के हुन्छ र ?' भनें । त्यसो होइन, 'तेरो डेरालगायत सबै व्यवस्था हामी गरिदिन्छौँ, हामीसँग हिँड्' भन्दै दुईजना मिलेर थसिखेलमा उनीहरूले बन्दोबस्त गरेका कोठामा लगे । त्यसपछि *अभिनन्दन* निकाल्न थालियो ।

त्यसपछि नेपालगञ्ज गएँ र आफ्नै पत्रिका *समानान्तर* चलाउन थालें तर त्यसलाई धान्न सकिनँ । मैले कहिल्यै पनि विज्ञापन माग्ने काम गरिनँ । आफूकहाँ काम गरिरहेका साथीभाइले कहींबाट ल्याउँछन् भने त्यसलाई छाप्ने काम मात्र गरें । जसले ल्याउँथे, उनैले खाइदिन्थे । धेरैजनाबाट धोका पाएँ । कागज र प्रेसको पैसा खापिँदै जान्थ्यो । यस मामिलामा एउटा चाखलाग्दो घटना छ । नेपालगञ्जमा रहँदा कोहलपुर नगर विकास समितिले सबै पत्रकारलाई मिलाएर विज्ञापन दिने नीति बनायो । त्यहाँको पत्रकार महासंघले एउटा निर्णय गर्‍यो- एक पृष्ठको ७ हजार रूपैयाँ लिने ।

मेरो पालो आयो- विज्ञापन पाउने । मेरो पालोमा दुई पृष्ठ पाउने भएँ अर्थात् १४ हजार पाउने भएँ । दिलीप भन्ने एकजना कर्मचारी थिए, उनैलाई नगर विकास समितिमा पैसा लिन पठाएँ । उनले पैसा लिएछन्, त्यसपछि मकहाँ आउँदै आएनन्, कता हिँडे थाहा भएन । प्रेसमा निकै उधारो थियो, कागजको पैसा तिर्न बाँकी थियो । म यति यहाँ तिर्छु, त्यति त्यहाँ तिर्छु भन्दै औंला भाँचेर टालटुल हुने आशामा बसिरहें, पैसाचाहिँ अर्कैले लिएर टाप ठोक्यो । त्यो घटना मैले एक दिन पूर्णलाल चुकेलाई सुनाएँ । उनले भने, "बल्ल घैँटामा घाम लाग्यो ? हामी त रेशम बिरहीले त्यस्तो मानिसलाई किन राखेको होला भनेर विचार गरिरहेका थियौं ।" ल न एउटा समाचार छापिदिनुहोस् भनें । उनले त्यो

मान्छेको फोटोसहित रेशम बिरहीद्वारा प्रकाशित पत्रिकालाई यसरी ठगी गरेर हिँड्यो भनेर समाचार प्रकाशन गरिदिए । जनार्दन आचार्यलाई पनि सुनाएँ । उनले आफ्नो पत्रिका *समकालीन*मा पनि त्यो समाचार छापिदिए । त्यो मानिस गायब भएपछि म निकै अप्ठ्यारोमा परें । मैले पैत्रिक सम्पत्तिको रूपमा रहेको बर्दियाको जग्गा बेचेर त्यहाँ लागेको ऋण तिरें । बचेको पैसा कति समयदेखि तिर्न बाँकी छोराछोरीको स्कुल फी, निकै अघिदेखि नतिरेको डेराभाडा तिरेर सकेँ । त्यसपछि पत्रिका बन्द गरिदिएँ ।

यसपछि मलाई हेमन्त कर्माचार्यले *कालपृष्ठ*मा काम गर्न बोलाए । त्यहाँ मैले करिब डेढ वर्ष काम गरें र चितवन फर्किएँ । चितवनका साथीहरूसँग मिलेर करिब एक वर्ष *भरतपुर* म्यागजिन निकाल्यौं । नेपालगञ्जमा प्रशिक्षक भएर बसेको नाताले देशभरि चिनजान थियो । विशेषगरी पश्चिमतिर धेरै मित्रहरूसँग परिचय थियो । काठमाडौंमा क्रियाशील रामेश्वर बोहोरा, रोशन पुरीलगायत थुप्रै पत्रकार एनपीआई नेपालगञ्जका उत्पादन हुन् । त्यही चिनजानका कारण देशभरिका पत्रकारलाई फोन गरेपछि सबैले समाचार, आलेख पठाइदिन्थे । दक्ष पत्रकारले लेखेको कभर स्टोरी प्रकाशन हुन्थे । राम्रै चर्चा पाएको थियो । वीरेन्द्र क्याम्पसका दुईजना अवकाशप्राप्त साथीहरूले तेरो अनुभव खेर जान दिनु हुन्न, पत्रिका चलाऔं भनेकाले शुरू गरिएको थियो । 'म पैसाको कारोबार पनि गर्दिनँ, मैले अहिलेसम्म कहीं गएर हात थाप्दै विज्ञापन लेऊ, पैसा लेऊ भनेर मागेको छैन' भनें । यो पनि भनें, "कसैसँग आर्थिक सहायता लिएको छैन, कसैको हुन्डी खाएको छैन । विज्ञापन उठाउन पनि जान्न । त्यो सबै तिमीहरूले जिम्मा लिनुपर्छ । म समाचार र आलेख कहाँबाट ल्याउने, के राख्ने त्यो मात्र जिम्मा लिन्छु ।"

## पत्रकारिताबाट प्राप्त उपलब्धि

पत्रकारितामा लागेर मलाई ज्ञान, सम्मान र सद्भाव पाएको छु । देश र पत्रकारिता क्षेत्रका असल र खराब पक्षबारे थाहा पाएँ । कतिपय पत्रकार र राजनीतिक नेताको आवरण थाहा पाएँ । यसरी प्राप्त ज्ञान र पृष्ठभूमि अहिले मेरो साहित्य लेखनको विषय भएको छ । यसलाई प्रयोग गर्न पाइरहेको छु ।

उपन्यास र निबन्ध तयार गरिरहेको छु । देशभरिबाट साथीहरूले मेरा पुस्तक पैसा तिरेर मागिरहेका हुन्छन् । किताबबाट रोयल्टी पाइरहेको छु । तिनले मलाई भरथेग गरिरहेका छन् । केही समयअघि प्रकाशित उपन्यास 'कली' का लागि अग्रिम ५० हजार भुक्तानी पाएको छु । आफ्नो भाषा कसरी परिष्कृत गर्ने ?

वाक्य बनोटदेखि शब्द विन्याससम्मका शैली विकास गर्नसमेत पत्रकारिताले मद्दत पुऱ्याएको छ ।

सामाजिक रूपमा राम्रै मान्छन् । मूलतः चितवन र नेपालगञ्जमा बढी सम्मान पाइरहेको छु जस्तो लाग्छ । चरित्रमा शंका गर्नुपर्ने गरी केही गरेको छैन । कुनै गलत काम गरेको दाग छैन । यो नै आफैंमा एउटा सम्मान हो । आधिकारिक रूपले त्यस्तो मान-सम्मान प्रमाणपत्र खासै दिइएको छैन । जिल्लाका संघसंस्थाले सम्मान गरेका छन् । नेपाल पत्रकार महासंघ चितवनले अनन्त गंगा पत्रकारिता पुरस्कार दिएको छ । यो ५० हजार रूपैयाँ र सम्मानपत्र भएको पुरस्कार हो । नेपालगञ्जमा पनि २/३ वटा सम्मान पाएको छु । यसबाहेक अरू सम्भना छैन ।

सबैको सदभाव पाएको छु, त्यो नै ठूलो उपलब्धि हो । क्यान्सरबाट पीडित भएका बेलामा करिब १८/२० लाख रूपैयाँ खर्च भयो । त्यसबेला स्वतःस्फूर्त रूपमा साथीहरूले नेपालगञ्जबाट मात्रै पाँच लाख रूपैयाँ पठाइदिए । यद्यपि मैले कसैलाई पठाइदेऊ भनेको थिइनँ । त्यहाँका मेयरले ५० हजार पठाइदिए । मन्त्री इस्तियाक राईले ५० हजार पठाइदिए । पत्रकार महासंघले दुई–अढाइ लाख रूपैयाँ पठाइदियो । चितवनका साथीहरूले पनि केही सहयोग गरे ।

## पत्रकार नबनेको भए

पत्रकार नबनेको भए शिक्षक हुन्थें होला । शायद नेपाली पढाउँथें होला । तर, मैले राजनीति भने गर्दिनथें किनभने नेपालका कम्युनिस्टहरूको हालत पहिल्यैदेखि नै दयालाग्दो थियो । त्यतिबेला पुष्पलालजस्तो मानिस जसले गणतन्त्र भनेर बोलिरह्यो, जसले प्रजातान्त्रिक एकता भनेर बीपीलाई घचघच्याइरह्यो, उसैलाई गद्दार भने ।

त्यही बेला बीपी कोइरालाले एउटा वाक्य बोल्नुभएको छ, 'कम्युनिस्टहरू कहिल्यै प्रजातन्त्रवादी हुन सक्दैनन्, तिमीहरूसँग किन मिल्ने ?' यो धेरै हदसम्म मिल्छ । म वनारसमा पुष्पलालको हेडक्वार्टरमा पनि ५/६ महिना पनि बसेको छु । वीरगञ्ज कलेज अफ एजुकेसन पढिरहेका बेला वारेन्टेड भएँ । त्यसबेला *नौलो जनवाद* भन्ने बुलेटिन लुगाभित्र बाँधेर ल्याएर कलेजमा बाँड्थें । प्रशासनले थाहा पाएछ, वारेन्ट जारी भयो । यसपछि म त्यहाँबाट भागें । दार्चुलाका प्रेमसिंह धामीले मलाई साइकलमा राखेर भगाए । उनले रक्सौल पुऱ्याएर रेल चढाइदिए । वनारसबाट पुष्पलालले 'तिमी तुरून्त यहाँ आएर पार्टीको हेडक्वार्टरमा बस र

बुलेटिनहरूको काम गर' भन्नुभयो । त्यो बेला पुष्पलालको वेदना र दुःख मैले थाहा पाएको छु ।

त्यसबेला पुष्पलाललाई गद्दार भन्नेहरू जति सबैले कम्युनिस्ट पार्टीको ढोकामा अहिले पुष्पलालको फोटो झुन्ड्याएका छन् । अहिलेका यी कम्युनिस्टमा यो चेतना त्यही बेला आइदिएको भए न पुष्पलाल अल्पायुमा मर्थे होलान्, न त नेपालमा गणतन्त्र आउन यत्रो समय लाग्थ्यो, न म पत्रकार नै हुन्थें ।

## पत्रकारितामा गुनासो

नेपाल पत्रकार महासंघप्रति मेरो ठूलो गुनासो छ । यो त एनजिओ फेडरेसन जस्तो भयो, पत्रकार महासंघ जस्तो भएन । यसले बाँड्ने हरेक खालका पुरस्कार, सम्मानमा पुनर्विचार गर्नुपर्ने देख्छु । एउटा हार्ड न्युज लेख्न नसक्नेलाई प्रेस स्वतन्त्रता सेनानी सम्मान, वरिष्ठ पत्रकार पुरस्कार दिइएको छ । अगाडि राखेर एउटा फिचर लेख्न लगाउनुस्, तिनले सक्ने छैनन् । आफ्ना आस्था बोकेका र बकम्फुसे कुरा गरेका भरमा र केही मिडियामा पहुँच पुऱ्याएका भरमा पुरस्कार दिइएको छ । काँटछाँट गरेर अर्कालें समाचार बनाइदिएका भरमा ठूलो पत्रकार भनाइएर, ठूला भनिएका मानिसको धोतीको फेर समाएर हिंडेकालाई पत्रकार महासंघले सम्मान गर्दै हिंडेको छ । जिन्दगीभरि पत्रकारिता गरेर जीवन गुजार्ने पत्रकार यिनीहरूका आँखामा पर्न सकेको देखिँदैन ।

अचेल सदस्यता नवीकरण गर्न छाडेपछि चितवन शाखाले मेरो सदस्यता आफैं नवीकरण गरिदिन थालेको छ । पैसा चाहिँदैन ? भनेर सोध्दा 'भयो' भन्छन् । अहिले स्वेच्छिक तवरले महासंघ त्याग भन्ने अभियान चलाइएको छ रे ! सम्भवतः हामी जस्तालाई हटाउन ल्याइएको अभियान हुनुपर्छ यो । यी र यस्तै कारण र प्रवृत्तिले पत्रकार महासंघप्रति मेरो चित्त दुखाइ छ ।



डा. दुर्गा पोखरेल

# बेपत्ता पारिएकी पहिलो पत्रकार

*त्यतिबेला राजाको सवारी धनकुटामा भएको थियो । त्यहाँ गएर आएँ र 'मानस' दैनिकमा 'राजा देखावटी विकास मान्दैनन्' भनेर साहित्यिक पाराले रिपोर्टिङ गरेँ । 'राजालाई लेख्ने भाषा यही हो ?' भनेर सञ्चार मन्त्रालयले मुद्दा हाल्यो । मन्त्रालयले नै मुद्दा हालेको म नेपालको पहिलो पत्रकार हुँ । मुद्दा त प्रकाशन गृहलाई हाल्नुपर्थ्यो होला तर मप्रति दुराग्रह राखेर यसो गरिएको थियो । सँगैका दुईजना राणा परिवारका साथीलाई त्यो मुद्दा लगाइएन । यो सबै प्रपञ्च सूर्यबहादुर थापाको रहेछ ।*

**मेरो जन्म** धनकुटा जिल्लाको कचिँडे गाउँमा भएको हो । मेरा बुबा कविराज नरपति पोखरेल र आमा प्रेमकुमारी । मेरा पिताजीलाई चन्द्रशमशेरले वनारस हिन्दु विश्वविद्यालयमा पढ्न पठाउनु भएको थियो । उहाँ नेपालको पहिलो आयुर्वेदाचार्य डाक्टर हो । आमाले पढ्ने अवसर पाउनु भएन ।

उतिबेला पानी लिन कुवामा जानु पर्थ्यो, धारा त देखेकै थिइनँ । उज्यालोका लागि लालटिन बाल्नुपर्थ्यो, कतिपटक दियालोसमेत बालेको सम्झना छ । हामी सातजना छोराछोरीमध्ये म सबैभन्दा कान्छी हुँ । छोरो हुन्छ कि भन्दै सातौं बच्चा पाएको भनेर बाले किताबमै लेख्नुभएको छ । त्यतिबेलाको समय नै त्यस्तै रहेछ । हामी ५ छोरी, २ दाजुभाइ ।

## शिक्षा

शिक्षाका बारेमा कुरा गर्दा मेरा पिताजीसँगको संवाद सम्झन्छु । म भन्थें, 'बा, म डाक्टर पढ्छु ।' पिताजी भन्नुहुन्थ्यो, 'तँ छोरो भएको भए पढाउँथें' । 'बा, म साइन्स पढ्छु' भन्दा पनि 'तँ छोरो भएको भए पढाउँथें' भन्नुहुन्थ्यो । यसो गर्दागर्दै मेरो बाल्यकाल बित्यो ।

म १३ वर्षकी भएपछि बिहे गरिदिन बाले केटा खोज्न थाल्नुभयो । ठूली दिदीले संस्कृत पढ्नुभएको हो । माहिली दिदी निरक्षर, साहिँली र काहिँली दिदीले ६/७ कक्षा पढ्नु भयो । मैले कचिँडेस्थित सरस्वती प्राइमरी स्कुलमा प्राथमिक तह पढेकी हुँ । धनकुटाको गोकुण्डेश्वर कन्या इङलिस हाईस्कुलबाट २०२१ सालमा एसएलसी गरेपछि बीएसम्मको पढाइ धनकुटा डिग्री कलेजमा गरेँ । धनकुटाको कलेज विराटनगरभन्दा पनि केही अघि २०१३ सालमा खुलेको हो । त्यतिबेला '१३ साल साउन धनकुटा टाउन' भन्ने गीत नै बनाइएको थियो । म आईए पढ्दा कलेजमा कालीप्रसाद रिजाल प्रिन्सिपल हुनुहुन्थ्यो ।

एमए पढ्न जाने भनेपछि बा असाध्यै रिसाउनुभयो, 'बिहे गर्नुपर्ने उमेर भइसक्यो, अब कता पढ्न जाने ?' उहाँले मलाई नपढाउने विचार गर्नुभएको रहेछ भन्ने बुझेपछि १६ वर्ष हुनेबित्तिकै कामको खोजीमा लागें । धनकुटामा मैले पढेको सरस्वती प्राइमरी स्कुलमा प्रिन्सिपलका लागि खुला प्रतिस्पर्धा आह्वान गरिएको थियो । म प्रतिस्पर्धामा सहभागी भएँ । एसएलसी पास गरेको मानिसले बीएमा पढ्ने केटालाई हराएर प्रिन्सिपल भएँ । यो गर्व गर्नलायक क्षण थियो किनभने बाआमासँग सल्लाह नै नगरी मैले जागिर खान थालेकी थिएँ ।

छोरा भएको भए यो पढाउँथें, यसो र त्यसो गर्थें भनेको सुनेर दिक्क लागिसकेको

थियो । धरानबाट आएका नेपाल स्वतन्त्र विद्यार्थी युनियनमा आवद्ध केटाहरूले धनकुटास्थित गोकण्डेश्वर इङलिस स्कुलमा युनियन गठन गरे । म त्यो युनियनको दोस्रो अध्यक्ष बनाइएँ । उनीहरूले राजाको शासनविरोधी आन्दोलनमा को-को लाग्नुहुन्छ भनेर सोध्दा मैले हात उठाएँ । मलाई उनीहरूले एउटा कोठामा लगेर दाहिने हातको चोरी औंलाको टुप्पोमा पिनले घोचेर अलिकति रगत निकालेर एउटा कागजमा सही गराए । यो कुरा बालाई पनि भन्नु हुँदैन भनेर सिकाए । आफूलाई पनि बालाई ठ्याक ख्वाउन पाइने भइयो भन्ने लाग्यो । त्यसैले १३ वर्षकै उमेरदेखि पञ्चायतविरोधी राजनीतिमा संलग्न हुन पुगें । ९ कक्षामा पढ्दादेखि नै राजनीतिमा हामफालिसकेकी रहेछु ।

धनकुटामा बीएसम्म पढिसकेपछि एमए पढ्न काठमाडौं जान्छु भन्दा बाले मान्नु भएन । जेठा दाजु रामप्रसाद त्यतिबेला बेलायतमा हुनुहुन्थ्यो । दिदीको छोरा मभन्दा जेठो थियो, ऊ रूसमा थियो । उसले बालाई छोरीलाई पढायो भने झन् राम्रो केटा पाउँछे भनेर चिठी लेखेर ताल लगाइदिएपछि 'ल हुन्छ त पढ्न जा' भन्नुभयो । एमएचाहिँ काठमाडौंको कीर्तिपुरमा रहेको त्रिभुवन विश्वविद्यालयको कान्ति ईश्वरी होस्टलमा बसेर पढेँ । पढ्दापढ्दै आन्दोलन गर्ने भइयो । एमए जाँचका बेलामा आन्दोलन भएको थियो । हामी होस्टेलमा बस्नेलाई आन्दोलन गर्ने भनेर निकालियो ।

## मेरो लेखाइको यात्रा

धनकुटाबाट काठमाडौं गएपछि सबैभन्दा पहिले रमेशनाथ पाण्डेको *नयाँ सन्देश* पत्रिकामा लेखकी हुँ । उत्तम कुँवरको *रूपरेखा*मा पनि लेख्न थालें । वासु शशीको *सञ्चय* भन्ने पत्रिका थियो, त्यसमा पनि लेखें । मैले आफू संलग्न विद्यार्थी आन्दोलनकै बारेमा पनि लेखें । त्यसबेला भएकै आन्दोलनले २०२७ सालमा नेपाल विद्यार्थी संघ स्थापना गर्‍यो ।

आन्दोलन गरेका कारण निकालिएपछि सरहरूसँग कुरा गरियो । केटीहरूलाई एकपटक परीक्षा दिन मिल्ने अवस्था सिर्जना गरिदिनुपर्‍यो भनेर अनुरोध गर्‍यौं । धनकुटाबाट हामी दुईजना केटी थियौं । हामीले प्राइभेटबाट परीक्षा दियौं । त्यो वर्ष खेर जान पाएन । हामी दुईजनाले मात्र परीक्षा दियौं, अरू सबै पछि परे । परीक्षा दिनुअघि नै धनकुटाबाट एमए गरेको भनेर त्यहींको क्याम्पसमा पढाउन बोलाइहाले । परीक्षाको नतिजा आएपछि निर्णय गर्ने भन्दै क्याम्पसमा पढाउन दिए । एमए पढेपछि धनकुटामै गएर धनकुटा क्याम्पसमा पढाउन थालेकी हुँ । हामीले २०२८ सालदेखि पढाउन थालेका हौं । दुर्भाग्यवश, २०३० सालदेखि उच्च

शिक्षामा पनि नयाँ शिक्षा नीति लागू भयो । अर्थात्, शिक्षामा पञ्चायतीकरण भयो । यहींबाट शिक्षामा राजनीति घुसेको हो । त्यतिबेलासम्म स्थानीयको रेखदेखमा चलिरहेको कलेज सञ्चालक समितिले चलाउँथ्यो । नयाँ शिक्षा लागू भएपछि सीडीओ हर्ताकर्ता हुन थाले । नयाँ शिक्षाका नाममा राजनीतीकरण शुरू गरियो । यसपछि मलाई धनकुटामा राख्ने कुरै भएन, काठमाडौंको पद्‌मकन्या कलेजमा सरूवा गरियो ।

त्यसबेला केही लेखेर छाप्नका लागि धनकुटाबाट काठमाडौं पठाउनुपर्‍यो भने एक महिना लाग्थ्यो । जे भए पनि मैले लेख्न छाडिनँ । मलाई पत्रपत्रिका पढ्न साह्रै मजा लाग्थ्यो । धनकुटामा एउटा इन्डियन लाइब्रेरी खुल्यो । *नवभारत टाइम्स*लगायतका पत्रपत्रिका आउँथे, म पढ्थें । मैले भारतीय पत्रिकाहरूमा पनि लेखेकी छु । *भारत समाचार* पत्रिकामा आर्टिकल लेखैं । दिल्लीबाट छापिने *मानुषी* पत्रिकामा पनि लेखें । यो अंग्रेजी र हिन्दी दुवै भाषामा निस्कन्थ्यो ।

त्यतिबेला राष्ट्रिय विकास सेवा भनेर एमएका विद्यार्थीलाई तालिम दिएर एक वर्षका लागि गाउँ-गाउँमा पठाइन्थ्यो । उनीहरूले गाउँको अध्ययन गरेर भिलेज प्रोफाइल लेख्नुपर्थ्यो । त्यसैका आधारमा उनीहरूको मूल्यांकन हुन्थ्यो । त्यो राष्ट्रिय विकास सेवामा महिला प्रोफेसर कोही गएनन् भन्न थाले । काठमाडौंका कोही पनि गाउँमा नजाने तर म जहाँ जान पनि तयार हुन्थें । मलाई सुपरभाइजर बनाएर पठाइयो, म गाउँ-गाउँ गएँ । जुम्लाबाहेक अन्यत्र गएँ । फर्किएर आउँदा केही न केही लिएर आउँथें र लेख्थें । मैले लेखेका सामग्री *गोरखापत्र*मा छापिन्थे ।

यसरी मेरो दिनचर्या चलिरहेको थियो । २०३२ सालमा मलाई प्राध्यापनबाट निष्कासन गरियो । यसबेला महिलामध्ये म र सहाना प्रधानलाई निष्कासन गरिएको थियो । १५ जना पुरूष प्राध्यापकलाई निष्कासन गरिएको थियो । म बेकामे भएँ । अब के गर्ने भन्ने अवस्था आयो । त्यसपछि नयाँ सडकस्थित पीपल बोटमुनि बसेर एक महिना बुट पालिस गरें । पछि दार्जिलिङबाट जुत्ता ल्याएर पनि बिक्री गर्न थालें ।

त्यतिबेला सुशीला थापा स्वास्थ्यमन्त्री हुनुहुन्थ्यो । उहाँले *गोरखापत्र*मा काम गरिरहनुभएका गोकुल पोखरेल दाइलाई खोइ के हो 'लेखिदेऊ' भन्नुभएछ । उहाँले म के लेख्छु, मेरी बहिनी दुर्गा पो लेख्छे भनिदिनुभएछ । यो थाहा पाएपछि मन्त्री थापाले मलाई लिन पठाउनुभयो । म उहाँको पुतलीसडकस्थित निवासमा गएँ । मलाई उहाँले सोध्नुभयो, 'ए दुर्गा ! तिमीलाई म १५०० रूपैयाँ दिन्छु, एउटा सामग्री श्री ५ ऐश्वर्यका बारेमा लेख्न सक्छ्यौ ?' मैले 'किन नसक्नु,

लेखिदिन्छु' भनें । त्यो लेखेर दिएपछि त्यसबेला मैले १५०० रूपैयाँ पारिश्रमिक पाएँ । २०३२/३३ सालमा त्यति पैसा पाउँदा अचम्म लाग्यो । यसपछि २/३ जना राणा (महिला) सँग सम्पर्क भयो । उहाँहरूको घोस्ट राइटिङ गर्न थालें, किताबै पनि लेखिदिएँ ।

एक दिन मलाई लाग्यो, 'अर्काका नाममा लेखेर समय किन बर्बाद गर्ने ? आफैं केही गर्नुपर्‍यो ।' त्यसपछि २०३३ सालको कुनै दिन सूचना विभागमा गएँ, कालीप्रसाद रिजाल डाइरेक्टर हुनुहुँदो रहेछ । उहाँसँग पहिल्यै चिनजान थियो । उत्तम नेपाली त्यहाँको आर्टिस्ट र योगेश उपाध्याय शाखा प्रमुख हुनुहुन्थ्यो । त्यहाँ गएपछि थाहा पाएँ- पत्रिका दर्ता गर्न त पञ्चायतले पुलिस रेकर्ड चाहिने प्रबन्ध गरेको रहेछ । मेरो पुलिस रेकर्ड राम्रो थिएन । २/३ पटक पटकेमा परिसकेकी थिएँ, यो नेपाली कांग्रेसको मानिस भनेर सबैले चिनिसकेका थिए । युनिभर्सिटीले नै फालिसकेको मान्छे थिएँ । मैले पत्रिका दर्ता गर्न नपाउने भएँ ।

अब के गर्ने ? त्यसबेला योगेशले मलाई सल्लाह दिए, 'हेर, तिमी कम्मेमोरोटिभ भनेर लेख ।' मैले सोधें– त्यो भनेको के हो ? त्यो भनेको राजा र रानीको जन्मदिनमा लेख्ने र छाप्ने विशेषांक रहेछ । उनको सल्लाहअनुसार राजाको जन्मदिनमा 'वीरेन्द्र र विकास' छापें । रानीको जन्मदिनमा 'ऐश्वर्य' छापें । ती पत्रिका प्रकाशन गरेपछि राजारानीलाई दिन भनेर पोखरा गएँ ।

त्यतिबेला राजाको सवारी पोखरामा भएको थियो । त्यही बेला राजाको जन्मोत्सव परेको रहेछ । *राष्ट्रिय समाचार समिति*का प्रतिनिधिका रूपमा जन शर्मा त्यहाँ खटिनुभएको रहेछ । उहाँलाई यस्तो-यस्तो गर्न आएकी भनें । उहाँले 'म यो समाचारमा हालिदिन्छु है' भन्नुभयो । दुर्गा पोखरेलले राजारानीलाई पत्रिका दिएको समाचार मुख्य समाचारका रूपमा प्रवाह गरिदिनुभयो । यो *गोरखापत्र* र *रेडियो नेपाल*को मुख्य समाचारका रूपमा आयो । मैले छापेको त्यो सामग्रीमा राखेका सबै विज्ञापनको पैसा सजिलै उठ्यो । धेरै मानिसले थाहा पाए ।

त्यसपछि म काठमाडौं फर्किएँ । तैपनि के गर्ने भन्ने टुंगो लागिसकेको थिएन । पछि योगेशले नै अहिले मासिक पत्रिका दर्ता गर्न थालेको छ भने । यसो गर्दागर्दै २०३६ सालमा जनमत संग्रह घोषणा भयो । पत्रपत्रिका सम्बन्धमा पञ्चायत केही उदार भयो । मैले पत्रिका दर्ता गर्ने प्रयत्न गरें, मासिक पत्रिका दर्ता गर्न दिइयो, समाचारमूलक पत्रिका दर्ता गर्न दिइएन । साहित्यिक पत्रिका मात्र दर्ता गर्न दिइयो । मैले *मानस* भन्ने मासिक पत्रिका दर्ता गरें ।

त्यतिबेला म एउटा प्रेस खोजेर हिँडिरहेकी थिएँ । राजारानीलाई पत्रिका चढाएको भनेर त्यतिबेलाको सानो काठमाडौंमा हल्ला भइसकेको थियो । श्रीश शमशेर राणा पनि त्यही प्रेस खरिद गर्न भनेर हेर्न आएका रहेछन् । उनले मलाई देख्नेबित्तिकै भने, "तिमी पनि अब लाइनमा आइछौ । अब मिलेर पत्रिका चलाऔं । उपेन्द्र शमशेर र म भएर गरिरहेका छौं । तिमी पनि आऊ ।" मैले 'हुन्छ' भनें । बिक्रीमा त्यही एउटा लेटर प्रेस रहेछ । म र उनीहरू दुईजना त्यही प्रेस किन्न गएका बेला हाम्रो भेट भएको थियो । हामी तीनैजनाले एउटै प्रेस चलाऔं भन्ने सल्लाह भयो । उनीहरूलाई पत्रिका दर्ता गर्न भने दिइएन ।

उपेन्द्र शमशेर रानीका काका, श्रीश शमशेर दामोदर शमशेरका भतिजा । उनीहरूले समेत पत्रिका दर्ता गर्न पाएनन् । त्यही बेला प्रेमकुमारी पन्तले भने ३/४ वटा पत्रिका दर्ता गरेर राखेको थाहा पायौं । *नेसनल स्टार* भन्ने पाक्षिक पत्रिका उनीहरूले किने । अब हामीसँग *मानस* र *नेसनल स्टार* भन्ने दुई पत्रिका भए । पाक्षिकलाई समाचार प्रकाशन गर्ने छुट थियो ।

## राजालाई लेखेको भाषाले मुद्दा

*मानस*लाई हामीले दैनिक बनायौं र *नेसनल स्टार*लाई साप्ताहिक बनायौं । हामीले लाजिम्पाटमा एउटा कार्यालय खडा गर्‍यौं । तल्लो भवनमा टोयोटाको शो रूम थियो, हामी माथ्लो भवनमा थियौं । हामीले एउटा नेपाली र अर्को अंग्रेजी टाइप गर्न दुईवटा टाइप राइटर राखेका थियौं । धेरैजसो हामी हातैले लेख्थ्यौं । अब त्यहाँ लेख्न सक्ने साथीहरू आउन थाल्नुभयो ।

त्यही क्रममा रामकृष्ण रेग्मी आउनुभयो । उहाँले अर्थ लेखिदिने हुनुभयो । पी. खरेल आएर खेलकुद लेखिदिन थाल्नुभयो । रत्नसंसार श्रेष्ठ आएर कानूनका बारेमा लेखिदिन थाल्नुभयो । यसो गर्दागर्दै राम्रो समूह तयार भयो । पहिलो वर्ष आफ्नै लगानीले जसोतसो चलायौं । दोस्रो वर्षदेखि राम्रो हुन थाल्यो । मानिसले कार्यालयमै आएर विज्ञापन दिन थाले । विभिन्न ठाउँबाट समाचार आउन थाल्यो । मैले सिंगै मुलुक नेपाल घुम्ने मौका पाएँ । मलाई एक्लै हिँड्न केही अप्ठ्यारो लाग्दैनथ्यो । गाउँ जान रमाइलो मान्थें । विभिन्न ठाउँमा भएका बुक स्टलमा हाम्रो पत्रिका पुर्‍याउने ध्येयले पूर्वाञ्चलतिर श्रीश शमशेर र म सँगै गएका थियौं ।

त्यतिबेला टेलिफोन डाइरेक्टरी छाप्ने गरिन्थ्यो । त्यो प्रकाशन गर्न भनेर एउटा सूचना निस्कियो । यसका लागि बढाबढ गर्नुपर्ने भयो । हामी पनि सहभागी

भयौं । त्यहाँ सफ्ट कर्नरचाहिँ के थियो भने त्यसको डाइरेक्टर रमेश नेपाली हुनुहुन्थ्यो, उहाँ बीपी कोइरालाको साढुभाइ हुनुहुँदो रहेछ । मप्रति उहाँको सद्भाव रह्यो र काम दिनुभयो । त्यसबाट भएको नाफाले हामीलाई राम्रोसँग उभिन सक्ने बनाइदियो ।

त्यही बेला हामीले 'रेफरेन्डम डेज' भनेर अन्तर्वार्ता छाप्न थाल्यौं । नेपालमा पत्रिकामा अन्तर्वार्ता छापिएको यो नै पहिलो हो । पछिल्ला दिनहरूमा पनि अन्तर्वार्ता छापिरह्यौं । पछि तिनै अन्तर्वार्ता संग्रह गरेर किताब प्रकाशन गऱ्यौं । नेपाली र अंग्रेजी दुवै भाषामा अन्तर्वार्ता छापेका थियौं । *मानस*मा पहिलो अन्तर्वार्ता विश्वेश्वरप्रसाद कोइरालासँग गरिएको थियो ।

अंग्रेजीतर्फ *नेसनल स्टार*मा पहिलो अन्तर्वार्ता मनमोहन अधिकारीको छापेका थियौं । यो १३ जुन १९७९ को कुरा हो । दोस्रो ऋषिकेष शाहको २० जुन १९७९ मा प्रकाशन गरिएको थियो र तेस्रो शशी शमशेरको २७ जुन १९७९ मा लिइएको हो । मैले कलकत्ता पुगेर उहाँको अन्तर्वार्ता ल्याएकी थिएँ । चौथो, जुलाई १८ मा विश्वेश्वरप्रसाद कोइरालाको (अंग्रेजीमा पनि) अन्तर्वार्ता लिइएको थियो ।

*मानस*लाई दैनिक बनाएपछि एउटा समाचार लेखें । धनकुटा गएर आएपछि 'राजा देखावटी विकास मान्दैनन्' भनेर साहित्यिक पाराले रिपोर्टिङ गरेकी थिएँ । त्यतिबेला राजाको सवारी धनकुटामा भएको थियो । श्रीश र म गएका थियौं । उहाँले पनि केही लेख्नुभएको थियो । मलाई राजालाई लेख्ने भाषा यही हो भनेर सञ्चार मन्त्रालयले मुद्दा हाल्यो । म नेपालको पहिलो पत्रकार हुँ, जसलाई मन्त्रालयले मुद्दा हालेको थियो । मुद्दा त प्रकाशन गृहलाई पो हाल्नुपर्थ्यो होला तर मप्रति दुराग्रह राखेर त्यसो गरियो । सँगैका दुईजना राणा परिवारका साथीलाई त्यो मुद्दा लगाइएन । यो सबै प्रपञ्च सूर्यबहादुर थापाको रहेछ ।

*मानस* दैनिकमा हामीले रिपोर्टिङ गरेका थियौं । त्यतिबेला धनकुटाको राजनीतिक गतिहीनता शीर्षकमा श्रीश शमशेरले तयार गरेको एउटा समाचार छापियो । त्यो समाचारमा 'पार्टिसन प्यालेस मुभ टु धनकुटा' भन्ने अंग्रेजी शब्दको रूपान्तरण गर्दा 'साम्प्रदायिक दरबार धनकुटा सऱ्यो' भन्ने वाक्य लेखेका रहेछन् । श्रीशको अंग्रेजी राम्रो थियो तर नेपाली केही कमजोर । मैले पनि सम्पादन गर्न पाएको थिइनँ । श्रीशले आफैं कम्पोज गरेको दिन परेछ, छापियो । पहिलोचाहिँ 'दरबार मान्दैन' र यो 'साम्प्रदायिक दरबार धनकुटा सऱ्यो' वाक्यका कारण सञ्चार मन्त्रालयले मलाई मुद्दा हालेको थियो ।

हामी प्रामाणिक कुरालाई समाचारका रूपमा प्रकाशन गर्थ्यौं तर प्रामाणिक नभएका, सुनेका तर सत्य कुरालाई 'कानेखुसी' स्तम्भमा प्रकाशन गर्न थाल्यौं । यसले पनि चर्चा पायो ।

## दीपेन्द्र अपहरणको आरोप

२०३८ सालको अन्तिममा सूर्यबहादुर थापाले गम्भीर आरोप लगाएर मलाई जेल हालिदिए । ममाथि दीपेन्द्र अपहरण गर्न लागेको आरोप लगाइएको थियो । प्रधानमन्त्री थापा अनेक चालबाजी गर्न साह्रै माहिर हुनुहुन्थ्यो । उहाँ पत्रकारलाई र राजालाई समेत धम्क्याउन पछि पर्नु हुन्नथ्यो । आफू शासन सत्तामा टिकिरहनका लागि कसलाई कसरी राख्ने भन्ने कुरा उहाँ गुनिरहनु हुन्थ्यो ।

मलाई १८ दिनसम्म पुलिस क्लबमा राखियो । मेरो गार्डका रूपमा तत्कालीन असई माधव थापालाई विशेष निगरानी राख्न खटाइएको थियो । अरू दुई जना महिला प्रहरी पनि थिए । त्यही बेला केही पुलिसले मलाई भाग भनेर सिकाए । कुनै पुलिस आएर भाग्यौ भने तिमीलाई मार्छन् पनि भन्थे । सम्भवतः महिला नभएको भए त्यही बेला मलाई मार्ने रहेछन् । त्यतिबेला केही मानिस 'दीपेन्द्रलाई अपहरण गर्ने मान्छे' भन्दै मलाई हेर्न पनि आउँथे ।

पुलिसका केही अफिसरले मलाई 'म बहुलाएर अपहरण गर्ने भनेकी थिएँ भन, होइन भने म संलग्न थिएँ भन' भनेर दबाब दिइरहे । म भन्थें, "यो सोह्रैआना झुट हो, जे गर्नुहुन्छ गर्नुस्, म यस्तो भन्दिनँ ।" त्यसपछि चार महिनासम्म कहाँ लगे, पत्तो पाइनँ । पछि थाहा भयो, मलाई महाकाली पुऱ्याइएको रहेछ । त्यसरी म नेपालको पहिलो बेपत्ता पारिएकी पत्रकार हुन पुगेँ ।

मलाई अपहरण गर्ने मानिसको कथा मैले पहिल्यै श्रीश र उपेन्द्र शमशेरलाई भनिसकेकी थिएँ । यी मानिस मेरा घरमा पनि आइरहेका छन्, कसलाई के सूचना दिनुपर्ने हो, यसबाट छुटकारा पाउने उपाय खोज्नुपऱ्यो भनेकी थिएँ । तीमध्ये दुईजनालाई भारतमा गिरिजाबाबु बसेका ठाउँमा देखेकी थिएँ । अरू दुईजनालाई म चिन्दिनँ भनेकी थिएँ ।

त्यसबेला पत्रिका चलाउन श्रीश र उपेन्द्र शमशेरलाई साह्रै कठिन भएछ । यसपछि श्रीशले राजाका कान्छा भाइ धीरेन्द्रसँग कुरा गर्ने अवसर पाउनुभएछ । दुर्गाका बारेमा यसो-यसो भएको हो, प्रेसमै आएर ती मानिसले दुर्गालाई तर्साइरहेका छन् भनिदिनुभएछ । उनीमार्फत राजाकहाँ कुरा पुगेछ । त्यतिबेला अञ्चलाधीश सुन्दरप्रसाद शाह थिए । उनी दुर्गालाई कहीं लगेर एक गोली खुवाई दिनुपर्छ

भन्थे रे ! पछि राजाबाट केही संकेत आएछ क्यार, उनले मलाई बोलाएर 'म छाडिदिन्छु, राजाले दर्शन भेट बक्सने भएको छ धनकुटा जानू' भने । त्यसबेला राजाको सवारी धनकुटा भएको रहेछ ।

मलाई १८ दिन पुलिस क्लब, चार महिना महेन्द्रनगर कारागार र करिब आठ महिना केन्द्रीय कारागारको महिला सेलमा राखिएको थियो । त्यो जेलमा म पहिल्यै एक वर्ष १० महिना बसिसकेकी थिएँ । मीना खड्का (६ महिना), शशी श्रेष्ठ (एक महिना) र म (एक वर्ष १० महिना) त्यही जेलमा सँगै बसेका थियौ । त्यतिबेला एक वर्ष राखेर छाडिदिए । महेन्द्रनगर लैजाँदा मलाई धनगढी हुँदै प्लेनबाट लगिएको थियो । काठमाडौं ल्याउँदा सैनिकको हेलिकोप्टरबाट ल्याइएको थियो । हेलिकोप्टर ल्यान्ड गरेजस्तो गर्ने त्यसपछि स्वाट्ट माथि लैजाने गर्थे । त्यतिबेला मानसिक तनाव दिइएको थियो ।

काठमाडौं ल्याइपुऱ्याएपछि अदालतमा उपस्थित गराए । ऋषिकेश शाह त्यतिबेला एम्नेस्टी इन्टरनेसनलका अध्यक्ष हुनुहुन्थ्यो । उहाँले रिपोर्टिङ गरेका कारण अमेरिकाको क्यालिफोर्निया च्याप्टरले मलाई आस्थाको बन्दी भनेर घोषणा गरेको रहेछ । त्यसबेला गणेशराज शर्मा, कृष्णप्रसाद पन्त, कुसुम श्रेष्ठ, नुतन थपलियालगायतका वकिलले बन्दी प्रत्यक्षीकरणको रिट हाल्नुभएको रहेछ । बाध्य भएर उनीहरूले अदालतमा हाजिर गरेकाले मुद्दा डिसमिस भयो तर मलाई जेलमै लगेर राखियो । करिब एक वर्ष केन्द्रीय कारागारमा राखे । छुटेपछि फेरि पत्रिका राम्रोसँग चलाउन थाल्यौं । त्यसबेला टेलिफोन गरेर हैरान गर्न थाले । सूर्यबहादुर थापाका भाइ हरेन्द्रबहादुर नै फोन गर्थे । मलाई कसैले डेरा दिँदैनथे । अनेक जालझेल गरेर मलाई जीवनयापन गर्नै कठिन बनाए ।

जीवनको उत्तरार्द्धमा दीपेन्द्रका बारेमा एउटा पुस्तक लेख्ने विचार आएको छ । लेखक तथा पत्रकारका नाताले पनि उनका बारेमा एउटा पुस्तक लेख्नुपर्छ भन्ने लागेको छ र त्यही विषयमा लेखिरहेकी छु । दीपेन्द्र वासिङ्गटन डीसी आएका बेलामा मैले भेटेकी छु । त्यतिबेला मैले लेखेको 'स्याडो ओभर साङ्ग्रिला' भन्ने किताब भर्खरै अमेरिकाको डिसीबाट प्रकाशन भएको थियो । त्यतिबेला मैले उनलाई आफ्नै किताब दिएँ । कुरा गर्दा 'मैले तिमीलाई किडन्याप गर्न खोजेको होइन, दरबारभित्रै तिमीलाई किडन्याप गर्न र मार्न खोज्ने मानिस छन्' भनैँ । उनले 'ओ, डु यु वान्ट टु किडन्याप मी नाउ ?' भनेर ठट्टा पनि गरे उनले । मैले यो जोक होइन सरकार, त्यहाँ दुस्मनहरू छन् भनें । यो सन् १९९६ को कुरा हो । पछि २००१ मा तउनलाई मारेरै छाडे ।

## पासपोर्ट चट्, अमेरिकी 'जादु'

सन् १९७८ मा मानवअधिकारको क्षेत्रीय सम्मेलनमा भाग लिन म हङकङ गएका बेला *साउथ चाइना मोर्निङ पोस्ट्*लाई एउटा अन्तर्वार्ता दिएकी थिएँ । त्यसमा मैले सिस्टम बदल्ने हो भनेकी रहेछु । त्यो अन्तर्वार्ता पहिलो पृष्ठमा छापिएको थियो । 'ए, तँ सिस्टम बदल्ने !' भनेर मेरो पासपोर्ट नेपालको विमानस्थलमा आएपछि खोसियो । अनुकूल समय आएछ भने कसले गऱ्यो भनेर त्यो पनि भन्ने छु ।

केही वर्षपछि सन् १९८३ मा अमेरिका जाने अवसर पाएँ । यसको आफ्नै रोचक कहानी छ, जसले मेरो जीवनको बाटो नै कताबाट कता पुऱ्यायो । नेपालमा दुईजना अमेरिकी नागरिक (पति-पत्नी) घुम्न आएका थिए । उनीहरू सुँगुर फार्मिङ गर्दा रहेछन् । केही कामले हाम्रो प्रेसमा आएका बेला एक दिन मैले उनीहरूलाई गुन्द्रुक-भात अफर गरें । त्यो समयमा उनीहरू काम सकेर नेपालबाट अमेरिका गए । अमेरिका पुगेपछि उनीहरूले नै मलाई टिकट पठाइदिएका थिए तर मसँग पासपोर्ट नै थिएन ।

लाजिम्पाटस्थित पत्रिकाको कार्यालयनजिकै अमेरिकी दूतावास थियो । मैले राजदूतसँग प्रत्यक्ष भेटेकी थिइनँ तर उनीहरूले हाम्रो *नेसनल स्टार*को कार्यालय देखेका थिए । मैले राजदूतसँग भेटेँ र मेरो पासपोर्ट नभएको कुरा बताएँ । उनले म केही जादु गर्छु भने । पछि उनले कोसँग कुरा गरेछन्, दुई दिनपछि पत्रिकाको कार्यालयमा भएको टेलिफोनमार्फत प्रधानमन्त्रीको कार्यालयमा आउनू भनेर कसैले फोन गऱ्यो । मैले प्रधानमन्त्रीको कार्यालयमा आउँदिनँ भनें । केही गर्लान् कि भन्ने डरले त्यसो भनेकी थिएँ तर काम छ आउनू भनेकाले गएँ । त्यहाँ पुगेपछि नचिनेको मानिसले मलाई एउटा खाम दियो । म त्यो खाम बोकेर तल झरें । हेर्दा त मेरो पासपोर्ट त्यो पनि अमेरिकाको भिसा लागेको पो रहेछ ।

प्रेसमा पुगेपछि टेलिफोनमा कसैले भन्यो– २४ घन्टाभित्र हिँड्नु, नभए म जिम्मेवार हुने छैन । भोलिपल्ट डा. रामप्रसाद पोखरेल दाइलाई फोन गरेर मलाई एयरपोर्ट पुऱ्याइदिनुस् भनें । उहाँसँग जाँदा म पक्राउ पर्ने सम्भावना कम हुन्थ्यो । उहाँले मलाई एयरपोर्ट पुऱ्याइदिनुभयो । म एयर इण्डियामार्फत दिल्ली गएँ । त्यहाँबाट न्युयोर्क जाने प्लेनमा बसेपछि मात्र अब जान पाउने भएँ भन्ने लाग्यो । ती अमेरिकी नागरिक मिनेसोटाका वासिन्दा रहेछन् । म न्युयोर्कबाट अर्को प्लेनमार्फत मिनिसोटा पुगेँ ।

## बलपूर्वक हार्वर्ड भर्ना

म प्राथमिक विद्यालयदेखि विश्वविद्यालयसम्म पढाएकी मानिस हुँ तर जहाँ गयो त्यहीँबाट मलाई विस्थापित गरिन्थ्यो । सबैतिरबाट खोसुवामा परेपछि केही नलागेर अमेरिका आएँ । यहाँ आएपछि हार्वर्ड विश्वविद्यालयमा पढ्छु भन्ने लाग्यो । चिनेजानेका मानिससँग कुरा गर्दा सबैजना हाँस्थे । 'डिसेम्बरमा अप्लाई गर्नुपर्ने जुनमा कसरी पाउन सकिन्छ ?' भने । टोफेल यति चाहिन्छ, त्यो चाहिन्छ, तिमीलाई दिँदैन भने । चिने-जानेकाले नै निरूत्साहित गरे । जे होस्, एकपटक विश्वविद्यालय पुग्छु भनेर खोज्दै गएँ । त्यहाँको इन्टरनेसनल अफिसमा गएँ । उनीहरूसँग कुरा गरें । मेरो कुरा सुनेर छक्क परे ।

विश्वविद्यालयमा 'यु नेभर नो' भन्ने थेगो भएकी प्रोफेसर डा. नान्सी पायल थिइन् । उनले मेरा कुरा सुनिसकेपछि "केमा गर्ने ? पत्रकारितामा कि अरू नै कुनै विषयमा ?" भनेर सोधिन् । त्यहाँ अर्का प्रोफेसर डोनाल्ड नोर्विकसँग पनि भेट भयो । उनले सुझाए, "तिम्रा सबै कुरा सुन्यौं । तिमी पहिला पब्लिक एडमिनिस्ट्रेसनमा मास्टर गर, त्यसपछि पोलिटिक्स अफ एजुकेसनमा गर ।" म उनको सुझावअनुसार भर्ना भएँ । त्यति ढिलो भएर पनि मलाई भर्ना दिइयो । उनीहरूले मलाई जे-जे जाँच दिनुपर्छ भन्थे, त्यही-त्यही दिन्थें । धनकुटामा पढेकाले म आफूलाई केही जान्दिनँ भन्ठान्थें तर आखिर पढाइ राम्रै रहेछ, सबै परीक्षा पास गरें । पीएचडीमा १० जनाको नाम निकालेको थियो । त्यसमा मेरो नाम पनि समावेश गरिएको रहेछ । पढ्न भनेपछि म साह्रै सक्रिय हुन्थें । ८१ वर्षको भएपछि पनि आइटी पढ्न जान्छु जस्तो लाग्छ । त्यहाँ पनि मैले बोस्टन ग्लोबमा लेखें ।

सन् १९८३ डिसेम्बरमा राजाको सवारी अमेरिकामा भयो । राजाको सवारी हार्वर्डमा पनि हुने भयो । राजा पढेको विश्वविद्यालय भनेर म पनि त्यहाँ पढ्न गएकी थिएँ । राजा विश्वविद्यालयमा सवारी भएकै दिन मैले *बोस्टन ग्लोब*मा नेपालको शान्ति क्षेत्रको प्रस्तावलाई नेपाली कांग्रेसले यो-यो शर्तमा स्वीकार गर्छ भनेर एउटा आलेख लेखेकी थिएँ । त्यति मात्र नभएर 'देयर मेजस्टि'ज भिजिट टु क्याम्ब्रिज' भनेर एउटा बुकलेट पनि निकालेकी थिएँ । वास्तवमा भन्ने हो भने पत्रकारिता मेरो नसानसामा रहेछ । त्यो पत्रिका अझै पनि मसँग छँदै छ । हार्वर्डका प्रेसिडेन्ट पनि छक्क परे । तिमीले भनेकी भए बुकलेट छाप्न म फाइनान्स गरिदिन्थें भने । मैले उनीसँग म कत्तिको लेख्न सक्ने रहेछु वा कत्तिको पत्रकार हुँ भनेर परीक्षण गरेको भनेर ठट्टा गरें ।

म पढ्न थालेपछि उपेन्द्र शमशेर 'हम्फ्रे फेलोसिप' पाएर पढ्न त्यहीं आउनुभयो । त्यो प्राज्ञिक पाठ्यक्रम थिएन । श्रीश र उपेन्द्र पत्रकारिता भनेपछि हुरूक्क

हुने खालका थिए । भित्रैदेखि काममा सक्रिय हुन्थे । हामी कोही यता कोही उता भयौं । लाखापाखा लाग्न पुग्यौं । उपेन्द्र शमशेरले म पनि हार्वर्डमा पढ्ने भन्नुभयो । उहाँले पनि एप्लिकेसन हाल्नुभयो । उहाँलाई पनि पढ्न दिने भयो । उहाँ मास्टर गरेर फर्किनुभयो । मचाहिँ पीएचडी नसकी नफर्कने भएँ ।

वास्तवमा पत्रकारिता र अध्यापन सँगसँगै लगेकी थिएँ मैले । नेपालमै मास्टर गरिसकेकी थिएँ । हार्वर्डमा पढेर ३/४ वटा डिग्री लिएकी छु । नेपालबाट बीएल पनि गरेकी छु । पत्रकारितामा केही कोर्स गरेकी छु, तर कुनै डिग्री भने लिएकी छैन ।

म धनकुटाको बाहुनी चरी । बाहुन हुनु प्रिभिलेज होला तर बाहुनी हुनु प्रिभिलेज होइन । म अरूलाई हत्तपत्त नटेर्ने भएकाले जे पनि गर्न सक्ने अवस्थामा आइपुगेकी हुँ । काठमाडौंमा हामी त अंग्रेजी स्कुलमा पढेको भन्थे अरू । म त हार्वर्ड जस्तो ठाउँमा खुला प्रतिस्पर्धा गरेर पढेकी हुँ । गाउँबाट आएको मजस्तो सामान्य मानिसका लागि गर्व गर्ने विषय र मेरा लागि एउटा ठूलो उपलब्धि पनि हो ।

## पत्रकारिताको त्यो अनुभव

म अमेरिकातिर लागेपछि पत्रिका चलाउन अझै कठिन भएछ । यसै पनि त्यो बेलामा पत्रिका चलाउनु साह्रै कठिन काम थियो । उपेन्द्र र श्रीश दुवैजना राणा परिवारका मानिस । 'मार्केटिङमा हामीलाई नपठाऊ, राणाकै रूपमा रहन देऊ' भन्नुहुन्थ्यो । म त पहिल्यै बुट पालिस गरिसकेको, जुत्ता बेच्नेसम्मको काम गरिसकेको हुँदा जहाँ जान पनि केही अप्ठ्यारो लाग्दैनथ्यो । म गएको ठाउँमा खुसी भएर विज्ञापन दिन्थे । म एउटी महिला भनेर पनि हुन सक्छ, सबैजना सहानुभूति राख्थे । विश्वविद्यालयले निकालेको भनेर सहानुभूति राख्ने पनि थिए ।

उपेन्द्र शमशेर नेपाल फर्किएपछि श्रीश र उहाँले मिलेर प्रेस बिक्री गर्नुभएछ । त्यसपछि उपेन्द्र शमशेर हेटौंडा कपडा उद्योगको जीएम भएर जानु भएछ । श्रीश शमशेर गोरखापत्र संस्थानमा जानु भएछ । उहाँले पनि पत्रकारिता छाड्नु भएन । मैले यहाँ बसेर पनि लेखिरहें ।

अहिलेको पत्रकारिता हेर्दा धेरै सजिलो छ भन्ने लाग्छ । हामीले पत्रकारिता गर्दा हरेक दृष्टिबाट कठिन थियो । एउटा-एउटा अक्षर कम्पोज गर्नुपर्थ्यो । कम्पोजिटर आएन भने आफैं कम्पोज गर्न बस्नुपर्थ्यो । म त अझै ती अक्षर मिलाउन सक्छु ।

पत्रिका चलाएको एक/डेढ वर्षपछि हामी हाइडलबर्ग प्रेस किन्ने भनिरहेका थियौं । त्यो अटोमेटिक प्रेस थियो । यी सबै कुरामा सूर्यबहादुर थापाले पानी खन्याइदिए । पत्रकारितालाई निरन्तरता दिइरहेको भए *मानस*को अवस्था कस्तो हुन्थ्यो होला भनेर कहिलेकाहीं सोच्छु । २०३२/०३३ सालमा जुन गुणस्तरमा पत्रिका निस्किएको थियो, त्यो साह्रै राम्रो थियो । त्यतिबेलाका राजनीतिक खेलाडीले टिक्नै दिएनन् ।

हुँदाहुँदै २०४६ सालको जनआन्दोलन भयो । एक दिन मैले कृष्णप्रसाद भट्टराईलाई फोन गरें । उहाँले मलाई 'तपाईंको साथी श्रीश शमशेरलाई राजीनामा नदिनू भन्नु है' भन्नुभयो । त्यतिबेला फोन अहिलेजस्तो सहज नभएका कारण भन्न पाएकै थिइनँ । श्रीशले त हत्त न पत्त बहुदल आयो भनेर राजीनामा दिनुभएछ ।

हाम्रा पालामा सिर्जनशीलता देखाउन सकिएन भने केही काम हुँदैनथ्यो । पत्रकार भइसकेपछि अरूले गरिदेला भन्ने सोच्नु हुँदैन भन्ने लाग्थ्यो, जे गर्न पनि तयार हुनुपर्थ्यो । मानौं न, कम्पोजिटर आएन भने आफैं धसिनु पर्थ्यो ।

हाम्रो ठूलो क्लाइन्ट भनेको गजानन्द वैद्यको टोयोटा थियो । जे छाप्नुपरे पनि 'ल न बैनी, यो छाप्नुपर्‍यो' भन्दै आउनुहुन्थ्यो उहाँ । हाम्रो समूहका तीनैजना कम्पोज गर्न पनि तयार हुन्थ्यौं । उहाँहरू राणा सा'ब भएकाले 'विज्ञापन उठाउनचाहिँ हामी जाँदैनौं, तिमी नै जाऊ न है ?' भन्नु हुन्थ्यो । त्यसबाहेक उहाँहरू पनि जे गर्न पनि तयार हुनुहुन्थ्यो ।

जहाँ पनि गएपछि जनसम्पर्क मेरो सबैसँग हुन्थ्यो । सांस्कृतिक संस्थानमा नारायण गोपाल हुनुहुन्थ्यो । 'ए ल बैनी आएछ, एउटा विज्ञापन छाप' भन्नुहुन्थ्यो । रत्न रेकर्डिङमा हिरण्य भोजपुरे र गणेश रसिक हुनुहुन्थ्यो । उहाँहरूले पनि विज्ञापन दिनुहुन्थ्यो ।

हाम्रो प्रेसमा बीपी, किशुनजी, योगप्रसादजी, वासु रिसाल, मनमोहन अधिकारीहरू आउनुहुन्थ्यो । एक दिन उहाँहरू सबैलाई खाना खान घरमै बोलाएकी थिएँ । वास्तवमा उहाँहरू साह्रै सरल व्यक्तित्व हुनुहुन्थ्यो । उहाँहरू अहिलेका भुइँफुट्टा नेताजस्तो हुनुहुन्नथ्यो । गणेशमानसहित उहाँहरू सबै मेरा प्रेरणाका स्रोत पनि हुनु हो । आज पनि उहाँहरूका तस्बिर अध्ययन कक्षमा राखेकी छु । ती सबै व्यक्तित्वले पत्रकारप्रति साह्रै आदर गर्नुहुन्थ्यो । आलोचना गरेर लेख्दा पनि ओहो तिमीहरूले यसो गरेछौ, अब यसो गर भन्नुहुन्थ्यो । त्यतिबेलाको पत्रकारिता भनेको हरेक मानिससँग पारिवारिक सम्बन्ध जोडेजस्तो हुन्थ्यो । पत्रकार र

पाठकबीच गजबको सम्बन्ध स्थापित भएको हुन्थ्यो । कसका बारेमा लेखिएको छ, त्यसका बारेमा हमदर्दी (सद्भाव) देखाइन्थ्यो । त्यतिबेला छुट्टै खालको आत्मीयता थियो । समूहमा काम गर्न रूचाउँथ्यौं ।

## अल्छी पत्रकार, धनी मालिक

अहिलेको पत्रकारिताले पत्रकारलाई अल्छी बनाएको छ । सिर्जनशीलता घटेको छ । मुस्ताङमा पुगेर पनि मोबाइल चलाउन पाइएको छ, भिडियो खिच्न पाइएको छ । रेकर्ड गर्ने नयाँ-नयाँ उपकरण चलाउन पाइएको छ । सबै डिजिटाइज भइसकेको छ । मानिस बोल्दै छ, लेख्दै छ गर्ने अवस्था आइसकेको छ । सबै कुरा मेसिन उपकरणले नै गर्न थालिसकेपछि पत्रकारले लेख्नै बिर्सने पो हुन् कि भनेजस्तो भइसकेको छ । टेक्नोलोजीले ओभर टेक गरेपछि पत्रकारिता कहाँ पुग्छ ? नयाँ सिक्नेहरूले कसरी गर्छन् ? थाहा नहुने अवस्था आइसकेको छ ।

अहिले नेपालमा निजी क्षेत्रको लगानीमा ठूला सञ्चार गृह सञ्चालन भइरहेका छन् । लगानी गर्ने एउटा र लेख्ने अर्को भएको छ । हाम्रा पालामा त्यो स्तरको लगानीमा सरकारी मिडिया मात्र हुन्थे । हामीले भने त्यतिबेला आफ्नै लगानीमा प्रेस खोलेर चलाएका थियौं । पछिसम्म चलाएको भए पनि सम्भवतः हामी तीनजनाकै लगानी रहने थियो । अहिले जो धनी छ, उसले लगानी गरेको छ । सम्पादकीय स्वतन्त्रता नियन्त्रित छ । पछिल्लो समयमा नेपालबाट निस्कने पत्रपत्रिका हेर्दा मेरा मनमा यस्ता चिार उठ्ने गरेका हुन् । नेपाल गएपछि पनि मैले लेखिरहें । *कान्तिपुर* दैनिकमा २० वर्षपछि आएर आलेख लेखेकी थिएँ । त्यो एउटा आलेखबापत मलाई १५०० रूपैयाँ पारिश्रमिक दिइएको थियो । मैले त २० वर्षअघि नै घोस्ट राइटिङ गर्दा एउटा आलेखको १५०० रूपैयाँ पाउँथें । पछि *हिमाल*मा पनि लेखें । अंग्रेजी र नेपाली दुवैमा लेखेकी छु । लेख्न भनेपछि मलाई आनन्द आउँछ । म अहिले पनि *डीसी नेपाल डट कम* अनलाइनमा लेखिरहेकै छु । अचेल केही पातलिएको छ तर मुड चलेका बेला लेख्ने गरेकी छु ।

## नेपालमा महिला आयोग

नेपालमा महिला आयोग स्थापना गरिने भयो । यो सन् २००२ को कुरा हो । शेरबहादुर प्रधानमन्त्री हुनुहुन्थ्यो । सबै महिलाले आयोग बनाउन माग गरिरहेको अवस्था थियो । म किशुनजीकहाँ गएका बेला शिलुप्यारी कर्माचार्य कुपण्डोलस्थित उहाँ बसेको ठाउँबाट बाहिर निस्कँदै हुनुहुँदो रहेछ । उहाँले च्याप्प मेरो हात समाउँदै भित्र लिएर जानुभयो । किशुनजीनजिक पुगेपछि उहाँले 'म अलि बूढी पनि भइसकें, मभन्दा सक्षम दुर्गा बैनी छ, यसलाई बनाइदिनू' भन्नुभयो । मैले के

बनाइदिने भनेको भाउजू भनें । त्यही बेला किशुनजीले शेरबहादुर देउवालाई फोन गरेर शिलुप्यारीलाई होइन, दुर्गा पोखेललाई बनाउनू भनेर भन्दिनुभयो ।

त्यतिबेला मार्च ७ का दिन शेरबहादुरले मलाई फोन गरेर 'तिमीलाई अध्यक्ष बनाएको छु' भन्नुभयो । उहाँले प्रतिभा राणालाई उपाध्यक्ष बनाएको छु पनि भन्नुभयो । साथै संस्थाको सचिवमा लक्ष्मी राई, सदस्यमा नेपाली कांग्रेसबाट डिना उपाध्याय र उमा शाह, एमालेबाट विन्दा पाण्डे र सीता गिरी, मधेस कोटाबाट अमृता अग्रहरीलाई सामेल गरिएको थियो ।

## किशुनजीलाई सोधेर राजाको मन्त्री

राजा ज्ञानेन्द्रले २०६३ सालमा शासन आफ्नो हातमा लिएपछि नै मलाई मन्त्री हुन आउनू भनेर बोलाइएको थियो । डा. तुलसी गिरीकहाँ भेला हुने भनिएको रहेछ । डा. गिरी त्यतिबेला बालुवाटारमा बस्नुहुन्थ्यो । मैले कृष्णप्रसाद भट्टराईलाई सोधेर मात्र आउँछु भनें ।

मैले भट्टराईजीलाई बोडेस्थित आश्रममा गएर सोधें । उहाँले 'नेपाली कांग्रेसमा आवद्ध भएका मानिसले जानुपर्छ' भन्नुभयो । तपाईं मात्र होइन, प्रकाश कोइराला, मणि लामालगायत बीपीवादी आठजना जाँदैछन् भन्ने जानकारी पनि दिनुभयो । त्यस्तै उहाँले राधाकृष्ण मैनाली, श्रीश शमशेर राणा, रमेशनाथ पाण्डेलगायतका मानिस पनि मन्त्री हुन लागेको जानकारी दिनुभयो । श्रीशले मलाई पहिल्यै 'तिम्रो नाम पनि छ मन्त्रिमण्डलमा, नाइँ नभन्नू है' भन्नुभएको थियो । हामी भट्टराईजीकै सल्लाहमा सरकारमा गएका थियौं ।

## जिन्दगी उल्लासपूर्ण

म करिब १५ वर्ष अमेरिका बसें । यतै अमेरिकी नागरिकसँग बिहे गरें । तीन छोरा छन् । श्रीमान् कृषि क्षेत्रमा हुनुहुन्छ । म पनि कहिलेकाहीं सघाउँछु । तर उहाँ जति खट्नु हुन्छ, त्यति म जान भ्याउँदिनँ । बेलुका नेपाली गीत सुन्ने गरेकी छु । भजन पनि सुन्छु । खाना बनाउने कामले पनि केही समय लिन्छ । कान्छो छोरा मभन्दा राम्रोसँग खाना बनाउँछ । मेरो अहिलेको जीवन उल्लासपूर्ण छ । मैले अध्ययन कक्ष तयार गरेकी छु । त्यहाँ मलाई चाहिने आवश्यक पुस्तक राखेकी छु । यहाँ एउटा ल्यापटप र अर्को डेस्कटप कम्प्युटर राखेकी छु । यहीं बसेर अध्ययन लेखन गर्दै आएकी छु । लेख्नुअघि आवश्यक अनुसन्धानलाई समय दिने गरेकी छु ।

अहिले दुइटा किताब नेपालमा छाप्ने तयारी भइरहेको छ । थप दुइटा कथा र कविता पनि तयार छन् । अर्को एउटा उपन्यास पनि तयार छ । त्यसपछि

म आफ्नो जीवनी लेख्दै छु । यी दुई किताब सकेपछि अंग्रेजीमा लेख्न थाल्ने छु । पछिल्ला दुईवटा किताबमा राजनीतिक विषयवस्तु समेटिने छन् । मैले ६ वटा किताब नेपालमै आएर विमोचन गर्ने विचार गरिरहेकी छु, त्यसपछि अंग्रेजी भाषामा लेख्ने छु । ती किताबको पनि प्रारम्भिक अनुसन्धान गरिसकेकी छु ।

साथीहरू भन्छन्, "तिमी पो पत्रकार हौ, लेख्ने काम गरेर दिन कटाउँछौ । हाम्रो उमेरकाले गर्ने काम केही छैन । साह्रै पट्यारलाग्दो भएको छ जीवन । रिटायर्ड भएपछि केही काम नभएका मान्छे भएका छौं ।" एक दिन त मैले सामाजिक सञ्जालमै लेखें, "बोर हुने भनेको कहिले ? बिहान उठेदेखि बेलुका १० बजेसम्म कामैकाम छ । म अहिले ७० नाघें । मेरा उमेरका साथीहरू नेपालमा रिटायर्ड हुने उमेर कहिले हो भनेर सोध्छन् । हाम्रा उमेरका महिला सबै कुराबाट फुर्सद हुन्छन् । केही नगरी काम छैन भन्दै झोक्राएर बस्ने गर्नु हुँदैन ।"

सबैजना लेख्ने सीप भएका पत्रकार हुन सक्दैनन् तर धेरैजना लेखक हुन भने सक्छन् । आफ्ना अनुभव उतारे हुन्छ किनभने हरेक मानिससँग कथा हुन्छन्, लेख्ने विषय प्रशस्त हुन्छ । यसै सन्दर्भमा मैले एकजनालाई 'तपाईंले किताब लेख्दा हुने रहेछ, अनुभव चाखलाग्दा रहेछन्' भनें । उहाँले लेखेर पुस्तक प्रकाशन गरेको एक वर्षमै दोस्रो संस्करण निकालिसक्नुभएछ । त्यसैले म धेरैलाई कुरा सुनिसकेपछि 'तिमीभित्र त किताब रहेछ' भनेर लेख्न उकास्छु ।

महिलाले त झन् लेख्न प्रयत्न गर्नुपर्छ । म दिदीहरूलाई मेरा किताब पढ्न दिन्छु । अनि भन्नुहुन्छ– ओहो ! यो त मेरो आफ्नै कथाजस्तो लाग्यो । हो, हरेक मानिससँग कथा हुन्छ । त्यसैले ती कुरालाई अवकाशप्राप्त जीवनमा रमाइलो गर्दै लेख्नुपर्छ । साथीहरू बनाउनुपर्छ । पुरूषहरू जम्मा हुन्छन् र तास खेल्न थाल्छन्, अवकाशप्राप्त जीवन रमाइलोसँग बिताइरहेका हुन्छन् तर महिलालाई दिन कटाउनै कठिन भइरहेको देख्छु । म एउटा शिक्षक भएर जीवन शुरू गरेको मानिस पछि पत्रकार बनें, कहिलेकाहीं फेरि शिक्षण पेशामा आएँ । कुनै बेला राजनीतिकर्मी पनि भएँ । यसबारे पछि चर्चा गर्ने छु ।

म जोसुकैलाई लेख्न प्रेरित गर्छु । नेपालीलाई मात्र होइन, विदेशीलाई पनि हौस्याइरहेको हुन्छु । ममा पहिलेभन्दा बढी आत्मविश्वास जागेको छ । शारीरिक रूपले पनि कमजोर छु भन्ने लाग्दैन । पहिला गाउँमा हुँदा जस्तै बलियो छु झैं लाग्छ । घरमा थुप्रै पुस्तक संग्रह गरेकी छु । म रमाइलो गर्दै बाँकी जीवन आनन्दपूर्वक बिताउने छु ।